# ध. च. गोतामेका उपन्यासमा पहिचान र प्रतिनिधित्व

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग
दर्शनाचार्य तह
तेस्रो सत्र ६०९ र ६१०
प्रयोजनको लागि
प्रस्तुत

## शोधप्रबन्ध

शोधकर्ता
नवीनकुमार उप्रेती
क्रमाङ्क : २२
दर्शनाचार्य तह
नेपाली केन्द्रीय विभाग,
त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौँ
तेस्रो सत्र
२०८१

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग दर्शनाचार्य तहको तेस्रो सत्रका विद्यार्थी श्री नवीनकुमार उप्रेतीले ध. च. गोतामेका उपन्यासमा पहिचान र प्रतिनिधित्व शीर्षकको यो शोधप्रबन्ध मेरो निर्देशनमा पूरा गर्नुभएको हो । यो शोधकार्य दर्शनाचार्य तहको स्तरअनुसार रहेकोले यसको आवश्यक मूल्याङ्कनका निम्ति नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय समक्ष पेश गर्दछु ।

मितिः २०८१/०३/१३

...................................

प्रा.डा. कृष्णप्रसाद न्यौपाने

शोधनिर्देशक

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग**
**दर्शनाचार्य ( एम. फिल.) कार्यक्रम**
**कीर्तिपुर, काठमाडौँ ।**

मितिः २०८१/०३/१३

# स्वीकृतपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाज शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र नवीनकुमार उप्रेतीले दर्शनाचार्य तहका लागि तेस्रो सत्रको पत्र (६०९ र ६१०) को प्रयोजनका लागि तयार पार्नुभएको ध. च. गोतामेका उपन्यासमा पहिचान र प्रतिनिधित्व शीर्षकको शोधप्रबन्ध आवश्यक मूल्याङ्न गरी स्वीकृत गरिएको छ ।

**शोधप्रबन्ध मूल्याङ्कन समिति**

हस्ताक्षर

प्रा. डा. कृष्णप्रसाद न्यौपाने ................................
(विभागीय प्रमुख /शोधनिर्देशक)

सहप्रा. डा. दुर्गाबहादुर घर्ती ................................
(आन्तरिक परीक्षक)

प्रा. डा. लक्ष्मणप्रसाद गौतम ..............................
(बाह्य परीक्षक)

# कृतज्ञता ज्ञापन

मैले ध. च. गोतामेका उपन्यासमा पहिचान र प्रतिनिधित्व शीर्षकको शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालयअन्तर्गत दर्शनाचार्य तेस्रो सत्रको पाठ्यांश (६०९ र ६१०) को आंशिक आवश्यकता परिपूर्तिका लागि आदरणीय गुरु प्रा.डा. कृष्णप्रसाद न्यौपानेको प्राज्ञिक सल्लाह र कुशल  निर्देशनमा तयार पारेको हुँ । प्राज्ञिक सल्लाह र कुशल निर्देशनका साथसाथै सही पथप्रदर्शन गर्नुभएकोमा श्रद्धेय गुरुहरू प्रा.डा. लक्ष्मणप्रसाद गौतम, प्रा.डा. नारायणप्रसाद गड्तौला र सहप्रा. डा. दुर्गाबहादुर घर्तीप्रति हार्दिक आभार प्रकट गर्दछु ।

ध. च. गोतामेद्वारा लिखित दुईओटा उपन्यास *घामका पाइलाहरू* र यहाँदेखि *त्यहाँसम्म*मा आधारित रही यो शोधप्रबन्ध तयार पारेको छु । मलाई यस शोध गर्नका लागि आवश्यक निर्देशन, परिमार्जन तथा हौसला प्रदान गर्नुहुने र निरन्तर प्राज्ञिक कार्यमा लाग्न प्रेरणा प्रदान गर्नुहुने आदरणीय गुरु स्व.प्रा.डा. ताराकान्त पाण्ड्यप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शीर्षकमा मलाई शोधप्रबन्ध गर्न शोधप्रस्ताव स्वीकृत गरी अनुमति प्रदान गरीदिएकोमा त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागका आदरणीय विभागीय प्रमुखप्रति आभार व्यक्त गर्दछु । सामग्री संकलन र व्यवस्थापनमा सहयोग पुऱ्याउने नेपाली केन्द्रीय पुस्तकालय र निलुफर बञ्जाराप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

जीवनमा आइपर्ने समस्याहरूसँग सङ्घर्ष गर्दै मलाई अगाडि बढ्न प्रेरणा दिने पूजनीय पिताश्री स्व. लक्ष्मीप्रसाद उप्रेती, माता महेश्वरा उप्रेती र आत्मीय दाजु श्रीप्रसाद उप्रेतीप्रति सदैव ऋणी रहनेछु । त्यसका साथै मलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सबैप्रति आभारी छु ।

शोधकार्यसम्बन्धी आवश्यक पुस्तक, पत्रपत्रिका आदि सामग्री उपलब्ध गराइदिने त्रि.वि. केन्द्रीय पुस्तकालय, नेपाली केन्द्रीय पुस्तकालयप्रति पनि आभारी छु । यस शोधपत्रको यथासक्य शुद्धसँग टङ्कणमा सहयोग गरिदिने जीवनसाथी सुभद्रा पौडेलप्रति पनि कृतज्ञ छु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्नका लागि नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर समक्ष प्रस्तुत गर्दछु ।

...........................

नवीनकुमार उप्रेती

दर्शनाचार्य तह

# विषयसूची


शोधनिर्देशकको सिफारिस क

स्वीकृतपत्र ख

कृतज्ञता ज्ञापन ग

विषयसूची घ

**परिच्छेद : एक**

**शोधपरिचय**

१.१ विषयप्रवेश १

१.२ समस्या कथन २

१.३ उद्देश्य ३

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ शोधकार्यको औचित्य ७

१.६ शोधकार्यको सीमाङ्कन ८

१.७ शोधविधि ८

१.७.१ सामग्री सङ्कलन विधि ८

१.७.२ विश्लेषण विधि ८

१.८ सैद्धान्तिक पर्याधार र विश्लेषण ढाँचा ९

१.९ शोधकार्यको रूपरेखा ११

**परिच्छेद : दुई**

**ध. च. गोतामेका उपन्यासमा जातीय पहिचान र प्रतिनिधित्व**

२.१ विषयप्रवेश १२

२.१.१ पहिचान र प्रतिनिधित्व सम्बन्धी मान्यता १३

२.२ *घामका पाइला* उपन्यासमा जातीय पहिचान र प्रतिनिधित्व १६

२.३ *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा जातीय पहिचान र प्रतिनिधित्व २३

२.४ निष्कर्ष ३८

**परिच्छेद : तिन**

**ध. च. गोतामेका उपन्यासमा वर्गीय पहिचान र प्रतिनिधित्व**

३.१ विषयप्रवेश ४०

३.२ *घामका पाइलाहरू* उपन्यासमा वर्गीय पहिचान र प्रतिनिधित्व ४०

३.३ *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा वर्गीय पहिचान र प्रतिनिधित्व ६७

३.४ निष्कर्ष ९१

**परिच्छेद : चार**

**ध. च. गोतामेका उपन्यासमा लैङ्गगिक पहिचान र प्रतिनिधित्व**

४.१ विषयप्रवेश ९३

४.२ *घामका पाइला* उपन्यासमा लैङ्गिक पहिचान र प्रतिनिधित्व ९३

४.३ *यहाँदेखि त्यहाँसम्म* उपन्यसमा लैङ्गिक पहिचान र प्रतिनिधित्व १०६

४.४ निष्कर्ष १२७

**परिच्छेद पाँच**

**सारांश तथा निष्कर्ष**

५.१ सारांश १२९

५.२ निष्कर्ष १३७

**सन्दर्भ सामग्रीसूची** **१४१-१४२**

# परिच्छेद एक

# शोधपरिचय

## १.१ विषयप्रवेश

धनुषचन्द्र गौतम (वि.सं.१९८८-२०६३) नेपाली साहित्यमा ध. च. गोतामेको नामबाट परिचित छन् । नेपाली साहित्यका विविध विधामा कलम चलाएका गोतामेले साहित्य लेखनको आरम्भ कथा विधाबाट गरेका हुन् । उनले कविता, निबन्ध जस्ता अन्य विधामा पनि कलम चलाएका छन् । उनका *घामका पाइलाहरू* (वि.सं. २०३५) र *यहाँदेखि त्यहाँसम्म* (वि.सं. २०४२) गरी दुईवटा औपन्यासिक कृति प्रकाशित छन् । ध. च. गोतामेद्वारा लिखित *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* दुवै उपन्यास सामाजिक विषयवस्तुमा आधारित छन् । उनका उपन्यास मझौला आयामका छन् । ध. च. गोतामेका उपन्यासले ग्रामीणतालाई विस्तारै छाड्दै गरेको वीरगन्ज सहरका साथै ग्रामीणता र आधुनिकताको चपेटामा परेको जीवनलाई पनि उपन्यासमा प्रस्तुत गरेका छन् । देवशमशेरको सत्ता बहिर्गमन र चन्दशमशेरको सत्तारोहणको प्रसङ्गसँगै चन्द्रशमशेरले सन् १९२७ फरवरीमा पशुपति इन्जिनको उद्घाटन गरेको ऐतिहासिक प्रसङ्ग *घामका पाइलाहरू* उपन्यासमा छ । त्यसैगरी *घामका पाइलाहरू* उपन्यासको पूर्णता जस्तो लाग्ने *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा जङ्गबहादुर राणाको तराइ बसाइका साथसाथै प. विपुलनाथले बसालेको मुर्किपलिया गाउँसँग सम्बन्धित ऐतिहासिक विषय उपन्यासमा रहेको छ । उनका दुवै उपन्यासमा राणाकालीन परिवेशको चित्रणका साथै सामाजिक यथार्थवादी प्रवृत्ति पाइन्छ । गोतामेका यी उपन्यासमा विभिन्न वर्गका पात्र तथा समुदाय र तिनका जीवनदशाको प्रतिनिधित्व गराइएको छ र ती विशिष्ट पहिचान लिएर प्रस्तुत भएका छन् ।

आख्यानअन्तर्गतको एउटा महत्त्वपूर्ण विधा उपन्यास हो । उपन्यास अध्ययन विश्लेषणका विभिन्न आधार र पद्धतिहरू छन् । ती विभिन्न पद्धतिमध्ये सांस्कृतिक अध्ययन पनि एक हो । संस्कृतिले समूह वा राष्ट्रमा प्रचलित संस्कार, रीतिरिवाज, आचारविचार सम्बद्ध समूह/जातिका कलाकौशल, धर्म, विश्वास, साहित्य अनि कुनै वस्तुलाई परिष्कृत रूप दिने काम आदिलाई बुझाउँछ (पाण्डेय, २०७३,पृ.५३) । पहिचान र प्रतिनिधित्व पनि सांस्कृतिक अध्ययनका महत्त्वपूर्ण क्षेत्र हुन्, जसका आधारमा कृतिको विशिष्ट अध्ययन गर्न सकिन्छ । पहिचान व्यक्ति वा समाजको

निजता र स्वत्वसँग सम्बन्धित हुन्छ । यसले व्यक्ति तथा समाजको चिनारीलाई प्रस्तुत गर्दछ । साहित्यमा समाजको निश्चित बनावटभित्र हुने जनताको सहभागितालाई कसरी प्रस्तुत गरिएको छ त्यसको अध्ययन यसमा गरिन्छ । समाजका विभिन्न श्रेणीहरूको पाठात्मक प्रतिनिधित्वलाई सांस्कृतिक सन्दर्भहरूसँग जोडेर व्याख्या गर्ने कार्य यस अवधारणा अन्तर्गत गरिन्छ ।

गोतामेका बारेमा र उनका उपन्यासका सम्बन्धमा विभिन्न खोज तथा अध्ययनहरू भएका छन् । उनका उपन्यास सम्बन्धमा प्रशस्त अध्ययन भए पनि समग्र उपन्यासमा अभिव्यक्त पहिचान र प्रतिनिधित्वको सर्वेक्षण गरेर सांस्कृतिक अध्ययन भएको छैन । उपन्यास अध्ययनका सन्दर्भमा प्रतिनिधित्व र पहिचान महत्त्वपूर्ण आधार भएको र यस दृष्टिले गोतामेका उपन्यास अध्ययनीय समेत भएकाले यसप्रकारको अध्ययन आवश्यक पनि छ । त्यसकारण उनका समग्र उपन्यास प्रतिनिधित्व र पहिचान प्रयोगका दृष्टिले के-कस्ता रहेका छन् भन्ने विषय अध्ययनीय देखिन्छ । अतः प्रस्तुत शोधप्रबन्ध ध. च. गोतामेका उपन्यासमा रहेको पहिचान र प्रतिनिधित्व अध्ययनमा केन्द्रित रहेको छ ।

## १.२ समस्याकथन

ध. च. गोतामेका उपन्यासमा पहिचान र प्रतिनिधित्व कसरी भएको छ भन्ने मूल प्राज्ञिक जिज्ञासा यस शोधप्रबन्धको समस्याका रूपमा रहेको छ । सामाजिक यथार्थवादी उपन्यासहरूमा सम्बन्धित क्षेत्र वा भौगोलिक विशेषका जातीय, वर्गीय, सामाजिक, लैङ्गिक जस्ता स्थानीय विशेषताहरूले प्रतिनिधित्व गरेका हुन्छन् । ध. च. गोतामेका उपन्यासमा यस्ता विविध पक्षहरूको प्रतिनिधित्व र पहिचान भएको छ । मुख्य समस्याको समाधानका लागि निम्नलिखित शोधप्रश्नको निर्माण गरिएको छ :

(क) ध. च. गोतामेका उपन्यासमा अभिव्यक्त जातीय पहिचान र प्रतिनिधित्वको अवस्था कस्तो छ ?

(ख) ध. च. गोतामेका उपन्यासमा वर्गीय पहिचान र प्रतिनिधित्व कसरी भएको छ ?

(ग) ध. च. गोतामेका उपन्यासमा अभिव्यक्त लैङ्गिक पहिचान र प्रतिनिधित्व कुन आधारमा आएका छन् ?

## १.३ शोधको उद्देश्य

ध. च. गोतामेका उपन्यासको अध्ययनसँग सम्बद्ध प्रस्तुत शोधमा पहिचान र प्रतिनिधित्वको कोणबाट उपन्यासको विश्लेषण तथा मूल्याङ्कन गर्ने काम गरिएको छ । यस सन्दर्भमा प्रस्तुत शोधका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) ध. च. गोतामेका उपन्यासमा अभिव्यक्त जातीय पहिचान र प्रतिनिधित्वको अवस्था विवेचना गर्नु,

(ख) ध. च. गोतामेका उपन्यासमा वर्गीय पहिचान र प्रतिनिधित्वको विश्लेषण गर्नु,

(ग) ध. च. गोतामेका उपन्यासमा अभिव्यक्त लैङ्गिक पहिचान र प्रतिनिधित्वको मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

ध.च गोतामे र उनका दुवै उपन्यासको विभिन्न कोणबाट अध्ययन भएको पाइन्छ । उपन्यासहरूको चर्चा गर्ने सन्दर्भमा विभिन्न दृष्टिकोणले औपन्यासिक कृतिको अध्ययन भएपनि पहिचान र प्रतिनिधित्वका दृष्टिकोणबाट विशिष्ट अध्ययन भएको देखिँदैन तापनि उपन्याससम्बद्ध अध्ययनमा यसका केही सङ्केतहरू पाइन्छन् । यसका अतिरिक्त अन्य स्रष्टाका आख्यानको पहिचान र प्रतिनिधित्वका कोणबाट अध्ययन भएको पाइन्छ । प्रस्तुत शोधका शोध्य पक्षसँग सम्बद्ध त्यस्ता पूर्ववर्ती अध्ययनको कालक्रमिक रूपमा सर्वेक्षण र समीक्षा गरिएको छ :

घटराज भट्टराई (२०३६) ले *'घामका पाइलाहरू पहिल्याउन खोज्दा'* शीर्षकको लेखमा उपन्यासमा स्थानीय कथ्य भाषा अङ्गाल्दै स्थानीय वातावरण, स्थानीय प्रकृति, स्थानीय घटनाहरू बिस्तारै केलाउँदै चित्रण गरिएको छ भन्ने कुरा उल्लेख गरेर उपन्यासमा भएको परिवेशलाई प्रस्तुत गरेका छन् । यसरी भट्टराईको यस अध्ययनले परिवेशका साथसाथै स्थानीय वातावरण र मानिसका स्वत्वका माध्यमबाट पहिचानतर्फ सङ्केत गरेको हुनाले उनको यो अध्ययन प्रस्तुत शोधप्रबन्धमा पहिचान र प्रतिनिधित्वको विश्लेषण गर्न सहयोग पुग्ने देखिन्छ ।

तारानाथ शर्माले *नेपाली साहित्यको इतिहास* (२०५१) नामक पुस्तकमा क्रान्तिउत्तर युगका उपन्यासकारका रूपमा ध. च. गोतामेलाई चिनाउँदै *घामका पाइलाहरू* उपन्यासलाई आञ्चलिक उपन्यासका रूपमा राख्दै *घामका पाइलाहरू* उपन्यासको संक्षिप्त चर्चा गरेका छन् । शर्माको उक्त अध्ययनबाट ध. च. गोतामेका उपन्यास सांस्कृतिक अध्ययनका दृष्टिबाट अध्ययनीय भएको कुरा प्रष्ट भएको छ । पहिचान र प्रतिनिधित्वको अध्ययनपनि सांस्कृतिक

अध्ययनकै एक महत्त्वपूर्ण विषय भएकाले शर्माको उक्त अध्ययनले सैद्धान्तिक पक्षको विश्लेषण गर्न सहयोगी छ ।

वासु रिमाल यात्रीले *'घामका पाइलाहरू तराईमा पढ्दा'* (२०३९) शीर्षकको लेखमा उपन्यासलाई तराइको जनजीवनका साथै रेल्वे सेवाको कथा भएको कृतिका रूपमा चर्चा गर्दै पहिचानका दृष्टिले तराईबासीको कुरा उठाएका छन् । उक्त अध्ययन पहिचान र प्रतिनिधित्वलाई केन्द्रमा नराखे पनि उपन्यास विश्लेषण गरी शोधप्रबन्ध गर्नका लागि उपयोगी सिद्ध छ ।

ईश्वर बरालले *'नेपाली आञ्चलिक उपन्यास औ यहाँदेखि त्यहाँसम्म'* (२०४२) *यहाँदेखि त्यहाँसम्म* उपन्यासको भूमिकामा भनेका छन्, "प्रस्तुत उपन्यासको एक पाउले जिम्दार भद्रनाथका अन्तःपुर तथा कचहरी छेकिएका छन् भने अर्को पाउ तिनका बनियाँ असुर्फी साहूका पारस्पारिक अहमहमिका औ प्रत्यर्थितामा छ । तेस्रो पाउले भाखी गुरु, कृणात्रे बस्तकोटी, पार्वती, गजाधर, हर्चनवाँहरूका क्रियाकलाप ओगटेको छ । यसको चौथो पाउमा अवस्थित छ स्मृतिधर्मी ऐतिहासिक सदिच्छेत विवृतिमा (पृ.च) ।" यसरी बरालको यस भूमिकाका माध्ययमबाट दुवै उपन्यसामा रहेको पहिचान र प्रतिनिधित्वको विषयलाई प्रष्ट पारेको हुनाले अध्ययनीय विषयको खोज तथा अनुसन्धान गर्न आधार प्रस्तुत गरेको छ ।

राजेन्द्र सुवेदीले *केही समीक्षा केही विश्लेषण* (२०४९) पुस्तकमा *घामका पाइलाहरू* उपन्यासको विभिन्न कोणबाट विश्लेषण गर्दै आञ्चलिकताभित्र ब्यूँझिएको कथामा आधारित उपन्यासको रूपमा प्रस्तुत गरेका छन् । यसरी उनको अध्ययनमा आञ्चलिकता पुष्टि गर्ने कममा क्षेत्रीयताका विषय साथसाथै पहिचानको कुरा र जाती प्रतिनिधिको कुरा आएपनि स्पष्ट रूपमा पहिचान र प्रतिनिधित्वको विषय आएको छैन तरपनि उनको प्रस्तुत अध्ययनले उपन्यासमा रहेको पहिचान र प्रतिनिधित्वका मान्यताबाट विश्लेषण गर्न केही आधार तयार पारेको छ ।

कृष्णहरि बराल र नेत्र एटमले *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (२०५८) पुस्तकमा *घामका पाइलाहरू र यहाँदेखि त्यहाँसम्म* उपन्यासका बारेमा सामान्य चर्चा गरेका छन् । उनीहरूले गोतामेका उपन्यासको चर्चा गर्ने क्रममा पहिचान र प्रतिनिधित्वको कुरा नउठाए पनि त्यससँग सम्बन्धित विषय उठाएका छन् । उपन्यासलाई सामाजिक यथार्थवादी उपन्यासका रूपमा प्रस्तुत गरिएको उक्त अध्ययन शोधप्रबन्धमा सहयोगी बनेको छ ।

राजेन्द्र सुवेदीले *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति* (२०६४) नामक समालोचना ग्रन्थमा *घामका पाइलाहरू र यहाँदेखि त्यहाँसम्म* उपन्यासको कथासार प्रस्तुत गर्दै सामान्य समीक्षा र यसको आदर्शवादी प्रवृति देखाएका छन् । उनको अध्ययन पनि प्रस्तुत शोधप्रबन्धका लागि सहयोगी बनेको छ । दुवै उपन्यासको कथासार प्रस्तुत गरेकाले सुवेदीको अध्ययनले कथावस्तु र त्योसँग सम्बन्धित घटनाक्रमलाई सजिलोसँग बुझ्न सहयोग गरेको छ ।

ऋषिराज बरालले *साहित्य र समाज* (२०६४) पुस्तकमा आञ्चलिकता, स्थानीय रङ र नेपाली उपन्यास शीर्षकको समालोचनामा *घामका पाइलाहरू*लाई आञ्चलिकताको सफल निर्वाह भएको उपन्यासको रूपमा उल्लेख गर्दै उपन्यासमा प्रयूक्त सामाजिक, सांस्कृतिक, आर्थिक र भौगोलिक विषयवस्तुलाई देखाएका छन् । उनको अध्ययनले पहिचान र प्रतिनिधित्वलाई केन्द्रमा नराखे पनि अध्ययनीय विषयसँग निकट नै देखिन्छ । यसर्थ बरालको यस अध्ययन पनि सहयोगीसिद्ध बनेको छ ।

रमेशप्रसाद भट्टराईले *ध. च. गोतामेको उपन्यासकारिता* (२०६४) नामक पुस्तकमा *घामका पाइलाहरू र यहाँदेखि त्यहाँसम्म* उपन्यासको तत्त्वगत आधारमा विश्लेषण गरेका छन् । उनको अध्ययनले उपन्यासको विषयवस्तु, पात्र, परिवेश, भाषाशैली आदि तत्त्वका बारेमा बुझ्न सहज बनाएको छ । पहिचान र प्रतिनिधित्वको विषय प्रस्तुत अध्ययनमा प्रष्ट रूपमा नभएपनि अध्ययनले उपन्यासलाई विभिन्न पक्षबाट अध्ययन गर्न सहयोग गरेको छ ।

खगेन्दप्रसाद लुइटेलले *नेपाली उपन्यासको इतिहास* (२०६९) पुस्तकमा ध.च गोतामको उपन्यास *घामका पाइलाहरू*का बारेमा चर्चा गर्दै विभिन्न अनुकूल–प्रतिकूल स्त्रीपुरुष र वर्गीय सहभागिताका मध्यमबाट कथानकलाई अघि बढाइएको बहुपात्रीय उपन्यास भएको कुरा व्यक्त गरेका छन् । ग्रामीण सामाजिक परिवेशप्रति विशेष मोह राखी तात्कालीन निम्नवर्गीय सामाजिकताको यथार्थमूलक प्रस्तुति *घामका पाइलाहरू* उपन्यासमा रहेको कुरा पनि लुइटेलले उक्त पुस्तकमा प्रस्तुत गरेका छन् । तात्कालीन ग्रामीण समाजको लैङ्गिक असमानता र उत्पीडिन, उपेक्षित, गरिब, दलित आदि विषय र प्रसङ्गहरू प्रस्तुत पुस्तकले स्पष्ट पार्न सहयोग गरेको छ । त्यसैगरी गोतामेकै अर्को उपन्यास *यहाँदेखि त्यहाँसम्म*लाई तराइको जनजीवनसँग सम्बद्ध विषयवस्तुमा आधारित आञ्चिलिक उपन्यासका बारेमा लुइटेलले चिनाएका छन् । उपन्यासले बारा जिल्लालगायत तराईका चालचलन, रहनसहनका साथै कतिपय ऐतिहासिक

सन्दर्भलाई जोडेर ग्रामीण परिवेशको चित्रण गरिएको छ भने अर्कोतर्फ वर्गीय विभेदलाई प्रस्तुत गर्दै यथास्थितिको पनि विरोध गरिएको उपन्यासका रूपमा लुइटेलले चिनाएका छन् । यसरी लुइटेलको प्रस्तुत अध्ययनले उपन्यासमा प्रयुक्त वातावरणका साथै लैङ्गिक, जातीय र वर्गीय विश्लेषणका लागि आधार तयार गरेको हुनाले उनको यो अध्ययन प्रस्तुत शोधप्रबन्धका लागि उपयोगीसिद्ध छ ।

राजेन्द्र सुवेदीले आफ्नो समालोचना ग्रन्थ *सांस्कृतिक अध्ययन र नेपाली साहित्य* (२०७३) मा ध.च. गोतामेका उपन्यासहरू *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा सीमान्तीयताका दृष्टिले व्याख्या हुनसक्ने कृतिका रूपमा प्रस्तुत गरेका छन् । उपन्यासका माध्यमबाट नेपाली समाजको चन्द्रसमशेरकालीन इतिहासको क्षण, त्यस समयमा जीवन निर्वाह गर्ने नेपाली जाति र त्यसभित्रका प्रजातिको संवेदनालाई अध्ययन गर्न सकिनेतर्फ सुवेदीले सङ्केत गरेका छन् । तराईका कुलिन अभिजातहरूबाट तराईको सीमान्तीयहरूले भोग्नुपरेको करुण अवस्था गोतामेका उपन्यासले प्रतिपादन गरेका छन् । सुवेदीको यस अध्ययनले गोतामेका उपन्यासभित्र वर्ग र सीमान्तीयताको कुरा गरेपनि विस्तृत व्याख्या भने गरेका छैनन् तरपनि उनको यो अध्ययन शोधप्रबन्धको वर्गीय अध्ययन र सीमान्तीय विश्लेषणका लागि उपयोगीसिद्ध भएको छ ।

रमेशप्रसाद भट्टराई सांस्कृतिक वर्गीय, लैङ्गिक र जातीय अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ  (२०७७ - क) नामक पुस्तकमा वर्गीय, लैङ्गिक र जातीय अध्ययनका शिलशिलामा वर्ग परिचयका बारेमा मत प्रस्तुत गरेका छन् । प्रस्तुत अध्ययनमा सामन्त समाज र वर्गका बारेमा आफ्नो विचार राखेपनि ध.च गोतामेका उपन्यासमा केन्द्रित रहेर वर्गीय, लैङ्गिक र जातीय विश्लेषण गरिएको छैन । भट्टराइको प्रस्तुत अध्ययनले कृति विश्लेषणका सन्दर्भमा सैद्धान्तिक पक्ष वर्गीय, लैङ्गिक र जातीय आधारमा विश्लेषण गर्न सहयोग गरेको छ ।

धनप्रसाद सुवेदीले *नेपाली उपन्यासमा आञ्चलिकता : सिद्धान्त, परम्परा र प्रवृत्ति* (२०८०) समालोचना ग्रन्थमा आञ्चलिकता, आञ्चलिक उपन्यास, नेपाली आञ्चलिक उपन्यासाको सर्वेक्षण जस्ता विषयमा चर्चा गर्दै *घामका पाइलाहरू र यहाँदेखि त्यहाँसम्म* उपन्यासलाई आञ्चलिक तत्त्वका दृष्टिले पूर्ण उपन्यास मानेका छन् । यिनमा आञ्चलिक तत्त्व रहेको हुनाले स्थानीय रङ, भौगोलिक अवस्था, सांस्कृतिक रहनसहन, भाषा, जाती, पहिचान र त्योसँगसँगै

आएको प्रतिनिधित्व जस्ता कुराहरू रहेको विषय उल्लेख गरेका छन् । *घामका पाइलाहरू*को समाज विविधतायुक्त छ । त्यहाँ विभिन्न जातिका मानिसहरु बसोबास गर्छन् । रेल्वे स्टेसनमा काम गर्ने मानिसहरु विभिन्न जातका छन् भनी जातीय पहिचानको सङ्केत उक्त पुस्तकमा गरेका छन् तर सुवेदीको उक्त अध्ययनमा पहिचान र प्रतिनिधित्वलाई केन्द्रमा राखिएको छैन । सुवेदीको उक्त पूर्वकार्यले प्रस्तुत शोधप्रबन्धलाई सहज बनाएको छ । *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा कथाञ्चलको आर्थिक तथा राजनीतिक अवस्थाको चित्रण गरिएको छ । कथाञ्चलमा सामान्ती अर्थव्यवस्था रहेको छ । मुर्किपलियामा भद्रनाथ नामको सामन्तको अधीनमा रहेर त्यहाँका मानिसहरु खेतीपाती र ज्यालामजदुरी गरी जीविका चलाउँछन् त्यसैगरी मुर्किपलियाको छिमेकी गाउँ असुर्फि साहुको अधिनस्थ रहेको छ भन्दै वर्गीय विभेद र असमानताको सङ्केत गरेका छन् तसर्थ सुवेदीको यो अध्ययन शोधप्रबन्धमा सहयोगीसिद्ध बनेको छ ।

उपर्युक्त पूर्वकार्यहरूको अध्ययन गर्दा विभिन्न पूर्ववर्ती अध्येता तथा समालोचकहरूले ध. च. गोतामेका उपन्यासका बारेमा विभिन्न उद्देश्य राखेर आआफ्ना मत तथा दृष्टिकोणहरू राखेका छन् । यस्ता ती सबै पूर्वकार्यहरू ध. च. गोतामेको उपन्यासकारिता, उपन्यासका तत्त्वगत विश्लेशण, आञ्चलिकतासँग सम्बन्धित रहेका छन् । विभिन्न कोणबाट ध. च. गोतामेको उपन्यासका अध्ययन, अनुसन्धान, व्याख्या र विश्लेषण गरिएको भएपनि सांस्कृतिक अध्ययनभित्र पर्ने पहिचान र प्रतिनिधित्वको सिद्धान्तलाई केन्द्रमा राखेर अध्ययन नभएको तथ्य उल्लिखित पूर्वकार्यहरूको समीक्षाबाट स्पष्ट हुन्छ । यसकारण यही अभावपूर्ति गर्न माथिका पूर्वकार्यलाई आधार मानी समाजशास्त्रीय अध्ययन परम्पराअन्तर्गत पर्ने पहिचान र प्रतिनिधित्वका दृष्टिकोणबाट ध. च. गोतामेका उपन्यासको अध्ययन गर्न विषय चयन गरिएको छ ।

## १.५ शोधको औचित्य

सांस्कृतिक अध्ययनभित्रको एउटा सैद्धान्तिक अवधारणा पहिचान र प्रतिनिधित्व हो । प्रस्तुत सैद्धान्तिक अवधारणाका आधारमा नेपाली आख्यानको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्दा नयाँ तथा रचनात्मक कार्य हुने देखिन्छ । ध. च. गोतामेका *घामका पाइलाहरू र यहाँदेखि त्यहाँसम्म* उपन्यासको अध्ययन र विश्लेषण विभिन्न कोणबाट भए पनि उनका समग्र उपन्यासको पहिचान र प्रतिनिधित्व शीर्षकमा अध्ययन कतै पनि नगरिएको तथ्य पूर्वकार्यको अध्ययनबाट देखिन्छ, त्यसैले प्रस्तुत शोधप्रबन्ध पहिचान र प्रतिनिधित्व विवेचनाको विषय बनेको

छ । गोतामेका उपन्यासमा पहिचान र प्रतिनिधित्व सम्बन्धी विषयवस्तुको अनुसन्धानात्मक ढङ्गले अध्ययन गरी पुष्टि गर्ने कार्य हालसम्मका पूर्वकार्यबाट नभएको पृष्ठभूमिमा यस शोधप्रबन्धबाट गोतामेका उपन्यासको सांस्कृतिक कोणबाट मूल्याङ्कन हुने भएकाले प्रस्तुत शोधको प्राज्ञिक औचित्य रहेको स्पष्ट हुन्छ ।

## १.६ शोधको सीमाङ्कन

ध. च. गोतामेका *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* दुईवटा उपन्यासहरू रहेका छन् । गोतामेका उपन्याससँग सम्बन्धित अन्य धेरै अध्ययनीय विषय रहेका छन् । प्रस्तुत शोधप्रबन्ध सांस्कृतिक अध्ययनभित्रको एउटा समालोचनात्मक सैद्धान्तिक अवधारणा पहिचान र प्रतिनिधित्वमामात्र केन्द्रित रहेको छ । प्रस्तुत शोधप्रबन्धमा ध. च. गोतामेका उपन्यासमा पहिचान र प्रतिनिधित्वलाई अध्ययनको केन्द्र मानेर जातीय, वर्गीय र लैङ्गिक आधारमा मात्र व्याख्याविश्लेषण गरिएको छ ।

## १.७ शोधविधि

शोधविधिसँग सम्बद्ध सामग्री सङ्कलन विधि, सैद्धान्तिक पर्याधार र विश्लेषण ढाँचाबारे तल भिन्न-भिन्न उपशीर्षकमा व्याख्या गरिएको छ :

### १.७.१ सामग्री सङ्कलनविधि

ध. च. गोतामेका उपन्यासमा पहिचान र प्रतिनिधित्व शीर्षकमा शोधप्रबन्ध गर्दा मुख्य रूपमा पुस्तकालयीय कार्यको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । यस अध्ययनमा ध. च. गोतामेका दुईवटा उपन्यास प्राथमिक सामग्री हुन् । यसैगरी शोधसमस्यासँग सम्बन्धित लेख, समालोचना र उनका कृतिबारे गरिएका विभिन्न अध्ययनलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । प्रस्तुत शोधप्रबन्धमा ध. च. गोतामेका उपन्यास *घामका पाइलाहरू र यहाँदेखि त्यहाँसम्म*लाई प्राथमिक तथा मुख्य विश्लेष्य सामग्रीका रूपमा प्रयोग गरिएको छ । यसैगरी पहिचान र प्रतिनिधित्वसँग सम्बन्धित सैद्धान्तिक मान्यता ध. च. गोतामेका उपन्यासका बारेमा गरिएको अध्ययनसँग सम्बद्ध सामग्री द्वितीयक सामग्रीका रूपमा  प्रयोग गरिएको छ ।

### १.७.२ विश्लेषणविधि

पहिचान र प्रतिनिधित्व सिद्धान्तका आधारमा शोधप्रश्नसँग सम्बन्धित भएर सङ्कलन गरिएको सामग्रीलाई विश्लेषणात्मक र व्याख्यात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ ।

यो शोधप्रबन्ध निगमनात्मक विधिमा आधारित रहेको छ । यो साहित्यिक शोध भएकाले विषय विश्लेषण विधि नै यसको मुख्य पद्धति रहेको छ ।

## १.८ सैद्धान्तिक पर्याधार र विश्लेषणको ढाँचा

प्रतिनिधित्व भनेको पाठगत अर्थ, भाषा र संस्कृतिसँग जोडिन्छ । साधारणतया प्रतिनिधित्व भन्नाले भाषाको प्रयोग र भाषाको अर्थ उत्पादन प्रक्रिया हो । प्रतिनिधित्व त्यो प्रक्रिया हो जसमा सांस्कृतिक समूहका सदस्यहरूले प्रयोग गर्ने भाषिक अर्थ उत्पादन प्रक्रियाबाट निर्धारित हुन्छ (हल, सन् १९९७, पृ.६१) । संसारमा भएका जतिपनि वस्तु, सामग्री, मान्छे, घटना र विचारधारा कुनै पनि अन्तिम सत्य वा निश्चित अर्थ छैन । यी सबै मानवीय संस्कृतिको प्रक्रिया भित्र अर्थपूर्ण बनाइएका हुन् । त्यसैले प्रतिनिधित्व भन्ने कुरा समाज र संस्कृति सापेक्ष हुन आउँछ । अर्थात् यो ऐतिहासिक राजनीतिक संस्कृति सापेक्ष निर्धारण हुने विषय हो । प्रतिनिधित्व समाज र इतिहासको परिर्वतनशील अस्थिर धरातलमा निहित छ । सांस्कृतिक अध्ययनमा पहिचान सिद्धान्तले व्यक्तिहरूको सांस्कृतिक सन्दर्भमा उनीहरूको पहिचान कसरी निर्माण हुन्छ भन्ने कुराको खोजी गर्छ । यसले सांस्कृतिक मान्यता, शक्ति संरचाना र सामाजिक अन्तरक्रियाहरूको परिदृश्यमा व्यक्ति र समूहको पहिचानले कसरी आकार लिन्छ भनेर अध्ययन गर्छ ।

सामाजिक सन्दर्भसँग अनिवार्य तह राजनैतिक अर्थ जोडिन पुग्छ । खासगरी प्रतिनिधित्वले आमसञ्चारमा सामाजिक समूहको प्रतिनिधित्वलाई बुझाउँछ । यस अर्थमा जसले जसरी प्रतिनिधित्व गरिरहेको हुन्छ त्यसले सम्बद्ध पक्षको इच्छा चाहना अनुरूप नै प्रतिनिधित्व गरेको हुन्छ भन्न सकिँदैन । केही पहिचानहरू शक्तिको प्रश्नसँग जोडिएका हुन्छन् । त्यस्ता ज्ञानात्मक सङ्कथन पनि पहिचान निर्माणका प्रक्रियामा समावेश हुन्छन् । त्यसैले कसले के र कस्तो पहिचान पाएको छ भन्ने कुरा राजनीतिक प्रक्रियासँग पनि गाँसिएको हुन्छ । (एडगर र सेडविक, २००८) । यसले व्यक्तिसँग जोडिएको सांस्कृतिक समन्धहरूको बारेमा अध्ययन गर्दछ ।

सांस्कृतिक अध्ययन भन्नाले मानव समाजका रहनसहन, मूल्यमान्यता, संस्कार आदिको अध्ययन भन्ने बुझिन्छ । वास्तवमा संस्कृतिका भौतिक र आत्मिक गरी दुई पक्ष छन् र यिनै दुईभित्र समग्र सन्दर्भहरू पर्दछन् । त्यसैले संस्कृति प्रायः सबैकुरा हो र सबै थोक संस्कृति हो अनि सबै कुराको अध्ययन सांस्कृतिक अध्ययन हो भन्ने मान्यता स्थापित भएको पनि हो (

पाण्डेय, २०७३ : ५७) । यसरी सांस्कृतिक अध्ययनले मानव समाजका यावत पक्षलाई समेट्न सक्ने देखिन्छ । यसर्थ हरेक समाजमा विद्यमान हरेक कुराको अध्ययन सांस्कृतिक अध्ययनभित्र पर्दछ ।

सांस्कृतिक अध्ययनभित्र नै पहिचान र प्रतिनिधित्व पनि पर्दछन् । पहिचान व्यक्ति वा समाजको नीजता र स्वत्वसँग सम्बन्धित हुन्छ । यसले व्यक्ति तथा समाजको चिनारीलाई प्रस्तुत गर्दछ । हरेक व्यक्ति तथा समुदायका पहिचानहरू राजनीतिक, सामाजिक र सांस्कृतिक रूपमै बन्छन्, बिग्रन्छन् र परिवर्तन भइरहन्छन् । यसमा भाषा, धर्म, जात, लिङ्ग, राष्ट्र जस्ता विभिन्न पक्षहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् (गौतम, २०६७ : ३६५) । यसरी पहिचान हरेक व्यक्ति, जाति, समुदाय र समाजसँग जोडिएको हुन्छ । यसर्थ साहित्यकारले पनि यही समाजबाट घटना र पात्र टिपेर संयोजन गर्ने हुँदा साहित्यमा तिनको प्रयोग भएको पाइन्छ ।

प्रतिनिधित्व सांस्कृतिक अध्ययनको एक महत्त्वपूर्ण आधार हो । साहित्यमा समाजको निश्चित बनावटभित्र हुने जनताको सहभागितालाई कसरी प्रस्तुत गरिएको छ त्यसको अध्ययन यसमा गरिन्छ । समाजका विभिन्न श्रेणीहरूको पाठात्मक प्रतिनिधित्वलाई सांस्कृतिक सन्दर्भहरूसँग जोडेर व्याख्या गर्ने कार्य यस अवधारणा अन्तर्गत गरिन्छ । प्रतिनिधित्वका आधारमा खास सामाजिक श्रेणीका राजनीतिक सांस्कृतिक पहिचानका बारेमा विश्लेषण गर्ने प्रयास गरिन्छ (गिरी, २०७० :२८) । प्रतिनिधित्व आफ्नो स्थान लिएर साहित्यमा प्रस्तुत भएको हुन्छ । उसले कुनै जाति, वर्ग, समुदाय वा समाजको पनि प्रतिनिधित्व गर्न सक्छ ।

सांस्कृतिक अध्ययनले उच्च संस्कृति र लोकप्रिय संस्कृतिमध्येको विभाजनलाई अस्वीकार मात्र नगरेर साहित्य समालोचनालाई कला, फिल्म, प्रदर्शनी, टेलिभिजन जस्ता संस्कृतिका अन्य क्षेत्रहरूसँग पनि जोडेको छ । पारम्पारिक साहित्य समालोचना मूल्यात्मक थियो । त्यसले कुन रचना राम्रो वा उत्तम छ र कुन नराम्रो वा स्तरहीन भनेर मूल्याङ्कन गर्ने गर्थ्यो । (उप्रेती, २०६९ : ३१) सांस्कृतिक अध्ययनले भने मूल्याङ्कनका मापदण्ड तथा ती मापदण्डको राजनीतिक/आर्थिक परिप्रेक्ष्यलाई नै प्रश्न गर्छ ।

प्रस्तुत शोधप्रबन्ध सम्पन्न गर्नका लागि आवश्यक पर्ने समाजशास्त्रीय अध्ययनभित्र स्थापित पहिचान र प्रतिनिधित्वको सैद्धान्तिक मान्यतनलाई आधार बनाइएको छ । ध. च. गोतामेका उपन्यासहरू सामाजिक सांस्कृतिक दृष्टिले निकै महत्त्वपूर्ण छन् । उपन्यासमा

सांस्कृतिक रूपमा रहेका पहिचान र प्रतिनिधित्वको सशक्त प्रभाव परेको छ । यहीअनुरूप एउटा कालखण्डको नेपाली समाजको सांस्कृतिक संरचना र शक्तिसम्बन्धको रूपमा आउने पहिचान र प्रतिनिधित्वको अध्ययन निर्दिष्ट उपन्यासहरूमा गरिएको छ । गोतामेका उपन्यासहरूमा सम्भावित समाजशास्त्रीय तथा सांस्कृतिक यथार्थको विश्लेषणका लागि विविध भौतिक सामाजिक रूपमा रहेका जातीय, वर्गीय र लैङ्गिक पक्षलाई आधार मानी विश्लेषण गरिएको छ ।

**शोधका सूचकहरू**

प्रस्तुत शोधको समस्या 'क' को समष्टिगत समाधानका निम्ति राणाकालिन नेपाली समाज र त्यसले निर्माण गरेको सामाजिक संरचना धर्म, जाति र संस्कृतिलाई प्रमुख आधार मानिएको छ ।

प्रस्तुत शोधको समस्या 'ख' को समष्टिगत समाधानका लागि विभेदयुक्त राणाकालिन समाज र त्यसले निर्माण गरेको वर्गीय समाज, जातजाति, पेशाव्यवसाय त्यसमा संलग्न विभिन्न तहका कर्मचारीलाई प्रमुख आधार बनाइएको छ । त्यसैगरी उपन्यासमा प्रयुक्त धर्म, दर्शन, कला, संस्कृति, सामाजिक मूल्यमान्यतालाई पनि उपन्यास विश्लेषणको आधार बनाइएको छ ।

त्यसैगरी प्रस्तुत शोधको समस्या 'ग' को समाधान गर्नका लागि नेपाली समाजको लैङ्गिक सामाजिक संरचना, परम्परादेखि चलेर आएका सामाजिक पारिवारिक जिम्मेवारी र सम्बन्धलाई आधार बनाइएको छ । यसका साथै उपन्यासमा प्रयुक्त लिङ्ग, वर्ग, जाति, धर्म र संस्कृतिलाई उपन्यास विश्लेषणको आधार बनाइएको छ ।

**१.९ शोधकार्यको रूपरेखा**

यस शोधप्रबन्धको संरचनात्मक सङ्गठनलाई व्यवस्थित गर्नका लागि निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : ध. च. गोतामेका उपन्यासमा जातीय पहिचान र प्रतिनिधित्व

परिच्छेद तीन : ध. च. गोतामेका उपन्यासमा वर्गीय पहिचान र प्रतिनिधित्व

परिच्छेद चार : ध. च. गोतामेका उपन्यासमा लैङ्गिक पहिचान र प्रतिनिधित्व

परिच्छेद पाँच : सारांश तथा निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# परिच्छेद दुई

# ध. च. गोतामेका उपन्यासमा जातीय पहिचान र प्रतिनिधित्व

## २.१ विषयप्रवेश

धनुषचन्द्र गौतम (वि.सं. १९८८-२०६३) नेपाली साहित्यमा ध. च. गोतामेको नामबाट परिचित छन् । उनले नेपाली साहित्यका विविध विधामा कलम चलाएका छन् । साहित्य लेखनको आरम्भ कथा विधाबाट गरेका गोतामेले कविता, निबन्ध जस्ता अन्य विधामा पनि कलम चलाएका छन् । उनका *घामका पाइलाहरू* (वि.स. २०३५) र *यहाँदेखि त्यहाँसम्म* (वि.सं. २०४२) गरी दुईवटा औपन्यासिक कृति प्रकाशित छन् । ध. च. गोतामेद्वारा लिखित *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* दुवै उपन्यास सामाजिक विषयवस्तुमा आधारित छन् । उनका उपन्यास मझौला आयाममा संरचित छन् । ध. च. गोतामेका उपन्यासमा सीमान्त जीवनको आवाजलाई समेटिएको छ । उनको *घामका पाइलाहरू* उपन्यासमा शक्ति, शासन, ज्ञान, शैक्षिक सचेतना, आर्थिक अवस्था, राजनीतिक सचेतना जस्ता दृष्टिले किनारामा परेका वा पारिएका वर्गको सजीव चित्र पाइन्छ । गोतामेका उपन्यसले ग्रामीणतालाई विस्तारै छाड्दै गरेको वीरगन्ज सहरका साथै ग्रामीणता र आधुनिकताको चपेटामा परेको जीवनलाई पनि बहन गरेका छन् । देवशमशेरको सत्ता बहिर्गमन र चन्दशमशेरको सत्तारोहणको कारणले किनारामा पर्न गएका र साह्रै सीमान्तीय जीवन बिताउनु परेको प्रसङ्ग उपन्यासमा प्रस्तुत छ । चन्द्रशमशेरले सन् १९२७ फरवरीमा पशुपति इन्जिनको उद्घाटन गरेको ऐतिहासिक प्रसङ्ग *घामका पाइलाहरू* उपन्यासमा छ । दुवै उपन्यासमा राणाकालीन परिवेशको चित्रण गरिएको छ । राणाहरूको अस्वस्थ सत्ता र शक्तिको खेलले किनारामा पारिएका निम्नवर्गको प्रतिनिधित्व दुवै उपन्यासमा गराइएको छ । उनका उपन्यासमा राणाकालिन र त्यसबाट प्रभावित सामाजिक जनजीवनको प्रस्तुति पाइन्छ ।

प्रस्तुत परिच्छेदमा गोतामेका उक्त दुवै उपन्यासमा पात्रहरूका जातीय पहिचान र प्रतिनिधित्वको विश्लेषण गरिएको छ । आख्यानको महत्त्वपूर्ण विधा उपन्यास हो र उपन्यास अध्ययन विश्लेषणका विभिन्न आधार र पद्धतिहरू छन् । ती विभिन्न पद्धतिमध्ये सांस्कृतिक अध्ययन पनि एक हो । संस्कृतिले समूह वा राष्ट्रमा प्रचलित संस्कार, रीतिरिवाज, आचारविचार सम्बद्ध समूह/जातिका कलाकौशल, धर्म, विश्वास, साहित्य अनि कुनै वस्तुलाई परिष्कृत रूप दिने काम आदिलाई बुझाउँछ (पाण्डेय, २०७३, पृ.५३) । पहिचान र प्रतिनिधित्व पनि सांस्कृतिक

अध्ययनका महत्त्वपूर्ण क्षेत्र हुन्, जसका आधारमा कृतिको गहन अध्ययन गर्न सकिन्छ । पहिचान व्यक्ति वा समाजको नीजता र स्वत्वसँग सम्बन्धित हुन्छ । यसले व्यक्ति तथा समाजको चिनारीलाई प्रस्तुत गर्दछ । साहित्यमा समाजको निश्चित बनावटभित्र हुने जनताको सहभागितालाई कसरी प्रस्तुत गरिएको छ । त्यसको अध्ययन यसमा गरिन्छ । समाजका विभिन्न श्रेणीहरूको पाठात्मक प्रतिनिधित्वलाई सांस्कृतिक सन्दर्भहरूसँग जोडेर व्याख्या गर्ने कार्य यस अवधारणाअन्तर्गत गरिन्छ ।

## २.१.१ पहिचान र प्रतिनिधित्वसम्बन्धी मान्यता

सांस्कृतिक अध्ययनको मुख्य आधार पहिचान हो । सांस्कृतिक अध्ययनमा पहिचानको अवधारणालाई उत्तर संरचनावाद र उत्तरआधुनिकतावादले सैद्धान्तिक आधार प्रदान गरेको छ । पहिचान व्यक्ति र समाज अध्ययनका निम्ति महत्त्वपूर्ण र सर्वोपरि रहँदै आएको छ । पहिचान मुख्य गरी व्यक्ति र समुदायको निजता वा स्वसँग जोडिन्छ । सामान्य अर्थमा यसलाई व्यक्ति र सामाजिक समुदायहरूका विशिष्ट चिनारीका रूपमा लिन सकिन्छ । यसले व्यक्ति र समुदायका आ-आफ्ना विशिष्टताहरूलाई जनाउँछ जसका आधारमा एउटा व्यक्ति र समुदाय अर्को व्यक्ति वा समुदायभन्दा फरक देखिन्छ । पहिचान व्यक्ति समुदायको स्वबोध र निजीपन हो, जो आफ्नो अलग इतिहास, धर्म संस्कृति, भाषा, भूगोल आदिका माध्यमबाट निर्मित हुन्छ (गिरी, २०६९, पृ.२८) । जातजाति, पेसा, धर्म, भाषा, संस्कृति, अर्थ, राजनीति र चेतनाका माध्ययमबाट व्यक्ति वा समूहले आफैलाई परिभाषित गर्ने वा अरूद्वारा परिभाषित गरिने कुरालाई पहिचानका रूपमा लिएको देखिन्छ । पहिचान व्यक्ति र समुदायको सामान्य चिनारी मात्रै होइन त्यो त मानिसको व्यक्तिगत, सांस्कृतिक र राजनीतिक परिचयसँग जोडिएको हुन्छ ।

साहित्यिक कृतिमा उपस्थित गराइएका पात्रहरूले उठान गरेका विचारहरू व्यक्ति वा समुदाय कसको प्रतिनिधित्व गरेका छन् ? ती आवाज वा विचार नितान्त वैयक्तिक हुन् वा सामूहिक भन्ने बारेको अध्ययन यस अन्तर्गत गरिन्छ । व्यक्तिले राखे पनि आवाज समुदायगत साझा अवधारणाका रूपमा अगाडि आएको छ भने त्यो विचार सामूहिक बन्न सक्छ र त्यो नै त्यस समूहको प्रतिनिधित्वमूलक पहिचान बन्न सक्छ । समाजमा बस्ने सबै व्यक्तिको आफ्नै परिचय र पहिचान हुन्छ । व्यक्ति सामाजिक सदस्य भएकाले समाजको सांस्कृतिक राजनीतिक, आर्थिक, शैक्षिक लगायतका संरचनाहरूबाट पृथक रहन सक्दैन जसले गर्दा उसको परिचय वा

पहिचान त्यसै अनुकूल निर्मित हुन्छ । सामाजिक सदस्यका रूपमा नै मानिस बाँचेको समाज अनुसारको परिचय निर्माण भएको हुन्छ । उसले बाँचेको सामाजिक सांस्कृतिक संरचनाले उसको परिचय निर्माण गरिदिएको हुन्छ र त्यही संरचनाभित्र नै उसले आफू र आफ्नो पहिचानलाई प्राप्त गरेको हुन्छ । व्यक्तिको लिङ्ग, भाषा, क्षेत्र, भूगोल, सामाजिक, आर्थिक राजनीतिक, शैक्षिक पृष्ठभूमिले पनि उसको पहिचान निर्धारणमा सघाएको हुन्छ । (होग र अब्राहम्स, १९८८:२)ले हामी को हौँ, कहाँ पछौँ र अरूसँग हाम्रो सम्बन्ध के हो भन्ने जनअवधारणालाई पहिचानका रूपमा उल्लेख गरेको पाइन्छ (गिरी, २०६९, पृ.२८) । पहिचान हामी समुदायमा अरूभन्दा विशिष्ट र भिन्न छौँ भन्ने बुझाइसँग जोडिएको छ । यसरी हेर्दा पहिचानले मूलतः सामाजिक समुदायहरूको पृथक सांस्कृतिक विशिष्टतालाई जनाउँछ । त्यसैले पहिचान सांस्कृतिक हुन्छ भन्ने धारणा स्थापित छ । पहिचानको अध्ययनले समेटने विषय भनेको जाति, लिङ्ग, क्षेत्र, धर्म, अपाङ्गता आदि हुन् ।

पहिचानलाई साहित्यको सांस्कृतिक अध्ययनमा राजनीतिक, आर्थिक, संस्कृतिक रूपमा जोडेर हेर्ने गरिन्छ । पहिचान विशिष्ट सांस्कृतिक उत्पादन हो । व्यक्तिको सामाजिक सांस्कृतिक सन्दर्भित अर्थ के हो भन्ने मै पहिचान निर्भर रहन्छ । व्यक्ति सामाजिक, सांस्कृतिक रूपमा कसरी निर्मित छ । पहिचान सामाजिक र सांस्कृतिक प्रतिनिधित्वभन्दा बाहिर रहन सक्दैन (बार्कर, सन् २०१२) । समाजको गतिशीलतासँगै सामाजिक सांस्कृतिक संरचनाहरूको परिर्वतनशीलताले गर्दा व्यक्ति र समुदायका पहिचानहरू पनि रूपान्तरित भइरहने हुन्छ । यसले गर्दा पहिचान समाज र समय सापेक्ष हुन्छ । पहिचानको मापदण्ड प्रकृति प्रदत्त नभएर ऐतिहासिक र राजनीतिक परिप्रेक्ष्यभित्र हुन्छन् । पहिचान निर्माण हुनेभन्दा पनि समाजका मान्यता तथा सांस्कृतिक राजनीतिक विश्वास, अनुभव, आस्था र जीवनशैलीले निर्धारण गर्ने विषय हो । पहिचानको निर्धारणमा विमर्शात्मक संरचना र त्यसले निर्माण गरेको सङ्कथन र त्यसको शक्ति सम्बन्धमा पनि आधारित रहन्छ । समाजको निश्चित विचारधारात्मक विमर्शले पनि व्यक्ति वा समुदायको पहिचानमा महत्त्व राख्दछ । समाजमा रहेको शक्ति सम्बन्धले पनि निश्चित अर्थ र पहिचानका आधारहरू उत्पादन गरेको हुन्छ । त्यसैले सामाजिक प्रक्रिया भित्रै पहिचान र प्रतिनिधित्वका सन्दर्भहरू अर्थिन सक्छन् (ज्ञवाली, २०७०:७७) । सामाजिक सदस्यका रूपमा मान्छे बाँचेको सामाजिक तथा सांस्कृतिक संरचनाले उसको परिचय निर्माण गरिरहेको

हुन्छ । व्यक्ति सामाजिक सांस्कृतिक सदस्य हो । त्यसैले पहिचान पूर्णतः सामाजिक संरचना हो र यो सांस्कृतिभन्दा बाहिर रहन सक्दैन । हरेक व्यक्तिले आफ्नै किसिमको पहिचान र प्रतिनिधित्वलाई बोकेको हुन्छ ।

सांस्कृतिक अध्ययनमा प्रतिनिधित्व केन्द्रीय अध्ययनको विषयका रूपमा स्थापित छ । यसले सामाजिक संरचनामा प्रतिनिधित्वलाई अर्थपूर्ण ढङ्गले हेर्छ । प्रतिनिधित्वले सामाजिक संरचनाको निर्माण प्रक्रिया एवम् त्यसमा व्यक्तिको प्रतिनिधित्व कसरी भएको छ भन्ने कुरालाई हेर्छ (बार्कर, सन् २०१२, पृ.८) । सांस्कृतिक अध्ययनको केन्द्र भनेको संस्कृतिको अध्ययनका साथ साथै प्रतिनिधित्वको बुझाइ पनि हो । अर्थात् पाठहरूले प्रस्तुत गरेको अर्थको खोजी गर्दा प्रतिनिधित्वको खोजी गरिन्छ भन्ने हो । साहित्यमा प्रतिनिधित्वको खोजी पाठ, सामाजिक प्रक्रिया, सङ्कथन, विचारधारा, संस्थाहरू अर्थतन्त्रका आधारहरूमा गरिन्छ (भट्टराई, २०६९, पृ.४९) । प्रतिनिधित्वले पाठगत अर्थहरूको प्रस्तुतीकरणको खोजी गर्छ र त्यसमा विभिन्न सन्दर्भमा अर्थको उत्पादन कसरी भएको छ र त्यसको पाठात्मक सन्दर्भमा प्रतिनिधित्व कसरी भएको छ त्यसको खोजीलाई महत्त्व दिन्छ । तथापि सांस्कृतिक प्रतिनिधित्व र त्यसको अर्थ सामाजिक राजनीतिक अर्थ प्रक्रियासँग जोडिन आउँछ ।

सांस्कृतिक प्रतिनिधित्व र अर्थहरूका निश्चित विशेषताहरू छन् जुन भाषिक अभिव्यक्तिका माध्यमबाट समाजमा ध्वनि, अभिलेख, वस्तु, प्रतिबिम्ब, किताब, पत्रपत्रिका, रेडियो, टेलिभिजनका कार्यक्रमहरूमा संश्लेषित हुन्छन् र तिनीहरू विशिष्ट सामाजिक सन्दर्भका उत्पादन, सहकार्य, प्रयोग र बुझाइमा प्रतिबिम्बित हुन्छन् (बार्कर, सन् २०१२,पृ.८) । यसरी समाजका विभिन्न संरचना र मिडियाहरूका प्रस्तुतीकरणका भाषा र ढाँचाहरूबाट प्रतिनिधित्वको बोध भएको हुन्छ तर ती प्रतिनिधित्वमूलक विषयहरू सामूहिक वर्ग विशेषका प्रतिनिधित्वका रूपमा रहन्छन् । त्यो प्रतिनिधित्व सम्बद्ध समूहको हो वा होइन भन्ने विषय भने जटिल हुन आउँछ । किनकि प्रतिनिधित्वमा समाज र राजनीतिको शक्ति सम्बन्ध प्रत्यक्ष रूपले गाँसिएको हुन्छ जसले गर्दा प्रतिनिधित्वको सवाल वास्तविक प्रतिनिधि समूहको नभएर गैर समूहको पनि हुन सक्छ । यस सम्बन्धमा मिसेल फुकोको यस प्रकारको धारणा सान्दर्भिक देखिन आउँछः "हरेक व्यक्तिले आफ्नो प्रतिनिधित्व आफै मात्र गर्न सक्छ । दलित लगायतका अन्य कुनै पनि समूहको प्रतिनिधित्व भाषाको प्रयोग गरेर मात्र गर्न सकिन्छ तर भाषाका प्रयोगहरू शक्ति

सङ्घर्षका राजनीतिक, आर्थिक तथा सांस्कृतिक संस्थागत सञ्जालहरूमा बाँधिएका हुनाले भाषाद्वारा अभिव्यक्त भएका प्रतिनिधित्व वा सङ्कथनहरूलाई पनि शक्तिका तिनै सञ्जालले निर्देशित गरिरहेका हुन्छन् । तिनलाई बनाउँदै, बङ्ग्याउँदै लगेका हुन्छन्" (उप्रेती, २०६८, पृ.२८२) । यसरी फुकोले प्रतिनिधित्वलाई भाषिक सङ्कथनको तार्किक उपस्थितिका रूपमा प्रस्तुत गर्दै केही पहिचान र प्रतिनिधित्वहरू विचारधारा र शक्तिको प्रश्नसँग जोडिएका हुन्छन् र त्यस्ता ज्ञानात्मक सङ्कथनहरू व्यक्तिको पहिचान र प्रतिनिधित्व निर्माण प्रक्रियामा समावेश भएका हुन्छन् । त्यसर्थ प्रतिनिधित्व सम्बद्ध समूहको वास्तविक वा अवास्तविक के हो त भन्ने प्रश्न नै सांस्कृतिक अध्ययनमा मूल विषयका रूपमा अगाडि आउँछ ।

साहित्यमा प्रतिनिधित्वको अध्ययन विशेषतः सीमान्तकृत समूहसँग जोडिन आउँछ । यस सम्बन्धमा स्पिवाकको मत यस प्रकारको देखिन्छ । उनी भन्छिन् : "निमुखाहरू आफ्नो प्रतिनिधित्व आफैँ गर्न सक्दैनन् तर सक्दैनन् भनेर पनि बौद्धिक वर्गले सीमान्त समूहको प्रतिनिधित्व गर्ने काम छोड्नु हुँदैन" (उप्रेती, २०६८,पृ.२८५) । उनको धारणाबाट प्रतिनिधित्वको सवाल सामाजिक सांस्कृतिक र राजनीतिक शक्ति सम्बन्धमा जोडिएको देखिन्छ । त्यस्तो प्रतिनिधित्वले भ्रमात्मक र सांस्कृतिक शोषण पनि गरेको हुन सक्छ र त्यस अवस्थामा समाजमा कस्तो खालको सांस्कृतिक अवस्थाको प्रभाव कायम छ त्यस विषयलाई साहित्यमा खोजी गरिन्छ । विशेषतः सांस्कृतिक सन्दर्भमा कुनै वर्ग, लिङ्ग, जाति आदिको उपस्थिति साहित्यमा कसरी भएको छ र पछाडि पारिएका लिङ्ग वर्ग, जनजाति, दलित, अल्पसङ्ख्यक, फरक क्षमता, अपाङ्गता आदिका माध्यमबाट साहित्यमा प्रतिनिधित्वको अध्ययन गरिन्छ ।

## २.२ *घामका पाइलाहरू* उपन्यासमा जातीय पहिचान र प्रतिनिधित्व

कुनै कृतिमा प्रस्तुत भएका विभिन्न जातजातिका पात्र र तिनले प्रस्तुत गरेका भाषाशैली, संवाद र विचारधारा नै कृतिमा प्रयुक्त जातीय पहिचान हो । जातीय पहिचान र प्रतिनिधित्वको प्रयोग भएको *घामका पाइलाहरू* उपन्यास सामाजिक यथार्थलाई आधारभूमि बनाएर लेखिएको छ । वि.सं. २०३५ सालमा प्रथम पटक प्रकाशित यस उपन्यासमा देवशमशेरको सत्ता बहिर्गमन र चन्दशमशेरको सत्तारोहणको प्रसङ्गसँगै चन्द्रशमशेरले सन् १९२७ फरवरीमा पशुपति इन्जिनको उद्घाटन गरेको ऐतिहासिक प्रसङ्ग उल्लेख भएको छ । सामाजिक यथार्थको प्रयोग भएको यस

उपन्यासमा कार्यविभाजन, शिक्षा र चेतनाको स्तर आदिका आधारमा विभिन्न जातिको पहिचान र प्रतिनिधित्व निम्नअनुसार भएको पाइन्छ :

(१) बाजे च्यूँडोमा हुक्काको नली अड्याएर एक्लै तास खेलिरहनुहुन्थ्यो । पवन एक कुनामा बसेर चाणक्य नीतिका निरस श्लोक घोकिरहन्थ्यो ।

शैले शैले न माणिकम् मौक्तिकम् न गजे गजे

साधवो न हि सर्वत्र चन्दनम् न वने वने । (पृ.२६)

उपर्युक्त साक्ष्यले प्रस्तुत *घामका पाइलाहरू* उपन्यासमा प्रस्तुत पात्र पं दुर्गानाथ र उनको नाति पवनको पहिचान गराएको छ । उनीहरू हिन्दु धर्म र त्यसले स्थापना गरेका मान्यताहरूलाई आत्मसात् गर्ने पात्रका रूपमा चिनिएका छन् । समाजमा अन्याय अत्यचार भएको र त्यसबाट मुक्ति पाउनका लागि आफ्ना भावि पुस्तालाई चलाख बनाउनका लागि पं. तल्लीन देखिन्छन् । आफ्नो सोझोपनकै कारण देवशमशेरसँगै लखेटिनु परेका कारण आफूसँगै आफ्ना परिवारले दुःख खेप्दै गरेको कुरा पं दुर्गानाथलाई राम्रोसँग थाहा छ । उनले आफ्नो नीत आफूजस्तो नहोस् समाजको नेतृत्व गरोस् भन्ने चाहना राखेको कुरा माथिको साक्ष्यबाट स्पस्ट हुन गएको छ । आफ्नो तीक्ष्ण बुद्धि र विवेकाका कारण जसरी चाणक्यले अन्याय र अत्यचारको विरोध गर्दै आधुनिक भारतको निर्माणमा सहयोग गरे । त्यसैगरी आउने पुस्ता पनि अन्याय अत्याचारको विरोध गर्ने, समतामूलक समाजको निर्माणका लागि लड्ने खालको होस् भन्ने चाहना पं. दुर्गानाथले राखेको पाइन्छ । तत्कालीन समयमा गीता, वेदजस्ता ग्रन्थलाई हाम्रो समाजमा ज्ञान र चेतनाका लागि भन्दापनि हिन्दु संस्कार र विधिविधानका लागि प्रयोग गरिन्थ्यो । गीता, वेदको अध्ययन अन्य जातिले खासै नगर्ने कारण पनि उल्लिखित पात्र नेपाली समाजको महाजातिभित्रको हिन्दु ब्राह्मणको केन्द्रीय प्रतिनिधित्वका रूपमा रहेको देखिन्छ ।

(२) रेल चलेको दुई वर्ष भइसक्दा पनि क्वाटरको निर्माण हुन सकेको थिएन । स्टाफहरू सबै स्थानीय मानिस थिए । मुसलमान इन्जिन ड्राइभर मुहम्मद, बाहुन गार्ड रमानाथ लामिछाने, नेवार टिकट चेकर दानबहादुर श्रेष्ठ, मधिशे स्टेशन मास्टर नारायण श्रीवास्तव र यसैगरी तल्ला स्टाफहरू पैटमैन, खलासी र पानीपाँडे आदिसमेत त्यही सानो शहरको सेरोफेरोभित्र आ–आफ्नो घरमा बस्थे र ड्यूटीको समयमा सबै रेलवेले दिएको दर्जा अनुसारको पोसाक लाएर स्टेशनमा हाजिर हुन्थे (पृ.४५) ।

उपर्युक्त साक्ष्यले *घामका पाइलाहरू* उपन्यासमा बहुजातीय प्रतिनिधित्व गराइएको स्पस्ट पारेको छ । तराइको एउटा सानो सहरोन्मुख स्थानमा वर्णित कथावस्तुका आधारमा जात अनुसारको पेशाको पनि वर्गीकरण गरिएको छ । उपन्यासकारले आ-आफ्नो पेसा, जीवनशैली र दर्जाका अनुसार जातिको जानकारी गराएका छन् । तत्कालीन विमर्शात्मक संरचना जातीय दृष्टिले त्यति सहज थिएन । निम्नजाति तथा तराइका पछौटे जातिहरू पहिल्यैदेखि सीमान्तकृत थिए । जातका आधारमा उनीहरूको सामाजिक मर्यादा तोकिएको थियो । जातकै आधारमा पेसागत मर्यादा पनि कायम थियो । सोही असमानताको कुरा माथिको साक्ष्यबाट स्पस्ट हुन्छ । रेलको प्रशासनिक र माथिल्ला पोस्टहरूमा तल्लो जात वा सीमान्तकृत जातिको प्रतिनिधित्व नगराइएबाट पनि उनीहरू पहिल्यैबाट व्यवस्थित रूपमा किनारामा पारिएका थिए भन्ने स्पष्ट हुन जान्छ । रेलसँग सम्बन्धित तल्ला दर्जाका काममा पानीपाँडे आदि जस्तालाई प्रतिनिधित्व गराउनु र महाजातिभित्रका श्रेष्ठ, लामिछाने र श्रीवास्तव जस्ताको माथिल्लो दर्जाका रूपमा प्रतिनिधित्व गराउनुले उपल्लो जातिबाट तल्लो जाति शोषित, पिडित र उपेक्षित रहि आएको स्पस्ट हुन्छ ।

> (३) त्यस्तो तल्लो स्तरको काम म गर्दिन । कुटपिट गर्ने हो भने जीतूले अहिल्यै त्यसलाई आएर धूलोपीठो पारेर आउँछ । सबैकुरा गणेशीमाथि छाडिदिनुस् । त्यस डाक्टरलाई तपाईको खुट्टामा घोप्ट्याउन सकिन भने म आफूलाई कुजातले जन्माएको घोषित गरिदिनेछु । गणेशी आवेशले दाहिने हातको मुड्की देब्रे हत्केलामा हिर्काउँछ (पृ.८५-८६) ।

उपर्युक्त साक्ष्यबाट *घामका पाइलाहरू* उपन्यासमा उपल्लो जातका साथसाथै समाजका दृष्टिले निम्न ठानिएको जातको पनि प्रतिनिधित्व गराइएको छ । यस्ता निम्न जातिहरूले परिधीय संस्कृतिको प्रतिनिधित्व गरेको कुरा माथिको साक्ष्यबाट स्पस्ट हुन जान्छ । जातकै आधारमा मानिस मानिसका बीचमा बिभेद गर्ने उच्च जातका मानिसले निम्न जातिलाई लडाएर जीवनभर आफू अनुकूल प्रयोग गर्छ भन्ने सामन्तवादी संस्कृतिको प्रतिनिधित्व गरेको छ । उल्लिखित साक्ष्यमा आएको गणेशीले जातीय र वर्गीय रूपमा आफूलाई हीन ठानेको छ । गणेशीले आफ्नो जातको महिमा नै ठुलाठालुको सेवामा लीन हुनु भन्ने बुझेको छ । गणेशी केन्द्रीय संस्कृतिको

तनाव र प्रभावमा आएको कुरापनि माथिको साक्ष्यबाट बुझ्न सकिन्छ । गणेशीले निम्न र सामाजले अछुत ठानेको जातको पहिचान गराएको छ ।

(४) दुर्गानाथ कमजोर शरीर र जीवनप्रति पराजित मानसिकताका उपज यसो भन्दछन् "म पनि योसित घाटकै कुरा गरिरहेको थिएँ । कुरा उठिहाल्यो तँलाई पनि भनिहालौं । मलाई यहींको उत्तरवाहिनी घाटमा लैजानु र मेरो श्राद्ध तर्पणको लागि गया काशी कहीँ नजानू अब मेरो कति दिन शेष होला र ?" बाजे करुण स्वरमा भन्दछन् (पृ.८८) ।

उपर्युक्त साक्ष्यबाट जातीय पहिचान भएको छ । दुर्गानाथको परिवार हिन्दुधर्म र त्यसले स्थापना गरेका मान्यताहरूलाई आत्मसात् गर्ने, धर्म-कर्म, स्वर्ग-नर्कको ख्याल गर्ने उच्च जातिको रूपमा पहिचान भएको छ । उच्च महाजातिभित्रको दुर्गानाथको परिवार आर्थिक व्यथाले नराम्रोसँग पिरालिएको छ । आर्थिक कारण नै जीवनभर अनकौं इच्छा आकांक्षा पूरा गर्न नसकेको परिणाम मृत्युपछि पूरा नहुने निष्कर्ष पं. दुर्गानाथको छ । पवित्र स्थानमा आफ्नो देहको अन्त्येष्टि गरिबीका कारण हुन नसक्ने पं. दुर्गानाथको उद्गारबाट उनको परिवार निम्नवर्गीय ब्राह्मण भएको थाह हुन्छ ।

(५) जाडो, गर्मी, वर्षा जुनसुकै याममा पनि बिहान सात बजे महाराज उठ्दा उनका अगाडि ठिङ्ग उभिरहनुपर्थ्यो । भन्थे - "दुर्गानाथ बाजे तिम्रो अनुहार बिहान उठ्नासाथ हेरेँ भने दिन बडो राम्रो जान्छ । सोझो बाहुनको अनुहार साइत पनि हुँदो रहेछ ।" (पृ.९३) ।

उल्लिखित साक्षले राणाकालीन अवस्थालाई प्रष्ट रूपमा बुझाएको छ । जहानियाँ राणाहरूको शुभसाइत मुहूर्त निकाल्ने दरबारिया पुरोहितको प्रतिनिधिका रूपमा दुर्गानाथ आएका छन् । पं. दुर्गानाथमार्फत तत्कालीन अवस्थामा राणाहरूले जीवनभर ब्राह्मणहरूलाई आफू अनुकूल प्रयोग गरेका थिए भन्ने सामन्तवादी संस्कृतिको प्रतिनिधित्व गरिएको छ । केन्द्रीय संस्कृतिका मानिसले परिधीय संस्कृतिका मानिसलाई आफू अनुकूल प्रयोग गर्नका लागि मनावैज्ञानिक रूपमा विचल्लित पार्ने र आफ्नो भक्त बनाउने कुरालाई पनि माथिको साक्ष्यले स्पस्ट पारेको छ । दुर्गानाथ सोझो, राणाका अनुकूल चल्ने दरबारिया पुरोहितका रूपमा चिनिएका छन् । उनले सचेत ब्राह्मण भएर पनि शासन व्यवस्थाका कारण परिधीय संस्कृतिको

प्रतिनिधित्व गरेका छन् । "रेलवेको अफिसरसित गिलास जुधाएर खान पाउनु गणेशीका लागि सानो गर्वको कुरा थिएन । सानो शहरमा रक्सी खानु सानो जातका लागि मात्र क्षम्य थियो तर केही प्रतिष्ठा आर्जन गरिसकेका मानिसले घरायासी भट्टीबाट झिकेको ठर्रा खानु नितान्त निन्दनीय थियो ।" (पृ.९६) *घामका पाइलाहरू* उपन्यासमा आएको माथिको साक्ष्यले वर्गीय पहिचानका साथै जातको पनि पहिचान गरेको छ । परिधीय संस्कृतिमा रहेका वर्गका लागि समाजमा कुनै एउटा कुरामा मात्र विभेद हुँदैन भन्ने कुरालाई प्रस्तुत साक्ष्यले स्पस्ट पारेको छ । गाउँका सामान्य कुराको उपभोग स्थानीय निम्न वर्गका लागि मात्र क्षम्य थियो । उनीहरूलाई एउटा निश्चित खाडलभन्दा माथि उठेको हेर्नका लागि समाजको जातीय दृष्टिले मान्दैनथ्यो । रेलवेका अफिसरहरू माथिल्लो जातका र मजदुर वर्ग तल्लो वा सीमान्त जातका भएको कुरा माथिको साक्ष्यबाट स्पस्ट हुन जान्छ । समाजमा तल्लो जातका लागि माथिल्लो जातिसँग नजिक हुनु, हिमखिम गर्नु, राम्रो लगाउनु वा उन्नति गर्नु निषेध छ । विभेधपूर्ण समाजमा जातीय असमानताका कारण मानवीय सम्बन्ध पनि आफैँमा धरापमा परको कुरा माथिको साक्ष्यबाट स्पस्ट हुन्छ । जातीय विभेदकै कारण गणेशीले निम्न (सीमान्त) जातिको प्रतिनिधित्व गरेको छ । जातीय विभेदकै कारण सीमान्त जातिको आत्मवल पनि बिस्तारै गिर्दै गएको कुरा माथिको साक्ष्यबाट स्पस्ट हुन्छ । "लोकोवावुको रगतमा अभिजात्यको मात्रा बढी भएकोले ती सदैव पानपात बेचेर गुज्रान गर्ने गरिब गणेशीलाई आग्नेय नेत्रले हेर्थे । अपठित गवार र असभ्य भन्ठान्थे । सबैलाई रद्ध पार्ने गणेशीको वाक्चातुर्य उनको लागि फोहोरी र अश्लील थिए" (पृ.९७) ।

तत्कालीन सामाजिक संरचना जातीय दृष्टिले संवेदनशील थियो । निम्नजाति तथा जनजातिहरू सीमान्तकृत (परिधीय) समुदायका थिए । नेपाली समाजमा जातीय व्यवस्थाको थालनि भएदेखि नै सीमान्तकृत समुदायले जातीय उत्पीडन दमन र उपेक्षा सहन गर्नु परेको थियो । जातीयता कै आधारमा ज्ञान र शक्तिको उत्पादन,उपभोग र वितरण हुने भएकाले शक्तिका हरेक संरचनामा निम्नजातिलाई समान अवसरबाट वञ्चित गरिन्छ । यस्तो जातीय विभेदमा आधारित समाजमा निम्नजातको परिचय मानिसका रूपमा हुँदैन । गणेशीले कसैको केही नबिगारी आफ्नो सानो पान बेच्ने व्यवसाय गरी गुजारा गरेपनि अभिजात्य लोकोवावुको नजरमा मानिस बन्न सकेको छैन् । गणेशीका साफा हृदयबाट सिञ्चित व्यवहार लोकोवावुका लागि फोहोरी र अश्लील लागे । यहाँ लोकुवावु जातीय विद्वेषबाट ग्रस्त देखिन्छन् । यसरी जातीय

विद्वेषको संस्कारबाट ग्रस्त समाजमा गणेशी जस्ताले आफू मानिस भएको आभाससम्म गर्न नपाउने उनीहरू मृत्युपर्यन्त पिडित हुने निम्नजातिको उपयुक्त प्रतिनिधित्व यस उपन्यासमा भएको छ ।

(६) कहिलेकाहीँ प्लेटफर्मको घुइँचोलाई छिचोल्दै गणेशीले ड्राइभर वा पानी पाँडेसित आफ्नो स्तरअनुसार गरेको ठट्टा यिनको कानमा ठक्कर खान पुग्थ्यो । अमलेन्दु भट्टाचार्य आफ्नो सानो घन भएको लट्ठी सिमेन्टीमा बजार्दै चीत्कार गर्थे - "इडियट स्वाइन, डर्टी लैंगोवेज झिक्छ । मुख धुन भन यसलाई ।" (पृ.९७) ।

अमलेन्दु भट्टाचार्यले बंगाली उच्चजातीय समुदायको प्रतिनिधित्व गरेका छन् । नेपाल र भारत दुवै देशमा हिन्दु धर्म र त्यससँग मिल्दो जातीय व्यवस्था रहेको छ । समाजमा जातीय व्यवस्थाको थालनी भएदेखि नै तल्लो (सीमान्तकृत) जातिले उपेक्षा सहनुपरेको छ । शक्तिका हरेक संरचनामा निम्न जातिलाई समान अवसरबाट वञ्चित गरिएको पाइन्छ । जातीय विद्वेषको संस्कारबाट ग्रस्त समाजमा गणेशी, पानीपाँडे जस्ताले आफू मानिस भएको आभाससम्म गरेका छैनन् । उनीहरूलाई प्रयोग गरिने भाषा र शैली पनि अमानवीय रहेको छ । गणेशी, पानीपाँडे जस्ता निम्नजातिले जीवनभर अपमान र उपेक्षा सहनु पर्ने देखिन्छ । उनीहरूका निजी विचारहरू समाजमा सुनिँदैनन् । विचारहरू तिरस्कृत हुनजाने निम्न जातिको प्रतिनिधित्व गणेशी र पानीपाँडे जस्ताले गरेका छन् ।

(७) मालिक म जातको कहार हुँ, पालकी बोक्ने । तर सबैको इज्जत हुन्छ मालिक्नीको पेटीकोट पछार्नुपर्ने र मालिक्नी नाङ्गै जस्तो लडिरहेकी हेर्न म सक्दिनथिएँ । वडो कस्तोकस्तो लाग्थ्यो । हामी घाममा डढेर काला भएका छौं भनेर हाम्रो वर्णलाई साह्रै घृणा गर्नुहुन्थ्यो । भन्नुहुन्थ्यो -"मोरा हो तिमीहरू भन्दा त पशु बेस (पृ.१०२) ।

उपर्युक्त अंशले उपन्यासमा आएको रामधनी पूर्णतः सीमान्तकृत समुदायको श्रमिक पुरुष पात्रका रूपमा देखिएको छ । जातीय दृष्टिले हेर्दा ऊ मधेशमा बस्ने तल्लो (दलित) समुदायको प्रतिनिधित्व गर्ने पात्र हो । रामधनी सामाजिकशासन व्यवस्थाको परिप्रेक्ष्यमा हेर्ने हो भने पनि पूर्णतः सत्ता र शक्तिको सामन्ती संरचनाबाट सीमान्तकृत बनाइएको वा त्यस अवस्थामा

पुऱ्याइएको जाति हो, जो सीमान्तकृत वर्गमा पर्दछ । ज्ञान नै शक्तिको स्रोत हो भन्ने फुकोको अवधारणा अनुसार रामधनी अनपढ, अशिक्षित भएकैले पनि ज्ञानका अभावमा ऊ शक्तिहीन बनेको छ । शैक्षिक चेतनाका दृष्टिले मूलधारभन्दा पछाडि पारिएकैले यो साहु डाक्टर र डाक्टरनी (मालिक्नी)को दासी, नोकर, घरेलु श्रमिकका रूपमा काम गर्न बाध्य पारिएको छ । शिक्षा र ज्ञानबाट वञ्चित भएको रामधनी मालिकको घरमा घरेलु कामदारका रूपमा मजदुरी गरेर पेट पाल्न र आफ्नो परिवारको अभाव टार्न विवश छ । सधैँ जसो बिहानै उठ्नु आफूभन्दा ठूलो घल्चामा पानी भर्नु, जुठो भाँडा माझ्नु,मालिक्नीको पेटीकोट पछार्नु, मालिक्नी जहाँ बस्छिन् त्यहाँ गर्मी हटाउनका लागि पङ्खा तान्नु उसको दैनिकी नै हो । यसबाट उसलाई आफ्नो बारेमा थोरैपनि सोच्ने अवसर छैन । ऊ आफैं फोहोरी भएर बस्न विवश छ । रामधनी परिवारमा शोषित, पीडित र उपेक्षित जीवन जिउन बाध्य छ । रामधनी उपन्यासमा घरायसी श्रमिकको प्रतिनिधि पात्र हो जसले आफ्नो श्रमजीवी पहिचान बनाएको छ । उसले डाक्टरको घरमा रातदिन पसिना बगाउँदा पनि एउटा कुकुरले पाउने जत्तिकै हेरचाह र माया पाउन सकेको छैन बरु जातीयद्वेश पाएको छ । जातीय सामन्तवादी शासनव्यवस्थाले निर्धारण गरेको मान्यता कै कारणले पनि उसले घरेलु कामदारमात्रै नभएर अजातीय, कुरुप र अमानवीय  घरायसी पुरुष श्रमिकको प्रतिनिधित्व एवम् पहिचान निर्माण गरेको देखिन्छ ।

> (८) 'हुनै नसक्ने कुरा' किन भनेकी पवनकी आमाले ? हाम्रो बीचको जातीय असमानता र सामाजिक निषेधको परिप्रेक्षमा यो भनिएको हो, वा यो उनको आफ्नै नकारात्मक अठोट हो ? निजी अरुचि नै भए किन उनको रोमरोमबाट मप्रति स्नेहको अविरल धारा फुटेजस्तो हुन्छ ? किन उनको मायालु स्पर्षले मउपर अबोल आर्शीवादको ओइरो लाइदिएजस्तो लाग्छ (पृ.१९९) ।

उपर्युक्त उदाहरणबाट सामाजमा जातीय असमानता र त्यसले कत्तिको प्रभाव पारेको छ भन्ने कुरालाई राम्रोसँग बुझ्न सकिन्छ । जातीय खाडलका कारण समाजिक संरचाना नै बिथोलिएको हुन्छ, धेरैका इच्छा चाहनाहरू त्यसै सकिएर गएका हुन्छन् भन्ने कुरा माथिको अंशबाट स्पस्ट हुन्छ । माथिको अंशले दुईवटा जातिको प्रतिनिधित्व गरेको छ । अणु आफैँपनि बंगाली उच्चजातमा जन्म भएकी युवती हो भने पवनको परिवार नेपाली ब्रह्माण जाति अन्तर्गत

पर्दछ । जातकै कारण नारीहरूले भोग्नुपर्ने मानसिक तनावलाई माथिको साक्ष्यले स्पस्ट पारेको छ । नारीले आफ्नो सारा जीवन बिताउने पुरुष छान्ने अधिकार जातकै कारण वञ्चित हुन्छन् । उनीहरूको स्वतन्त्रका सबै विषय जात र त्यसले निर्माण गरेको संरचनाले बन्द गरेको हुन्छ । हिन्दुधर्ममा आएका परम्परागत विकृत दृष्टिकोणका केही अवशेषहरू माथिको अंशले उजागर गरेको छ । सोहीकारण नारीले आफ्नो जीवनसाथी छान्ने नैसर्गिक अधिकारका अघि जातीय बन्धन फलामे तगारो बनेर रहेको छ । पवन, अणुजस्ताले वर्तमानका युवापुस्तको प्रतिनिधित्व गरेका छन् । समाजमा रहेका त्यस्ता विकृत जातीय विद्वेषप्रति उनीहरू सचेत र सजग छन् ।

## २.२ *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा जातीय पहिचान र प्रतिनिधित्व

*यहाँदेखि त्यहाँसम्म* उपन्यासमा जातीय पहिचान र प्रतिनिधित्वको प्रयोग भएको छ । विपुलनाथले बस्ती बसाएको मुर्किपलीया गाउँ र त्यसका आसपमासका गाउँमा यस उपन्यासको कथावस्तु अडिएको छ । नयाँ बस्ती भएका कारण मुर्किपलीया गाउँमा मकवानपुरबाट विभिन्न जातजातिका मानिस आएर बसोबास गरेका छन् तसर्थ यस उपन्यासमा तराई क्षेत्रमा आदिवासिका रूपमा रहेका मधेसी, थारु लगायत मकवानपुरबाट झरेका ब्राह्मण, दमाई, सार्की लगायतका विभिन्न जातजातिहरूको प्रतिनिधित्व भएको छ । यस उपन्यासमा प्राचीन कालदेखि जातजतिअनुसार कामको बाँडफाँड गरिएको कुरालाई प्रस्तुत गरिएको छ । त्यसैले उपन्यासको कथाले मागेअनुरुप विभिन्न जातजातिको पहिचान उपन्यासमा गराइएको देखिन्छ ।

> (१) सबै शिष्य पवनका अति परिचित दौँतरीसमान हुन् । अमावथस्कौलको हरिनारायण थारु, पथराको सुकदेव कलवार, पिपराको सुदामाप्रसाद भुर्तेल आदिआदि र पुछारमा बस्ने यही गाउँको सेते दमाईका जुम्ल्याहा छोराहरू राम र लछुमन ।(पृ.३७)

माथिको साक्ष्यमा भाखी गुरुको पाठशालामा पवनका दौतरीसमान सबै जातका शिष्यहरूको प्रतिनिधित्व गराइएको छ । साक्ष्यले बहुजातीय समाजको पहिचान गराएको छ । तराईका नयाँ बस्ती बसाएका गाउँमा सबै जातजातिको सन्तुलित प्रतिनिधित्व हुने कुरालाई पनि यहाँ प्रस्तुत गरिएको छ । राणाशासनको समय भएतापनि सबै जातजातिहरूलाई शिक्षाको अवसर दिइएको कुरालाई यहाँ प्रस्तुत गरिएको छ । विपुलनाथले बस्ती बसाउँदा सबै जातजातिका मानिस ल्याएर बसाएका थिए किनभने सबै जातजति भएपछि जातअनुसारको काम

हुन्छ र बाहिरका मानिसको आवश्यकता पर्दैन भन्ने सोचाइ उनको थियो । माथिको साक्ष्यमा जातजाति अनुसार भाखी गुरुको पाठशालामा विद्यार्थी बस्ने प्रवृति पनि देखाइएको छ । सेते दमाईका छोराहरू दलित भएका र अरुसँग छोइन नहुने तत्कालीन विभेधपूर्ण सामाजिक संरचनाका कारणले गर्दा उनीहरू सबैभन्दा पछाडि बसेको देखिन्छ । दलितलाई शिक्षा लिने अवसर त भाखी गुरुले दिएका थिए तर उनीहरू पुछारमा बसेकोबाट यहाँ उनीहरू सानो जात हुन् भन्ने कुराको पहिचान भएको छ दमाइहरूको प्रतिनिधित्व समाजलाई सन्तुलित राख्न गरिएपनि उनीहरूको पहिचान मूल्यहीन रूपमा भएको छ । समाजले निर्माण गरेको संरचनाका कारण नेपाली समाजमा दलितहरू आफैँ पनि दमित हुने आफूलाई सानो जातको रूपमा चिनाउने र पछाडि गएर बस्ने कुराको पहिचान उपन्यासमा पाइन्छ ।

(२) घाम डुब्ने बेला बाहुनको छोरोलाई रुवाएर पठाउनुहुन्न ठूलो पाप लाग्छ । लौ भैगो माफ गर् ए काठा अब भन्ने छैन । अब त हाँसिदे एकपल्ट । विपुलनाथ किस्ती बिसाएर दुवै हात जोरेर ठूलो डाँको गरी -"महाराजको जय होस्, आयु बढोस्" भनेर हाँस्न थाल्दछन् महाराजसमेत उसको हाँसोमा सबै सामेल हुन्छन् । (पृ. ५३)

माथिको साक्ष्यमा विपुलनाथले राणाहरूबाट डिट्ठाङ्गी प्राप्त गरेका शोषित ब्राह्मण जातको प्रतिनिधित्व गरेका छन् । राणाहरूले ब्राह्मण जातलाई फूर्काएर त्यसबाट लाभ लिएको कुराको पहिचान माथिको साक्ष्यमा भएको छ ।  विपुलनाथका लागि राणाहरू अन्नदाता हुन् । उनले यहाँ महाराजलाई गरेको स्वस्तीबाट उनी शोषित छन् भन्ने कुराको पहिचान गर्न सकिन्छ । राणाहरू अरु कुरामा जति कठोर भएपनि बाहुनका हकमा भने उदार थिए भन्ने कुरा माथिको साक्ष्यबाट पहिचान हुन्छ । ब्राह्मण जातलाई दुःख दिएमा पाप लाग्छ भन्ने सोचाई राणाहरूको थियो । त्यसमाथि विपुलनाथ जङ्गबहादुरका मन परेका मानिस थिए । कुरैकुरामा विपुलनाथलाई दैत्य भनेपछि विपुलनाथ मलिनो अनुहार लिएर बसेको कुरा महाराजले थाहा पाएर उनलाई हँसाउने प्रयत्न गरेका हुन्छन् । काठा शब्द बाहुनहरूलाई होच्याएर भनिने शब्द हो । काठा भन्दा दुःखी भएका विपुलनाथलाई महाराजले फकाउनका लागि अब भन्दिन भन्ने वाचा पनि बाँधेका छन् । यसरी माथिको साक्ष्यमा बाहुन जात भएका कारण विपुलनाथलाई खुसी पार्न महाराजाले माफी

मागेको देखिन्छ । मन परेका मानिसका लागि उदार प्रवृत्ति देखाउने राणाहरूको पहिचान पनि माथिको साक्ष्यले गरेको छ ।

सामन्ती संस्कृतिमा आधारित प्रभुत्वशाली राणाकालिन अवस्थामा सामन्ति अनुभूतिलाई पनि गरिब निमुखाहरूले आफ्नै अनुभूति ठानेर खुशी हुनुपर्ने नेपाली समाजको एउटा कालखण्डको विशिष्ट अवस्थालाई निम्नलिखित साक्ष्यले स्पष्ट पारेको छ : "अब म खाजा नखाई हलचल गर्न सक्दिनँ म लिएर खाऊँ भने हातभरि हिलाम्य छ । तैं मलाई ख्वा काठा आफ्नो हातले । बाहुन हाडदेखि नै पवित्र हुन्छ, होइन त ?" (पृ.५३) यो साक्ष्यमा विपुलनाथले विपन्न बाहुनको प्रतिनिधित्व गरेका छन् । प्राचिनकालदेखि नै बाहुन जातलाई पवित्र मानेको र राणाहरूले त्यो कुरालाई स्वीकार गरेको पाइन्छ । तर निम्नवर्गका ब्राह्मण विपुलनाथ उमेरले जङ्गबहादुरभन्दा जेठा भएपनि निम्नस्तरको सम्बोधन वा अनादार जङ्गबहादुरले गरेका छन् उक्त अनादरलाई पनि पं. विपुलनाथले सामान्य रूपमा स्वीकार गरेका छन् । शोषित वर्गलाई निम्नस्तरको भाषा प्रयोग गर्ने सामन्ती वर्ग राणाको प्रतिनिधित्व जङ्गबहादुरले गरेका छन् । उनको हात सिकार खेलेर आएको हुँदा हिलो हुन्छ । धेरै थकाई लागेको कारणले उनलाई हात धुन पनि अल्छि लाग्छ । आफ्नो मन परेको फिनी खाजा विपुलनाथलाई नै ख्वाउन आग्रह जङ्गबहादुरले गरेका छन् ।

बाहुन जात पूजा आजा गर्ने, भान्छेका रूपमा काम गर्ने हुँदा राणाहरूले बाहुनलाई चोखो ठान्दथे । माथिको साक्ष्यमा पनि विपुलनाथलाई बाहुन भनी हाडदेखि नै पवित्र हुने भनेर आफूलाई ख्वाउनका लागि आग्रह महाराजले गरेका छन् । यसबाट राणाहरूले ब्राह्मण जातलाई पूज्य ठान्ने प्रवृति रहेको कुराको पहिचान माथिको साक्ष्यबाट प्रष्ट हुन्छ ।

> (३) झुप्प परेको वन छिचोलेर फाँटमा निस्कनासाथ ठाउँ ठाउँमा थारुहरूका स-साना बस्ती फेला पर्थे । लँगौटी मात्र लगाएको नाङ्गो जीउ भए पनि प्रत्येक थारुको काँधमा धनुषवाण झुण्डिरहेको देखिन्थ्यो । अझै खेतीपातीतर्फ ज्यास्ती चेष्टा नगरी तिनले सानासाना जनावर र चराचुरुङ्गीको सिकार गरेर वा माछा मारेर आफ्नो जीविका चलाएका थिए । (पृ.६२)

माथिको साक्ष्यमा थारुलाई सोझा र सरल जातिका रूपमा पहिचान गराइएको छ । प्रतिनिधित्वका दृष्टिले हेर्दा थारु त्यसमा पनि नारी वर्गको प्रतिनिधित्व छ । पहिले खेतीपाती गर्ने

कुराको ज्ञान नभएको कारणले धनुषबाण बोकेर हिँड्ने र जनावरको सिकार गर्ने विषय माथिको साक्ष्यमा भएको छ । आदिवासी उनीहरू जनावर र माछा मारेर जीविकोपार्जन गर्ने गर्दथे । घरहरू जोडाएर स-साना बनाउने र एकै ठाउँमा बस्ती बस्ने थारु जातिले सोझा जातिको प्रतिनिधित्व गरेका छन् । आर्थिक हिसाबले उच्च स्तर नहुने र गर्मी हुने ठाउँमा बस्ने भएकोले उनीहरूको पहिरन पनि त्यस्तै खालको देखिन्छ । लँगौटि मात्र लगाएर नाङ्गो जिउ लिएर हिड्ने थारुको प्रतिनिधित्व यस उपन्यासमा सोझा र सरल जातिका रूपमा गराइएको छ ।

(४) "....यस काठाले यो थलो रोजेको कतै थारु तरुनीहरूलाई देखेर त होइन ? दर्शनढुङ्गा कुँदेर बनाएका जस्ता थारुनीहरू काली भए पनि निकै हिसी परेका हुन्छन्, तिनलाई देखेर पक्का यसले घरकी बाहुनी बिर्सेजस्तो छ ।" मुखभरि खाने कुराको बुजो हालेर फेरि सबै अट्टहास गर्दछन् । (पृ. ६५)

माथिको साक्ष्यमा विपुलनाथले बाहुन जातको प्रतिनिधित्व गरेका छन् भने काली भएपनि राम्री हुने भनेर थरुनी महिलालाई प्रस्तुत गरिएको छ । उक्त साक्ष्यमा थारुनी किशोरी युवतीको प्रतिनिधित्व गराउँदै उनीहरूलाई सुन्दरी उपभोग्य दृष्टिबाट पहिचान गराइएको छ ।

सामन्ति वर्गले उनीहरूको शक्तिको बारेमा विमर्श गर्दैन बरु उनीहरूलाई उपभोगवादी मानसिकताबाट पहिचान गराउँछ । यहाँ पनि तराई क्षेत्रका आदिवासी जनजाति मानिने थारुनीलाई सामन्ती वर्गले सुन्दर र भोगवादी मानसिकताबाट मात्र हेरेको छ । यस्ता वर्गले भाषिक रूपमा पनि शोषण गर्ने जस्तै बाहुनलाई हेपेर काठा उपनाम दिने कुराको पहिचान माथिका साक्ष्यमा भएको छ । विपुलनाथले तराईको कुनै ठाउँमा बस्ती बसाउने कुराको विन्ती महाराजलाई गरेपछि राणाहरूले विपुलनाथलाई जिस्क्याएर थरुनीहरू देखेर घरकी बाहुनीलाई विर्सिएको भनि हाँस्यौली गरेका छन् । "...आफ्नो समाजमा चाहिने सबै जाति यहाँसम्म कि नाऊ, धोबी, दमाई, डुमसम्मलाई एक एक परिवार मकवानपुरबाट ल्याएर बसाउने सरसल्लाह मिलाइसकेको छु ।" (पृ.६७) माथिको साक्ष्यमा नेपालमा रहेका विभिन्न जातजातिको प्रतिनिधित्व गराइएको छ । विपुलनाथले बस्ती बसाउन लागेको ठाउँमा मकवानपुरबाट सबै जातजतिका मानिस ल्याएर बसाउने कुरा गरेका छन् । हाम्रो समाजमा प्राचिनकालदेखि नै जातअनुसार कामको बाँडफाँड गरिएको छ । सोहिअनुसार विपुलनाथले पनि कपाल काट्ने काम गर्ने नाऊ, लुगा धुने धोवि जाति, वाजागाजा बजाउने दमाई, सिलाई बुनाई गर्ने डुम जस्ता जातिलाई

ल्याएर बसाउने कुराबाट नेपाली समाजमा प्राचिन समयदेखि नै जातअनुसारको कामको विभाजन हुन्थ्यो भन्ने कुराको पहिचान गर्न सकिन्छ ।

> (५) पुजारी बिहानपख पुजाको प्रसाद, चन्दन र जल तामाको ठूलो कर्मपात्रोमा सजाएर भद्रनाथकहाँ पुग्थे र परैबाट आर्शीवाद ओइराउँथे -"रुपं देहि, जयं देहि यशो देहि द्विषो जहि ।" अनि पालैसित प्रसाद र तिलकचन्दन ललाटमा लाइदिन्थे । भद्रनाथ जलका लागि हत्केला दुनोजस्तो बनाएर थाप्थे र मन्दमन्द हाँसेर बिस्तारै सोध्थे - "पुजारीबाजे के छ खैखबर ?" (पृ. ६९)

माथिको साक्ष्यमा पण्डितले ब्राह्मण जातिको प्रतिनिधित्व गरेका छन् । मन्दिरमा पूजाआजा गर्ने काम ब्राह्मण जातले प्राचीनकालदेखि नै गर्दै आएको कुराको पहिचान यहाँ गर्न सकिन्छ । बिहानपखको समयमा नित्य पूजा गर्ने र त्यसको चन्दन र प्रसाद लिएर पण्डित भद्रनाथकहाँ पुग्ने कुरा पण्डितका लागि दैनिकी हो । उनले चन्दन लगाइदिँदा उच्चारण गरेको श्लोक हेर्दा उनमा संस्कृत सम्बन्धी श्लोकहरूको पनि ज्ञान भएको कुरा पहिचान हुन्छ । "...महाराजको जय मनाएर मासु थारुहरू खान्छन् र छाला भोलि बिहानै नजर गराउनेछन् ।" (पृ.७९) यस साक्ष्यमा थारु जातिको प्रतिनिधित्व भएको छ । थारु जाति आदिवासीहरू हुन् । उनीहरू जङ्गली जनावर मारेर खाने, जङ्गल र पानीबाट आफ्नो जीविका चलाउने जातिका रूपमा पहिचान गराइएको छ । महाराजले मारेको बाघको पनि छाला काढेर मासु खाएर रमाइलो मनाउने जातिको रूपमा यहाँ थारुहरूलाई प्रस्तुत गरिएको छ । राणाहरू सिकार खेल्न तराइका जङ्गलमा आउने र सिकार गरेपछि छाला विभिन्न ठाउँमा आफ्नो शक्ति प्रदर्शन गर्न पठाइदिने कुरा प्रस्तुत भएको छ । यसले सामन्ति व्यवस्थामा निम्नवर्गीय समुदायहरू उपेक्षित र उत्पीडित थिए भन्ने कुराको पहिचान गराएको छ । सामन्तीहरूले गरेका सबै कामहरू सहर्स स्वीकार गर्नुको विकल्प थिएन भन्ने कुराको पहिचान माथिको साक्ष्यमा भएको छ । यहाँ थारुहरूको बाघको मासु खाने र छाला सुरक्षित साथ राणाहरूलाई फिर्ता ल्याइदिने कुराबाट राणाहरूको सामन्तीवादी व्यवहारको पनि पहिचान गर्न सकिन्छ भने थारु समुदायलाई तराइका सोझा आदिवासीका रूपमा उपन्यासमा प्रतिनिधित्व गराइएको छ ।

> (६) लौ महाराजबाट निगाहा भएको छ आज रातभरि मासु र रक्सी खानु, बाघलाई टाढा लगेर छाला झिक ।" बाघलाई झल्ट्याङझुल्टुङ पारेर टाढा नदि किनारमा

लगिसकेका थिए । ...विपुलनाथ पनि बुढीऔँलामा जनै बेरेर तीन पटक स्वस्ति गरेर आफ्नो पालतिर लागे । (पृ.७९)

माथिको साक्ष्यमा बाघको मासु खाने आदिवासीले थारु जातको र जनै हातमा बेरेर स्वस्ती गर्ने विपुलनाथले ब्राह्मण जातको प्रतिनिधित्व गरेका छन् । महाराजले सिकार गर्दा मारेको बाघलाई छाला झिकेर मासु र रक्सी खाने विषय देखाएर थारु जातिलाई सीमान्त र चेतनाभन्दा टाढा राखिएको छ ।

खेतिपातीतर्फ खासै रुचि नदेखाउने माछा र जङ्गली जनावरले जीविका चलाउने आदिवासीका रूपमा थारुलाई प्रस्तुत गरी उनीहरूको सांस्कृतिक पहिचान गराइएको छ । सोही अनुरुप यहाँ पनि थारु जातिको पहिचान भएको छ । त्यस्तै गरेर ब्राह्मण जात जनै लगाउने र त्यही जनै शौच गर्दा कानमा सिउरिने र स्वस्ती गर्दा बुढीऔँलामा बेर्ने कुराले सामन्ती व्यवस्थामा शुद्ध भएर मात्र प्रस्तुत हुनुपर्ने सामाजको वर्गीय असमानतको प्रतिनिधित्व गराइएको छ ।

(७) कृष्णात्रेकी आमा विपुलनाथको मकवानपुरबाट बसाइँ सर्न आएको लस्करका साथै मुर्किपलिया गाउँमा झरिन् । कृष्ण गर्भे टुहुरो थियो । बिधुवी आमाको संरक्षण गर्ने कोही थिएन । अतः विपुलनाथले उनलाई आफ्नो पूजाकोठा सुम्पिदिए । उनी लामो पूजा सकेर मात्र दैनिक कामकाजमा लाग्थे । एकाबिहानै कृष्णकी आमाले चन्दन, अक्षता, फूल, धूपदीप, नैवेद्य आदि आफू स्नान गरी चोखो भई पूजाका सबै सर्जाम ठिक पारिदिनुपर्थ्यो । अनि विपुलनाथ लोली मिलाएर सस्वर स्तोत्रहरूको पाठ गर्न बस्थे । पूजाकोठाको पिँढीमा खेलिरहेको शिशु कृष्णेको कानमा पहिलोपल्ट लययुक्त सङ्गीतात्मक ध्वनि परेको विपुलनाथको स्तोत्रपाठबाट हो । पूजा सकिए पनि केही श्लोक भट्टयाउँदै विपुलनाथ बाहिर आउँथे र कृष्णका सानासाना हत्केलामा त्यस दिनको नैवेद्य राखिदिन्थे । कृष्णे नित्य विपुलनाथको सस्वर पाठको पहिलो उठान सुन्नासाथ पूजाकोठाको पिँढीमा आएर तबसम्म एकाग्रचित्त लाएर बस्थ्यो जबसम्म विपुलनाथ पूजाबाट उठ्दैनथे । (पृ.८८)

माथिको साक्ष्यबाट विपुलनाथले एक पूजापाठ गर्ने, स्तोत्र पाठ गर्ने ब्राह्मणको प्रतिनिधित्व गरेका छन् । ब्राह्मण जातलाई पूजापाठ गर्ने जातका रूपमा यहाँ पहिचान गराइएको छ । कृष्णेकी आमाले पनि उपन्यासमा ब्राह्मण महिलाको प्रतिनिधित्व गरेकी छन् । ब्राह्मण महिलालाई भान्छा वा पूजाकोठाको काम गराउने प्रचलनको पनि पहिचान यहाँ भएको छ । कृष्णेकी आमा विधुवा महिला भएकोले विपुलनाथले पूजाकोठाको काममा लगाइदिएका थिए । कृष्णेकी आमा विपुलनाथका लागि पूजाका सर्जम ठिक पारिदिनुपर्ने काम गर्थिन् ।

विपुलनाथ ब्राह्मण जात भएका कारण बिहान उठ्ने नुवाइधुवाई गरेर पूजा गर्ने, स्तोत्रको पाठ गर्ने गर्थे । तत्कालीन समाजमा ब्राह्मण जाति अलि बढी नै पूजापाठ र चोखोनितो गर्ने कुराको पहिचान माथिको साक्ष्यमा भएको छ ।

(८) "मरिजाओस् भाखी मोरो, आजको रात पनि काट्न नपाओस् । मेरो बाबा कति दुख्यो होला तिम्रो पिठ्युँमा सोट्टा हिर्काउँदा । त्यसलाई कसले बाहुन भन्छ त्यो त कसाई हो जसले यस गाउँका केटाकेटीहरूको छाला काढिसक्यो ।" पिता विवश भएर सुनिरहन्छन् । (पृ.९९)

माथिको साक्ष्यमा भाखी गुरुले ब्राह्मण जातका व्यक्ति हुन् तर यहाँ उनलाई कसाई जातको प्रतिनिधित्व गराइएको छ । बिसन्चो भएको बाहाना बनाएर पढ्न नआउने बालबालिकालाई भाखी गुरु घरमै गएर सोट्टा हानेर पाठशालासम्म ल्याउथे । भाखीले आफ्ना सन्तानलाई पिटेको आमाहरूले हेर्न सक्दैनथे त्यसैले माथिको साक्ष्यमा भाखीलाई कसाईको संज्ञा दिइएको छ । कसाई जात काटमार गर्ने जात भएको र उनीहरूमा दयामाया नहुने सामाजिक मानसिकता त्यतिबेलाको समाजले निर्माण गरेको देखिन्छ । सोही अनुरुप भाखीले पनि आफ्ना सन्तानलाई पिटेकोले आमाहरूले भाखी गुरुलाई गालीगरेका छन् । भाखी गुरुमा दयामाया नगरी शिष्यलाई पिटेको करण उनलाई कसाईका रूपमा पहिचान गराइएको छ ।

(९) सारा कर्मकाण्ड चलाउने गरी एक पुरोहित ल्याएर उसलाई शिवमन्दिरको पूजारी तुल्याइदिएका थिए । लुगा सिउनका साथै धार्मिक काममा दरकार पर्ने हुनाले आफूसँगै सेते दमाईको परिवार लिएर आएका थिए र चर्मकारसमेत चाहिने हुनाले सार्कीहरूलाई पनि उनले बसोबास गराएका थिए । त्यही क्रममा भाखीजी पनि तानिँदै आएका थिए । (पृ.९९)

माथिको साक्ष्यमा भाखीले ब्राह्मण जातको, सेते दमाईले दमाई जातको र चर्मकारले सार्कीको प्रतिनिधित्व गरेका छन् । गाउँमा सबै खालका कामको आवश्यकता पर्ने भएकाले गाउँका मानिस अर्को गाउँमा आश्रीत हुन नपरोस् भनेर विपुलनाथले सबै जातका मानिसलाई मुर्किपलिया ल्याएका थिए ।

सोही अनुसार यहाँ दमाई, सार्की जस्ता जातको पहिचान उनीहरूको कामबाट भएको छ । दमाई जातले लुगा सिउने र बाजा बजाउने काम गर्ने भएकाले सेते दमाईलाई ल्याइएको छ । चर्मकारको काम पर्ने भएकोले सार्कीलाई पनि ल्याइएको छ भने सानासाना केटाकेटीलाई पढाउनका लागि ब्राह्मण भाखी गुरुलाई ल्याइएको छ । यसरी माथिको साक्ष्यले गाउँमा हरेक कामका लागि विपुलनाथले सबै जातका मानिसलाई ल्याएको कुराको पहिचान भएको छ । "...मानिसको शरीरसँग यो खेलाँची गरिरहनु मेरो स्वभावका लागि अनुकुल मिल्दैन । म गरिब बाहुन सिँगाने भुराहरूलाई साउँअक्षर सिकाएर शनिचराको सिताबाट पेट पाल्ने मानिसलाई नक्कली मयूर बनाएर ननचाउनुस् ।" (पृ.१००) यस साक्ष्यमा भाखी गुरुले ब्राह्मण जातको प्रतिनिधित्व गरेका छन् । शिक्षित भएका कारण भाखी गुरु भैषज्यका पुस्तक पढ्थे । उनी पुस्तकका अनुसार जडिबुटि खोज्ने र त्यसको अध्ययन गर्न रमाउथे । उनको त्यो सोखलाई विपुलनाथले वैद्यका रूपमा गाउँमा चिनारी गराइदिए । त्यो कुरा भाखीलाई मन परेको थिएन । त्यसैले उनले आफू अरुको शरीरसँग खेलाची गर्ने स्वभाव नभएको कुरा व्यक्त गरेका छन् । प्राचीन नेपाली समाजमा वैद्य र डाक्टर नभएको अवस्थामा अलिअलि जडिबुटिको ज्ञान भएका भाखी नै गाउँलेका लागि सर्वेसर्वा भएका छन् । माथिको साक्ष्यबाट भाखी गुरुको सामान्य वर्गको एक बाहुनका रूपमा पहिचान भएको छ ।

(१०) "लौन मर्न लागेँ भाखी काका, पेट दुखेर अहिल्यै मूर्च्छा परुँला जस्तो भइरहेछ ।" त्यही बेला सेते दमाई रुँदै भाखी काकाकहाँ आउँछ । "लोभी दमाई हरेक भोजभतेर तैँले भ्याउनुपर्छ खाने बेला आँखा देखेन ऐले रुँदै कराउँदै मकहाँ आउँछ । कहिल्यै पेट हेरिस् आफ्नो ? त्यो तैँले बजाउने दमाहाजस्तो भएको छ । ल्या हेरुँ यता ।" भाखी गाली गर्दै पेट छाम्न अघि सर्छन् । सेते दमाई छाम्न दिँदैन, छोइन्छ भनेर केही पाइला पछि घचेटिन्छ । हेर सेते, यहाँ छोइछिटोको बिठयाङ छैन, यहाँ न तँ दमाई होस् म बाहुन यहाँ तँ एक रोगी

होस् र म वैद्य । रोगी र चिकित्सक जति टाढा बस्छन् उति नै लामो गरी बीचमा रोग तेर्सिरहन्छ । भाखीको कुरो सुनेर सेते रुझेको परेला भएपनि भित्रको प्रसन्नताले हाँसो रोक्न सक्दैन, दाँत देखाएर हाँसिदिन्छ र हात जोर्छ । (पृ.१०२)

माथिको साक्ष्यमा भाखी काकाले बाहुन जातको र सेतेले दमाईको प्रतिनिधित्व गरेका छन् । भाखी पाठशालामा पढाउनुको साथै बिरामीलाई हेर्ने र जडिबुटिको औषधी दिने काम गर्छन् । भाखी गुरुले बाहुन जात भईकन पनि फरक विचार भएका व्यक्तिका रूपमा पहिचान बनाएका छन् । यहाँ सेते दमाई आफू सानो जात भनेर बाहुनसँग छोइनुहुन्न भन्ने सामाजिक सोचका कारण भाखीले पेट छाम्न खोज्दा पछि हटनुले परम्परावादी सोच भएको तल्लो जातको मानिस हो भन्ने कुराको पहिचान भएको छ भने भाखीको विरामीका बिचमा छोइछिटो हुँदैन भन्ने केही आधुनिक सोच भएका ब्राह्मण जातका रूपमा पहिचान भएको छ । यसबाट हाम्रो समाजमा दलित भनेर अझैसम्म जातीय खाडल रहेका प्रष्ट छ । तत्कालीन समाजमा जरा गाडेर बसेको जातीय खाडलका कारण दलित आफैँ पनि छोइन नखोज्ने प्रवृति यहाँ देखिन्छ । भाखी गुरु शब्दको राम्रो प्रयोग गर्ने भएकाले उनले छोइन नखोज्ने सेतेलाई तर्क सहित औषधी गरिदिएका छन् ।

(११) समारोह के थियो, यौटा असङ्गठित,अभ्यस्त उरन्ठ्याउला हाँसोठट्टा र ग्राम्य अभिव्यक्तिको जथाभाबीपन थियो । एकाएक सेते दमाईको खोजी भो । यस्तो उपद्रो देखाएर सबैलाई दङदास पार्नमा सेते दमाई बिछट्ट ि थयो । “सेते मोरो गयो होला गडहलकी मोदियाइनको पेटिकोट सिउन ।” यौटा भन्छ । “मैले कति पटक देखेको छु - लरहीभट्टीबाट ढुनमुनिदै त्यो गडहल पुग्छ र मोदियाइनको आँग्नामा कम्मर भाँचेर नाच्न थाल्छ । थसुल्ली मोदियाइन पिँढीमा बसेर आफ्ना तमघैलाजत्रा कलचौँडा हल्लाईहल्लाई हाँसिरहेकी हुन्छे, बकैयाको धारजस्तै हहहह...” (पृ.१३१) ।

माथिको साक्ष्यमा सेतेले दमाईको प्रतिनिधित्व गरेको छ । ग्राम्य समाजमा कहिलेकाहीँ रमाइलोका लागि यस्ता उटपट्याङहरू हुन्थे । महिलाहरूको रत्यौलीजस्तो सबैलाई बोल्नका लागि छुट दिने र हाँसो झिक्ने काम त्यसमा हुन्थ्यो । दमाई जातको नाचगान गर्ने जातका

रूपमा तत्कालीन समयमा पहिचान थियो । सोही अनुरुप सेते दमाईको खोजी समारोहमा पनि भएको छ । सेतेको खोजी हुँदा मानिसहरू सेतेलाई विभिन्न कटाक्ष गरी हाँसोको पात्र बनाएका छन् । यसबाट दमाई जातलाई लुगा सिउनका लागि बाहेक रमाइलाका लागि पनि गाउँमा खोजी हुन्थ्यो भन्ने कुराको पहिचान भएको छ । त्यसका साथै यहाँ मोदियाइनको शारीरिक बनावटका लागि पनि कटाक्ष गरिएको छ । तमघैला जत्रा कलचौँडा हल्लाएर हाँसेकी भनी यहाँ महिला जातलाई पनि कटाक्ष गरिएको छ । रमाइलाका लागि मानिसहरूले सानो जात वा महिलालाई रोज्ने कुराको पनि यहाँ पहिचान भएको छ ।

(१२) ...गाउँका जोदाहाहरूको गोला फुटेर चारैतिर छरिन आँटेको थियो कि केही टाढा बसिरहेको सेते दमाई बिन्तीबिसाउ गर्ने मुद्रामा कर जोरी उभियो - "जदौ मालिक, सबैलाई सेतेको बिन्तीभाउ लागोस् तित्राको मुख वैरी भनेजस्तै यस दमाईको थुतुनो आज फेरी अर्घेलो भएर उठेको छ । मेरी दमिनी मलाई बारम्बार अर्ती दिइरहन्छे -... (पृ.१४१) ।

माथिको साक्ष्यमा सेते र उसकी श्रीमतीले दमाई जातको प्रतिनिधित्व गरेका छन् । प्राचीन नेपाली समाजका उपल्लो जात र तल्लो जातका बिचमा गहिरो खाडल थियो । दलितहरू आफैले आफूलाई सानो जातको भनि चिनाउने र त्यस्तै खालको भाषाको प्रयोग गर्थे भन्ने कुराको पहिचान माथिको साक्ष्यबाट भएको छ । माथिको साक्ष्यमा सेतेले आफूलाई सानो जात भनी दमाईको थुतुनो तित्राको मुख अर्घेलो भनी उखान जोडेको छ र आफ्नी श्रीमतीलाई पनि दमिनी भनेको छ । आफू सानो जात भएकै कारण भद्रनाथका सामु टाढा बसेर जदौ गरेको छ । यसरी नेपाली समाजमा अहिलेसम्म पनि सामाजिक समस्याका रूपमा रहेको जातपातको कुरा राणाशासनको बेलामा झन् गहिरो रूपमा रहेको र मानसिक रूपमा पराजित दलितहरू आफैँ आफूलाई सानो जात भनेर चिनाउने कुराको पहिचान माथिको साक्ष्यबाट भएको छ ।

(१३) "...म दमाई हुँ मालिक सद्दे धरोलाई चिरफार गरेर सिउँछु र काखीमा झोल पार्छु कुममा भुक्क उकास्छु र पाखुरीमा टिमिक्क पारेर पेस्तोल बान्कीको बाहुला भएको चोलो सिउँछु । अहिले पनि मेरो मगजमा त्यस्तै दमाई-कर्मको जस्तो काटपिट गरी एक पासो ओच्छ्याउने कुरा फूरेको छ ..." (पृ.१४२) ।

माथिको साक्ष्यमा सेतेले दमाई जातको प्रतिनिधित्व गरेको छ । उसको लुगा सिउने कामको पनि यहाँ वर्णन गरिएको छ । सद्दे लुगालाई चिरफार गरी शरीरमा मिलेको बनाउने दमाईले असुर्फी साहुले पठाएका डाँकालाई पासोमा पार्नका लागि त्यस्तै लुगा चिरफार गर्ने जस्तै बुद्धि प्रयोग गरेको भनि सुनाएको छ । दमाई जात उट्पट्याङ खालको कुरा गर्न पनि सिपालु हुने कुराको पहिचान यहाँ भएको छ ।

(१४) "भयो, भयो छाड्दे हर्चन बजिया । मैले त्यसरी ज्यास्ती भकुर्नु भनेको थिएँ र ? हेर त जीउभरी यसको निलडाम । तिमीहरू त जन्मजात कसाई हौ, मानिसमाथि यसो दया पनि गर्न जान्दैनौ । जा यसलाई दुई चार पसेरी धान दिएर पठा । नत्र आज यो भोकै मर्नेछ ।" भद्रनाथ र उसका अङ्गरक्षक हर्चनको भूमिका मृत्युदण्ड दिने न्यायधीश र झुण्ड्याएर मार्ने पोडेजस्तै थियो (पृ. १५०) ।

माथिको साक्ष्यमा हर्चनले कसाई जातको प्रतिनिधित्व गरेको छ । मासु काटेर बेच्ने कसाई जातमा दयामाया नभएजस्तै हर्चनमा पनि दयामाया नभएको कुरा माथिको साक्ष्यबाट पहिचान भएको छ । यहाँ भद्रनाथले भने सामन्ती वर्गको प्रतिनिधित्व गरेका छन् । उनलाई माथिको साक्ष्यमा मृत्युदण्ड दिने न्यायधीशको रूपमा हेरिएको छ । राणाकालीन समयमा गाउँका जमिनदारहरू न्यायधीश जस्तै हुन्थे । उनीहरूले गल्ती गरेकालाई जस्तो पनि सजाय दिन सक्थे । यहाँ पनि भद्रनाथले गल्ती गरेको मानिसलाई हर्चनलाई कुट्न भनेका छन् र पछि फेरी खानका लागि अन्न दिएर पठा भनेका छन् । यसबाट मृत्युदण्ड दिएर कलमको निब भाँचेर दुःख प्रकट गर्ने न्यायधीशको रूपमा भद्रनाथको पहिचान भएको छ । भने हर्चन झुण्ड्याएर मार्ने पोडेका रूपमा परिचित भएको छ ।

(१५) सेते दमाई भएपनि सनई बजाउन जान्दैनथ्यो तर सनईको काम आफ्नो मुखबाट लिन्थ्यो । कुनै कुरा फिँजाउन छ भने गाउँभरि आफ्नो स्वरवाद्य फुकिहिँड्थ्यो । अतः भद्रनाथलाई थाहा थियो उनी कुबेला उठेको खबर अबलाई अल्छि मान्दै पछ्याउनेछ र उनी अबेला उठेको तर्कअगावै सस्वर सेतेबाट गाउँ डुलिसक्नेछ (पृ.१५९) ।

माथिको साक्ष्यमा सेतेले गाउँभरि कुरा फिजाउने कुरौटे दमाईको प्रतिनिधित्व गरेको छ । भने भद्रनाथले आफ्नो गल्तीलाई ढाकछोप गर्नका लागि सचेत हुने बाठा ब्राह्मण जातको प्रतिनिधित्व गरेका छन् । दमाई जातले लुगा सिलाउने कामको अलवा सनई बजाउने काम गर्ने कुराको पनि पहिचान माथिको साक्ष्यमा भएको छ । भद्रनाथले आफू लामखुट्टेको कारणले ढिलो उठेको भन्ने कुरा फिजाउनका लागि उनले दमाईलाई रोजेका छन् । भद्रनाथलाई ढिलो उठेर घाटमा जाँदा महिलाहरू भएको कारण आफू लज्जित हुनु परेको थियो । सोही कुराको स्पष्टिकरण दिनका लागि उनले सेते दमाईलाई कारणसहित स्पष्टिकरण दिएका छन् । उनको त्यो स्पष्टिकरण नभएर गाउँभरि सेतेले कुरा फिँजाइदिओस् भन्ने आशा हो । यसबाट सामन्ती वर्गहरू आफ्नो इज्जतमा बढी होसियारी हुन्छन् भन्ने कुरा पनि पहिचान भएको छ ।

(१६) "ऐ दमिनी हेर् त पिँढीमा को पो आएर बसिरहेको ? हाम्रा ओस्ताज कृष्णात्रे ।" एकछिनमा खलबल मच्चियो । सेतेको सकल परिवार बस्तकोटीका वरिपरि आइपुगे । "श्लोक गएको सुनिरहेको थिएँ । को हुन् गाउने यिनै त होइनन् ?" कृष्णात्रेले कट्टु लाएका नाङ्गा शरीर उत्रै र उस्तै अनुहार भएका दुई किशोरहरूतिर औंल्याए । जो विस्मित भएर लामो कुमसम्म लत्रेको जगल्टा पालेका घुँडासम्म भरथरी कुर्ता लाउने बस्तकोटीतिर हेरिरहेका थिए । सेतेले सहि थाप्यो । "...दिनभरि लुगा सिउँछन् र श्लोक भट्टयाइरहन्छन् ।" (पृ.१६१)

माथिको साक्ष्यमा सेते दमाईका परिवारले विपन्नवर्गका दमाई जातको प्रतिनिधित्व गरेका छन् भने भरथरी कुर्ता लगाउने जगल्टा पालेका कृष्णात्रेले विपन्नवर्गका ब्राह्मण जातको प्रतिनिधित्व गरेका छन् । उपल्लो जातको मानिस आफ्नो पिढीँमा आएर बस्दा सेते दमाईका परिवार अचम्ममा परेको कुरा माथिको साक्ष्यमा पहिचान भएको छ । सेतेका छोराहरूको जीउमा कट्टुमात्र भएको कारण उनीहरूको कमजोर आर्थिक स्थितिको पहिचान गर्न सकिन्छ । सेतेले आफ्नी श्रीमतीलाई दमिनी भनेर बोलाएको छ । यसबाट प्राचीन नेपाली समाजिक संरचनाले निर्माण गरेको दलितहरूको विभेदपूर्ण बोलीको पनि पहिचान गर्न सकिन्छ । तत्कालीन समयमा दलित परिवारका बालबच्चा पाठशाला नजाने र सानै उमेरदेखि आ-आफ्नो पेसामा लाग्ने कुराको पनि यहाँ पहिचान भएको छ ।

(१७) "औस्ताजजी, तपाई निष्ठावान् मानिस हुनुहुन्छ र तपाईको विद्या झन् चोखो गुण हो भन्ने कुरा मलाई थाहा छ । ठूलो रुखको छाहारीमुनि बस्न पाए मेरा सन्तानले पनि राम्रो फल पाउन सक्ने थिए र ती पनि कालान्तरमा गुणी हुन सक्ने थिए । तर के गर्ने म छोइछिटो हाल्नुपर्ने जात भएँ, सबका सामु निमुखा । सधैं सियोधागोसितै दगुरादगुर नगरी पेटसमेत पालन गर्न नसक्ने गाउँको किच्चाघानमा म पर्न चाहन्नँ, मेरो बिन्तीभाउ लागोस् रिसानी नहोस् म आफ्ना छोराहरू तपाईकहाँ पठाउन सक्दिनँ ।" ( पृ.१६२)

माथिको साक्ष्यमा सेतेले गाउँघरमा तल्लो जात मानिने र छोइछिटो हाल्नुपर्ने जात दमाईको प्रतिनिधित्व गरेको छ । कृष्णात्रेले सेते दमाईका छोराहरूलाई पाठशाला पढाउन गरेको आग्रहमा निमुखा जात भएको र सबैसँग बसेर आफ्ना छोराहरूले पढ्दा गाउँमा कुरा काट्ने भएकोले पाठशाला पढाउन राजी नभएको सेतेको पहिचान यहाँ भएको छ । तत्कालीन नेपाली समाजमा दलित जातलाई तल्लो जात मान्ने र माथिल्लो जातसँग छोइएमा छोइछिटो हाल्नुपर्ने भएकाले सँगै पनि नबस्ने प्रचलन थियो । सेते दमाईका छोराहरूले रामायणको श्लोक शुद्ध र स्पष्टसँग गाएको देखेर कृष्णात्रेले उनीहरूलाई सङ्गीत सिकाउनका लागि मागेका थिए तर सेते दमाईले आफू सानो जात भएको र छोराहरू पठाए गाउँमा लफडा हुने सोचेर छोराहरूलाई पठाउन अस्वीकार गरेको छ । यसबाट तत्कालीन नेपाली समाजमा तल्लो जात र माथिल्लो जात भनेर विभेद हुने र तल्लो जात आफैँले पनि प्रतिकार गर्न नसक्ने र आफैँ पछि हट्ने कुराको पहिचान गर्न सकिन्छ ।

(१८) "उनले नै पठाएको, जा उहाँको चरणमा बसेर आजदेखि सिक्नू भनेर ।" कृष्णात्रे उठेर गए र दुवैलाई अँगालो हाले । अनि टाढा हटेर भने - "तिमीहरू एक-एक टाटको टुक्रा ओच्छ्याएर टाढा बस्नेछौ र मैले दिएको सङ्गीतको रफत गरिरहनेछौ ।" दुवै कलिला दमाईपुत्र समहतिमा टाउको निहुराए र चरण स्पर्श गर्ने साहस नभएर उनीभन्दा एक हात वरै निहुरे र धूलोमा टाउको गाडिदिए । बस्ताकोटीको मन हुरुक्क भयो, गएर दुवैलाई

> उठाए र टाउको मुसार्न थाले । शिरको धूलो झरिसकेको थियो त्यहाँ बस्ताकोटीको स्नेहको प्रथम स्पर्श थियो ।    (पृ.१६३)

माथिको साक्ष्यमा कृष्णात्रेले उपल्लो र दमाईका जुम्ल्याहा छोराले तल्लो वा दमाई जातको प्रतिनिधित्व गरेका छन् । कृष्णात्रेले सङ्गीत सिकाउनका लागि सेतेसँग छोराहरू माग्दा अस्वीकार गरेको थियो तर भोलिपल्ट आफैँ छोराहरूलाई पठाएपछि कृष्णात्रे खुसी भएर आवेगमा अङ्कमाल गरेका छन् । फेरि पछि दमाई जात भन्ने सोचेर टाढा हटेका छन् । सेतेका छोराहरूलाई अरुभन्दा टाढा बसेर सिक्नका लागि आदेश दिएका छन् । पछि फेरि उनीहरूको टाउको मुसारेका छन् । कृष्णात्रेको यस्तो व्यवहारबाट तत्कालीन समाजमा विद्वान्हरूमा दलित भनेर विभेद गर्न नहुने कुराको ज्ञान त भएको तर समाजले त्यो कुरा पचाउन नसक्ने भएकोले सबैलाई समान व्यवहार गर्न नसक्ने प्रवृतिको पहिचान भएको छ ।

(१९) "कस् पाता यस बाहुनलाई के हेर्छस् ?" दुई जना आएर जुरुक्क उठेर बसेका भद्रनाथको दुवै हात समातेर बेसरी बटारिदिए र थाले पाता कस्न । उनको क्रोध लुप्त भइसकेको थियो, त्यसको सट्टा वजनदार चमारको हातको थप्पडले दिएर गएको अति ग्लानि, लज्जा र हीनताबोधमा उनी आकण्ठ डुबिसकेका थिए । अनेक तुजुक झिकेर सधैँ वीरोचित पौरुषको ख्वाफले पत्नीलाई अभिभूत पारिराख्ने भद्रनाथ आज उनको फाटेको जुत्ता मर्मत गर्ने मानिसको चड्कन खाएर चुप लागी बसेका छन्, त्यति मात्र हो ? मुखमा... को धम्की पनि त गौरीले सुनिन् । (पृ.२०१)

माथिको साक्ष्यमा भद्रनाथले बाहुन जातको र उनलाई पिट्ने असुर्फी साहुका मानिसले चमारको प्रतिनिधित्व गरेका छन् । चमार जात जुत्ता चप्पल सिउने जात भएको कुराको पनि यहाँ पहिचान भएको छ । चमार जात यसै पनि बलिया हुने अझ त्यसमा पनि रक्सि खाएपछि उनीहरू आँखा राता पार्दै ब्राह्मण भद्रनाथको अगाडि आएकाले उनी निर्धन भएका थिए । २-४ जना अघिपछि लगाएर सामन्तीवर्गका तुजुक झिकिरहने भद्रनाथ बलिया चमारको अगाडि ग्लानि, लज्जा र हीनताबोधमा डुबेको कुरा माथिको साक्ष्यबाट पहिचान भएको छ ।

(२०) भद्रनाथ उपर हात छोडेको कुरा विजयोन्मादमा सुनाउँदै हिँड्नु असुर्फी साहुका लागि पनि किमार्थ हितकर थिएन । पानी नचल्ने तल्ला जातका

मानिसले एक कुलीन बाहुनलाई शारीरिक यातना दिनु त्यस बखतको धप्प बल्दो राणाशासनका लागि पनि सह्य हुन सक्दैनथ्यो । यसका लागि हिउँदमा हजमिनियाँ दरबार सवारी हुँदा महाराज चन्द्रशमशेरको इजलासमा साहूलाई ठड्याउन बेर लाउने थिएनन् । (पृ.२०८)

माथिको साक्ष्यमा असुर्फी साहु धनी जमिनदार भएतापनि पानी नचल्ने तेली जात र भद्रनाथले बाहुन जातको प्रतिनिधित्व गरेका छन् । राणाशासनको समयमा बाहुन जातलाई उपल्लो दर्जाको मानेर खासै दण्ड सजाय पनि नदिने र ब्राह्मणलाई गाली गलौज वा मारेमा पाप लाग्ने सोचाई थियो । असुर्फी साहुले ज्वाइँलाई कुटेको बदला लिनका लागि भद्रनाथलाई पनि कुटेको थियो । सो कुरा असुर्फी साहुले गोप्य नै राख्यो किनभने पानी नचल्ने जातले बाहुनलाई पिटेको कुरा चन्द्रशमशेरले थाहा पाएमा उसलाई दण्ड सजाय हुन सक्थ्यो । यसबाट नेपाली समाजमा जातका आधारमा पनि राणाहरूले विभेद गर्ने कुराको पहिचान भएको छ । “यस हिन्दुराज्यमा बाहुनलाई ज्यानसजाय हुँदैन, मालिकले त्यसबारे कुनै चिन्ता लिनु पर्दैन...।” (पृ.२६७) यस साक्ष्यमा राणाशासन कालमा नेपाल हिन्दुराज्यका रूपमा रहेको र त्यस समयमा बाहुनलाई उच्च जातको मानी बाहुनलाई ज्यानसजाय नदिने कुराको पहिचान हुन्छ । माथिको साक्ष्यमा भद्रनाथले ब्राह्मण जातको प्रतिनिधित्व गरेका छन् । धर्मकर्म गर्ने, पुजापाठ गर्ने र पुज्ने जात भएको कारण राणाहरू बाहुनलाई उच्च जातको मान्दथे र ब्राह्मणलाई हत्या गरे पाप लाग्छ भन्ने सोच्थे । त्यसले गर्दा ब्राह्मण जातले राणाशासन कालमा उच्च सम्मान पाएको कुराको पहिचान भएको छ ।

(२१) “आश्चर्य छ ! यस्तो गाउँ मैले कहीँ देखेको छैन । यहाँको दमाईसमेत कुरा गर्नमा सिपालू छ ।” “गरिबप्रवर, यो सबै भाखी गुरुको आर्शीवाद हो । नत्र भने हामी दमाहा फुकी हिँड्ने दमाई महाराजका सामु उभिन पनि ह्याउ गर्न सक्दैनथ्यौँ ।” (पृ.२७९)

माथिको साक्ष्यमा सेतेले दमाई जातको प्रतिनिधित्व गरेको छ । चन्द्रशमशेरले कृष्णात्रेको सङ्गित सुन्नका लागि सभाको आयोजना गरेका हुन्छन् । त्यसका सबै गाउँलेहरू आएका हुन्छन् । त्यसमा सेते दमाई पनि आएको हुन्छ । सेते दमाईको कुरा गर्ने तरिका देखेर महाराजलाई अचम्म लाग्छ र सेते दमाई भएर पनि कुरा गर्न सिपालु भनेर प्रशंसा गर्दछन् । यसबाट तत्कालीन

समयमा दमाई जातलाई तल्लो र कुरा गर्न अगाडि नसर्ने जातका रूपमा हेरिन्थ्यो भन्ने कुराको पहिचान हुन्छ ।

(२२) सेती हुलको पुछारबाट उठेर भन्छे - "तित्राको मुख वैरी भनेजस्तै हामी दमाईहरूको मुख कैंचीजस्तै कचकच काट्ने गरी चल्दछ । मेरा दमाईले महाराजका सामु त जिब्रो फड्कार्न छाडेनन् । यहाँ त सबै हामी आइमाई, फरियाभित्र एकनासका छौँ । अतः मलाई बुहारीहरूबारे सोधनी भएको थियो । म जातकी दमिनी जहाँ पनि आफ्नै कर्म देख्छु । यौटी बुहारी सियोजस्ती देख्छु भने आर्की ढिकीजस्ती लाग्दछिन् । बजैको भागमा ढिकी परेको छ । हजुर के गर्नुहुन्छ ढिकी राखेर ?" (पृ.२८६)

माथिको साक्ष्यमा सेतीले दमाई जातकी महिलाको प्रतिनिधित्व गरेकी छ । दमाई जात लुगा सिलाउने जात भएको र मुख पनि छुचो हुने कुराको पहिचान सेतीले आफैँ गरेकी छ । उसले भद्रनाथका दुई श्रीमतीलाई पनि आफ्नै कर्मसँग तुलना गरेको कुराबाट दमाई जात बोल्न पनि छुद्र हुने कुराको पहिचान यहाँ भएको छ । माथिको साक्ष्यमा महिला महिला बसेको ठाउँमा लाज र डरको कुनै सङ्कोच नभएको कुराको पनि पहिचान भएको छ ।

## २.४ निष्कर्ष

धनुषचन्द्र गौतम (वि.सं. १९८८-२०६३) नेपाली साहित्यमा ध. च. गोतामेका नामबाट परिचित छन् । उनका *घामका पाइलाहरू* (वि.सं. २०३५) र *यहाँदेखि त्यहाँसम्म* (वि.सं.२०४२) गरी दुईवटा उपन्यासहरू रहेका छन् । *घामका पाइला* उपन्यास उनको पहिलो उपन्यास हो । यो उपन्यास वीरगञ्ज आसपासको भौगोलिक, प्राकृतिक, सांस्कृतिक चित्रणमा आधारित छ । उपन्यासको समाज विविधतामय छ । त्यहाँ विभिन्न जातिका मानिसहरूले प्रतिनिधित्व गरेका छन् । भर्खरै सुरु हुँदै गरेको रेल्वे र त्यसको स्टेसनमा काम गर्ने मानिसहरूले विभिन्न जातजातिको प्रतिनिधित्व गरेका छन् । यस उपन्यासका प्रमुख पात्र पं. दुर्गानाथ, अमलेन्दु भट्टाचार्य, बाहुन गार्ड रमानाथले उपल्लो जातको पहिचान बनाएका छन् भने मुसलमान इञ्जिन ड्राइभर, पैटमैन, खलासी र पानीपाँडे आदिले तल्लो जातको प्रतिनिधित्व गरेका छन् । पं. दुर्गानाथले नातिलाई संस्कृतका श्लोकहरू कण्ठाग्र पार्न लगाएको कुराले उपल्लो जातिको पहिचान भएको छ । तत्कालीन समयमा गीता, वेद, भागवत, पुराण जस्ता चेतनाका विषयहरू

उपल्लो जातले मात्रै अध्ययन गर्ने परम्परालाई उपन्यासले देखाएको छ । त्यसैगरी उपन्यासमा भएका तल्ला जात वा सीमान्तकृत समुदायका पात्र गणेशी, पानीपाँडे, पैटमैन, खलासीले ख्याल ठट्टा गर्दा प्रयोग गर्ने भाषालाई उपल्लो जाति अमलेन्दु भट्टाचार्यले त्यसलाई स्वीकार गर्न नसक्ने प्रसङ्ग निम्न जातको पहिचान भएर आएको छ ।

*यहाँदेखि त्यहाँसम्म* उपन्यास जातीय पहिचान र प्रतिनिधित्वको प्रयोग भएको सुन्दर उपन्यास हो । विपुलनाथले बस्ती बसाएको मुर्किपलीया गाउँ र त्यसका आसपासका गाउँमा यस उपन्यासको कथाबस्तु संरचित छ । नयाँ बस्ती भएका कारण मुर्किपलीया गाउँमा मकवानपुरबाट विभिन्न जात जातिका मानिस आएर बसोबास गरेको प्रसङ्ग यस उपन्यासमा आएको छ । यस उपन्यासमा आदिवासिका रूपमा रहेका मधेसी, थारु लगायत मकवानपुरबाट झरेका ब्राह्मण, दमाई, सार्की आदिको मिश्रीत बसोबासले तराई क्षेत्रमा बहुजातीहरूको प्रतिनिधित्व देखाइ उपन्यासलाई विविधतामय बनाएको छ । केन्द्रीय संस्कृतिका मानिसले परिधीय संस्कृतिका मानिसलाई आफू अनुकूल प्रयोग गर्नका लागि मनावैज्ञानिक रूपमा विचलित पार्ने र आफ्नो भक्त बनाउने सांस्कृतिक विषय उपन्यासले देखाएको छ । उपन्यासमा गाउँमा सबै खालका कामको आवश्यकता पर्ने भएकाले गाउँका मानिस अर्को गाउँमा आश्रीत हुन नपरोस् भनेर विपुलनाथले सबै जातका मानिसलाई मुर्किपलिया ल्याएका थिए । सोहीअनुसार यहाँ दमाई, सार्की जस्ता जातको पहिचान उनीहरूको कामबाट भएको छ । दमाई जातले लुगा सिउने र बाजा बजाउने काम गर्ने भएकाले सेते दमाईलाई ल्याइएको छ । चर्मकारको काम पर्ने भएकोले सार्कीलाई पनि ल्याइएको छ भने सानासाना केटाकेटीलाई पढाउनका लागि ब्राह्मण भाखी गुरुलाई ल्याइएको छ । यसरी उपन्यासमा गाउँका हरेक कामका लागि विपुलनाथले सबै जातका मानिसलाई ल्याएको कुराको पहिचान भएको छ ।

# परिच्छेद तिन

# ध. च. गोतामेका उपन्यासमा वर्गीय पहिचान र प्रतिनिधित्व

## ३.१ विषयप्रवेश

परिच्छेद तिनमा ध. च. गोतामेका उपन्यासमा वर्गीय पहिचान र प्रतिनिधित्वलाई प्रस्तुत गरिएको छ । दुवै उपन्यास वर्गीय पहिचान र प्रतिनिधित्वले शसक्त छन् । सामाजिक यथार्थवादी दुवै उपन्यासले समाजमा सबै वर्गको मानिसको प्रतिनिधित्व गराएका छन् । तत्कालीन समयमा उच्चवर्गले सत्ता र शक्तिको आडमा रहेका अधनीस्थ वर्गमाथि हैकम जमाउने र निम्न, मध्यमवर्ग त्यसकै प्रभावमा पर्ने विषय यी उपन्यासले उठाएका छन् । वर्गीय रूपमा निम्नवर्गले आफ्नो पहिचान गुमाउने समाजशास्त्रीय विषय दुबै उपन्यासले प्रस्तुत गरेका छन् ।

## *३.२ घामका पाइलाहरू* उपन्यासमा वर्गीय पहिचान र प्रतिनिधित्व

वर्गीय पहिचानले व्यक्तिहरुलाई उनीहरुको सामाजिक आर्थिक र राजनीतिक अवस्थाअनुसार फरक वर्गहरुमा विभाजित गरिएको अवस्थालाई जनाउँछ । वर्गीय पहिचान र प्रतिनिधित्व समाजशास्त्र र राजनीतिक सिद्धान्तका महत्त्वपूर्ण अवधारणाहरू हुन् जसले व्यक्ति र समूहहरूको सामाजिक अवस्थिति र अधिकारको बारेमा अध्ययन गर्दछ । *घामका पाइलाहरू* उपन्यास वर्गीय पहिचान र प्रतिनिधित्वका दृष्टिले सुन्दर उपन्यास हो । सामाजिक यथार्थमा आधारित प्रस्तुत उपन्यासमा जहानियाँ राणाकालको वर्गीय र सामाजिक व्यवस्थालाई कलात्मक तवरले प्रस्तुत गरिएको छ । उपन्यासमा केन्द्रीय र परिधीय संस्कृतीसँग सम्बन्धित वर्गीय व्यवस्था रहेको छ । सांस्कृतिक दृष्टिले निम्नवर्गको प्रतिनिधित्व पीताम्बरको परिवार, रेलसँग सम्बन्धित कार्य गर्ने मजदुरहरू, तराइका कृषि लगायतका काममा काम गर्ने मजदुरहरूले गरेका छन् भने उच्चवर्गको प्रतिनिधित्वका रूपमा साहु, डाक्टर, मालिक्नी र शासन व्यवस्थामा रहेका राणाहरूले गरेका छन् । त्यसैगरी कर्मचारी, पुलिसहरूले यहाँ सत्ता र शक्तिको निकट रहेर अधिनस्थ वर्गमाथि हैकम लाद्ने काम गरेका छन् । औपन्यासिक संरचनाभित्र रहेर वर्गीय पात्र र क्रियाकलापको प्रतिनिधित्व र पहिचानको अवस्था यस प्रकार रहेको छ :

"जवजब रेल आउँछ यस शहरको तन्द्रा भङ्ग हुन्छ । मानिस टाठाबाठा हुन्छन् । बाँकी समय नगरबासीहरू गम्छा ओच्छ्याएर पल्टिरहन्छन् र धुलौटे सडकमा उखुका असङ्ख्य

गाडाहरूको लाम इन्चइन्च अघि सरिरहेको हुन्छ" (पृ.२) । *घामका पाइलाहरू* उपन्यासको मुख्य कार्यस्थल नेपालको मध्य तराईमा पर्ने वीरगन्ज सहरको हो । यस उपन्यासमा स्थानका रूपमा वीरगन्ज सहर, रेल्वे स्टेशन, पीताम्बरको डेरा, अमलेन्दु भट्टाचार्यको घर, रेलका कर्मचारीको क्वाटर, धर्मशाला, नदी, पोखरी, सेठको मालगोदाम, चियापसल, मिल, पोस्ट अफिस आदि रहेका छन् भने पूर्वदीप्तिका रूपमा मुर्कीपलीया गाउँ, काठमाडौं, धनकुटा, धरान, कलकत्ता आदि आएका छन् । यिनै स्थानहरूको सेरोफेरोमा रहेर यो उपन्यास अगाडि बढेको छ । उपर्युक्त साक्ष्यले विस्तारै सहरको रूप लिँदै गरेको वीरगन्जको चित्र उतारेको छ । सहरमा रेल भर्खर भर्खर आएकाले पनि रेलले मात्र सहरलाई चलायमान बनाएको बुझ्न सकिन्छ । सहरमा अधिकांश मजदुर रहेको र उनीहरूको दैनिकी रेलसँग गाँसिएको कुरालाई माथिको साक्ष्यले स्पस्ट पारेको छ । रेलले दैनिक जीवनलाई सहज बनाउने मात्र नभइ मानिसमा चेताना भर्ने काम पनि गरेको हुन्छ । सहर मजुरहरूले चलायमान बनाएको कुरालाई माथिको साक्ष्यले संकेत गरेको छ ।
"मुहम्मद भाइ मोविल लतपतिएको हात धोएर त खाऊ ।" ऊ हाँस्तै पुरीको बुजो हालेर भन्छ - "अब त भोला भाइ, यो मोविल, ग्रिज यति प्यारो भइसक्यो कि लाग्छ मोविलमा चोपेर तिम्रो तात्तातो पुरी खाऊँ र ग्रिज दलेर सिङ्गै पाउरोटी उडाइदिऊँ ।"(पृ.७) यस साक्ष्यमा वर्गीय दृष्टिले हेर्दा मजदुर वर्गको प्रतिनिधित्व भएको छ । निम्नवर्गीय मजदुर वर्गको प्रतिनिधिका रूपमा  मुहम्मद आएको छ । ऊ गाँस, बास र कपासका समस्याले सताइएको प्रतिनिधि हो । श्रमलाई सम्मान गर्ने श्रमिकको पहिचान मुहम्मदले गरेको छ । काम गर्दा आफ्नो हातमा लागेको मोविललाई पनि उसले माया गरेका छ । त्यही हातमा मोविल लतपतिएर नै उसको गाँस, बास र कपासको बन्दोबस्त मिलेको छ । मेहेनत गरेर मजदुरी जीवन बिताउने निम्नवर्गीय श्रमिकहरू आफ्नो स्वास्थ्यको कतिपनि पर्वाह नगरि काममा तल्लीन भएको कुरालाई पनि माथिको साक्ष्यले स्पस्ट पारेको छ । उपर्युक्त साक्ष्यले मुहम्मद जस्ता श्रमिक वर्गको अति विपन्नताको मार्मिक चित्र उतारेको छ । त्यस ठाउँका अधिकांश श्रमिकहरूको पहिचान मुहम्म्दको जस्तै दुःख र दरित्रताको आगोमा पिल्सिरहेको देखिन्छ । रेलवेका अधिकांश श्रमिकहरू आर्थिक दृष्टिले शासकका अधीनस्थ छन् र प्रत्येक घर परिवार कुनै न कुनै रूपमा हाकिम अमलेन्दु भट्टाचार्यको ऋणी रहेको देखिन्छ । गणशी, द्ववारिका, मुहम्मद, स्टेसन मास्टर, मालबाबु, गार्ड, टिकट चेकरहरू र यिनीहरूका परिवारका छोराछोरीहरू अमलेन्दु भट्टाचार्यमार्फत नै आफ्नोजीवन निर्वाह

गर्ने पात्रहरू हुन् । सारा समय रेलवेलाई सुम्पेर सधैँ अभाव र दरिद्रता भोगिरहने पात्रका रूपमा यिनीहरूको पहिचान र प्रतिनिधित्व स्थापित भएको देखिन्छ ।

सामन्ती राज्य व्यवस्थाका सञ्चालकहरूले भाग्य र नियतिको यस्तो प्रपञ्चपूर्ण संस्कृति निर्माण गरिदिएका छन् कि आफूहरू आर्थिक रूपले जर्जर हुनुलाई आफ्नो भाग्यका रूपमा र मजदुरी गर्नुलाई शासकको कृपाका रूपमा बुझेको देखिन्छ । शासकले काम नदिए जीवन धान्न गाह्रो हुने हुनाले तत्कालको छाक टार्नका लागि रेलवेकर्मचारीहरू आफ्नो स्वास्थ्यको कत्ति पनि ख्याल नगरी दिनरात काममा लाग्छन् । श्रमिकहरू मालिकप्रति अनुगृहीत र नतमस्तक भएका देखिन्छन् । हातमा मोविल लतपतिँदा आफूलाई भाग्यशाली र कर्मवीर सम्झने रेलवेका कर्मचारीहरू शासकको अत्याचार र शोषणबाट विलकुलै अनभिज्ञ देखिन्छन् । तराईको गर्मीमा दिनरात मिहिनेत गर्दा पनि दुई छाक खाना जुटाउन नसक्नु यिनीहरूको नियति बनेको छ ।

(१) पवनलाई थाहा छ द्वारिका कुनै विशेष उद्देश्यका लागि यहाँ बसेका एक मध्यम वर्गीय व्यक्ति हुन्, जसलाई जीवन धान्नका अतिरिक्त प्रतिमहिना केही रकम कुनै यस्तो ठेगानामा पठाउनुपर्छ जसबारे द्वारिकालाई मात्र थाहा छ । एउटा सानो शहरको साधारण शिक्षकको आम्दानी कति नै हुन्छ र ? (पृ.९)

द्वारिका प्रस्तुत उपन्यासका शिक्षित एवं चेतनशील पात्रका रूपमा रहेका छन् । तत्कालीन समयमा भारतमा पनि अङ्ग्रेज विरोधी आवाजहरू उठिरहेका थिए । भारतबाट भूमिगत हुनुपर्ने व्यक्तिहरू नेपालमा आएर बस्ने गर्दथे । द्वारिका पनि भारतबाट भूमिगत भएर नेपालमा आई शिक्षण पेसामा संलग्न भएर राजनीति गरिरहेका थिए । यसरी हेर्दा द्वारिका अन्यायका विरोधीका रूपमा देखिन्छन् । अन्याय, अत्याचार र शोषणको अन्त्यका लागि हरेकले आफ्नो ठाउँबाट संघर्ष गर्नु पर्ने संघर्षशील कर्मठ योद्धको पहिचान द्वारिकाबाट भएको छ । पं. दुर्गानाथले आफ्ना नाति पवनलाई “द्वारिका जस्तै देशका लागि निडर र साहसी हुनु कडा जोखिम उठाउन पनि धुकचुक नगर्नु” भन्ने अर्ति दिएका छन् । यस प्रसङ्बाट द्वारिकाले असल, वर्गीय हितका लागि काम गर्ने व्यक्तिगत सुख सुविधाभन्दा पनि समाजको भलाइका लागि काम गर्ने व्यक्तिका रूपमा द्वारिकाको प्रतिनिधित्व भएको छ । उनले राजनीतिक चेत भएका शिक्षकको प्रतिनिधित्व गरेका छन् । उपर्युक्त साक्ष्यले मध्ययमवर्गीय शिक्षकको रूपमा द्वारिकालाई पहिचान गराएको छ । उनले चेतनशील वर्गको प्रतिनिधित्व गरेका छन् । शिक्षक

ज्ञान र चेतनाका श्रोत मानिन्छन् । समाजमा शिक्षा प्रदान गर्ने पेसालाई सम्मानका दृष्टिले हेर्ने गरिएपनि उनीहरूको जीवनस्तर भने निम्न प्रकारको नै रहेको देखिन्छ । दैनिक घरपरिवार चलाउनका लागि हम्मे हम्मे पर्ने शिक्षक शासकवर्गबाट जहिल्यै पनि उपेक्षित भएको प्रसङ्लाई माथिको साक्ष्यले पनि प्रष्ट पारेको छ ।

सहर र रेलवेको दुःख मानिसहरूको भोक, शोक र दीनहीन अवस्थाप्रति उनमा चिन्ता, चासो र अपसोस रहेको देखिन्छ । समाजमा व्याप्त दुर्दान्त गरिबी, अभाव र अस्तव्यस्ताले सबै पात्रहरू उत्तिकै दुःखी र चिन्तित देखिन्छन् । बढ्दो वीरगंज सहरमा व्याप्त त्रासदी र आतङ्क पुलिस प्रशासनको ज्यादती, शासकको हैकम र क्रूरता अनि स्थानीयहरूले भोगिरेहेका नारकीय जीवनबारे उनी जानकार रहेको र यसबारे छलफल तथा विमर्श अमलेन्दु भट्टाचार्यसँग गरेको देखिन्छ तर त्यो केवल बौद्धिक विलासका रूपमा मात्र सीमित रहेको छ । जतिसुकै छलफल र चिन्तन मनन गरे पनि परि आउँदा केही गर्न नसक्ने र सरसहयोगका लागि कुनै तत्परता नदेखाउने वर्गका रूपमा उनीलगाएतका शिक्षित वर्ग देखिएका छन् । शिक्षित र चेतनशील भएकाले वैचारिक रूपले बौद्धिक रहे पनि उनीहरू व्यावहारिक दृष्टिले कोरा आदर्शवादी तथा डरपोक वर्गका रूपमा देखिएका छन् । शाषकको आड भरोसामा रहेकाहरूको जीवन सरल र सहज देखिन्छ भने अन्यको जीवनस्तर जहाँको त्यहीँ रहेको देख्न सकिन्छ । यस्ता अधीनस्त वर्गलाई आफ्नो दैनिकी चलाउन कष्टकर भएको प्रसङ्ग पनि उपन्यासमा आएको छ । हिँजोदेखि कठिन जीवन व्यतीत गर्दै आएका र शोषणमा पर्दै आएका निम्नवर्गीय अधीनस्त वर्गका मानिसले भविष्यमा पनि आफ्नो जीवनमा परिवर्तन आउने कुनै आशा राखेका छैनन् । वीरगंज सहरका आम निम्नवर्गीय मानिसहरू जीवनको लामो कालखण्ड शोषण, अन्याय, अत्याचारमा बिताउन बाध्य भएका, शासकहरूले विकास र परिवर्तन पनि गरिबहरूको जनजीविकामा परिवर्तन ल्याउनका लागि नभइ आफ्नो दैनिकीलाई सरल, सहज र सुरक्षित बनाउनका लागि गरेकोले भविष्यप्रति निराशावादी देखिन्छन् । उनीहरू अब आउने दिन कुनै नौलो र आशाका किरण बोकेको नभइ शोषण अन्याय र अत्याचारपूर्ण हुनेमा विश्वस्त छन् । यस कुराको प्रमाण प्रस्तुत साक्ष्यबाट स्पस्ट हुन्छ : "पग्लेको पीचमा टायरको सस्तो चप्पल लाएर निम्न मध्यमवर्गी तीनपुस्ते परिवारका दुई सीमान्त - पितामह र पौत्र आउँदो युगको अभावको छटपटि र पिडाको मर्मान्तक कथाका पात्रहरूका लागि अमिट पदचिन्ह छाड्दै लम्किरहेका हुन्छन् ।" (पृ.३०)

वीरगन्ज सहर र रेलवे स्टेशनको साँघुरो परिवेशमा कार्यव्यापार भएको उपन्यासमा आएको महत्त्वपूर्ण साक्ष्यका रूपमा  रहेको छ । सोझा पं.दुर्गानाथ राणाको दरबारमा हुँदा कुनै पनि लोभ, लालच, नराखि निस्वार्थ आफूले गर्ने काम गरेका शासकका प्रिय सहयोगी हुन् । तर राणाहरूको आपसी खिचातानीमा उनी पनि परेका छन् । खड्गशमशेर, धीरशमशेर, वीरशमशेर र चन्द्रशमशेरको समयको राणा दरबारको राजनैतिक खिचातानी र सङ्घर्षले पं. दुर्गानाथलाई पनि नराम्रोसँग पिरोलेको देखिन्छ । खड्गशमशेरले वीरशमशेरलाई मार्ने योजना असफल भएपछि पाल्पा धपिनु परेको र देवशमशेरले सुधार गर्न खोज्दा चन्द्रशमशेरले धनुकटा लखेटिदिँदा पं. दुर्गानाथ पनि देवसमशेरसँगै धनकुटातिर धपाइएका र पछि वीरगन्जमा आई बसेका अधीनस्त वर्गको प्रतिनिधि पात्रका रूपमा रहेका छन् । शासनको वरिपरि रहँदा सम्म पं. दुर्गानाथको स्थिति राम्रो थियो तर जब सुधारवादी राणा शासक देवसमशेरको बर्हिगमन भयो त्यससँगै उनका पनि कठिनाइका दिनहरू आएका देखिन्छन् । उनले शासकबाट फ्याँकिएका पात्रका रूपमा उपन्यासमा प्रतिनिधित्व गरेका छन् । सोझो भएकै कारण उनले जीवनको उतरार्धमा यत्तिका कष्ट सहनु परेको देखिन्छ । राजकाजमा यस्ता सोझाहरू यसरी नै किनाराकृत हुनुपर्दछ । शासन सत्तामा रहनका लागि जाल, झेल, घात, प्रतिघात जस्ता कुराहरूको आवश्यकता पर्दछ भन्ने कुरा उनको जीवनले दिएको सार हो ।

(२) शासन र सत्ताबाट गलत्याइएका उनी त्यस्ता जाल, झेल, प्रपञ्चबाट लामो समयसम्म समाज प्रताडित रहनेमा विश्वस्त छन् । आफ्नो भविष्य कुनैपनि प्रकारबाट सहज देख्दैनन् । आउने समय अझ छटपटि, पिँडा र अभावको हुनेमा शंकापनि गर्दैनन् । यसरी हेर्दा पं. दुर्गानाथले शासकबाट अधिनस्त वर्गको प्रतिनिधित्व गरेका छन् । उनी पीडित छन् । जीवन सक्रिय रहुञ्जेलसम्म राणाका दरबारमा उनले सेवा गरे भने जीवनको उत्तरार्धमा उनले व्यर्थको जीवन बिताएका छन् । आफू सून्दर हुँदासम्म शासकलाई हेर्दै स्फूर्ती आउँथ्यो । उनको दर्शन शासकका लागि साइत वा शुभ संकेत हुने गर्दथ्यो । " दुर्गानाथ बाजे, तिम्रो अनुहार बिहान उठ्नासाथ हेरें भने दिन बडो राम्रो जान्छ । " (पृ.९३) ।

प. दुर्गानाथले शासकलाई हरेक कुरामा साथ, भरोसा दिइराखे । उनको साझोपन र इमानदारीतालाई शासकले दयाका रूपमा  अर्थ्याएका छन् । देव समशेरको वर्हिगमनसँगै उनी पनि त्यहाँबाट लखेटिए । आफ्नो जीर्ण स्वास्थका साथ तराइमा आएर उपचार गर्न थाले । उनलाई उपचारका साथमा दैनिक गुजारा चलाउन निकै संकट परेको देखिन्छ । यसरी हेर्दा उनले सत्ता र शक्तिबाट दबिएका पात्रका रूपमा  पहिचान बनाएका छन् । लामो समय शासकको सेवामा रहेका उनमा समय क्रमसँगै प्रतिरोधि चेताना पानि विकास भएको छ । आफ्नो छोरो पीताम्बरले सेठको कालो धन्दामा साथ नदिइ कामै छाडिदिएकामा उनी आफूलाई परेको अन्यायको विरोध नगरी चुपचाप बसेकामा दुःख मान्दछन् । जसले उनमा अन्याय, अत्याचार गरी समाजलाई विकृत बनाउनेप्रति घृणा रहेको स्पस्ट हुन्छ । विस्तारै उनमा राणा विरोधी चेतनाको विकास भएको र शासकप्रति निम्नवर्गले आवाज उठाउनु पर्ने त्यसमा नयाँ पुस्ता संगठित हुनु आवश्यक रहेको चेतना देखा परेको छ । समाजमा स्वाभाविक रूपले धनी वर्ग प्रभुत्वशाली वर्गका रूपमा रहेको हुन्छ र उसले गरिब वर्गमाथि शोषण र थिचोमिचो कायम गरेको हुन्छ । यस क्रममा दुवै पक्ष बिच द्वन्द्व हुन्छ र त्यस द्वन्द्वमा अधीनस्थ वर्गले धनी वर्गको प्रभुत्वबाट मुक्तिको प्रयास गरिरहेको हुन्छ । प. दुर्गानाथले पनि सोही मान्यताका आधारमा अधीनस्त वर्गले नबोली होइन संगठित भएर आवाज उठाउनु पर्ने विचार राख्ने सचेत पात्रका रूपमा उपन्यासमा पहिचान बनाएका छन् ।

तत्कालीन समयमा भारतमा पनि अङ्ग्रेज विरोधी आवाजहरू उठिरहेका थिए । भारतबाट भूमिगत हुनुपर्ने व्यक्तिहरू नेपालमा आएर बस्ने गर्दथे । द्वारिका पनि भारतबाट भूमिगत भएर नेपालमा आई शिक्षण पेसामा संलग्न भएर राजनीति गरिरहेका थिए । पं. दुर्गानाथले आफ्ना नाति पवनलाई “द्वारिका जस्तै देशका लागि निडर र साहसी हुनु कडा जोखिम उठाउन पनि धुकचुक नगर्नु” भन्ने अर्ति दिएका छन् । यसरी द्वारिकाले राजनीति गर्नु र पं. दुर्गानाथले पवनलाई द्वारिका जस्तै बन्नु भनेबाट उपन्यासमा पं.दुर्गानाथ राजनैतिक चेत भएका, परिवर्तनका पक्षधर देखिन्छन् । उनी गरिब हुनुमा भाग्य र नियतिको खेल मात्र नभएर सामन्ती राज्य व्यवस्थाका सञ्चालकहरूले निर्माण गरेको हो भन्ने निष्कर्षमा पं. दुर्गानाथ पुगेका छन् । आफूहरू आर्थिक रूपले जर्जर हुनुलाई आफ्नो भाग्यका रूपमा लिनु नहुने निष्कर्ष उनले निकालेका छन् । लामो समयसम्म राणाको दरबारमा सेवा गरेका उनको आर्थिक अवस्था साह्रै

टीठ लाग्दो थियो । उनको आर्थिक अवस्थाका बारेमा उपन्यासमा यसरी वर्णन गरिएको छ - "भान्छाघरका रित्ता हाँडा-चिन्डा बिट फूटिसकेको आल्मोनियमको खोपिल्टा परेका पकाउने भाँडा, बाक्लो खियाले खाइसकेको मसला राख्ने गोल्टिनहरू र जलपात्रका गोल्फूहरू देखेर ओहोरदोहोर गर्ने शहरबासीहरू सहानुभूति प्रकट गर्थे" (पृ.३३) ।

प्रस्तुत साक्ष्यले पं. दुर्गानाथको पारिवारिक अवस्थाको बारेमा छर्लङ्ग पारेको छ । यसबाट उनले निम्नवर्गको टीठ लाग्दो जीवनको पहिचान गराएका छन् । लामो समय राणाको दरबारमा सेवा गरेका उनी जीवनको उत्तरार्धमा दयनीय अवस्थामा भएको स्पस्ट हुन्छ । सामन्ती राज्य व्यवस्थामा शासकले गरिबलाई आफ्नो स्वार्थका लागि प्रयोग गर्छ र आफ्नो काम पूरा भएपछि उसलाई वेवारिसे बनाइदिन्छ । माथिको साक्ष्यलाई हेर्दा कुनै पनि कोणबाट दुर्गानाथ राणाको दरबारका सेवक थिए भन्ने भान हुँदैन । उनी कुनै समय राणाका दरबारमा सबैभन्दा रुचाइएका सेवकका रूपमा परिचित थिए । उनी वलशाली हुँदासम्म र शासकको कामको हुँदासम्म पारिवारिक, आर्थिक अवस्था राम्रो थियो । उनको जीवन सहज तरिकाले बितेको हुन्छ । तर वर्तमानमा प. दुर्गानाथको अवस्थालाई हेर्दा उनी निम्न आर्थिक अवस्थामा रहेको स्पष्ट हुन्छ । आर्थिक विपन्नताले नै उनलाई अहिले सबैभन्दा बढि पिरोलेको देखिन्छ । शासकको सेवामा फूर्तिलो भएर सेवामा हाजिर हुने शरीर रोगले रुग्ण बनाएको छ । सामान्य औषधोपचार गर्नका लागि पनि उनलाई हम्मेहम्मे परेको छ । आफ्नो वर्तमानमा उनले निम्नवर्गको प्रतिनिधित्व गरेका छन् । उनको जीवनलाई हेर्दा उनी सामन्ती राज्यव्यवस्थाले निर्माण गरेको चक्रव्यूमा परेका छन् । सामन्ती राज्यव्यवस्थाका सञ्चालकहरूले निर्माण गरेको भाग्य र नियतिको प्रपञ्चपूर्ण संस्कृतिको शिकारमा पं. दुर्गानाथ परेका छन् । उनी यस्तो संकृति र त्यसबाट पिडित प्रतिनिधि पात्रका रूपमा उपन्यासमा आएका छन् । आफू आर्थिक रूपले जर्जर हुनुलाई आफ्नो भाग्यका रूपमा उनले स्वीकार गरेको देखिन्छ । तर उनको यस्तो विषम अवस्था भाग्य र नियतिका कारण नभइ सामन्ती राज्य र त्यसले निमार्ण गरेको व्यवस्थाको कारण भएको हो । प. दुर्गानाथ प्रस्तुत साक्ष्यका माध्ययमबाट निम्नवर्गीय र शासनसत्ताबाट किनारामा पारिएका निमुखाहरूको प्रतिनिधिका रूपमा उपस्थित छन् । गरिब हुनु, सामान्य स्वास्थोपचार गर्न नसक्नु र आफ्नो जीवनको वर्तमान र भविष्य पनि भाँडाकुँडा झैँ छरपष्टिएको हुनु उनको पहिचान बनेको छ ।

"रेललाई सार्वजनिक परिवहनको साधनको रूपमा  तथा शासकहरूका लागि औलो क्षेत्र सुविधासाथ र छिटै तर्न सजिलो होस् भन्ने उद्देश्यले यो सञ्चालन गरिएको थियो ।" (पृ.३०) यस साक्ष्यबाट शासक वर्ग र उनीहरूको पवृतिको बारेमा बुझ्न सकिन्छ । शक्तिनिर्माणमा शासकले जस्तोसुकै हतकण्डा पनि अपनाउन सक्छन् । सामन्तवादी शासन व्यवस्था अझ तत्कालीन जहानीया शासन व्यवस्थामा आफ्नो शासन व्यवस्थालाई सहज र सरल बनाउनको लागि र व्यक्तिगत सुखसुविधाका लागि जस्तोसुकै कार्य पनि गरिन्छ । जनताको भलाइ र सार्वजनिक हितको लागि भन्दा सामन्ती शासकहरू आफ्नो सुरक्षाको लागि कुनै कसर बाँकी छाड्दैनन् । आफ्नो सुरक्षा र सहजताको लागि श्रमिकहरूलाई मानसिक र भौतिक रूपले त्रस्त तुल्याएर उसले शक्तिको उपरि संरचनामा आफूलाई राखेको छ । त्रास र आतङ्कले यस्तो चेतनाको विकास भएको छ कि उनीहरूलाई लाग्छ शासक विराट छ । सामन्ती र तानाशाह भएकै कारण सानो कुराका लागि पनि राज्यको ठुलो ढुकुटी सहज तरिकाले प्रयोग गर्न सक्छ भन्ने चेतनाको निर्माण माथिको साक्ष्यबाट भएको छ । सामन्ती राज्य व्यवस्थमा शासकले भनेको र गरेको कुनै पनि कुरामा जनताले प्रश्न उठाउन सक्तैनन् त्यसकारण यस्तो व्यवस्थामा जनता मात्र दर्शक हुने नियम मान्ने आज्ञाकारीका रूपमा रहेको हुन्छ । जनता अधीनस्त हुन्छन्, उनीहरूले शासकले भनेको चुपचाप मान्नुपर्छ नत्र जे पनि गर्न सक्छन् । जनताका पिर व्यथा र व्यक्तिगत जीवनको शासकलाई कुनै पनि पर्वाह हुँदैन । जनताहरूको यस्तो त्रसित मानसिकताले शासकलाई अझ बढी शक्तिशाली बनाएको छ । यहाँ शासकहरूको शक्तिशाली राज्यका मालिकका रूपमा प्रतिनिधित्व र पहिचान भएको छ भने जनताको सीमान्तकृत, संवेदनहीन राज्यबाट उपेक्षित, विभिन्न सार्वजनिक विषयमा पनि अधिकार विहिनका  रूपमा  प्रतिनिधित्व र पहिचान भएको छ । यहाँ जनताले पृथक पहिचान बनाउन सकेका छैनन् ।

(३) लोकोबाबुको सम्पन्नता देखेर पवन चकित थियो । बैठकममा भित्तादेखि भित्तासम्म टम्म पारेर ओच्छ्याएको बाक्लो कार्पेट, तासको कपडाको गद्धि भएका सोफासेटहरू ऐनैऐना भएका अनेक दराजहरूमा किसिम किसिमका मूर्ति, खेलौना, अनौठा सरसमानहरू के के हुन् ? कहाँ कहाँबाट ल्याइएका हुन् ? (पृ.३३)

उपर्युक्त साक्ष्यले लोकोबाबुको उच्च वर्गीय पहिचान गराएको छ । उनी शासकले रेलको रेखदेख, सञ्चालन र त्यसको व्यवस्थापन गर्न भारतको बंगालबाट झिकाएका कुशल व्यवस्थापक हुन् । उनको पहिचान सामन्ती र भोगवादीका रूपमा उपस्थित छ । सामन्तहरूलाई नोकरचाकर नभई हुँदैन । उनीहरूको घर, कोठा पनि आलिशान हुने गर्दछ । लोकोबाबुको कोठा पनि सामान्य आवश्यकता पूरा गर्नका लागि नभएर सौख, शान र मानको लागि सजाईएको छ । माथिको साक्ष्यबाट उनी उच्च वर्गको प्रतिनिधित्व गर्ने पात्रका रूपमा आएका छन् । अङ्ग्रेजले लामो समयसम्म भारतमा शासन सञ्चालन गर्दा उनीहरूको औपनिवेशिक छाप त्यहाँ राम्रोसँग पऱ्यो । उपनिवेशले भारतमा वर्गीय खाडलको सृजना गरेको पाइन्छ । लोकोबाबुपनि भारतबाट नै आएकाले त्यसको छाप उनमा राम्रोसँग परेको देखिन्छ । उनको बोलीचाली देखि लिएर सबैकुरा परिस्कृत थिए । कोठा, कोठाभित्रका सजावटका सामग्रीहरूले उनको उच्चवर्गीय जीवनशैलीलाई प्रष्ट पारेको छ । कोठाभित्र प्रयोग भएका सामान त्यसबाट आउने सुगन्धले उनको जीवनशैलीलाई विराट बनाइराखेको थियो । उपर्युक्त साक्ष्यमा दुई फरक आर्थिक र भौतिक परिवेशका व्यक्तिरूको उपस्थिति रहेको छ । एकातिर बिहानको छाक खाए बेलुका के खाने भन्ने चिन्ताले पिरोलिएको पवन छ भने अर्कातिर उच्चवर्गीय लोकोबाबु । पवनले निम्न वर्गको प्रतिनिधित्व गरेको छ । पवनको आर्थिक अवस्था अत्यन्त दयनीय रहेको कुरा उसको मानसपटलमा आएको प्रश्नबाट पनि स्पस्ट हुन्छ । उपन्यासमा लोकोबाबुको पहिचान आर्थिक रुपले सम्पन्न, शिक्षित र सभ्य रूपमा  भएको छ । समाजमा यस्ता शिक्षित र सम्पन्न व्यक्तिले शक्ति पनि आफूमा निहित गर्न सक्छ । नेपाली समाजको शक्ति संरचनामा उच्च जातिकै र आर्थिक रुपले सम्पन्न मानिसहरू प्रभुत्वशाली वर्गको रूपमा रहनु स्वाभाविक भएको कुरा माथिको साक्ष्यबाट स्पष्ट हुन आउँछ ।

(४) लोकोबाबुको कोठाको वातावरणमात्र होइन उनको व्याक्तित्वलेपनि समाजमा राम्रोसँग प्रभाव पारेको छ । एक सानो शहरमा वेलाइतबाट ट्रेनिङ लिएर आएका धाराप्रवाह अङ्ग्रेजी बोल्न सक्ने, सुट-टाई र हैट लाउने र मानिस बाह्र सय कम्पनि तलव खाने व्यक्ति स्वतः श्रद्धेय हुन जान्छ । (पृ.३१)

लोकोबाबुले सामन्ती पूँजीवादी संस्कृतिको प्रतिनिधित्व गरेका छन् । सीमान्त वर्गमाथि आफ्नो प्रभुत्व कायम राख्दै सामाजिक शासन व्यवस्थामा उच्च सम्भ्रान्तीय अभिजात्य वर्गको पहिचानमा उनी देखिएका छन् । लोकोबाबु लैङ्गिक हिसाबले पुरुष हुन् भने वर्गीय दृष्टिले सम्भ्रान्त र सम्पन्न वर्गका हुन् । पेशाका हिसाबले उनी व्यवस्थापक हुन् । भौगोलिक हिसाबले लोकोबाबु बंगाली परिवारमा जन्मेका हुन् । उनले सम्भ्रान्त वर्गको शासकका रूपमा उपन्यासमा प्रतिनिधित्व गरेका छन् । लोकोबाबु गोरो, मिलेको सुगठित शारीरिक संरचना भएको र सम्भ्रान्त वर्गीय आयातित पहिरनमा सजिएका छन् । त्यसले गर्दा उनी वीरगंन्जको त्यो सानो सहरमा भव्य पहिचान निर्माण गर्न सफल भएका छन् । लोकोबाबुको शारीरिक र संस्कारगत पहिचान सम्भ्रान्त र खान्दानीया अनुकूलको देखिन्छ । उपन्यासमा व्यक्त माथिको अभिव्यक्तिले पनि लोकोबाबुको परिचयलाई पुष्टि गरेको छ ।

(५) हामीले रिपोर्ट पठाएको चार पाँच दिनपछि पुलिस र सेनाका जवानहरूले चारैतिरबाट कोर्रा ठोक्दै डोरीमा बाँधीबाँधी श्रमिकहरू जुटाउन थाले । धेरै मानिसले मुग्लान पसेर ज्यान जोगाए । तर जो समातिए तीनलाई काम पूर्ण नभएसम्म पालो पहराभित्र राखेर काम गराइयो । मध्य गर्मी र वर्षयामताका औलोको झन् प्रचण्ड आक्रमण हुन्छ । प्रत्येक ज्यामीलाई दिनभरिमा सात आठ चक्की कुइनेन ख्वाइए तापनि मजदुरहरू महामारीमा मरेजस्तै सोतर हुन थाले । बडो करुण दृश्य थियो त्यो (पृ.३८) ।

शक्तिनिर्माणमा शासकले अपनाएका प्रक्रिया मध्ये त्रासको सिर्जना एक कारणका रूपमा देखिन्छ । श्रमिकहरूलाई मानसिक र भौतिक रूपले त्रस्त तुल्याएर उसले शक्तिको उपरि संरचनामा आफूलाई राखेको छ । त्रास र आतङ्कले यस्तो चेतनाको विकास भएको छ कि उनीहरूलाई लाग्छ शासक अजङ्गको छ । सामन्ती र तानाशाह भएकै कारण उनीहरूले भनेको चुपचाप मान्नुपर्छ नत्र जे पनि गर्न सक्छन् । श्रमिकका पिर व्यथा र व्यक्तिगत जीवनको शासकलाई कुनै पनि प्रवाह छैन् । श्रमिकहरूको यस्तो त्रसित मानसिकताले शासकलाई अझ बढी शक्तिशाली बनाएको छ श्रमिकहरू निरिह छन् । यहाँ श्रमिकहरू संवेदनहीन यन्त्रका रूपमा प्रस्तुत भएका छन् । उपर्युक्त साक्ष्यमा श्रमिकहरूको आफ्नो पृथक पहिचान छैन । उनीहरूलाई शासकले आफ्नो गोटीका रूपमा प्रयोग गरेका छन् । श्रमिकहरूको स्वास्थ्यको कत्ति पनि ख्याल

गरिएको छैन भने उनीहरूको जीवनलाई वली चढाइएको छ । जहानीया राणाकालमा श्रमिक मात्र नभएर सत्ता र शक्तिभन्दा बाहिरका आम मानिसहरूको अवस्था साह्रै दयनीय थियो । सामन्ती राज्य व्यवस्थामा सत्तामा रहेका शासकहरूले आफ्नो स्वार्थका लागि अरुलाई वली चढाउन पनि पछि पर्दैनन् भन्ने कुरा माथिको साक्ष्यबाट स्पष्ट हुन्छ । शासकलाई औलोग्रस्त ठाउँ पार गर्न र औलोबाट बँच्नका लागि निर्माण गरिएको रेलका लागि त्यस्ता धेरै सर्वसाधारण र सोझा कामदारले ज्यान गुमाउन पुगे । यहाँ कामदारहरू पहिचानविनाका हुन पुगेका छन् । उनीहरूलाई बाँच्न पाउने सामान्य अधिकारबाट पनि वञ्चित गरिएको छ । उनीहरू आवजविहीन छन् । फुकोको मान्यता अनुसार उनीहरू ज्ञान र शक्तिबाट वञ्चित छ । त्यसैले उनीहरूको आवाजको प्रतिनिधित्व उनीहरू आफैले गर्न सकेका छैनन् । ज्ञान र शक्तिदेखि वञ्चित मजदुरहरूले मान्छे होइन एउटा मेसिन कै रूपमा आदेशको पालना गरेका छन् । उनीहरूले सामन्ती समाजको उपेक्षित र प्रताडित वर्गका रूपमा पहिचान निर्माण गरेका छन् ।

पुलिस प्रशासनका काम जनतालाई सेवा दिनु, शान्ति सुरक्षा कायम राख्नु र न्याय प्रदान गर्नु हो तर त्यहाँका कामदाररूका लागि कहिल्यै पुलिस प्रशासन सहयोगी बनेको देखिँदैन बरु सधैं त्रास र आतङ्कको प्रतीक बनेको देखिन्छ किनकि सामन्ती राज्य व्यवस्थामा पुलिस,प्रशासन जस्ता सार्वजनिक निकायपनि शासकका लागि काम गर्नु र उसलाई अझ बढी शक्तिशाली तुल्याउनमा व्यस्त देखिन्छन् ।

कष्टमात्र भए हामी आत्तिने थिएनौं । यहाँ त काम गर्दागर्दै घरपरिवारलाई छाडेर अनकन्टार जङ्गलमा अकाल मृत्युको गाँस हुने आतङ्कले पो हामी पीडित थियौं (पृ.३७) प्रस्तुत साक्ष्यले सीमान्त अवस्थामा रहेका मजदुर वर्गको मार्मिक चित्र उतारेको छ । राज्यको उपस्थिति शासकलाई शक्तिशाली देखाउने प्रयोजनका लागि मात्र भएको देखिन्छ भने मजदुरहरूको आफ्नै पहिचान छैन । शासकले राज्यशक्तिलाई आफ्नो प्रभावमा पारी आफूलाई शक्तिशाली तुल्याएको छ । तर मजदुरहरू शासक, सामन्ती र तानाशाह भएकै कारण उनीहरूले भनेको चुपचाप मान्नुपर्छ नत्र जे पनि गर्न सक्छन् । श्रमिकका पिर व्यथा र व्यक्तिगत जीवनको शासकलाई कुनै पनि प्रर्वाह छैन् । श्रमिकहरूको यस्तो त्रसित मानसिकताले शासकलाई अझ शक्तिशाली तुल्याएको छ । शासकमा शक्तिको मातले अन्धो बनेको राज्य संयन्त्रलाई कसरी आफू अनुकूल प्रयोग गर्ने भन्ने कुराको ज्ञान मात्र रहेको देखिन्छ भने श्रमिकहरूलाई यन्त्रका रूपमा

स्वीकार गर्दछ । उपर्युक्त साक्ष्यमा ज्ञान र शक्तिदेखि वञ्चित मजदुरहरूले मान्छे होइन एउटा मेसिन कै रूपमा आदेशको पालना गरेका छन् । उनीहरूले सामन्ती समाजको उपेक्षित र प्रताडित वर्गका रूपमा पहिचान निर्माण गरेका छन् । उनीहरूको व्यक्तिगत र सामाजिक जीवनलाई समाप्त पारिएको छ । बाँच्न पाउने उनीहरूको अधिकारलाई समाप्त पारिएको छ । श्रमिकहरूले दासत्वको परिचय बनाएका छन् ।

भारतको कुनै ठुलो शहरमा लगेर औषधी गराउन पाए बुढाले पाँच सात वर्ष अझ धान्ने थिए । के गरुँ, कङ्गालीले कहिल्यै छाड्दैन । जो कमाउँछु त्यो हातमुख जोर्नका लागि पनि अपुग हुन्छ ।

“मरिमरि सेठको काम गर्नुहुन्छ । महिनाको तीस रुपियाँभन्दा एक पैसा बढ्ता दिँदैन, बाबु मर्न लागे भने सहायता गर्दैन ।”(पृ.४१) प्रस्तुत साक्ष्यले श्रमिक वर्गको पिंडालाई उजागर गरेको छ । यहाँ पीताम्बरले शोषित श्रमिक वर्गको प्रतिनिधित्व गरेका छन् भने सेठले सामन्ती वर्गको प्रतिनिधित्व गरेको छ । सामन्ती वर्गबाट श्रमिकहरूलाई शक्तिको स्रोतबाट उपेक्षित र किनारीकृत पारिएको छ । उनीहरू श्रम नगरुन् त भोकै पर्ने गर्दा खेरि शाषित हुनुपर्ने अवस्थाको बारेमा साक्ष्यले स्पस्ट पारेको छ । उनीहरूलाई बाध्य पारेर जस्तो अन्यायमा पनि चुप लागेर बस्नु पर्ने स्थितिको निर्माण भएको छ । शोषक वर्गले आफूलाई समाजमा राम्रो र सत्य स्थापित गर्न अनेक देखावटी नाटक गर्ने तर श्रमिकहरूको खुन पसिनाको अवमूल्यलन गर्ने शोषक वृत्तिलाई पनि माथिको साक्ष्ले स्पस्ट पारेको छ । प्रस्तुत उपन्यासमा केन्द्रीय संस्कृतिको संरचना शोषण, अन्याय र अत्याचारयुक्त रहेको स्पस्ट हुन्छ । त्यस्तो अन्याय, अत्याचारयुक्त केन्द्रीय संस्कृतिको प्रतिनिधित्व सेठले गरेको छ भने परिधीय संस्कृतिको प्रतिनिधित्व पीताम्बरले गरेको छ । पीताम्बर सेठको गोदाममा काम गर्ने कामदार हो । ऊ आर्थिक रूपमा  गरिब छ । उसलाई आफ्नो रोगले ग्रस्त पितालाई उपचार गर्न पनि मुस्किल छ । उसले शोषक सेठको सबैभन्दा विश्वासपात्रका रूपमा  पहिचान निर्माण गरेका छ । सेठले पीताम्बरको खुन चुसेको छ । अनेक कर्तुत गरेर धन कमाउन सिपालु सेठ अनेक सामन्ती वर्गको प्रतिनिधित्व गरेको छ ।

(६) धर्मका आडमा सेठले शोषण गरिरहेको कुरा सामन्ती समजमा कुनै नौलो र विषय हुँदैन । फेरी मेरो पान त्यस सेठको गोदामको चिलेसा लागेको गन्हाउने पिठो पनि त होइन । खाने कुरा त परै जावोस् । विषालु पिठो

छरेको देख्नासाथ कमिलाहरू लाखापाखा लाग्छन् । मास्टरबाबु, कमिलो बडो परिश्रमी र इमान्दार किरो हो, त्यो सेठको कुहिरहेको हरामको अन्न खाएर पेट पाल्दैन । यस सेठलाई तँपाई छक्का पञ्जा नजान्ने निर्दोष भैँडो जस्तो देख्नुहुन्छ, तर यस भित्र लुकेको डरलाग्दो ब्वाँसोबारे तँपाईलाई थाहा नै छैन । (पृ.१४८)

उपर्युक्त साक्ष्यले सेठको वास्तविक पहिचान गराएको छ । सेठ सामन्ती समाजको प्रतिनिधि पात्र हो । समाजलाई ठग्न र आफूलाई राम्रो देखाउन उसले कुनैपनि हर्कत गर्न बाँकी छाडको छैन । सामन्ती समाजमा यस्ता ठगहरू प्रशस्तै रहेका हुन्छन् । यस्तै सामन्ती ठगहरूको प्रतिनिधिपात्रका रूपमा सेठ उपन्यासमा आएको छ । सेठको दोहोरो चरित्रका बारेमा कसैको खोजिनीति छैन् । ऊ सामन्ति समाजको लागि आवश्वक व्यापारीका रूपमा आएको छ । सेठले धर्म गर्न धन कमाएको जस्तो गरेपनि उसको नियत त्यो भन्दा फरक रहेको छ । माथिको साक्ष्यबाट मजदुर वर्गको पनि पहिचान भएको छ । मजदुरको आफ्नो काम गरी जीविका गर्ने, काममा विश्वास गर्ने र मेहेनती वर्गका रूपमा पहिचान भएको छ । मजदुर आफ्नो कर्तव्य पुरा गरी मेहेनतको कमाइमात्र खाने मौरी जस्तै इमानदार वर्गका रूपमा  पहिचान भएको छ । उपन्यासमा केन्द्रीय संस्कृतीको संरचना शोषण, अन्याय, अत्याचारयुक्त ढाँचाको रहेको छ । तत्कालीन विमर्शात्मक संरचनामा शक्तिको श्रोत उपल्लो वर्गमा थियो जसका कारण पनि जुनै माध्ययमद्वारा सेठ धन आर्जनका लागि उद्धत छ । धर्मका रूपमा  अधर्म गर्ने पाखण्डिका रूपमा सेठले प्रतिनिधित्व गरेको छ । ऊ समन्ती समाज र त्यसलाई पक्षपोषण गर्ने व्यापारी वर्गको प्रतिनिधि हो । शक्ति आर्जनका लागि वा प्रभुत्व स्थापनाका लागि उसले जुनसुकै माध्ययमबाट पनि धन आर्जन गर्ने व्यापरिको रूपमा उसले आफ्नो पहिचान बनाएको छ ।  ऊ शोषक छ र समाजलाई उल्लु बनाउन सिपालु छ । उसमा उसमा भित्रि रूपमा कालो कर्तुत मात्र छ । उसले बाहिर आफूलाई धार्मिक र समाज सेवकका रूपमा  देखाएपनि मानवीय भावना कत्ति पनि उसमा छैन् । समान्ती समाजमा यस्ता व्यापारीको राज चल्ने र उनीहरूले नै सत्ता र शक्ति हातमा लिएर श्रम शोषण गर्ने गर्दछन् ।

(७) बढी काम गराएर थोरै पारिश्रमिक दिनु वा कोहीसित काम लिएर पारिश्रमिक नदिनु दुवै शोषणका भिन्न भिन्न स्वरुपहरू हुन् । पहिलो

श्रेणीमा तिम्रो पितालाई काम लगाउने सेठ शोषक छ भने, तिम्रो प्रस्ताव मानेमा अब म दोस्रो किसिमको शोषक हुन जान्छु । सेठको शोषणबाट मुक्त हुन नसकेरै पिताम्बरले सिङ्गै समाजप्रति नमिठो दृष्टिकोण लिएका हुन् । (पृ.१२०)

उपर्युक्त साक्ष्यमा शोषक र शोषित वर्गको प्रतिनिधित्व भएको छ । शोषकका शोषण गर्ने बिभिन्न रूपहरू हुने कुरा माथिको साक्ष्यबाट स्पष्ट हुन आएको छ । सामन्ती समाजमा यस्ता सेठहरूको आधिपत्य हुने र यिनिहरू सत्ताका नजिक हुनेहुनाले यस्ता शोषणहरू सामान्य देखिने गरेको कुरा माथिको साक्ष्यबाट स्पष्ट हुन्छ । उपन्यासमा सेठले केन्द्रीय संस्कृतिको प्रतिनिधित्व गरेको छ भने पीताम्बरले परिधीय संस्कृतिको प्रतिनिधित्व गरेको छ । पीताम्बरले निम्न आर्थिक अवस्था भएको इमानदार श्रमिकका रूपमा आफ्नो परिचय बनाएको छ । निरन्तर सुखी जीवनको आशा गरेर दिन रात, भोक तिर्खा, हावापानी नभनी सेठको गोदाममा काम गरेको छ । उसको इमानदारीता र लगनशीलताका पछि आफ्ना रोगी बाबुको कुनै राम्रो ठाउँमा लगेर उपचार गर्ने सामान्य इच्छा छ । यस्ता सामान्य इच्छा र आवश्वकता पनि सामन्ती समाजका श्रमिकका लागि कति ठूला बनिदिन्छन् भन्ने माथिको साक्ष्यले स्पष्ट पारेको छ । पीताम्बरले इमानदार, नैतिकवान श्रमिकको पहिचान बनाएको छ । पीताम्बरले आफ्नो मेहेनत र श्रम अनुसारको मूल्य पाएको छैन् । उसको श्रम शोषण गरेर सेठ मोटाएको छ । उसले श्रमिकलाई त ठगेको छ नै समाजलाई पनि उल्लु बनाएर ठग्न भ्याएको छ । निरन्तरको मेहेनतले पनि पीताम्बरले आफ्नो परिवारका सामान्य आवश्यकताहरू पूरा गर्न सकेको छैन । पीताम्बरमार्फत सामन्ती समाजका आम श्रमिकहरूको दयनीय अवस्थाका बारेमा थाह पाउन सकिन्छ । पीताम्बर सामन्ती समाज र त्यसले सिर्जना गरेको असमानता, अन्याय, अत्याचार र पिडामा परेका निम्नवर्गीय श्रमिकको प्रतिनिधि पात्र हो । सामन्ती सेठले कालो धन कमाउनका लागि गरेका धेरै कर्तुतको ऊ साक्षी बनको छ तर उसले त्यस्तो कार्यको प्रतिरोध गर्न सकेको छैन् । त्यस्ता कर्तुतको विराध गर्नुको सट्टा उसमा पलायनवादी सोच आएको छ । उनको साझोपन र इमानदारीतालाई सेठले दयाका रूपमा अर्थ्याएको छ ।

"यसले गर्दा एकदिन कुप्रो भएर सडकमा भिख माग्दै हिडेको हामीले देख्नुपर्नेछ । मैले भनिदिएँ - दिनको नोकरी हो भने म विचार गर्छु, होइनभने रातको काम चोर डाँकाले मात्र

गर्ने हो, म त्यो गर्दिन । बरु यही घाँस बेचीबेची गुर्जान गर्छु ।" (पृ.१५०) उपर्युक्त साक्ष्यमा वर्गीय दृष्टिले निम्नवर्गीय समुदायको उपर्युक्त प्रतिनिधित्व पीताम्बरमार्फत भएको छ । पीताम्बर गाँस, बास र कपासको समस्याले सताइएका निम्नवर्गीय समुदायको प्रतिनिधि हो । निम्न आर्थिक समस्याले सताइएको पीताम्बर परिश्रमी र इमानदार श्रमिक हो । रातदिन मिहिनेत मजदुरी गरेपनि तत्कालीन विमर्शात्मक संरचनामा उच्च, सामन्तीवर्गलाई महत्त्व दिने हुनाले निम्नवर्गीय पीताम्बर जस्ता मानिसहरू शोषित, उपेक्षित र उत्पीडित बन्न पुगेका छन् । शक्ति संरचनाबाट किनारीकृत एवम् ज्ञान र शक्तिबाट वञ्चित, शाषित उत्पीडित वर्गको संस्कृतिलाई पीताम्बरका माध्ययमबाट प्रतिनिधित्व गराइएको छ । तत्कालीन सामन्तवादी प्रभुत्वशाली समाजले ज्यालादारी गर्ने पीताम्बर जस्ता किसान तथा मजदुर समुदायमाथि शोषण र ज्यादति गर्दै आयो उनीहरूलाई ज्ञान र शक्तिबाट टाढै राख्यो । तत्कालीन ज्ञान र शक्तिबाट टाढा रहेको पीताम्बरले धनका निम्ति मात्र नभएर स्वाभिमानका लागि पनि संघर्ष गरेको छ । सेठ दबाव र तनावमा पारेर पीताम्बरलाई अनैतिक कार्य गर्नका लागि उक्साएपनि त्यस्तो कार्यलाई उनले नकारेका छन् । यसरी हेर्दा पीताम्बरमा प्रतिरोधि चेतनाको विकाससँगै उनले इमान्दार र नैतिकवान श्रमिकको पहिचान गराउन सफल भएका छन् । पीताम्बरको निम्न आर्थिक अवस्थामाथि नै तत्कालीन सामन्ती समाजले आक्रमण गरेको छ । सामन्तीको नजरमा आर्थिक रूपमा कमजोर भएका निम्नवर्ग आफ्नो पेटको लागि जे पनि गर्न सक्छन् भन्ने मान्याता माथिको साक्ष्यले स्थापित गरेको विमर्श हो । कमजोर आर्थिक अवस्था भएकै कारण पीताम्बरलाई रातिको समयमा गैह्रकानुनी धन्दाका लागि अह्राउनुले तत्कालीन सामन्तावादी समाजमा निम्नवर्गमाथिको दृष्टिलाई पनि स्पष्ट पारेको छ ।

(८) मेरो पित्त चियाले बढ्दैन, अन्यायले बढ्छ । यसरी हाड घोटेर काम गर्दा पनि परिवारको लागि कुनै सुख जुटाउन सकिन । म छाँद हालेको घोडाजस्तै एक सिमीत घेरामा उफ्री उफ्री चरिरहेको छु । यस अभावको चिच्याट र त्यसबाट मुक्तिको लागि ममा हुने छटपटिले नै मलाई कुपित तुल्याउँछ । (पृ.११४)

उपर्युक्त साक्ष्यले तत्कालीन सामन्तवादी समाजमा निम्नवर्गको पिंडा, व्यथा र वेदनालाई प्रस्तुत गरेको छ । प्रस्तुत साक्ष्यमा परिधीय संस्कृतिको प्रतिनिधित्व पीताम्बरले गरेका छन् । तत्कालीन विमर्शात्मक संरचनामा पीताम्बर जस्ताका लागि कति असजिलो थियो भन्ने कुरालाई माथिको साक्ष्यले प्रस्टा पारेको छ । पीताम्बरले किनाराकृत श्रमिक वर्गको पहिचान गराएका छन् । उनी अन्याय, अत्याचार र शोषणमा परेका आम श्रमिकका प्रतिनिधि हुन् । सामन्तवादी समाजमा जति काम गरे पनि श्रमिकको जीवनस्तर जहाँको त्यहीँ हुने, उनीहरूलाई आफ्नो दैनिकी टार्न नै धौधौ पर्ने स्थितिको बारेमा माथिको साक्ष्यले प्रस्ट पारेको छ । उच्चवर्गले निम्नवर्गलाई जहिल्यैपनि तल नै पार्न खाज्ने, अन्याय, अत्याचार गरी दबाउने र शक्तिशाली बन्ने विषय सामन्ती समाजका लागि सामान्य कुरा भएको पनि माथिको साक्ष्यले स्पष्ट पारेको छ । तर दैनिक ज्यालादारीबाट गुजारा गर्ने वर्गलाई सधैँ परिवारको भोक पेट र सुख सुविधाको चिन्ताले सताउने गर्दछ । उनीहरू आफ्ना परिवारको सुखका लागि जीवनभर शक्ति, सीप, जाँगर लगाउँछन् तर पनि त्यसमा उनीहरू असफल हुन्छन् । सामन्ती राज्य व्यवस्थाका सञ्चालकहरूले भाग्य र नियतिको यस्तो प्रपञ्चपूर्ण संस्कृति निर्माण गरिदिएका छन् जसमा पीताम्बर जस्ता निम्नवर्गीयहरू आर्थिक रूपले जर्जर हुनुलाई आफ्नो भाग्यका रूपमा र मजदुरी गर्नुलाई शासकको कृपाका रूपमा बुझ्ने गरेको देखिन्छ । शासकले काम नदिए जीवन धान्न गाह्रो हुने हुनाले तत्कालको छाक टार्नका लागि बाध्य भएर दिनरात काममा लाग्छन् । पीताम्बर त्यस्ता शोषक मालिकप्रति आक्रोशित देखिन्छन् । काममा विश्वास गर्ने उनी आफू शासकको अत्याचार र शोषणबाट उम्कन चाहेका छन् । तराईको गर्मीमा दिनरात मिहिनेत गर्दा पनि परिवारको अवस्था राम्रो बनाउन नसकेका उनले त्यो सामन्ती समाजप्रति नै नकारात्मक दृष्किोण निर्माण गरेका छन् ।

बुढो पितालाई सिकिस्त भएको बेला यहाँ बसिरहन मेरो मनले मान्दैन । जे भएपनि आफूलाई जन्म दिने बाबु हुन् भन्नुभएछ । अस्ति आमासित पनि तँपाईलाई भारतको कुनै ठूलो शहरमा लगेर औषधी गराउन नपाएकोमा बडो मन दुखाउँदै हुनुहुन्थ्यो । (पृ.८७) प्रस्तुत साक्ष्यमा आएको पीताम्बरको वर्णनबाट उनी एक जिम्मेवारी बोध भएको  पुत्रका रूपमा  चिनिएका छन् । उनी पं. परिवारमा जन्मेका सेठको गोदाममा काम गर्ने निम्नवर्गीय श्रमिक हुन् । पं परिवारमा जन्मेका भए पनि उनको आर्थिक अवस्था कमजोर छ । उनी जातीय आधारमा उच्च

जातका भएपनि आर्थिक आधारमा सीमान्त हुन् । कोही जातको आधारमा उपल्लो वर्गमा परे पनि आर्थिक तथा अन्य हिसाबले सीमान्तकृत हुन सक्छ (श्रेष्ठ, २०६८:१५) । सीमान्तताको चिन्तन सामाजिक सांस्कृतिक सापेक्षतामा निर्धारण हुने देखिन्छ । त्यसैले पीताम्बर एउटा सीमान्तकृत पात्र हो । उसले वीरगन्जकै सेठको गोदाममा नोकरी गरी परिवारको जीविका चलाएको छ । ऊ स्वाभिमानी छ । उसले आम श्रमजीवीहरूको प्रतिनिधित्व गरेको छ । भौगोलिक हिसाबले ऊ पहाडी हो । आफ्ना रोगी र वृद्ध पिताको राम्रो ठाउँमा लगेर उपचार गर्ने उसको इच्छा भएपनि त्यो पूरा भने गर्न सकेको छैन ।

उसले सम्भ्रान्त वर्गका सेठको गोदाममा काम गरेर कामदारको पहिचान बनाएको छ । ऊ श्रम गरेर बाँच्ने भएकोले ऊ अधीनस्थ संस्कृतिको भोक्ता पात्र हो । लैङ्गिक हिसाबले सीमान्त पुरुष पात्र हो । वर्गीय दृष्टिले अत्यन्त कमजोर सीमान्त वर्गमा पर्छ भन्ने कुरालाई उसको श्रमजीवी पेसाले नै पुष्टि गरेको छ । ऊ सामन्ती समाज व्यवस्था र त्यसले सिर्जना गरेको वर्गीय उत्पीडनको प्रतिनिधि पात्र हो । उसले श्रमको वास्तविक मूल्य पाएको छैन् । अवसरबाट वञ्चित थियो भन्ने कुरा उसको हैसियतले नै देखाइसकेको छ । आफ्नो दैनिक गुजारा सामान्य ढङ्ले चलाएको पीताम्बरले आफूलाई जन्मदिने बुबाको राम्रोसँग उपचार गर्न नपाएकोमा दु:खी छ । पीताम्बर आम सीमान्त श्रमिकको प्रतिनिधि पात्रका रूपमा उपन्यासमा आएको छ । सारा जीवन श्रम गर्दा पनि आफ्ना सामान्य आवश्यकताहरू पुरा गर्न नसकेको पीताम्बरको जीवन सामन्ती समाजका आम श्रमिकको प्रतिनिधि हो । सामन्ती समाज व्यवस्थाको केन्द्रमा भएर पनि उत्पीडित, उपेक्षित र शक्तिको केन्द्रमा भन्दा पर परिधिमा पुर्‍याइएको सीमान्त वर्गको पात्र हो । ऊ शोषक वर्गबाट शोषित पीडित छ । ऊ सधैं कौडीको भाउमा आफ्नो श्रमको खोलो बगाइरहेको छ ।

(९) नोकरहरू घरमा हुन्जेल ती अस्तित्वविहीन जस्तै भएर रहेका हुन्छन् । तिनको श्रमको कदर गर्ने र भाइ-छोरा जस्तै समान व्यवहार गर्ने त परै जावोस् । उनीहरूसँग मिठो मुख गरेर बोल्नु समेत मानिस हेय सम्झिन्छ । सबै परिवारमा यस्तो अधम व्यवहार नहुँदो हो, तर डाक्टर परिवारमा भने यस्तै अमानवीय व्यवहार थियो । (पृ.९८-९९)

उपर्युक्त साक्ष्यले सामन्तवादी वर्गीय समाजमा निम्नवर्गलाई हेर्ने दृष्किोणलाई देखाएको छ । तत्कालीन समय वर्गीय दृष्टिले त्यति सहज थिएन । निम्नवर्ग पहिल्यैदेखि सीमान्तकृत थिए । वर्गका आधारमा उनीहरूको सामाजिक मर्यादा तोकिएको थियो । वर्गकै आधारमा त्यहाँको बोलीवचन, भाषिक मर्यादा पनि कायम  थियो । कामका आधारमा पेसागत मर्यादा पनि कायम थियो । घरायसी नोकरहरूलाई मानिसका रूपमा व्यबहार गरिन्थ्यो । सोही असमानताको कुरा माथिको साक्ष्यबाट स्पष्ट हुन्छ । प्रशासनिक र माथिल्ला पोस्टहरूमा काम गर्नेहरूका लागि अलग सम्मान थियो । उनीहरूको सामाजिक मर्यादा र उचाइ पनि विभेदपूर्ण थियो । मान्छेलाई मान्छेका रूपमा हेर्नु पर्ने मानवीय भाव त्यो समाजमा थिएन । सामन्ती र वर्गीय समाजमा घरायसी काम गर्ने र सामान्य मजुदुरलाई मान्छको रूपमा सम्मान र सम्बोधन दुवै हुँदैन भन्ने कुरापनि माथिको साक्ष्यबाट बुझ्न सकिन्छ । तत्कालीन समयमा प्रभुत्वशाली संस्कृतिका रूपमा स्थापित वर्गीय समाजले मजदुर वा सीमान्तकृत वर्गका मानिसलाई उपभोग्य वस्तुका रूपमा मात्र स्वीकारेको छ । उनीहरू संवेदनाहीन यन्त्रका रूपमा थिए भन्ने कुरालाई माथिको साक्ष्यले बुझाएको छ । यस्ता सीमान्तकृतहरू पहिल्यैबाट व्यवस्थित रूपमा किनारामा पारिएका थिए भन्ने स्पष्ट हुन जान्छ ।

“ए ठिटा, वर नआइज, तेरो जिउभरी पसिना छ । कस्तो गन्हाएको यसको काखी, सिन्की गन्हाएजस्तो, छि : छि : सबै मधिसे यस्तै गन्धपुरी त होलान् नी ? जा भो, अब गएर पङ्खा तान ।” (पृ.१००) *घामका पाइलाहरू* उपन्यासमा राणाकालीन अर्थात १९७० तिरको नेपाली समाजको विशिष्ट संरचनामा अभिव्यक्त सांस्कृतिक स्वरुपको प्रतिनिधित्व गराइएको छ । उपर्युक्त साक्ष्यमा तत्कालीन नेपाली समाजको विशिष्ट रूप देख्न सकिन्छ । प्रस्तुत उपन्यासमा तराइका निम्नवर्गीय समुदायको उपर्युक्त प्रतिनिधित्व रामधनीले गरेको छ । विस्तारै सहरीकरणतर्फ उन्मुख वीरगन्ज सहरको आधारभूमिमा उपन्यासको रचना भएको छ । धनीरामले घरायसी मजदुरको प्रतिनिधित्व गरेको छ । ऊ निम्न आर्थिक अवस्था भएको तराइको निम्नजातमा जन्मेको युवक हो । “पङ्खा तान्दा तान्दा श्रम - स्वेदले नुहाएको कहार युवक बडो विनीत अनुहार लएर सिमैन्टीमा पानी खन्याउँछ ।” (पृ.१००) भन्ने साक्ष्यले पनि युवकको निम्नजातिको पहिचान गराएको छ । तत्कालीन सामन्तवादी तथा प्रभुत्वशाली समाजले ज्यालादारी गर्ने किसान तथा मजदुर समुदायमाथि शोषण र ज्यादती गर्दै आयो । उनीहरू ज्ञान र शक्तिबाट टाढै

रहे । यस्तो सामन्तवादी समाजका अनेक रामधनीले अमानवीय पिंडायुक्त जीवन बाँच्नु परेको यथार्थलाई माथिको साक्ष्यबाट बुझ्न सकिन्छ ।

रामधनी परिधीय पात्र हो । ऊ मधिसे भएकै कारण विभेदमा पर्ने गरेको छ । तत्कालीन विभेदयुक्त नेपाली समाजमा मधेसीलाई विभेद गर्नु कुनै नौलो विषय होइन । प्रस्तुत *घामका पाइलाहरू* उपन्यासले राणाकालीन यथार्थपरक सन्दर्भलाई उजागर गरेको छ । त्यस्तै यथार्थ उपर्युक्त साक्ष्यमा पनि आएको छ । विगतको इतिहासमा नेपालको तराइ क्षेत्रमा वसोवास गर्ने तराइवासी अर्थात मधेसीलाई हेर्ने दृष्टिकोणमा समानता पाइँदैन । राणाकालमा पनि मधेसीलाई हेयको दृष्टिले हेर्ने र सोही अनुसारको व्यवाहार गर्ने गरिन्थ्यो । मधेशको प्रतिनिधित्व गरेको धनिराम विभेदको शिकार भएको छ । उपन्यासमा उसले एउटा अपमानित घरेलु कामदारको पहिचान बनाएको छ । पितृसत्तात्मक समाज व्यवस्था र पुरुष शक्तिको केन्द्रमा रहने भएपनि रामधनीमा भने यो कुरा लागू भएको छैन । पितृसत्तात्मक समाज व्यवस्थाको केन्द्रमा भएर पनि उत्पीडित, उपेक्षित र शक्तिको केन्द्रमा भन्दा पर परिधिमा पुऱ्याइएको सीमान्त वर्गको पात्रका रूपमा  उसले आफ्नो पहिचान बनाएको छ । ऊ सम्भ्रान्त वर्गबाट शोषित पीडित छ ।

(१०) "गोवारको बुद्धि गोबरजस्तो नभए आज किन भाँडा माझेर तँ खान्थिस् । जसको अन्नपानीले यो शरीर बनाइस्, केटाकेटीदेखि जसको नुन खाइस् त्यसको लागि आपत्विपत् परेको बेला केही गर्दैनस् भनी तँजस्तो निमकहराम नोकर को होला ? त्यो बुढो मालिकको मन रोइरहेको देखिनस् ? केही गरिनस् भने तैँले एकदिन रगत छादेर मर्नुपर्नेछ ।"(पृ.९४)

उपर्युक्त साक्ष्यबाट जीतुको आर्थिक अवस्था र पेशाको बारेमा राम्रोसँग पहिचान भएको छ । जीतु घरायसी कामदारका रूपमा रहेको निम्नवर्गीय युवा हो । आफ्नो जीविकोपार्जनका लागि जीतु मालिकको घरमा काम गर्दछ । मालिक रेलसेवाका कर्मचारी हुन् । आफ्नो मालिकलाई डाक्टरले गरेको अपमानका लागि जीतु दुःखी छ । उसले सही समयमा त्यसको प्रतिशोध लिने मनसाय बनाएबाट आफ्नो मालिकप्रति बफादार र जिम्मेवार सेवकको पहिचान बनाएको छ । ऊ घर परिवार, श्रीमती भएको र परिवारप्रतिपनि जीम्मेवारी भएको घरेलु कामदारका रूपमा उपन्यासमा आएको छ । ऊ आफ्नो मालिकप्रति कत्तिको बफादार छ भन्ने कुरालाई प्रस्तुत साक्ष्यले स्पष्ट पारेको छ : "तिमी भन्छौ- डाक्टरको टाउको काटेर झुन्डयाउँदै ल्याएर मालिकको

खुट्टामा राखिदे भने म अहिले गर्न तयार छु, तर यो वेपर्दा हुने काम मबाट हुँदैन ।" (पृ.९४) प्रस्तुत साक्ष्यले नेपाली समाजको यथार्थ प्रस्तुत गरेको छ । काम गरेर आफ्नो र परिवारको पेट पालेको छ भन्दैमा मालिकका लागि आफ्नो पहिचान नै मेट्ने माथिको प्रसङ्गले नेपाली समाजको वर्गीय र सामन्तवादी व्यवस्थालाई छर्लङ्ग पारेको छ । यहाँ श्रमिक आफ्नो अस्तित्व कायाम गर्न असमर्थ छन् । आफूले गरेको पसिनाको कमालाई उनीहरूले मालिकको कृपाका रूपमा  बुझेका छन् । सामन्तवादी समाजमा उनीहरूमा स्वको ज्ञान छैन । उपन्यामा आएका जीतु र गणेशी सामाजिक शासन व्यवस्थाको परिप्रेक्ष्यमा हेर्ने हो भने पनि पूर्णतः सत्ता र शक्तिको सामन्ती संरचनाबाट सीमान्तकृत बनाइएका पात्र हुन् । जाती तथा आर्थिक अवस्थाले किनारामा पुऱ्याइएको जाति हो, जो सीमान्तकृत वर्गमा पर्दछ । ज्ञान नै शक्तिको स्रोत हो भन्ने फुकोको अवधारणा अनुसार जीतु र गणेशीको चेतनामा उपल्लो वर्गको नियन्त्रण छ ।  अशिक्षित भएकैले पनि ज्ञानका अभावमा उनीहरूको चेताना सामन्त पोषित रहेको छ । उनीहरूले आफूलाई चिन्न सकेका छैनन् । उनीहरू शैक्षिक चेतनाका दृष्टिले मूल धारभन्दा पछाडि पारिएकैले साहु डाक्टर र डाक्टरनी (मालिक्नी) को दास, नोकर, घरेलु श्रमिकका रूपमा काम गर्न बाध्य छन् । उनीहरूले गरेको श्रमको मूल्यालाई पनि समाजले चिन्ने अवसर प्रदान गरेको छैन् । शिक्षा र ज्ञानबाट वञ्चित भएको जीतु मालिकको घरमा घरेलु कामदारका रूपमा मजदुरी गरेर पेट पाल्न र आफ्नो परिवारको अभाव टार्न विवश छ ।

"लोकोबाबुको घर, इँटमा टिपकारी गरेको रातो बङ्गला टाढैबाट देखियो । बुढालाई पवनले धेरै पटक स्टेशनमा डुलिरहेका देखेको थियो । शहरमा तमाम सेठ, साहुकार र व्यापारी चाकरी गर्न उनको पछिपछि प्लेटफर्ममा झुम्मिरहेका हुन्थे ।"(पृ.६५) उपर्युक्त साक्ष्यले लोकोबाबुको उच्चवर्गीय पहिचान गराएको छ । लोकोबाबु बंगाली परिवारमा जन्मेका विदेशमा अंग्रेजीको अध्ययन गरेकाले पनि उनको पहिचान सामान्य गाउँलेको भन्दा भिन्न देखिन्छ । उनको लवाइखवाइ र बोलाईमा पनि उनको उच्चवर्गीय पहिचान स्पष्ट भएको छ । उच्चवर्गीय मानिसको समाजमा आफ्नो अलग्गै पहिचान हुने र सबैलाई वर्गकै कारण नियन्त्रित गर्न सक्ने विषय माथिको साक्ष्यले उठाएको छ । लैङ्गिक, आर्थिक, भौगोलिक र जातीय हिसाबले पनि उनको सधैं कुलीन, उच्च, सम्भ्रान्त र सम्पन्न एवम् बलियो अवस्थामा देखिन्छ । यिनीहरू हैकमवादी, औपनिवेशिकता र सामन्ती शासकको रूपमा सामाजिक शासन व्यवस्थामा स्थापित

भएका हुन्छन् । उनीहरूले आफूलाई राज्यको एलिट वर्गमा राख्दै अन्य शक्तिभन्दा बाहिर रहेका आम नागरिकलाई दोस्रो दर्जाको नागरिकका रूपमा हेर्छन् र त्यही अनुसार विभेदपूर्ण व्यवहार गर्दछन् । उनीहरूले सामाजिक शासन व्यवस्थामा आफू अनुकूलको आफ्नो वर्गीय हितको पक्षपोषण गर्ने विमर्शको निर्माण गर्दछन् । त्यस्ता वर्गका व्यक्ति वा समुदायहरू जाति, लिङ्ग, वर्ग क्षेत्र, संस्कृति, पेसा हरेक दृष्टिले अभिजात्य र रूढ परम्परित व्यवस्थामा अभ्यस्त हुन्छन् ।

*घामका पाइलाहरू* उपन्यासमा व्यवस्थापक र उनकी छोरी अणुले सामन्ती पूँजीवादी संस्कृतिको प्रतिनिधित्व गरेका छन् । सीमान्त वर्गमाथि आफ्नो प्रभुत्व कायम राख्दै सामाजिक शासन व्यवस्थामा उच्च सम्भ्रान्तीय अभिजात्य वर्गको पहिचानमा उनीहरू देखिएका छन् । लोकोबाबु गोरो, मिलेको सुगठित शारीरिक संरचना भएको र सम्भ्रान्त वर्गीय आयातित पहिरनमा सजिएको छ । त्यसले उनको व्यक्तिगत र संस्कारगत पहिचान सम्भ्रान्त र खान्दानीया अनुकूलको देखिन्छ । उपन्यासमा व्यक्त यस प्रकारको अभिव्यक्तिले पनि लोकोबाबुको परिचयलाई पुष्टि गरेको छ । "लोकोबाबुको घरको सम्पन्नता देखेर पवन चकित थियो । बैठकमा भित्तादेखि भित्तासम्म टम्म पारेर ओछ्याएको बाक्ले कार्पेट । ताशको कपडाको गद्दी भएका सोफासेटहरू, ऐनैऐना भएका अनेक दरजाहरूमा किसिमकिसिमका मूर्ति, खैलौना, अनौठा सरसामानहरू ।" (पृ.३३) प्रस्तुत साक्ष्यले लोकोबाबुको उच्चवर्गीय हैसियतलाई प्रष्ट पारेको छ । उनको व्यक्तिगत भव्यतासँगै सामाजिक रूपमा पनि उनको अलग पहिचान बनेको छ । सम्भ्रान्त वर्गीय आयातित पहिरन र संस्कारमा उनको व्यक्तित्व सजिएको छ । त्यसले गर्दा लोकोबाबुको शारीरिक र संस्कारगत पहिचान सम्भ्रान्त र खान्दानीया अनुकूलको देखिन्छ । उनले निर्माण गरेको व्यक्तित्वकै कारण उनको आर्थिक समाजिक मर्यादाले हुर्कदैं गरेको सानो सहरमा बेग्लै पहिचान बनाएको छ । उपन्यासमा आएको यस भनाइले उनले निर्माण गरेको पहिचानलाई बुझ्न सकिन्छ - "एक सानो शहरमा बेलाइतबाट ट्रेनिङ लिएर आएका, धाराप्रवाह अङ्ग्रेजी बोल्न सक्ने, सूट, टाई र हैट लाउने र मासिक बाह्र सय कम्पनि तलब खाने व्यक्ति स्वतः श्रद्धेय हुन्छ ।"(पृ.३३)

लोकोबाबु ज्ञान र शिक्षा एवम् शक्तिका दृष्टिले केन्द्रसम्म पहुँच भएका सामन्तवादी संस्कृतिका संवाहकका रूपमा उपन्यासमा उपस्थित भएका छन् । वर्गीय दृष्टिले निम्नवर्गलाई दोस्रो दर्जाको नागरिक ठान्ने सामन्तवादी चरित्र उनमा पाइन्छ । तल्लो वर्ग वा सीमान्त वर्गका

मानिसहरूलाई उनको संस्कारगत भनौं या स्वभावगत दृष्टि अमानवीय रहेको ठान्दछ । सबैभन्दा उत्पीडित समुदायका रूपमा व्यवहार गर्ने परिपाटी वास्तवमा सामन्ती संस्कृतिको एउटा स्वरूप हो । उनीभित्र उत्पीडित र सीमान्तमा परेकाहरूका लागि सहानुभूति भन्दापनि आक्रोश र घृणा रहेको पाइन्छ । उनले निम्नवर्ग र जातिका लागि कस्तो व्यवहार गर्दथे भन्ने कुरालाई यो साक्ष्यले स्पष्ट पारेको छ -"शहरभरिका मानिस पान चपाएर थुक्न यहाँ आउँछन् । स्टेसन हो कि पिकदानी ? स्टेशन हाताभित्र पान बेच्न रोक लगाइदेऊ । कहाँ छ त्यो गणेशी पानवाला, सन अफ ए बिच् ?" (पृ. ४६ )

उपर्युक्त साक्ष्यबाट रेलवेको व्यवस्थापनका लागि लोकोबाबु धेरैकुरामा ध्यान पुऱ्याउने एक कुशल व्यवस्थापकका रूपमा आफ्नो पहिचान बनाएका छन् । आफ्नो पेशाप्रति र जिम्मेवारीप्रति उत्तरदायी व्यवस्थापकका रूपमा लोकोबाबुले पहिचान बनाएका छन् । लोकोबाबुले सामन्तवादको प्रतिनिधित्व गरेका छन् । उनको तल्लो वर्ग अथवा मजदुरवर्गलाई प्रयोग गरिने भाषा र शैली पनि अमानवीय रहेको देखिन्छ । सामन्तवादमा तल्लो वा सीमान्त वर्गलाई मानिसका रूपमा हेरिदैन । उनीहरूको पेसा र व्यवशारलाई समाजमा कुनैपनि स्थानमा राखिँदैन । उनी उच्चवर्गीय बंगाली परिवारमा जन्म भइ देशविदेश गएर पढेका कारण स्थानीय गरिबी र अव्यवस्थालई घृणाका रूपमा हेर्दथे । निम्नवर्ग पहिल्यैदेखि सीमान्तकृत थिए । वर्गका आधारमा उनीहरूको सामाजिक मर्यादा तोकिएको थियो । त्यही सामाजिक मर्यादाका कारण पान बेच्ने पानवालाका लागि लोकोबाबु अमानवीय र तल्लो स्तरको भाषा र व्यवहार गर्दछन् । सामन्तवादी समाजमा वर्गकै आधारमा बोलीवचन, भाषिक मर्यादा पदीय मर्यादा कायम भएको हुन्छ । यस्तो वर्गीय विभेदपूर्ण समाजमा नोकरहरूलाई मानिसका रूपमा व्यबहार गरिन्न । उनीहरूलाई अमानवका रूपमा समाजले बुझ्ने गर्दछ । सामन्तवादी समाजको सोही असमानताको कुरा साक्ष्यबाट स्पष्ट हुन्छ । यस्तो समाजमा प्रशासनिक र माथिल्ला पोस्टहरूमा काम गर्नेहरूका लागि अलग सम्मान थियो । लोकोबाबु त्यही माथिल्लो पोस्टमा काम गर्ने भएकै कारण उनलाई जस्तो भाषा प्रयोग गरेपनि समाजले सामान्य रूपमा बुझ्दथ्यो अझ न्यायोचित बुझ्दथ्यो । निम्नवर्ग वा सीमान्त वर्गका लागि समाजले फरक सामाजिक मर्यादा र उचाइ निर्माण गरेको हुन्छ । मान्छेलाई मान्छेका रूपमा हेर्नु पर्ने मानवीय भाव यस्तो विभेदपूर्ण समाजमा हुँदैन ।

"आफ्नो अभिजात्य जोगाउन गणेशीको कुरामा उनी मनमनै हाँसिरहे पनि दाँत बाँधेर मुखबाट हाँसो खुस्किन नदिई गम्भीर अनुहार लाएर गम्भीरताको स्वाङ पारिरहे । हाँसो रोकेकाले उनको दुवैपट्टीका बङ्गारा दुख्न थालेका थिए ।" (पृ.२१२) उपर्युक्त साक्ष्यमा लोकोबाबुको पहिचान अभिजात्य वा सामन्तवादीका रूपमा भएको छ । आफ्नो स्वभाव, जात र आर्थिक हैसियतकासँग स्पष्ट हुने बोल्ने रमाइलो गर्ने तर हैसियत कम हुने निम्नवर्गीयसँग टाढा रहन खोज्नुले उनको सामन्तवादी र अभिजातवादी चरित्रको पहिचान स्पष्ट पारेको छ । वर्गीय समाजमा गरिब र निम्नवर्गका मानिसलाई कुनैपनि स्थान दिइएको हुँदैन उनीहरूसँग बोल्दा र व्यवहार गर्दा आफ्नो स्वभिमानमा आँच आउँछ भन्ने अभिमान उनीहरूमा रहेको हुन्छ । त्यही वर्गीय अभिमान लोकोबाबुले देखाएको माथिको साक्ष्यबाट स्पष्ट भएको छ । तल्लो जाति वा निम्नवर्गकासँग बोले वा व्यवहार गरेमा आफ्नो स्वाभिमानमा ठेस लाग्ने अभिजात्यवादी सोच लोकोबाबुले देखाएका छन् । लाकोबाबुमा रहेको अभिजातवादी संस्कृतिका कारण नै उनी गणेशीको स्वच्छन्दपनमा निम्सरा बनेका छन् । गणेशी रेलवेको पटरीमा पान बेच्ने निम्नवर्गीय सीमान्त जातिको युवा हो । गणेशीसँग कुनै व्याक्तिगत रिसिबी भएर लोकोबाबुले त्यस्तो व्यवहार गरेका होइनन् । सामाजिक रूपमा रहेको वर्गीय सँस्कृति र त्यसले निर्माण गरेको असमानतालाई लोकोबाबुका माध्ययमबाट प्रष्ट पारिएको छ । यसरी हेर्दा लोकोबाबुले सामन्तवादी उच्च संस्कृतिको प्रतिनिधित्व गरेका छन् । गरिब निम्नवर्गकासँग व्यवहार गर्ने तर समाजिक मर्यादाको ख्याल गरी उनीहरूसँग दुरी कायाम गर्न खोज्ने व्यक्तिका रूपमा उनको पहिचान भएको छ । लोकोबाबुको रगतमा अभिजात्यको मात्रा अत्याधिक भएकाले उनी सामान्य काम गरेर गुजारा गर्नेलाई गँवार र असभ्य ठान्दथे । आफ्नो अनौठो स्वभाव र प्रतिभा भएको गणेशीको वाक्चातुर्य उनका लागि ग्राम्य र घृणित लागे । यसकारण लोकोबाबु उच्चवर्गको प्रतिनिधित्व गर्ने सामन्ती शासकका रूपमा  उपन्यासमा आएका छन् ।

वर्गीय समाजमा माथि प्रस्तुत भएका जस्ता अनेकौं सांस्कृतिक व्यवहारहरू पाइन्छन् । यस्ता समाजमा नीम्नवर्गका मानिसहरूको पहिचान भएको हुँदैन । उनीहरूको उच्च कर्मलाई पनि समाजले वास्ता गरेको हुँदैन । जात वा वर्गकै कारण उनीहरूमाथि समाजका हरेक पक्षमा विभेद हुने गरेको पाइन्छ । चाडपर्व, समाजिक गतिविध, विवाह, भोजभतेर, उत्सव, मेलापात आदिमा उनीहरूमाथि अनेकन विभेद हुने गरेको पाइन्छ । सामूहिक उपलब्धीमा एक भएर

रमाउने अवसर पनि यस्तो वर्गीय समाजमा वर्जित हुने गरेको छ । लवाइ खवाइमा पनि समाजिक विभेद हुने गरेको छ । पोषाक अनुसारको सामाजिक मर्यादका साथै खानपान अनुसारको पनि सामाजिक मर्यादा विभेदकारी समाजिक व्यवस्थामा रहेको पाइन्छ । सामाजिक यथार्थमा आधिारित भएर लेखिएको प्रस्तुत घामका पाइलाहरू उपन्यासमा यस्ता कयौँ सांस्कृतिक व्यवस्थाहरूको प्रस्तुति गरिएको छ । यस्ता व्यवस्थाले निम्नवर्गमाथि मात्र विभेद गरेको छैन गहिरो रूपमा मानसिक समस्या पनि निम्त्याएको पाइन्छ । समाजमा हुने विभेदको रुपलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ - "उता एक रुपियाँ सेरको मौवाको तीब्र दुर्गन्धयुक्त सेतो झोल दुवै रक्सिका बीच एक किसिमको रङ्गभेद नीति शहरबासीहरूले लिएका थिए । श्रीवास्तव साधारण सावागासका मझौला वर्गका कारिन्दा भएकाले देशी नखाएर के गरुन् ? उनले आफ्ना दुवै अम्वलको दुर्वलता गणेशीलाई सुम्पिदिएर आफूलाई सुरक्षित सम्झेका थिए ।" (पृ.९७)

> (११) टाँगावाल युवक आफ्नो पुर्ख्यौली थलोको अनादर भएकोमा केही उत्तेजीत हुन्छ-"आफ्नो इन्द्रासन छाडेर किन यस नरकमा पाल्नु भो त ? वर्षभरी पसिना बगाएर, हलोको मुठ र कोदालीको बिँड हातबाट हट्न नदिई यहाँका खेतालाले भित्र्याइसकेको बाली उठाउन आउनुभएको होला ? (पृ.१११)

उपर्युक्त साक्ष्यमा तराइको काम गरी खाने वर्गको आवाज प्रस्तुत भएको छ । साक्ष्यमा एक रैथाने युवकको पहिचान गराइएको छ । युवक आफ्नो काममा विश्वास गर्ने र त्यसैमा गर्व गर्ने खालको छ । तराइको गर्मी र त्योसँगै चल्ने शुष्क हावासँग उसले आफ्नो पसिनको मोल साटिरहेको छ । उसलाई आफ्नो जन्मेको माटोप्रति माया छ र गरीखाने वर्गप्रति गर्व गर्दछ । युवकका माध्ययमबाट समाजमा हुने शोषणलाई बुझ्न सकिन्छ । काम गर्ने वर्गले त्यसको उचित मूल्य नपाएकोप्रति उसको आपत्ति छ । जहिल्यै पनि तराइका काम गरिखाने वर्ग शोषणमा पर्ने गरेको उसको अभिव्यक्तिबाट ऊ श्रमप्रति अस्थावान भएको र श्रमिकलाई सम्मान गर्ने नीम्नवर्गीय युवाको रूपमा  चिनिएको छ । शोषकहरूले जहिल्यैपनि किसानलाई मर्कामा पारेको, उनीहरूको पसिनाको मूल्यलाई वेवास्ता गर्दै श्रम शोषण गरेकोप्रति युवकले आफ्नो असन्तुष्टि व्यक्त गरेको छ । यस्तो विभेदकारी समाजमा श्रमिकरू भोकै पर्ने र श्रम नगर्ने वर्ग चाहिँ अन्नका मालिक हुने असमान समाजिक व्यवस्थाप्रति युवकले आवाज उठाएको छ । सामन्ती राज्य व्यवस्थामा काम नगर्नेसँग जमिन र काम गर्ने, सीप भएकासँग केही नभएको विभेदको

चित्र माथिको साक्ष्यमा रहेको छ । आफ्नो श्रमको मूल्य नपाएको र शोषणका कुराहरू उठाएका कारण उपन्यासमा उसले सचेत निम्नवर्गीय श्रमिकको पहिचान बनाएको छ । युवकमा सदियौँदेखि रहेको असमानताले आक्रान्त बनाएको छ । उसले आफूभित्र रहेको त्यो असन्तुष्टिलाई उपन्यासमा यसरी प्रस्तुत गरेको छ- "तँपाई आफ्नो एक दिनमात्र त्यस खेतालाको दिनसँग साटेर हेर्नुहोस् अनि थाहा पाउनुहुनेछ, उब्जाउनु र सोहोर्नुमा कति फरक रहेछ । हामी तँपाईंका अन्नदाता हौँ । तपाईंको उच्च संस्कार, भव्य पोषाक र भाषाको बनोटमा हाम्रो पसिनाको आशीर्वाद पनि लुकेको छ । "(पृ.११२)

यसरी युवकले आफूहरू वास्तविक रूपमा मालिक हुँदाहुँदै पनि विभेदकारी सामन्ती राज्य व्यवस्था र त्यसका सञ्चालकहरूका कारण हेपिएको कुरा प्रस्तुत गरेको छ । उपन्यासमा तराइको मधेसी युवाको प्रतिनिधिका रूपमा युवक उपस्थित छ । मानव सभ्यताको विकास सँगसँगै उनीहरूलाई असभ्य मानिसका रूपमा हेर्रिदै आएको छ । कतिपय अवस्थामा उनीहरूले नागरिकको स्थान पनि प्राप्त गर्दैनन् र अनागरिकका रूपमा चिनिन्छन् । उल्लिखित साक्ष्यमा पनि टाँगा चढ्न आएकी महिलाले गरेको व्यवहार सामान्य मानिसका लागि उचित छैन । महिलाले युवाप्रति गरेको व्यवहार र मर्यादाले युवा सीमान्त र हेपएिको वर्गको हो भन्ने कुरा थाहा पाउन सकिन्छ । त्यसैगरी युवाले गरेको प्रतिक्रियाबाट आफूहरूमाथि अन्याय भएको कुरा तराइवासीले महसुस गरेको थाहा पाउन सकिन्छ । युवाको प्रतिक्रियाबाट उसले सचेत र अन्यायलाई बुझ्न सक्ने युवाको पहिचान बनाएको छ ।

पितृसत्तात्मक सामाजिक व्यवस्था र पुरुष शक्तिको केन्द्रमा रहने भएपनि युवकमा भने यो कुरा लागू भएको छैन । उसलाई महिलाद्वारा अभद्र र अपमानजनक व्यवहार गरेकी छे । पितृसत्तात्मक समाज व्यवस्थाको केन्द्रमा भएर पनि उत्पीडित, उपेक्षित र शक्तिको केन्द्रमा भन्दा पर परिधिमा पुऱ्याइएको सीमान्त वर्गको पात्र हो । सम्भ्रान्त वर्गबाट शोषित पीडित छ ।

(१२) निर्धन विद्यार्थी भएकोले नीजको निःशुल्क शिक्षाको लागि सिफारिस गर्दछु भनी लेखेको रहेछ ! रमानाथले भने । आफ्नो आर्थिक अवस्थाबारे सबैले चाल पाइसके तापनि छोरालाई निर्धन भनी तेस्रो मानिसले सम्बोधन गरेको सुन्दा अपमान र आत्मग्लानीले पीताम्बर भित्रभित्र आहात हुन्छन् । (पृ.५५)

सामाजिक यथार्थमा आधारित प्रस्तुत *घामका पाइलाहरू* उपन्यासले समाजमा हुने थुप्रै आर्थिक असमानता र त्यसले सृजना गरेका अनेकन समस्याहरूलाई कलात्मक तवरले प्रस्तुत गरेको छ । आर्थिक अवस्था र त्यसको असमान वितरणले वर्गीय विभेदको सिर्जना गर्ने गर्दछ । यस्तो असमान र वर्गीय समाजमा उल्लिखत् समस्याहरू समाजमा देखा पर्ने गर्दछन् । माथिको साक्ष्यमा आएको पीताम्बर आर्थिक हैसियतले निम्नवर्गका हुन् । पीताम्बर रातदिन साहुको गोदाममा मजदुरी गरी परिवारको आवश्यकता टार्ने भएकाले उपन्यासमा मजदुर वर्गको प्रतिनिधित्वका रूपमा आएका छन् । उपन्यासमा इमानदार र आफ्नो कामप्रति कर्तव्यनिष्ठ पीताम्बर आत्मसम्मानको भोका देखिन्छन् । समाजमा उनको पहिचान वर्गीय रूपमा विभेदयुक्त खालको छ । यस्तो पहिचानले मानिसको आत्मसम्मानमा कति गहिरो आघात पुऱ्याउँछ भन्ने कुरा उल्लिखित साक्ष्यमा आएका पीताम्बरका माध्ययमबाट थाहा पाउन सकिन्छ । उनी विभेदकारी मान्यताको विरोध गर्ने पात्रका रूपमा उपन्यासमा आएका छन् । आर्थिक अवस्था राम्रो नभएका कारण उनका छोराले अध्ययनमा छुटका लागि पाएको पत्रले बाबुछोरा दुवैमा गहिरो मानसिक संकट पैदा भएको छ । पीताम्बर लगायत उनको परिवार ग्राम्सीको मतअनुसार प्रभुत्वशाली संस्कृतिबाट हेजेमोनाइजड भएको छ । उसले सामाजिक सांस्कृतिक संरचनागत स्वरूपमै आफू र आफ्नो स्थितिलाई कर्मको र भाग्यको खेलका रूपमा लिएको छ । यसबाट ऊ उच्च जातिको भएपनि सामाजिक आर्थिक अवस्थाका कारण अधीनस्त पात्रका रूपमा उपन्यासमा प्रतिनिधित्व गरेको छ । पीताम्बर उच्च सीमान्तीय प्रतिनिधि पात्र हो । ऊ आफ्नो छोरालाई कसैले पनि आर्थिक रूपमा विभेद नगरोस् भन्ने चाहाना राख्थ्यो । छोरालाई निर्धन भनि गरिएको सम्बोधनले उसलाई आत्मग्लानि भएको छ । यसरी पीताम्बरले सामाजिक शासन व्यवस्थामा सामन्ती संस्कारले निर्माण गरेको वर्गीय संस्कृतिको उत्पीडित सीमान्त वर्गको प्रतिनिधित्वगरेको छ । श्रमजीवी अधीनस्थ सांस्कृतिक पहिचानका रूपमा पीताम्बर उपन्यासमा उपस्थित छ । उपन्यासमा वर्गीय विभेदका कारण पीताम्बरमा गहिरो मानसिक संकट पैदा भएको देखिन्छ । यस्तो विभदेका कारण पीताम्बरमा मात्र होइन उसको छोरो पवनले पनि अनेकन समस्या र मानसिक तनावहरूको सिकार भएको छ । पवन पनि प्रभुत्वशाली वर्गबाट हेजेमोनाइज्ड भएको छ । पवन प्रभुत्वशाली वर्गबाट कसरी पीडित भएको थियो भन्ने प्रस्तुत साक्ष्यले प्रष्ट पारेका छ :

(१३) ठिटाहरूले पनि आफ्नो मन्द बुद्धिका लागि पवनका सामु शिक्षकहरूबाट चुटाई खाएको रिस फेर्न पाए कहिलेकाहीँ क्लासमा शिक्षक नहुँदा ती लयबद्ध गरेर कराउँथे । एउटाले 'पवन' भन्थ्यो अनि क्लासका सबै दि पुवर ब्वाई भन्थे । पवन निरीह भएर लज्जित अवस्थामा बसिरहन्थ्यो । सधैँ स्कुल जान अति उत्साह देखाउने पवन अब त्यहाँ जाँदा उसको खुट्टामा एक एक मनको ढुङ्गा बाँधेजस्तो हुन थाल्यो । हुँदाहुँदा पछिपछि त आफूभन्दा तल्ला क्लासका केटाहरू पनि उसलाई त्यस्तै गरी सम्बोधन गर्न थाले । (पृ.६८)

उपर्युक्त साक्ष्यमा एउटा सीमान्त वर्गको निरीह विद्यार्थीका रूपमा पवनले आफ्नो पहिचान बनाएको छ । साक्ष्यले विभेदपूर्ण सामाजिक व्यवस्थाको शिक्षा प्रणाली पनि विभेदमुक्त हुन नसक्ने कुरालाई प्रस्तुत गरेको छ । पवनले वर्गीय समाजका आम निम्नवर्गीय विद्यार्थी र उनीहरूको प्रतिनिधित्व गरेको छ । यसरी पवन वास्तवमा सीमान्त वर्गको प्रतिनिधि हो । फुकोको मान्यता अनुसार ऊ ज्ञान र शक्तिबाट वञ्चित छ । त्यसैले उसले त्यसप्रकारको अमानवीय कार्यको विरोधमा आवाज उठाएको छैन । बरु स्कूल जान नै उसका खुट्टा कामेका छन् । ऊ सामन्ती समाजको उपेक्षित पात्र भए पनि उसको स्वः पहिचान र आत्म पहिचानमा भने कुनै विद्रूपता छैन ।

ग्राम्सीकै मान्यतामा पवन प्रभुत्वशाली संस्कृतिबाट प्रभावित भएको छ । पवनले सामाजिक, सांस्कृतिक, संरचनागत स्वरूपमै आफू र आफ्नो स्थितिलाई नियतिको खेलका रूपमा लिएको छ । ऊ अधीनस्थ संस्कृतिको उच्च सीमान्तीय प्रतिनिधि पात्र हो भन्ने कुरा पवनको यस प्रकारको अभिव्यक्तिले पनि प्रष्ट पार्दछ ।

(१४) अणु घर जाने कुरा सुनेर पवनलाई अत्यास लाग्यो । त्यस्तो घरमा अणुजस्तो स्वच्छ, कोमल र मृदु केटीलाई कसरी लिएर जाने ? कहाँ बसाउने ? बाजेको कोठाभित्र ? जहाँ चिलिम घोप्ट्याएर गोल, खरानी, सिठुवा र पातोहरूको रास लागेको हुन्छ । हुक्का, झिर तथा 'र' आकारको पित्ले कुल्फि जडेको नलि यत्रतत्र असावधानिमा लडिरहेका हुन्छन् ।"(पृ.७४)

यसरी पवनले सामाजिक शासन व्यवस्थामा सामन्ती संस्कारले निर्माण गरेको वर्गीय संस्कृतिको उत्पीडित सीमान्त वर्गको प्रतिनिधित्व गरेको छ । आर्थिक अवस्था कमजोर भएको र त्यही कमजोरीलाई नै समाजले पनि हतियार बनाइ किनारामा पार्न खोजिएको पात्रका रूपमा पवनले आफ्नो पहिचान बनाएको छ । सामन्ती शासन व्यवस्थामा निम्न वर्गलाई वर्तमान र भविष्यमा पनि माथि उठ्न नदिने सांस्कृतिक मान्यतालाई पवनका माध्ययमबाट प्रष्ट सकिन्छ । यस्तो सांस्कृतिक व्यवस्थाका आम निम्नवर्गीय युवाहरूको आत्मवल पवनको झैँ कमजोर र पराजित हुने कुरालाई माथिको साक्ष्यबाट बुझ्न सकिन्छ ।

## ३.३ *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा वर्गीय पहिचान र प्रतिनिधित्व

*यहाँदेखि त्यहाँसम्म* उपन्यास वर्गीय पहिचान र प्रतिनिधित्व बोकेको उत्कृष्ट उपन्यासका रूपमा रहेको छ । सामन्ती वर्गबाट चेपिएर बसेका शोषित वर्गको पहिचान यस उपन्यासमा गराइएको छ । राणाशासनको समयमा जमिनदारहरू राणाहरूबाट शोषित हुने र जमिनदारले गाउँका मानिसहरूलाई शोषण गर्ने दोहोरो भूमिकाको यस उपन्यासमा चर्चा गरिएको छ । मुर्किपलीया गाउँ र त्यस गाउँका आसपमासका अन्य गाउँका मानिसहरूको जीवनशैलीलाई यस उपन्यासमा प्रस्तुत गरिएको कारण शोषित मध्यम र निम्नवर्गका मानिसको पहिचान यस उपन्यासमा भएको छ । ग्रामीण वर्गका मानिस त्यति धेरै सम्पन्न पनि नहुने भएकाले जमिनदारको आश्रयमा बस्नुपर्ने र उनीहरूबाटै श्रम, अर्थ, जात, वर्ग आदिका आधारमा शोषित हुने कुराको पहिचान उपन्यासमा भएको पाइन्छ । यस उपन्यासमा सामन्ती वर्गका रूपमा राणाशासकहरू, भद्रनाथ, असुर्फी साहु आएका छन् भने शोषित वर्गका रूपमा गाउँका मानिसहरू सेते दमाइ, हर्चन, महिलाहरूमा गौरी, पार्वती लगायत आएका छन् । ग्रमीण क्षेत्रमा जीविकोपार्जन गर्ने विभिन्न वर्गका मानिसहरूले प्रतिनिधित्व गरेका कारण यो उपन्यास वर्गीय पहिचान र प्रतिनिधित्वका दृष्टिले उत्कृष्ट उपन्यासका रूपमा रहेको छ ।

“काम परुन्जेल भाँडो, काम सकिएपछि ठाँडो ? तिमीहरूको हातमुख जोर्नमा यसको ठूलो आशीर्वाद रहेको छ । यसलाई म आफूबाट पन्छाएर राख्न चाहन्नँ । हरेक देउताहरूका आआफ्ना वाहन हुन्छन्, त्यस्तै यो पीताम्बरको वाहन हो, बुझ्यौ ?” पीताम्बर पत्नीलाई भन्दछन् । (पृ.३)

यस साक्ष्यमा पीताम्बरले निम्न मध्यम वर्गीय नेपालीको प्रतिनिधित्व गरेका छन् । हाम्रो नेपाली समाजमा मध्यम वर्गीयहरूका लागि साइकल एउटा अनिवार्य साधनका रूपमा रहेको कुरा

माथिको साक्ष्यबाट पहिचान हुन्छ । पीताम्बरले परिवारको गुजाराका लागि त्यही साइकल प्रयोग गरेका थिए । साइडिङ, गद्दी र घर तीनै ठाउँ सहरका चरम विन्दुमा रहेका र त्रिभूजाकार यात्रा गर्नु पर्ने भएकाले पीताम्बरलाई पैदल यात्रा गरेर सम्भव नभएकाले उनको जीविकोपार्जनमा साइकल अनिवार्य आवश्यकता भएको थियो । पीताम्बरले देवताहरूको जस्तै साइकल आफ्नो वाहन भएको र यसबाट आफू अलग हुन नसक्ने कुरा प्रस्तुत गरेकाबाट उनी हिन्दु धर्मका व्यक्ति भएको कुराको पनि पहिचान भएको छ । तत्कालीन नेपाली समाजमा यातायातको यथेष्ट साधन नभएको अवस्थामा पीताम्वर जस्ता निम्न आय भएका मानिसका लाीग साइकल अनिवार्य आवश्यकताको साधन भएको कुराको पहिचान भएको छ । साइकलबाट नै पीताम्बरले परिवारको जिविकोपार्जन गरेको कुराबाट पनि उनले निम्नमध्यम वर्गको प्रतिनिधित्व गरेको स्पष्ट हुन्छ ।

(१) जिमीदार वा धनी कृषक घरका आइमाईहरू गाडामा बस्दाबस्दै रोईकराई गर्दै नदिको धारमा पस्छन् । गोरुहरू पानीमा पस्नासाथ चारै खुट्टा चाल्दछन् ।...दैनिक हाटवजार गर्न आएका साधारण आइमाईहरू भने कुनै गोठालालाई गुहारेर गाई वा भैँसीको पुच्छार दुवै हातले समाएर वैतरणी तरेजस्तै पारि पुग्दछन् । (पृ.४-५)

माथिको साक्ष्यमा तराइको ग्रामीण समाजका सम्पन्न र विपन्नवर्गको पहिचान गराइएको छ । यहाँ नदी तर्दा पनि धनी कृषक र जिमीनदारहरू गाडामा बस्दै तर्ने तर विपन्न वर्गका मानिसहरू भने कुनै गाईवस्तुको पुच्छर समातेर तर्नुपर्ने कुरालाई यहाँ प्रस्तुत गरिएको छ । गाउँको तीयर नदीमा पुल नहुँदा ग्रामीण क्षेत्रका सम्पन्न र विपन्न दुवै वर्गका मानिसलाई खोला तर्न असहज भएको छ । धनीहरू गाडामा बसेर तर्दा पनि भगवानको नाम लिने गरेको देखिन्छ भने विपन्नवर्गका मानिसले नदी तर्न जुनसुकै तरिका पनि अपनाउने गरेको पाइन्छ । सुख सयलमा बस्ने धनी वर्ग सानो दुःखमा पनि आत्तिने कुराको पहिचान यहाँ भएको छ । गाडामा बसेर नदि तर्नेहरूले धनी वर्गको र गोठालाका साथमा लागेर भैँसी वा गाईको पुच्छरमा समाउँदै खोला तर्नेहरूले गरिब वर्गको प्रतिनिधित्व उपन्यासमा गरेका छन् ।

(२) बारा जिल्लाभरिमा नथुनी साहु तेलीजति धनी कोही छैन भन्छन् । उसको घरभित्र एक गहिरो इनार रुपियाँ र असुर्फीहरूले अटाइनसक्नु गरी भरिएको

छ । इनारको मुखलाई वज्र ठोकेर पक्की तुल्याइएको छ जहाँ एक डरलाग्दो विशाल हात्ती आफ्ना अघिल्ला दुई खुट्टा भाँचेर बसिरहन्छ । (पृ.७)

माथिको साक्ष्यमा नथुनी साहुले एक जमिनदार र सम्पन्न वर्गको प्रतिनिधित्व गरेको छ । यहाँ राणाकालमा धनी र सम्पन्न वर्गका मानिसहरूले सम्पत्ति संरक्षण गर्ने तरिकालाई प्रस्तुत गरिएको छ । सम्पत्ति भण्डारण गर्न र त्यसलाई सुरक्षित राख्न विभिन्न जुक्ति सामन्तीहरूले गरेका हुन्छन् भन्ने कुराको पनि यहाँ पहिचान भएको छ । नथुनी साहु पनि गडहल गाउँको एक जमिनदार र सामन्ती वर्ग थियो । गाउँका जमिनदार र सामन्ती वर्गले विभिन्न माध्यमबाट सम्पत्ति आर्जन गर्ने र त्यसलाई आफ्ना सन्तानका लागि सुरक्षित राख्ने कुराको वर्णन उपन्यासमा गरिएको छ । बैंक वा कुनै सहकारी नभएको तत्कालीन अवस्थामा गाउँका धनीमनिहरू घरमै अनेको जुक्ति गरेर सम्पत्ति भण्डारण गरेका हुन्छन् भन्ने कुराको पहिचान यहाँ गर्न सकिन्छ ।

(३) “हजुर, हामी सबै गाउँले हौँ, भुच्चड देहाती । हामीमा न इलम छ न विद्या हाम्रो मुखलाई खाने चवाउनेबाहेक अरु केही थाहा छैन, हात हाम्रा रोपनी र कटनी गर्नबाहेक अरु कुनै काम गर्न सक्दैनन्, यी खुट्टा खेतको हिलामा भौँतारिनुबाहेक कतै नयाँ ठाउँ अघि सर्दैनन् । यसै गरी यी आँखा धानको रास र परालको डङ्गुरमै सधैँ गाडिइरहन्छन् । अनि हामीजस्तोले हजुरको निकै गहिरो अर्थ भएको कुरा कहाँ बुझ्न सक्नु ?” (पृ.१३)

माथिको साक्ष्यमा मधेशमा बस्ने गरिब र विपन्नवर्गको पहिचान भएको छ । गाउँले नथुनी साहुले मधेशमा बस्ने देहातीहरूको प्रतिनिधित्व गरेका छन् । अङ्ग्रेज अफिसरले तीयर नदिलाई देखेपछि त्यसमा व्यापार गर्नका लागि मानिसहरूको भेलामा भनेका थिए तर उनको घुमाउरो भाषा कसैले नबुझेकोमा नथुनी साहुले त्यसको प्रतिउत्तरमा आफूहरूलाई भुच्चडको उपनाम दिएका छन् । गडहल गाउँका मानिस सोझा र सरल हुने, केही नजान्ने र नबुझ्ने, खान र चवाउन मात्र जान्ने सोझा भएको कुराको जानकारी नथुनी साहुले अङ्ग्रेज अफिसरलाई दिएका छन् । ग्राम्य भेगमा मानिस घुमाएको कुरा नबुझ्ने र आफ्नो गरिबनी खान मात्र सिपालु हुन्छन् । दिनरात पसिना वगाएर खेतमा काम गर्ने र त्यसैले गुजारा गर्ने विपन्न र मध्यम वर्गीय गाउँलेहरू त्यसमा पनि मधेशमा बस्ने देहाती समुदायका मानिसमा सोझोपन बढी हुने कुरा यस कथाशंबाट पहिचान गर्न सकिन्छ ।

(४) “ऐ धरीछना, रे रामबचना, मेरो धानको एक बाला पनि उसपारि छुट्न गयो र बेला डुब्यो भने म तिमीहरूलाई तेल पिएको लाल जुत्ता हिर्काइ हिर्काइ तीयरमाईलाई आज भोग दिन सकिनँ भने मेरो नाम असुर्फी होइन । दिनभरिमा पचास बोझा पनि ओसार्न नसक्ने कामचोरहरू आऊ न आज बनी माग्न मैले जानेको छ ।” (पृ.१९)

माथिको साक्ष्यमा असुर्फी साहुले सामन्ती वर्गको प्रतिनिधित्व गरेको छ । काम सक्नका लागि उसले आफ्ना नोकर र कामदारलाई गाली गरेको छ । सामन्ती वर्गहरूलाई कामदारको श्रम भन्दा पनि आफ्नो कामसँग मतलब हुने कुराको पहिचान यहाँ भएको छ । आफ्नो थोरै मात्र पनि नोक्सान भयो वा काम पूरा भएन भने उनीहरू सोझै कामदारमाथि खनिन्छन् । सामन्ती वर्ग गरिब र न्यून अवस्था भएका मानिसहरूबाट कामको फाइदा लिने गर्दछन् । यहाँ असुर्फी साहुको बोली र व्यवहार गरिब कामदार माथिको प्रतिनिधित्व थियो । दिन सकिनै लाग्दा सोचेजति कामदारले काम नगरेकोमा असुर्फी साहु उनीहरूलाई काम सक्नका लागि दवाद दिदैं थियो । यदि काम नसके जुत्ताले हिर्काउने र तीयर नदिमा फाल्ने उसको धम्किलाई हेर्दा शोषित र गरिब वर्ग सामन्ती वर्गबाट ज्यादै तिरस्कृत र अपहेलित हुने गरेको देखिन्छ । यसबाट सामन्ती वर्गले श्रम शोषण गरेको कुरालाई पहिचान गर्न सकिन्छ । त्यसका साथै गरिबप्रतिको भाषिक व्यवहार पनि तुच्छ खालको देखिन्छ ।

“विपुलनाथले रुझेको कण्ठबाट भने- “महाराजको म गरिबउपर यत्रो निगाहा रहेछ । मैले भनेको पाउँछु भने महाराज यो डिठाङ्गी आज महाराजको पाउमा चढाएर सधैँका लागि मुक्त हुन चाहान्छ, यसबाहेक अरु मलाई केही चाहिन्न ।” (पृ.५४) यस साक्ष्यमा विपुलनाथले शोषित वर्गको प्रतिनिधित्व गरेका छन् भने महाराजले सामन्ती वर्गको । राजालाई विपुलनाथले सन्तुष्ट पार्न सकेपछि महाराज खुसी भएर जे मागेपनि दिने कबुल गरेपछि विपुलनाथले आफू आजाद हुन चाहेको कुरा व्यक्त गर्दछन् । राणहरूको सेवा गर्नु भनेको तरवारको धारमा जीउ लिएर हिड्नुजस्तै हो भन्ने कुरा विपुलनाथ भन्दछन् । आफू बुढो भइसकेको र अब राणाहरूको मनोदशाको भागी हुन नचाहेको कुरा विपुलनाथको भनाइको आशयबाट बुझिन्छ । जे मागेपनि पाउने त्यस्तो अवसरमा विपुलनाथले डिठाङ्गी पदवाट मुक्त हुन पाउँ भनी मागेका छन् । यसबाट मानिसलाई जति सम्पत्ति वा पद होस् आजाद नभएसम्म त्यसमा मानिस रमाउन सक्दैन भन्ने

कुराको पहिचान गर्न सकिन्छ । राणाहरू सामन्ती वर्ग थिए त्यसैले सामन्ती वर्गको सेवा सत्कार गर्न उमेर खाइसकेका विपुलनाथलाई गाह्रो हुन लागेको थियो । बाहिर खुसी देखाएतापनि शोषित वर्ग सामन्ती वर्गको चपेटामा भित्रभित्रै उकुसमुकुस हुने र त्यसबाट मुक्त हुन चाहने निम्नमध्यम वर्गीय व्यक्तिको पहिचान विपुलनाथबाट गर्न सकिन्छ ।

"लौ हेर भाखी काका तपाई के हुनुभएको ? अगाडि पछाडि कतै नहेरी जहाँ मन लाग्यो त्यहीँ बाटोमा टुक्रुक्क बसिदिनुहुन्छ । त्यहाँ पनि कुनै हराएको शब्द त खोजिरहनुभएको छैन ?" (पृ.५८) यस साक्ष्यमा भाखी काकाले नेपाली समाजको मध्यम र निम्नवर्गको प्रतिनिधित्व गरेका छन् । नयाँ बस्ती बसेको गाउँ त्यसमा पनि तराईको परिवेश भएकाले गाउँलेहरूमा शौचालय बनाउने कुराको ज्ञान नै छैन, त्यसैले घरमा शौचालयको व्यवस्था पनि छैन । त्यसकारण मानिसहरू शौचका लागि जहाँ पायो त्यहाँ बस्ने गर्दछन् । भाखी काका वृद्ध भएका कारण धेरै पर पनि पुग्न सक्दैनन् र यसो मानिसको छेल पारी बस्दछन् । भाखी काका गाउँका गुरु पनि हुन् । उनी अरु कुरामा वुद्धिमानी पनि छन् तर यस कुरामा भने उनले राणाकालीन समयको सचेतना नभएको ग्रामीण वर्गको प्रतिनिधित्व गरेको देखिन्छ । भाखी गुरुको यो व्यवहार पार्वतीलाई मन नपरेर उपहास गरेका कारण महिलालाई पुरुषको यस्तो प्रवृति मन नपर्ने र स्वीकार नगर्ने कुराको पहिचान पार्वतीबाट गर्न सकिन्छ । त्यो कुरा पार्वतीले देखेर भाखी गुरुलाई जिस्क्याएकी छन् । यसबाट निम्न वर्गका मानिसको शौचालय जहाँ पायो त्यहाँ हुने कुराको पहिचान हुन्छ ।

(५) "पाजी, तँलाई पढेर के ठूलो मालिकजस्तै डिठाङ्गी पड्काउनु छ ? अनि केका लागि तँलाई विद्या चाहियो ? पढ्न लेख्ने काम त मालिकका सन्तानहरूको हो । नोकरचाकरले पढ्न थाले भने घरको काम कसले गर्ने ? सबै कुकुर काशी गए...?" यस्ता कुरा सुनेर कृष्णेले हरेस खाएन । भाखी गुरु उसलाई धाप दिन्थे । (पृ.९०)

माथिको साक्ष्यमा विधुवा कामदारको छोरो कृष्णेले शोषितवर्गको र विपुलनाथको घरपरिवारले सामन्ती वर्गको प्रतिनिधित्व गरेका छन् । कृष्णले श्लोकको वाचन गरेको सुनेपछि विपुलनाथले कृष्णलाई भाखी गुरुको पाठशालामा पठाएका थिए तर विपुलनाथको परिवारलाई त्यो कुरा मन परेको थिएन । विपुलनाथ घरमा हुँदा त कृष्णेलाई केही भन्न सक्दैनथे जब विपुलनाथ घरमा हुँदैनथे त्यो बेला कृष्णे नोकरको सन्तानले पढेर के गर्ने भनेर नानाभातीका कुरा

सुनाउँथे । तत्कालीन समाजमा मालिक र धनी वर्गले मात्र पढ्न र गरिब र कामदारले पढ्न नहुने वा नपाउने अवस्था थियो । सोही व्यवस्थाको सिकार कृष्णे पनि भएको थियो । भाखी गुरु भने सबैले पढ्न पाउछनुपर्छ भन्ने सोच राख्ने त्यसैले उनले कृष्णलाई आड भरोसा दिन्थे । त्यसैले यहाँ गरिब कामदारका सन्तानले पढेर के गर्ने ? भन्ने सोच भएका सामन्ती वर्गको पहिचान उपन्यासमा भएको छ ।

भोजनको त्रुटि र बनाइतुल्याइमा के तालमेल मिलेन भनी दस गज टाढैबाट हावा सुँघेर थाहा पाउँथे । पछि आफ्नो गृहस्थी जीवनमा पनि विपुलनाथ खानपिनका रसिया थिए । कोतभण्डारमा हुँदा निरन्तर जुन भय र आशङ्काको छटपटिले उनी ग्रस्त रहन्थे । त्यही पीडाको केही अंशियार उनको भान्छामा काम गर्ने मानिस हुन गएको थियो ।

(६) उनी भान्छाकोठामा पस्दा दैलोबाट हाँस्दै भन्थे-"पण्डित, आज बडो प्रसन्नचित्त छौ । सपनामा मकवानपुरकी बाहुनी देख्यौ कि क्या हो ? तिमीसित सुन भए हुरेलफुरेल गरी हुर्‍याउने थिएनौ तर तिम्रा सामु त नुन थियो जो बडो मन फुकाएर तिहुनमा हालेछौ, आजको तिहुन हाम्रो कामको छैन । थालमा हाल्नेसट्टा नालमा खन्याइदेऊ । गोरुहरू तृप्त भएर धेरै दिनसम्म तिम्रो गुण गाइरहनेछन् ।" यसबाट भान्छेबाहुनको मात्र सातोपुत्लो जाने होइन घरका सारा मानिस चकित भएर जिब्रो काढ्थे । (पृ.९३)

माथिको साक्ष्यामा विपुलनाथमा दरवारीया सामन्ती वर्गको केही अंशको पहिचान भएको छ । आफूले जस्तो व्यवहार राजा महाराजबाट पाएका थिए सोही अनुसार उनी आफ्नो भान्छामा पनि प्रयोग गर्थे त्यसैले यहाँ विपुलनाथले सामन्ती वर्गको प्रतिनिधित्व गरेका छन् भने उनीबाट डराएर जिब्रो काढ्ने भान्छेबाहुनले शोषित वर्गको प्रतिनिधित्व गरेका छन् । विपुलनाथले लामो समयसम्म दरवारमा कोतभण्डारको काम सम्हालेका कारण उनलाई वास्नाबाट नै स्वादको अवस्था थाहा पाउँथे । डिठा हुँदा राजाहरूले खानामा थोरै तलवितल पर्‍यो भने विपुलनाथको सातो लिन्थे । त्यस्तै गरी विपुलनाथले पनि आफ्नो घरमा सोही कुराको थोरै अंश देखाउँथे । राणाको कोतभण्डारमा जीवन व्यतित गरेका विपुलनाथ राणाजस्तै खानपिनका रसैया थिए ।

यसबाट आफू शोषित हुँदा मान्छे जुन व्यवहार पाएको हुन्छ त्यही व्यवहार उसले आफ्नो व्यवहारमा पनि देखाउने सामन्ती वर्गको पहिचान हुन्छ ।

(७) मनुष्यशरीरभित्र भएका विकार र त्यसबाट हुन जाने अनेक रोगव्याधि र त्यसको निधान कसरी हुने हो त्यो पत्तो लाउने ठूलो खुलदुल थियो उनिभित्र । त्यही उत्सुकताले डोऱ्याएर उनी अनेक थरीका जरीबुटी गाउँका खेतबारीबाट बटुलीहिँड्थे र पुस्तकहरूको सहायताबाट बिरामीउपर प्रयोग गरिहेर्थे । हानी केही थिएन । भाखीको सहज ज्ञान सामान्य गाउँलेहरूभन्दा बढी थियो, अतः बिरामीहरूको स्वभाव, प्रकृति र अशिक्षाले गर्दा अनेक अन्धविश्वासले आकण्ठ अँठ्याएको तिनको ग्राम्यसंस्कारहरूको सूक्ष्म अध्ययन गरी ती आफ्नो चिकित्साको हत्यौडी प्रयोग गर्थे । कहिले ठाउँमा पर्थ्यो र भोलिपल्ट रोगी हाँस्दै आएर खुट्टा समाउँथ्यो भने कहिले उनको प्रयोग रोगगलाई नकोट्टयाई त्यसै बत्तिएर जान्थ्यो । (पृ.९९)

माथिको साक्ष्यबाट मुर्किपलिया गाउँका सोझा गाउँले वर्गको पहिचान भएको छ । औषधीमुलोका लागि उपयुक्त ठाउँ र मानिस नभएको अवस्थामा विपुलनाथले बस्ती बसाउँदा भाखी गुरुलाई शिक्षक र वैद्यका रूपमा  गाउँमा ल्याएका थिए । जडिबुटिको अध्ययन र प्रयोग गर्न उत्सुक रहने भाखीले औषधी बनाएर बिरामीउपर प्रयोग गर्थे । कहिलेकाहीँ त्यसले काम पनि गर्थ्यो भने कहिले रोगलाई नछोएरै जान्थ्यो । माथिको साक्ष्यमा ग्राम्य भेगमा गरिब तथा मध्यम वर्गका मानिसका लागि टाढा गएर औषधीमुलो गर्न सम्भव नभएको कारण भाखीको सामान्य औषधी उपचार नै लाख थियो भन्ने कुराको पहिचान भएको छ ।

(८) घरभित्र पस्नासाथ कृष्णे अकिञ्चन हुन्थ्यो-दास र कमारो केटो पाठशालामा कृष्णेले देखाएको विद्या र बठ्याइँको तुजुक घरभित्र पस्नासाथ भद्रेले झार्न थाल्दथ्यो - “कृष्णे मेरो जुत्ता खोल्, उभिएर लाटाकोसेरोजस्तो के हेरिरहेको छस् ? यहाँ छैनन् तेरा भाखी गुरु । मैले भनेको छिटो गरिहाल् नभए ऐले म लात्ती भकुण्डो खेलाउँछु तँलाई ।” भद्रनाथ गर्जिन्थ्यो । कृष्णे तल निहुरेर जुत्ताको फित्ता खोल्न थाल्थ्यो । यी सबै सुखा काम थिए केटाकेटि उमेरदेखि गर्दै आएकोले यस्तो काममा उसलाई कुनै नाइँनास्ति थिएन । तर जब

भद्रेले गिजोलेको उच्छिष्ट पुरा खान दिइन्थ्यो त्यस बखत कृष्णेलाई असह्य हुन्थ्यो । केटाकेटी छँदा खाइहाले पनि अब उमेरले गर्दा बलजफती खान खोज्यो कि फर्केर आउला जस्तो हुन्थ्यो । कमारोपनको चरम अनुभूति उसलाई तब हुन्थ्यो जब उसका सामु भद्रेले पुरा कुकुरले खाने किसिमबाट भ्यात्त खन्याइदिन्थे । कृष्णेको सबभन्दा बढी ग्लानिको विन्दु यही हो भन्ने कुरा थाहा पाएरै भद्रनाथ आफ्नो थालमा शेष रहेको भाग सकेसम्म फत्तलफाँडो पारेर त्यसलाई विकृत तुल्याइदिन्थ्यो जसले गर्दा कृष्णे निहुरियोस् र उसको आत्माबाट ग्लानियुक्त मूक चीत्कार निस्कियोस् ।

(पृ.१०७)

माथिको साक्ष्यमा भद्रनाथले सामन्ती वर्गको र कृष्णेले शोषित वर्गको प्रतिनिधित्व गरेका छन् । सामन्ती वर्ग कसरी बालककालदेखि नै आफ्नो तुजुक देखाउँछन् भन्ने कुराको पहिचान यहाँ भएको छ । गुरुको पाठशालामा सबै बराबर हुन्थे । भद्रनाथको सामन्ती व्यवहारको भाखी गुरुले विरोध गरेर उसलाई हप्कीदप्की गर्ने हुँदा त्यहाँ भद्रनाथ कृष्णेलाई केही गर्न पाउँदैनथ्यो त्यही रिसको बदला उसले घरमा आएपछि देखाउँथ्यो । जुत्ताको फित्ता खोल्नेदेखि जुठो पुरा गिजोलेर खुवाउन समेत ऊ पछि पर्दैनथ्यो । हजुरवुवा विपुलनाथबाट माया पाएको कृष्णेको रिस भद्रले सधैं गर्थ्यो । नोकरका छोराछोरीलाई सामन्ती वर्गले आफूले खाएर रहेको पुरा खाना दिने प्रचलन प्राचीनकालदेखि नै रहेको थियो । सोही अनुरुप यहाँ पनि कृष्णेलाई भद्रेको पुरा खान दिइएको छ । सामन्ती वर्गको सोच भएको भद्रनाथले पुरा खानालाई सकेसम्म गिजोलेर विकृत पार्थ्यो । यसबाट सामन्ती वर्ग सकेसम्म नोकरचाकरलाई तिरस्कृत गर्ने कुराको पहिचान हुन्छ । बच्चा बेलामा जानीनजानी खाए पनि ठूलो भएपछि घिन मान्ने कुराको वास्ता नै नगरी सामन्ती वर्गले पुरा ख्वाउने गरेको कुराको पहिचान माथिको साक्ष्यमा भएको छ ।

(९) तर भद्रेलाई परालको खरानी पोतरेको यस्तो पाटीसित कुनै सरोकार थिएन । यो त गरिबगुरुवाका छोराछोरीका लागि हो जो पाटीमा लेखेर बुढी औंलादेखि कुहिनासम्म मोसो दलेका जस्ता हुन्थे । तिनका शरीरमा यति सुकिला लुगाफाटा पनि त हुँदैनन् कि ती कुन अङ्गमा कहाँ कालो लाग्छ भनि चङ्ख भइरहुन् । जतिसुकै कालो लागोस् मुर्कीको पानीले पखालेपछि

> नजाला भन्नु छैन । तर भद्रनाथ एक धनी जमिनदारको छोरो वा नाति थियो । पाठ जतिसुकै बिर्सिरहे पनि आफ्नो उच्चताको कुरा ऊ कहिल्यै बिर्सिन्नथ्यो । यो अभिमान सदैव टोपी लाएजस्तो उसको शिरको उच्च भागमा टम्म परेर बसेको थियो । उसका लुगा प्रत्येक पन्ध्र दिनमा बरियारपुरको धोबीले धोएर ल्याउँथ्यो । कलफलको कक्रक्क पारेको कमिज लाएर सतरन्जीमाथि चकटी ओच्छ्याएर यौटा कुनामा ऊ एक्लै बस्थ्यो र स्लेटमा पेन्सिलले लेखिरहन्थ्यो । (पृ.१११- ११२)

माथिको साक्ष्यमा भद्रनाथले सम्पन्न र उच्चवर्गको प्रतिनिधित्व गरेको छ भने अन्य शिष्यले विपन्नवर्गको प्रतिनिधित्व गरेका छन् । जमिनदारको छोरो भद्रनाथ सानै उमेरदेखि सामन्ती वर्गको रवाफ देखाउने खालको थियो । पढाइमा कमजोर भएतापनि ऊ उच्चताको कुरा भने कहिल्यै बिर्सिन्नथ्यो । उसको लुगा कपडा र बसाईको स्थिति हेर्दा ऊ उच्च वर्गको छोरा वा नाति हो भन्ने कुराको पहिचान गर्न सकिन्छ । अरुले पाटीमा खरानीको कालो पोतेर माटाको पेन्सिलले लेख्दा भद्रनाथ भने स्लेटमा पेन्सिलले लेख्थ्यो । अन्य गरिब वर्गका शिष्य भने पाटीमा कालो खरानी पोतेर माटोको पेन्सिलले लेखेकोबाट धनी वर्ग र गरिब वर्गमा रहेको अन्तरको पहिचान हुन्छ । धनी वर्गका बच्चाको लुगाकपडा फोहोर र च्यातिएका हुने र धनी वर्गको भद्रनाथको सेतो सुकिला लुगा हुने र उसका लुगा बनियारको धोवीले धोएर ल्याउनेबाट पनि प्राचिन नेपाली समाजमा उच्च र निम्न वर्गको बिचमा ठूलै खाडल रहेको कुराको पहिचान हुन्छ । “यो बुढो स्याललाई त्यहीँबाट घोक्रोचुत्तो लाइदे । कामचोर गँजेडी, भुँडी भरिसकेपछि प्रसाद बोकेर आउँछ ।” यो हर्चनका लागि थियो । तर भद्रनाथको वाक्य तुरिँदैनतुरिँदै पुजारी कुप्रिएर आर्शीवचन बोल्दै तगारोपारी पुगिसकेको थियो - रुपं देहि धनं देहि ....।” (पृ. ११८) माथिको साक्ष्यमा पुजारी र हर्चनले शोषित वर्ग र भद्रनाथले सामन्ती वर्गको प्रतिनिधित्व गरेका छन् । त्यसका साथै पुजारीको आर्शीवचनबाट ऊ शिक्षित ब्राह्मण हो भन्ने कुराको पनि पहिचान हुन्छ । उमेरले आफूभन्दा जेठो पुजारीलाई सामन्ती भद्रनाथले पेट भरिसकेपछि प्रसाद लिएर आएको भनी बुढो स्याल, कामचोर गँजेडी भनेर गाली गरेका छन् । यसबाट सामन्ती वर्गका लागि उमेरमा जतिसुकै ठूलो भएतापनि प्रयोग गर्ने भाषा निम्न स्तरको हुने कुराको पहिचान गर्न सकिन्छ ।

(१०) गाडाको रङ्गीचङ्गी छाप्रो टाढैबाट देखेर यात्रुहरू कुनै सम्पन्न परिवारका रहेछन् भन्ने लख काट्न सकिन्थ्यो । नत्र भने निम्नवर्गका खेतालाहरू काँचो बाँसका लामा झिँजाहरू दुवैपट्टी तोरणजस्तै लच्काएर पुरानो खुइलिएको सतरन्जी वा टाटले माथिबाट छोपछाप गरी यात्राका लागि प्रस्थान गर्थे । छोटो सतरन्जीको नकटो छाउनीले न बटुवाको मर्यादा छाम्न सकिन्थ्यो न घामपानी ओत्न । तर यस छाउनीले टाढैबाट आफ्नो सम्पन्नताको घोषणा गरिरहेको थियो । अग्ला जिउडाल भएका सुहाउँदा गोरुहरूको सिङ बाक्लो अरन्डीको तेल पोतेर टिलिक्क टल्काउनका साथै अग्ला सिङहरूको बाँसजत्रो मोटो फेदमा एक-एक जोर घुङरु बाँधिदिएको थियो । गोरुहरू हिड्दा तिनबाट अनौठो सङ्गीतमय ध्वनि निस्किन्थ्यो । ...भद्रनाथ एक त मरिच, त्यसै चाउरिएका थिए, त्यसमाथि आफ्नो गाउँलाई हलोजस्तै चिरेर जाने यस यात्रुका ठस्सा देखेर उनको मुटुकलेजो एकै घान कराहीमा भ्वाइँय्य ओइरिदिएजस्तै भयो । (पृ.११८)

माथिको साक्ष्यमा सम्पन्न र विपन्न वर्गका मानिसले वयलगाडामा यात्रा गर्दा उनीहरूले प्रयोग गर्ने सरसामान भिन्नताको पहिचान भएको छ । यातायातको साधन पुगिनसकेको तत्कालीन समयमा गोरुगाडा नै मानिसको यात्राको एकमात्र साधन थियो । त्यसमा पनि धनी र गरिब वर्गको हिँडाइको तरिका बेग्लै थियो । सम्पन्न वर्गका मानिसहरू रङ्गीचङ्गी छाप्रो बनाएर हिड्थे भने विपन्न वर्गका मासिन पुरानो सतरन्जी वा टाटले बारेर हिँड्थे । माथिको साक्ष्यमा गाडामा यात्रा गरिरहेका मानिसको छाप्रो, अग्ला जिउडाल भएका गोरु त्यसमा पनि बाक्लो अरन्डीको तेल पोतेर चिल्ला बनाइएका सिङमा बाधिएको धुगरुबाट ती यात्रु कुनै सम्पन्न वर्गका मानिसहरू हुन् भन्ने कुराको पहिचान गर्न सकिन्छ । माथिको साक्ष्यमा भद्रनाथको गाउँमा आफूभन्दा माथिल्लो स्तरको यात्रा देखेर जलन भएको देखिन्छ । सामन्ती वर्गहरू आफूभन्दा माथिल्लो स्तरको मानिसलाई देखिनसहने प्रवृति रहेको कुराको पनि यहाँ पहिचान भएको छ । भद्रनाथको छुद्र व्यवहारका कारण अरु गाउँका मानिस र जमिनदारसँग भद्रनाथको मेलमिलाप थिएन । त्यस कुराबाट सामन्ती वर्ग अरुको प्रगति देखिनसहने र रिस गर्ने प्रवृतिका हुन्छन् भन्ने कुराको पनि पहिचान गर्न सकिन्छ ।

"कमारो कृष्ण...सङ्गीत सिकेर आएँ भन्छ ...हिन्दुस्तानको कुनै घटिया होटेलमा भाँडा माझेर आयो होला... गाउँमा फुर्ति लाउँछ हाहा हाहा...अनि हा हा हा हा...अनि फेरि हा हा हा हा ।" कृष्णलाई यो लहरे हँस्यौली रमाइलो लाग्छ ।" (पृ.१२२) यस साक्ष्यमा कृष्णले विपन्न वर्गको र भद्रनाथले सम्पन्न सामन्ती वर्गको प्रतिनिधित्व गरेका छन् । कृष्णकी आमा भद्रनाथको घरमा कमारी थिइन् । सानैदेखि कृष्णप्रति रिसिवी राख्दै आएका भद्रनाथले कृष्णलाई देखिनसहने कुराको पनि यहाँ पहिचान भएको छ । यहाँ कृष्णको विपन्न वर्गका रूपमा  पहिचान भएको छ । गाउँ छोडेर शहर गएर सङ्गीत सिकेर आएको कुरा भद्रनाथ लगाएत उसका भरौटेहरूलाई पत्यार लागको छैन त्यसकारण उनीहरूले कृष्णेलाई विभिन्न शब्दहरूले होच्याइरहेका हुन्छन् । कमारी विधुवा आमाको छोरा कृष्णले सङ्गीत सिकेर आएको कुरा भद्रनाथलाई पत्यार लाग्दैन । भद्रनाथभन्दा पढाइमा अब्बल भएका कारण भाखी गुरु र हजुरवुवाले कृष्णलाई माया गरेको देखेर सानै उमेरबाट कृष्णप्रति रिस भएका भद्रनाथको सामन्ती वर्गको पहिचान यहाँ भएको छ । माथिको साक्ष्यमा कृष्णले विपन्न वर्ग वा शोषित वर्ग र भद्रनाथले सामन्ती वर्गको प्रतिनिधित्व गरेका छन् ।

(११) थेच्चरो भद्रनाथतिर हेरर भाखी गुरु कहिलेकाहीँ दिग्दार भएर भन्थे - "गाउँमा रहेको आर्थिक र जातिगत विषमताको यत्रो अजिङ्गरजत्रो खाडल यस जैरेलाई गरिब छात्रहरूको लस्करमा छ्यासमिस पारेर बसाल्दैमा पुर्न सकिन्न । यस घटिया जोडघटाउबाट सामन्ती संस्कारको गणितउपर रौँप्रमाण पनि प्रभाव पर्न सक्दैन । मैले भद्रेको छाला काढेर गाउँभरि डमरु बजाउँदै हिँडे पनि ऊ कृष्णेसित घुँडा खप्टेर बस्न जाने छैन ।" (पृ. १२४)

माथिको साक्ष्यमा भद्रनाथले सामन्ती वर्गको र कृष्ण र भाखी गुरुले शोषित वर्गको प्रतिनिधित्व गरेका छन् । सामन्ती वर्गको रवाफ देखाउँदै छुट्टै बस्ने भद्रनाथलाई भाखी गुरु बेलाबेलामा झपारेर सँगै बस्न भनेपनि भद्रनाथ टसको मस नगरी छुट्टै बस्थ्यो ।  भाखी गुरुको भनाइबाट उनी गाउँमा रहेको आर्थिक र जातिगत विषमताको खाडल अन्त्य गर्ने प्रयास असफल भएको कुराको पहिचान हुन्छ र त्यस कुराबाट उनी आजित भएको कुरा पनि प्रष्ट हुन्छ । नेपाली समाजमा शोषित र सामन्ती वर्गको खाडल प्राचीन कालदेखि नै रहिआएको र त्यो

खाडल पुर्न निकै गाह्रो देखिन्छ । सामन्ती वर्गको रवाफ पाठशालामा पढ्ने कलिलो उमेरदेखि नै बच्चाले देखाउन थाल्ने र त्यो पछिसम्म पनि रहने कुरा माथिको साक्ष्यबाट पहिचान हुन्छ ।

(१२) "यस जिल्लाभरिमा को छ भद्रनाथसित लाप्पा खेल्न सक्ने ? यहाँका हाकिममात्र होइन माथि महाराज चन्द्रशमशेरसम्म मेरो पहुँच छ । हरेक हिउँदमा यहाँदेखि रौतहटसम्मको हजमिनियाँ दरबारसम्म तलवितल पर्न नदी महाराजको सवारी सिकारी चलाउने को हो ? यही भद्रनाथ हो । कोतभण्डारका डिट्टा पण्डित विपुलनाथको नातिको नाउँ बारा पर्सासम्म मात्र होइन, चुरे र महाभारतका अग्ला डाँडाहरू छिचलेर नेपालका ठुलठुला दरबारभित्र पनि पुगिसकेको छ। आऊन् मसित को जोरी खोज्न आउँछ ? पहाडलाई कुहिनाको घच्चाको डर हुन्छ ?" (पृ.१३३)

माथिको साक्ष्यमा भद्रनाथले सामन्ती वर्गको प्रतिनिधित्व गरेका छन् । महाराजहरूको नोकर चाकर बसी उनीहरूले दिएको जमिनमा जमिनदारी गरी बस्ने तराईका जमिनदारहरू केही नपाए महाराजहरूको फुर्ति लगाएर आडम्बर देखाउने सामन्ती वर्गको पहिचान भएको छ । यहाँ भद्रनाथ पनि आफ्ना हजुरवुवा विपुलनाथ र चन्द्रशमशेरको धक्कु देखाएर आफू ठूलो भएको रवाफ देखाएका छन् । असुर्फी साहुको ज्वाइँलाई कुटेर पठाएपछि भद्रनाथमा अनिष्ट आइलागेको थियो । असुर्फी साहुले भद्रनाथलाई त्यस्तै हालत बनाइदिन्छु भन्ने खबर पठाएको थियो । त्यही कुराबाट भित्रभित्रै डराए पनि भद्रनाथ बाहिर भने महाराजाहरूको खोल ओढेर आफू शक्तिशाली छु भन्ने भ्रम आफ्ना भरौटेहरूलाई सुनाइरहेका छन् । सामन्ती वर्गहरू भित्रभित्रै जति कमजोर भएपनि त्यो कुरा बाहिर व्यक्त नगर्ने र आडम्बरीपन देखाउने कुराको पहिचान माथिको साक्ष्यबाट भएको छ ।

(१३) "मालिक त देउता हुन् । बाहिरबाट कठोर भएपनि भित्र तिनको लादिमा गरिबको लागि एक तुर्को आँसु छ । बाबुले कहिलेकाहीँ सन्तानलाई हप्कीदप्की नलाए ती खेर जान सक्छन् । मरी जाओस् मोरो हर्चन, तेरा तिन पुस्ताले नर्कमा समेत बास नपाओस् । तेरो सिङ्गै जीउभरि कोढ फुटोस् । रे हर्चनवाँ, तँलाई हरियो बाँसमा चढेर गएको हामी सबैले हेर्न पाए अब आउने गढीमाईलाई भोग चढाउँथेँ ।" (पृ.१५०)

माथिको साक्ष्यमा गाउँलेहरूले शोषित विपन्न वर्गको र भद्रनाथले शामन्ती वर्गको प्रतिनिधित्व गरेका छन् । त्यस्तै हर्चने मालिकको आज्ञा पालकको प्रतिनिर्धित्व गरेको छ । भद्रनाथले पिट्न लगाएको मानिस घरमा पुगेपछि परिवार र आफन्तले गरेको माथिको कुराबाट सामन्ती वर्गलाई शोषित वर्गले देवता र अभिभावक मान्ने कुराको पहिचान हुन्छ । भद्रनाथले कुट्न लगाएको कुरालाई सामान्य रूपमा लिएका शोषित वर्गले पिट्ने हर्चनमाथि आफ्नो रिस पोखेका छन् । हर्चन भद्रनाथको भरौटे भएको कारण भद्रनाथले अह्राएको मान्नुपर्ने उसको बाध्यता छ तर गाउँका सिधा मानिसहरू पिट्न लगाउने मानिसलाई देवता र आदेशको पालना गर्ने मानिसलाई राक्षसको संज्ञा दिएका छन् । यसबाट गाउँलेहरूको सिधापनको पनि पहिचान गर्न सकिन्छ । सामन्ती वर्गबाट जति थिचोमिचो सहेपनि शोषित वर्गले उसको गुणगान गाइरहने कुराको पनि यहाँ पहिचान गर्न सकिन्छ ।

(१४) भद्रनाथ र गाउँमा उनका प्रभावक्षेत्रभित्र रहेका सबै कृष्णविरोधी थिए । उनलाई स्नेह गर्नेहरू पनि भद्रनाथको कुपित कोपभाजन हुनुपर्ला भनी कृष्णात्रे गाउँमा फर्केर आए अथवा अझै विदेशको माटोमै छन् -त्यसबारे केही नजानेजस्तै आँखा चिम्लिएर बसेका थिए । हामीलाई खेतिपातीसित सरोकार छ, गीतसङ्गीत खान पुग्नेहरूको रौस हो । (पृ.१५०)

माथिको साक्ष्यबाट भद्रनाथले सामन्ती वर्ग र गरिब किसानले शोषित वर्गको प्रतिनिधित्व गरेका छन् । भद्रनाथ कृष्णात्रेलाई सानैदेखि मन नपराउने भएकोले गर्दा कृष्णात्रेले सङ्गित सिकेर आएपछि पनि भद्रनाथले कृष्णको पक्षमा राम्रो कुरा नगरेका कारण गाउँलेहरू पनि भद्रनाथको कुपित कोपभाजन हुनुपर्ला भनेर कृष्णको पक्षमा कोही उभिएका थिएनन् । यसबाट शोषित वर्गहरू सामन्ती वर्गको चपेटामा पनि राम्रो कुरा सुन्न र हौसला दिन पनि सक्दैनन् भन्ने कुराको पहिचान भएको छ । अर्को पक्षबाट हेर्दा गरिबवर्गहरूलाई खेतीपातीबाटै फुर्सद नहुने हुँदा उनीहरूको लागि सङ्गित रौसको विषय भएको कुराको पहिचान हुन्छ । यहाँ ती खान नपुग्नेहरूले गरिबवर्गको प्रतिनिधित्व गरेका छन् । खान पुग्ने र धनीवर्गका लागि मात्र रमाइलो सङ्गित आवश्यक हुने तर गरिबहरू कसरी जहानपरिवारको पेट पाल्ने भनेर खेतीपातीमै लाग्ने भएकाले सङ्गितका लागि फुर्सद नहुने कुराको पहिचान माथिको साक्ष्यमा भएको छ ।

(१५) भाखी गुरुलाई थाहा छ, जहाँबाट कृष्णात्रे एक मेधावी सङ्गितज्ञका रूपमा सफलतासाथ उत्तीर्ण भयो त्यही शिक्षणसंस्थामा उसलाई ससम्मान नियुक्त गर्ने आग्रह गरिएको थियो । तर उसलाई विपुलनाथको सानो पैँचो तिर्नु थियो । सबै प्रलोभनलाई लत्याएर ऊ आफ्नै गाउँको माटोमा टेक्न आइपुग्यो । (पृ. १५२)

माथिको साक्ष्यमा कृष्णात्रे र भाखी गुरुले एक विपन्न वर्गको प्रतिनिधित्व गरेका छन् । भद्रनाथले टाउको फुटाएपछि गाउँ छोडेर गएको कृष्ण एक मेधावी सङ्गितज्ञका रूपमा गाउँमा आएको छ । गाउँ छोडेर जाँदा विपुलनाथले शिक्षा आर्जन गरेर यही गाउँमा आएर सेवा गर भनेर भनेका कारण कृष्णले विभिन्न अवसरलाई लत्याएर गाउँको सेवा गर्न गाउँमा आएको छ तर गाउँमा उसको आदर गर्ने मानिस नगन्य मात्रामा भएर भाखी गुरुलाई चिन्ता परेको छ । ग्रामीण वर्गका मानिसहरूमा छाक टार्न नै मुस्किल हुने अवस्थामा सङ्गितको ज्ञान नभएको देखिन्छ । माथिको साक्ष्यमा गरिब र विपन्न वर्गका लागि धन सम्पत्ती भन्दा पनि आफूले दिएको वचन पूरा गर्नु आवश्यक हुन्छ भन्ने कुराको पहिचान गर्न सकिन्छ ।

(१६) "... म गाउँको प्रमुख हुँ मसित कुरा गर्दा पनि तिमी त्यही लेघ्रोमा कुरा गर्छौ जसरी तिमी डुमचमारसित बोल्दछौ । मलाई के तिमीले यति काथर डरछेरुवा सम्झेका छौ कि म त्यस तेलीको डरले आफ्नो गाउँ छोडेर लुकेर बसूँ । म हिम्म्तसाथ मुकाबिला गर्छु, हेरुँ न के गरिहाल्दो रहेछ त्यसले ?" ( पृ.१६७)

माथिको साक्ष्यमा भद्रनाथले उच्च सामन्ती वर्ग र पीताम्बरले मध्यम शोषित वर्गको प्रतिनिधित्व गरेका छन् । पीताम्बर मध्यम आयस्तर भएका ब्राह्मण हुन् । भद्रनाथ समकक्षी भएकोले जमिनदार र गाउँको प्रमुख भएतापनि सही र गलत स्पष्टसँग मध्यआदर प्रयोग गरी भन्थे तर त्यो कुरा सामन्ती भद्रनाथलाई मन पर्दैनथ्यो । यसबाट सामन्ती वर्गहरू आफ्नो गुणगान गाएको सुन्न चाहने र अरुले जयजयकार गरेको मन पराउने प्रवृतिका हुने कुराको पहिचान गर्न सकिन्छ । आफू गाउँको प्रमुख भएको कारणले गर्दा आफूसँग बोल्दा झुकेर नरम भएर बोल्नुपर्ने भद्रनाथको अभिव्यक्ति छ । माथिको साक्ष्यमा डुमचमारलाई तल्लो स्तरको जात

मानेको कुराको पनि पहिचान भएको छ । सामन्ती वर्ग भित्र जतिसुकै कमजोर भएपनि बाहिर बलशाली र हिम्मतिलो भएर प्रस्तुत हुने प्रवृतिलाई पनि यहाँ प्रस्तुत गरिएको छ ।

(१७) "तर जे होस् यस अपमानको लागि हामीले पीताम्बरलाई कुनै सजाय नदिई भएको छैन । मेरो विचारमा आज राति उसको खेत धुस्नु पारेर चराइदे । हेरूँ त वर्षभरि के खाँदा रहेछन् सत्यवादी हरिश्चन्द्रजी ?" हर्चन भित्रभित्र डराएर भन्यो - "मालिक त्यसो गऱ्यो भने सजायको अंशियार बिनासित्ति उनकी बाहुनी पनि हुन जान्छिन् । आइमाईको गाँस खोस्दा पाप पनि लाग्छ । बरु भोलि उनको छोरो सहरबाट साइकल चढेर गाउँ आउँदै छन्, त्यो साइकल पीताम्बरलाई सारै प्यारो छ । म कुनै युक्ति लगाएर त्यो साइकल मालिकको गोवासभित्र ल्याइपुऱ्याउँछु ।"(पृ. १६८)

माथिको साक्ष्यमा भद्रनाथले सामन्ती वर्गको र हर्चन र पीताम्बरले शोषित वर्गको प्रतिनिधित्व गरेका छन् । आफू अपमानित भएको भनेर भद्रनाथले पीताम्बरको बाली चराइदिनका लागि हर्चनलाई लगाएका छन् । यसबाट सामन्ती वर्ग रिसिवीमा जस्तोसुकै तल्लो स्तरको काम गर्न पछि नहट्ने कुराको पहिचान भएको छ । हर्चनमा भने केही दयामाया देखिएको छ । मालिकले जे भन्यो तेही गर्नुपर्ने हर्चन वर्षभरि खाने बाली सखाप पार्न नहुने तर्क देखाएको छ । गरिब वर्गले गरिबको पीर मर्का बुझ्ने कुरा यहाँ प्रस्तुत भएको छ । माथिको साक्ष्यमा महिलालाई विनाकारण सजाय दिन नहुने र यसो गरेमा पाप लाग्ने कुरा हर्चनले गरेको छ । यसबाट महिलाको गास खोस्न नहुने कुरालाई प्रस्तुत गरिएको छ । बदला लिनका लागि भद्रनाथ जस्तो गाउँको प्रमुखबाट साइकल लुकाउने जस्तो तुच्छ काम भएकोबाट सामन्ती वर्गहरू आफ्नो इज्जत जोगाउन जस्तो सुकै कार्य गर्न पनि पछि पर्दैनन् भन्ने कुराको पहिचान गर्न सकिन्छ ।

(१८) भद्रनाथको विवाह सिङ्गै गाउँका लागि बडो हर्षोल्लासको अवसर थियो । सामन्ती समाजमा एक त यसै पनि धन र इज्जतको फोस्रो धाकधक्कु देखाएर जिल्ला प्रगन्नामा आफ्नो प्रतिष्ठाको विजयकेतु उच्च राख्ने अभिलाषा हुन्छ भने विवाहजस्तो संयोग त झन् सामन्ती तुजुकको प्रमुख प्रदर्शनको जमर्को ठहरिन्छ । विवाहपछि निकै दिनसम्म गाउँलेहरूको

जिब्रोमा त्यसको गरिमा र भव्यता एक दन्त्यकथाजस्तै झुन्डिरहेको हुन्छ । वैभवविलासको प्रादर्शनिक तँछाडमछाड यस औसरको एक सहज प्रक्रिया भए तापनि त्यसउपर ज्वालामा भुटन थपेजस्तै डण्डपाणि, जिल्लामा निर्क दुर्मुख र तेजोवधिक कहलिएका थिए - ले के पनि संवाद पठाए भने- "दण्डपाणिसित नाता लाउन सितिमिति मिर्मिच्चे ह्याकुलाले सक्दैन । त्यस मुर्किपलीयाको घरमा बुज्रुक भनाउँदो कोही छैन, ठेट्नैठेट्नाहरूले मलाई आफ्ना जोरिपारीका सामु लाजको मर्नु पार्लान् । कस्ता भित्री मधेषका कोर्कालीहरूलाई डण्डपाणिजस्ता नाम चलेकाले आफ्नी फूलथुङ्गे छोरी हिल्ला लाएर पठाएका छन् । तसर्थ तिनले स्यालको सिकार गर्न बाघको गोली लिएर हिँडेजस्तै विवाहको तयारी गरून् । मेरो गाउँ तिमीहरूको जस्तो हरियो फूसको छाना भएको कटमेरो गाउँ होइन । पुरातनकालदेखिको बागमतीकिनारको एक पाको बस्ती हो ।

(पृ. १७५)

माथिको साक्ष्यमा सामन्ती वर्ग भद्रनाथको विवाह हुन लागेको अवसरलाई प्रस्तुत गरिएको छ । सामन्ती वर्गको विवाह लामो समयसम्म सम्झिन लाएकको हुने त्यसका लागि निकै तामझाम प्रस्तुत गर्ने नेपाली समाजको पहिचान भएको छ । भद्रनाथ र उनका हुन लागेका ससुरा दण्डपाणि दुवैले सामन्ती वर्गको प्रतिनिधित्व गरेका छन् । भद्रनाथ र दण्डपाणिकी छोरीका विचमा विवाह हुन लागेको अवसरमा दण्डपाणिले आफू भद्रनाथभन्दा उच्च स्तरको भएको कुराको पुष्टि माथिको साक्ष्यमा पहिचान भएको छ । यसबाट सामन्ती वर्गभित्र पनि एक अर्काको उच्छिटो गर्ने र आफू ठूलो भएको कुराको दम्भ देखाउने संस्कारको पहिचान भएको छ । सामन्ती वर्गहरूका बिचमा वैभव र सम्पत्तीको तुजुक देखाउनका लागि तछाडमछाड गर्ने प्राचीन नेपाली समाजको पहिचान माथिको साक्ष्यमा भएको छ ।

(१९) गाउँका धनीमानी त तिनै एक जना छन् - पण्डित भद्रनाथ खतिवडा । ठूलो रूखको ओझेलमुनि अरू विरुवा बलिष्ठ भएर आफ्नो शक्तिभरि कहाँ हुर्किन पाउँछन् ? सूर्य, हावा र पानीको खटनपटन ठूलै वृक्षबाट हुन्छ । खटाइएको आहारामा प्रयोजन भएजति पौष्टिक तत्त्वको उपहार कहाँ पाउनु

र हल्केर जानु ? आफ्नो श्रम र बुद्धिबर्कतबाट कसैले राम्रो आर्जन गर्न थालेको सुइँको पाउनासाथ अनेक बिङ्गो लाएर भद्रनाथ त्यसलाई उसको यथार्थ आकारमा ल्याइपुऱ्याउथे । चरा आकासिनु अगावै त्यसको पखेटा काटिदिन्थे । त्यसले गर्दा धनधान्यको रेलोपेलो गाउँमा हुन पाएन । उब्जा अति राम्रो भएपनि त्यसको अधिकांश भाग भद्रंनाथको भकारी वा धनसारमा थुप्रिन पुग्थ्यो । सानासाना किसानहरू एकपल्ट भद्रनाथको ऋण र ब्याजको नेल गलफन्दी लाएपछि जनमकैद भएजस्तै कहिले उऋण हुन पाउँदैनथे । ब्याजको चक्रवृद्धि गणित झन्झन् अल्झिँदै जान्छ र ऋणको नागपाशमा आकण्ठ बेरिएको किसान जीवनभरि पिल्सिँदापिल्सिँदै परमधाम पुग्छ । अनि यस दुःखद कथाको नयाँ परिच्छेद बोकेर उसको सन्तान पुनः प्रकट हुन्छ । (पृ. १८४)

माथिको साक्ष्यमा भद्रनाथले सामन्ती ब्राह्मणको प्रतिनिधित्व गरेका छन् । गाउँमा आफ्नो अधिपत्य जमाउनका लागि उनले कसैले राम्रो गर्न वा प्रगति गर्न थाल्यो भने उसलाई जालझेल गरी बाधा पुऱ्याएर पहिलेकै अवस्थामा ल्याइपुऱ्याउन सामन्ती वर्गले खेल्ने भूमिकालाई यहाँ प्रस्तुत गरिएको छ । माथिको साक्ष्यबाट गरिब किसानको उब्जाउदेखि हरेक कुरा सामन्ती वर्गलाई नै सुम्पिने र आफू ब्याजको स्याज स्याजको प्याज गर्दै ऋण माथि ऋण बोक्दै जाने कुराको पहिचान यहाँ भएको छ । गाउँका जमिनदारहरू गरिब किसानलाई चुसेर नै धनी हुने र अरुको प्रगति भएको देखिनसहने प्रवृतिका हुने कुरा भद्रनाथको व्यवहारबाट पहिचान हुन्छ ।

(२०) सहर जसले गाउँको सामन्तीपनको स्वभाव त्यागेर बिस्तारै महाजनी सभ्यता र संस्कृति अपनाइसकेको छ । सहरले ओढेको नयाँ संस्कृतिको तिरस्कार गरेर कोही पनि सामन्ती ठस्सा र फोस्रो अहम्‌को तुजुक झिकेर अब त्यहाँ टिक्न सक्दैन । भद्रनाथ आफ्नो सेरोफेरोभित्र मात्र सुखी रहन सक्दछन्, जहाँ उनको आज्ञा नलिई कसैले छोरीको कामकुरो छिन्दैन, नयाँ घर बनाउन सक्दैन र प्रत्येक आउनेजानेले आफ्नो ढाड कुप्राएर एक विनीत नमस्ते उनलाई चढाउनै पर्छ । सहरको सभ्यतामा भद्रनाथ कसरी

टिक्थे ? उनको आज्ञाले लोकोबाबू गाडी छाड्न विलम्ब गर्ने छैनन् । न टिकट टक्र्याउन आउनेछन् । (पृ.१८८)

माथिको साक्ष्यमा भद्रनाथको सामन्ती वर्गको पहिचान भएको छ । त्यसको साथै सहरबजरामा विस्तारै महाजनी सम्भ्यता र संस्कृतिको उदय हुन लागेको कुराको पहिचान भएको छ । सामन्ती वर्गहरू आफ्नो इलाकामा मात्र सामन्तीपन देखाउन सक्ने अन्यत्र उनीहरूलाई कसैले पनि नचिन्ने कुरालाई पनि यहाँ प्रस्तुत गरिएको छ । नेपाली समाज विस्तारै अगाडि बढेको र जनता पनि शिक्षित हुन थालेका कारण सहर बजारमा सामन्तीपन विस्तारै हराउँदै जान लागको कुरा पहिचान भएको छ । सामन्तीवर्गहरूको स्वीकृति नलिइकन शोषितवर्गले केही काम गर्न नपाउने नेपाली समाजको पनि यहाँ पहिचान भएको छ ।

(२१) सिङ्गै मुर्कीपलिया गाउँ इन्तु न चिन्तु भई निदाएको थियो । दिनभरिको हाड घोट्ने परिश्रमबाट गाउँवासीहरू त झन् निस्लोट भई निदौरीको काखमा गुँडुल्किएका थिए । निद्रादेवीको वरदान धनीहरूभन्दा गरिबहरूले बढी पाएका हुन्छन् । अभावग्रस्त श्रमजीवीहरूको निधारबाट फुटेर शरीरभरि प्रवाहित हुने पसिनाका धाराउपधाराहरूमा सपनाका सानासाना डुङ्गा खियाउँदै निद्रादेवी जलविहार गरिरहेकी हुन्छिन् । ओछ्यानको नाउँमा दुई मुठी पराल र सिरानीका लागि कुनै एक ठेउको पाउनासाथ निद्राले खर्पनभरिको गह्रुङ्गो भारी आँखाका पट्टल र परेलीहरूलाई बोकाइदिएको हुन्छ । त्यसपछि परेलाका घोप्टेहरू घचेटेर माथि लैजान सहस्र बाहुको बल परेजत्तिकै हुन्छ । अनि उसका लागि गुन्द्री होस्, मान्द्रो होस् वा भाङ्ग्रो होस् सबै मखमलको लचकदार ओछ्यानसरह हुन्छन् । (पृ. १९१)

माथिको साक्ष्यमा दिनभरी हाड घोटेर काम गर्ने गाउँवासीले विपन्न वर्गको प्रतिनिधित्व गरेका छन् । गरिब वर्गको सुत्ने ओछयानको पहिचान भएको छ । धेरै काम गरी थाकेका हुने हुँदा गरिबहरू जस्तोसुकै ओछ्यान पाएपनि भुसुक्क निदाउने गर्दछन् । अभावग्रस्त श्रमजीवि किसानहरू दुई मुठि पराल र एउटा ठेउको पाएपछि मस्त निदाउने ग्रामीण भेगका किसान वर्गको पहिचान यहाँ गराइएको छ । सामन्ती वर्गलाई धनसम्पत्ति, इज्जत आदि जस्ता कुराको

सदैव भय रहने हुँदा उनिहरू राम्ररी सुत्न नसक्ने तर गरिबवर्ग दिनभरी काम गर्दा थाक्ने र ओछ्यानका रूपमा जे भएपनि मस्तसँग निदाउने कुराको पहिचान माथिको साक्ष्यमा भएको छ । त्यसैले गरिबले जसरी धनी वर्गले निन्द्राको आनन्द लिन नपाउने कुरालाई पनि यहाँ प्रस्तुत गरिएको छ ।

(२२) रोपाइँका दिन खानेपिउनेको के दुःख । त्यस दिन बिहानदेखि सिङ्गै गाउँ खेतमा ओर्लेको हुन्छ । एक दिनभित्रै जसोजसो गरेर गाउँको भएजति सबै खेतहरू रोपेर भ्याइसक्नुपर्ने हुन्छ, भोलिका लागि जुन भागमा रोपाइँ बाँकी रहन जान्छ त्यसमा उब्जनी राम्रो हुँदैन र जग्गाधनीलाई एक मारमा बोको नछिन्न सकेजस्तै दशा लाग्छ भन्ने गाउँबासीको धारणा छ । जसको भूमि छ ती त सिङ्गै परिवार आफ्नै रोपाइँमा लागेका हुन्छन्, जो भूमिहीन छन् ती अन्यत्र बनियार भई ज्यालादारिमा काम गर्छन् । ती त्यस्ता खाइहाल्दा खालका भूमिपतिको जग्गामा ज्यामीसरह लागेका हुन्छन् जो आफ्नै हातले माटोसित खेल्न अघि सर्न सक्दैनन् । गाउँमा ठूला भूमिपतिमा भद्रनाथ र मझौला कृषकमध्ये पीताम्बर बाजेको यही स्थिति छ । अरु घरव्यवहारको सबै काम आफैँ धान्ने भएपनि श्रममूलक काम उनीबाट हुँदैनथ्यो । त्यस कारण ज्यालामा ज्यामी लगाएर रोपाइँ गराउनुपर्थ्यो । (पृ. १९२)

माथिको साक्ष्यमा भद्रनाथले सम्पन्न सामन्तीवर्गको प्रतिनिधित्व गरेका छन् भने पीताम्बरले मध्यम वर्गीय कृषकको प्रतिनिधित्व गरेका छन् । त्यसैगरी जग्गाजमिन नभई अर्काको घरमा ज्यालमा काम गर्न जाने वर्गले निम्नवर्गको प्रतिनिधित्व गरेका छन् । माथिको साक्ष्यमा नेपाली समाजमा रहेका तिनवटा वर्गको पहिचान भएको छ । सामन्ती र मध्यम वर्गसँग जमिन त हुने तर उनिहरू आफैँले खेत रोप्न नसक्ने हुँदा यहाँ हुनेखाने वर्गहरूले हुँदाखाने वर्गलाई ज्यालामा काम लगाउने कुराको पहिचान यहाँ भएको छ । ग्रामीण समाजको असारको पन्ध्रको रोपाइँको चर्चा यहाँ गरिएको छ । जहाँ सामन्ती वर्गका मानिसहरू आफू हिलोमा नपस्ने र गाउँका विपन्न वर्गलाई ज्यालामा काममा लगाउने प्रचलनको चित्रण गरिएको छ । असारको पन्ध्र एक दिनमै रोपाइँ नभ्याए दशा लाग्ने रुढीवादी सोचले ग्रसित ग्राम्य वर्गको पनि पहिचान यहाँ भएको छ ।

(२३) रोपारहरूका माझ हिलैडिल हिँडिरहने केही सेता लुगा लाएका मालिक आकृतिहरू देखिन्थे । जो छाता ओढेर बडो व्यग्रतासाथ आआफ्ना खेत केकति रोपियो भनी निरीक्षण गरिरहेका थिए । पीताम्बर र पवनकी आमा अनि पार्वती आफ्ना खेतका आलीमाथि थिए भने भद्रनाथ आफ्ना धुपौरेहरूसित अर्कोतिरको आलीमाथि एक भाँच्चिने आराम-मेच राखेर ढस्स बसेका देखिन्थे । उनको पछाडि हर्चन चाँदीको पानबट्टा लिएर उभिएको थियो । आएदेखि भद्रनाथलाई पवनले देखेको थिएन तर पनि पहिलो झमटमै उनको रबाफिलो, ठस्सापूर्ण व्यक्तित्वलाई देख्नासाथ भद्रनाथ यिनै हुन् भनी पहिचान गर्न उसलाई बेर लागेन । (पृ. १९५)

माथिको साक्ष्यमा भद्रनाथले सामान्ती वर्ग र पीताम्बर, पवनकी आमा र पार्वतीले मध्यम वर्गका किसानको प्रतिनिधित्व गरेका छन् । यहाँ भद्रनाथको ढस्सापन देख्दा उनी ठुलै जमिनदार र सामन्ती वर्ग हुन् भन्ने कुराको पहिचान गर्न सकिन्छ । नेपाली समाजमा धनी वर्गका मानिसहरू आफू हिलोमा नटेक्ने तर ज्यालादारीमा काम लगाउने प्रचलन रहेको देखिन्छ । अझ सामन्ती वर्गका मानिसहरू त झन् पछाडि धुपौरे लगाएर आराम मेच राखेर अरुले काम गरेको हेर्ने प्रवृतिलाई प्रस्तुत गरिएको छ । यसरी माथिको साक्ष्यले सम्पन्न र विपन्न वर्गका बिचमा रहेको ठूलो खाडललाई उजागर गरेको छ । यसै कारणले ध. च. गोतामेका उपन्यासले समाजको यथार्थलाई जस्ताको तस्तै प्रस्तुत गर्ने हुँदा सामाजिक उपन्यासको उत्कृष्ट उदाहरणका रूपमा रहेका छन् ।

(२४) उनको चिताइको विपरित सिङ्गै गाउँ मस्त निदाएको थियो, चारैतिर चुक घोप्ट्याएको जस्तो अँध्यारो थियो र कतै कुनै घरमा प्रकाशको झीनू धर्सोसम्म थिएन । गाउँ यसरी चमकन्न भएको कताकता उनलाई सन्चोजसतो लाग्यो । उनको यो बेइज्जती गाउँबासीहरूले देखेका भए भोलिदेखि उनी दुई कौडीका मानिस हुने थिएनन् । कसले उनको खटनपटन, गर्जनतर्जनको टेरपुच्छार लाउने थियो ? कोही उनका सामु थरथर काम्दै रुँदै-कराउँदै पाउमा टाउको निहुराउन महुवामुनि आउने

थिएन । उनको हुर्मत लिएको समाचार यस गाउँको सिमाना काटेर वनको डढेलोजस्तो सिङ्गै बारा जिल्लामा ग्याइँग्याइँ हुने थियो । (पृ.२०२)

माथिको साक्ष्यमा भद्रनाथले सामन्तवादी पुरुषको प्रतिनिधित्व गरेका छन् । असर्फि साहुका मानिसले भद्रनाथलाई पाता कसेर लगेपछि त्यो कुरा गाउँलेले थाहा नपाएकोमा भद्रनाथ खुसी भएका छन् । सामन्तीहरू आफूले अपमान पाएको कुरा थाहा नपाओस् भन्ने सोचाइको हुने कुरा भद्रनाथबाट पहिचान भएको छ । सामन्तीवर्गहरू आफूले चोट खाएकोमा भन्दा आफ्नो इज्जतमा बडो चनाखो हुने कुराको पनि पुष्टि माथिको साक्ष्यबाट भएको छ ।

(२५) उनी स्वयं स्वभावगत रुपबाट गाउँका एक ठालु सामन्ती मिजासका मानिस थिए । यस्तो मानिस सदैव परपीडामा आनन्द लिन्छ । आर्कालाई दिएको यातनाका कथा ठाउँठाउँमा अझ बढी नेफा गाँसेर भन्दै हिँड्छ तर आफू खडाउबाट चिप्लेर पूजाकोठामा लडेको समेत कसैलाई भेउ दिन चाहन्न । मालिकले आज तीन बल्डचाङ हाम गर्नुभो भन्दै चोर औँला मुखमा ठड्याएर ग्रामवासीहरूले दमित खित्का छाड्दै हिँडेका सामन्ती संस्कारका लागि अति जघन्य र घोर अपमानकारी ठहरिन जान्छ । अनि कसरी जीउभरि बेसार-नुन थोपरेर, काम्रोमा हात झुन्ड्याउँदै आफ्नो पीडाको आलो कथा भद्रनाथ अनेक ऐयाआत्थुका साथ घरघर आफ्ना मुखापेक्ष र आश्रितहरूलाई सुनाउँदै हिँड्लान् ? (पृ.२०८)

माथिको साक्ष्यमा भद्रनाथले सामन्ती वर्गको प्रतिनिधित्व गरेका छन् । यसै त सामन्ती वर्ग ठुलाठालु हुने त्यसमा पनि भद्रनाथ अझ बढी सामन्ती प्रकृतिको भएको कुरा माथिको साक्ष्यमा पहिचान भएको छ । अरुका कुरा कथा उपकथा गाँसेर सुनाउँदै हिड्ने र त्यसबाट आनन्द लिने तर आफू हाँसोको पात्र नबन्न हरेक कुरामा सचेत हुने सामन्तवादी संस्कारको यहाँ पहिचान भएको छ । असुर्फी साहुका मानिसले भद्रनाथलाई कुटेर मरणासन्न पारेको कुरालाई भद्रनाथले औलो लागेर बिरामी भएको भनी गाउँभरी अफवाह फैलाएका छन् । यसबाट सामन्तीहरू आफ्नो इज्जतका लागि कतिसम्म चनाखो हुन्छन् भन्ने कुराको पहिचान भएको छ ।

(२६) आफ्नो फक्कड स्वभावले गर्दा उनको पहिरन पनि समारोह सुहाउँदो थिएन । पार्वतीले हतारहतार धोइदिएको कुर्ता र अनेक ऋतुको घिसटान

खाएर आफ्नो स्वभाविक रङ छाडी मटकिलो भएको धोती र खुट्टामा रबरको लोता हालेको खडाउ लाएर आएका थिए । पाइलैपिच्छे कुर्कुच्चामा पटचाकपटचाक बजिरहने खडाउले उनको पृष्ठ भागमा सेचन गरेको बाटोको मसिनो धूलोसमेत अहिले झरेको थिएन । आफ्ना जोदाहा गायकहरू सेतो सुजनीमा बालिस्ट ओगटेर गजधम्म दम्भपूर्ण मुद्रामा बसेको देख्दा उनको हीन ग्रन्थिले झन् बढी रसस्राव गर्न थाल्यो ।

(पृ. २११)

माथिको साक्ष्यमा कृष्णात्रे गायकले विपन्न वर्गको प्रतिनिधित्व गरेका छन् । उच्च स्तरको सङ्गित सिकेर प्रमाणपत्र ल्याएको भएतापनि उनको जीवनशैली साधारण खालको रहेको देखिन्छ । उनको जीवनमा सादा जीवन उच्च विचारको भनाई सार्थक थियो । ज्ञान र सङ्गितमा उत्कृष्ट स्थान हासिल गरेका कृष्णात्रेमा कुनै किसिमको रवाफ थिएन । ग्रामीण वर्गका साना भुरालई सङ्गित सिकाउने हुँदा उनको आयस्रोत पनि केही थिएन त्यसकारण उनका लुगा पनि सामान्य विपन्न वर्गले लगाउने खालका थिए । असुर्फी साहुको नातिको पास्नीमा विभिन्न किसिमका गायकको उपस्थिति थियो । अन्य स्थानबाट आएका गायक सेतो सुजनीमा बालिस्ट ओगटेर दम्भपूर्ण मुद्रामा बसेको देख्दा कृष्णात्रेको मनमा हीन ग्रन्थिले प्रभाव पारेतापनि उनको ग्रामीण वर्गको सामान्य मानिस भएका कारण एकछिनका लागि प्रभावित भएपनि उनलाई भाखी गुरुले हौसला प्रदान गरेका छन् । यसबाट गरिब वर्गका मानिसहरू एकले अर्कोलाई आड भरोसा दिने कुराको पनि पहिचान माथिको साक्ष्यले गरेको छ ।

(२७) "हामी दोस्रो पटक यहाँ आउँदैनौं । यो अवस्था हामीले देखेर गयौं भन्ने कुरा थाहा पाए भने उनले आर्को रडाको मच्चाउँछन् । यिनले हर्चनबाहेक कसैलाई थाहा दिने छैनन् । म निकै दिनका लागि पुग्ने औषधि पठाइदिन्छु । हामी आएको जिकिर तिमी बिर्सेर पनि नगर्नू । यी ठालुहरूको जात यस्तै हो । आफ्नो फोस्रो रबाफ, धाक र दमका सामु अति प्रिय वस्तुलाई पनि नष्ट पारिदिन बेर मान्दैनन् । लौ हामी हिँड्यौं । तिमी पतिकी प्यारी भइरहे भनी आर्शीवाद दिन्छु ।" भाखी गुरुले आफ्नो आसिकको हात गौरीको शिरमाथि राखे । (पृ. २३०)

माथिको साक्ष्यमा भद्रनाथले सामन्ती वर्गको र भाखी गुरु र पार्वतीले मध्यम वर्गको प्रतिनिधित्व गरेका छन् । सामन्ती वर्गको रबाफ, धाक र दमको पहिचान भाखी गुरुले पहिले नै गरिसकेका छन् । वृद्ध भाखी गुरु सामन्ती संस्कारको नालीबेली जान्दछन् र भद्रनाथको भविष्यवाणी पनि गरेका छन् । असुर्फी साहुका मानिसबाट पिटाई खाएका भद्रनाथ अरुले हेप्लान् र आफूले सामन्तवादी पन देखाउन नपाउने कारणले गर्दा सो कुराको कसैलाई सुइको नदिने कुराको अन्दाज भाखी गुरुले पहिला नै गरेका छन् । यसबाट सामन्ती वर्गको प्रवृतिको पहिचान हुन्छ । "चोप हरामी हर्चनवाँ । भौँसडीवाला गोवारको छोरो, मालिकसित बढ्ता बोलदो रहेछ ।" (पृ.२४१) यस साक्ष्यमा भद्रनाथले सामन्ती वर्गको र हर्चनले शोषित वर्गको प्रतिनिधित्व गरेका छन् । गौरीलाई जर्नाघरमा राखेको कुरा चित्त नबुझेर हर्चनले भद्रनाथसँग त्यसको दुखेसो पोखेको छ तर त्यसको प्रतिउत्तरमा भद्रनाथले हर्चनलाई बेसरी झपारेका छन् । यसबाट सामान्ती वर्गका मानिस साँचो कुरालाई स्वीकार गर्न नसक्ने र चर्को डाको गरेर त्यसलाई छोप्न खोज्ने प्रवृतिको पहिचान भएको छ । यहाँ भद्रनाथले हर्चनलाई गरेको गालीबाट सामन्ती वर्गले शोषित वर्गलाई बोल्ने भाषाको पनि पहिचान भएको छ । "को हो त्यो, कुकुरको लिन्डो खाने ? तेरा चाकका छाला काढेर तबलामा तन्काएर छाप्न पठाइदिनेछु । अनि सधैँ तबल्चीले घन ठोकीठोकी ठीक पार्नेछ । बजियाहरूलाई कति पटक भनेँ जबसम्म ओस्ताज रियाज गरिरहेका हुन्छन् तिमीहरू आफ्नो मुखमा बुजो लाएर बस ।" (पृ. २५५) यस साक्ष्यमा भाखी गुरुको सामन्तवादी प्रवृतिको पहिचान भएको छ । उनका शिष्यहरूले कृष्णात्रेले सङ्गितको रियाज गर्न लागेको बेलामा कुनै किसिमको आवाज निकाल्न नहुने भनी भाखी गुरुले शिष्यलाई गाली गरेका छन् । यस कुराबाट तत्कालीन समयमा गुरुहरू पनि शिष्यका लागि एक प्रकारको सामन्ती नै हुने कुराको पहिचान भएको छ । भाखी गुरुको निम्न स्तरको भाषाको प्रयोग गरिएकोबाट गरिब वर्गलाई अलिकति माथिल्लो स्तरको मानिसले नराम्रो किसिमले गाली गलौज गर्ने कुराको पनि पहिचान गर्न सकिन्छ ।

"मेरो घरकी राँडी कमारीको छोरो, मैले गिजोलेको पुरा खाएर हर्किएको त्यो कृष्णे भतुवाको फुर्ती देखेर मेरो त माथिदेखि तलसम्मका जगल्टामा डढेलो सल्किन्छ । सलाम पाउलागी त छाडदिऊँ यसो थुतुनो उचालेर बोल्नसमेत आफ्नो अपमान भन्ठान्छ ।" (पृ. २५८) यस साक्ष्यमा भद्रनाथले सामन्ती वर्गको प्रतिनिधित्व गरेका छन् भने कृष्णात्रेले शोषित वर्गको

प्रतिनिधित्व गरेका छन् । कृष्णात्रे गरिब विधुवा आमाको छोरो हुन् । उनी भद्रनाथको घरमा कमारीको रूपमा बसेकी थिइन् । त्यही कुरालाई लिएर भद्रनाथले कृष्णत्रेलाई होच्याएका छन् । सामन्तीवर्गका मानिसहरू समकक्षी रूपमा कसैलाई नहेर्ने र आफू ठुलो हुनका लागि अरुलाई गिराएर बोल्ने गर्ने कुराको पहिचान भद्रनाथबाट भएको छ । सामन्ती वर्गका मानिसहरू सबै जना आफ्नो गुणगान गाउन्, आफूसँग झुकुन् भन्ने चाहन्छन् भन्ने कुराको पहिचान पनि माथिको साक्ष्यले गरेको छ ।

(२८) "गाजाबाजासहित राजा हिँड्ने यस सडकमा फोहोरमैला दिसापिसाबको के कुरा कसैले हुकुमबिना आफ्नो तलुवाले टेकेमा समेत त्यसको सात पुस्ताले कुम्भीपाक नर्क भोग गरिरहनुपर्नेछ भनी नेपालका ठूला गुरुपुरोहित र धर्माचार्यले श्राप दिएका छन् ।" तसर्थ यात्रालाभका लागि गाडा गुडाउने त के कुरा वारपार गर्दा कुल्चिन गउकोमा पनि आफू र आफ्नो भावी सन्ततीलाई पापको अंशियार हुन नपोरोस् भनी ती तीन पटक ढोग्थे । (पृ. २६५)

माथिको साक्ष्यमा राणाहरूले सामन्ती वर्गको प्रतिनिधित्व गरेका छन् । उनीहरूका लागि हिड्न समेत अलग्गै बाटो बनाउने कुराबाट राणाशासकहरूको सामन्तवादी प्रवृतिको पहिचान भएको छ । राजा महाराजा हिड्ने बाटोलाई राजसडक नामकरण गरिएको छ । त्यस सडकमा फोहोरको त के कुरा कुल्चिदा पनि पाप लाग्ने रुढिवादी सोच ग्रामीण वर्गमा भरिदिएको कुराको पहिचान माथिको साक्ष्यमा हुन्छ । राणाशासन कालमा राणाहरूले जनतालाई हरेक कुरामा शोषण गरेको पहिचान हुन्छ । माथिको साक्ष्यबाट नेपाली समाजमा पाप र धर्मको कतिसम्म गहिरो छाप रहेछ भन्ने कुराको पनि पहिचान हुन्छ । "तिमीहरू दुवै यस इलाकाको सामन्ती संस्कृतिका नाइकेहरू हौ। भद्रनाथ हुन् वा असुर्फी साहु दुवै नागनाथ र सर्पनाथ हुन् ।"(पृ. २८८) यस साक्ष्यमा भद्रनाथ र असुर्फी साहु दुवैले सामन्ती वर्गको प्रतिनिधित्व गरेका छन् । दुई गाउँका सामन्ती वर्गको विचमा परेर गौरीले बेकारमा पतिको परित्यक्ता भएर बस्नुपरेको छ । यसबाट साढेको लडाई बाच्छाको मिचाई जस्तै भएको छ । भाखी गुरु भद्रनाथका पनि गुरु भएकोले उनी भद्रनाथसँग स्पष्ट कुरा गर्दछन् । त्यसैले उनले दुवैको यथार्थलाई खुलेर प्रकट गरिदिएका छन् । दुवै समन्तवादी सोच भएका कारण आफैं जुधेर अरुलाई हानी पुऱ्याएको कुरा

उपन्यासमा पाइन्छ । सामन्ती वर्गहरू एकले अर्कोको प्रगति देख्न नसक्ने र दुवैमा प्रतिशोधको भावना हुने कुराको पहिचान माथिको साक्ष्यमा भएको छ ।

"मालिक्नी त हाम्री आमाजस्ती हुनुहुन्छ । यति कर गरेर आमाले छोरालाई मात्र ख्वाउँछन् ।" ..(पृ. २९५) गौरी सामन्तवादी परिवारकी बुहारी हुन् तर उनमा त्यस्तो कुनै दम्भ देखिदैन । माथिको साक्ष्यमा गौरीलाई आमाको दर्जा दिइएको महिलाको रूपमा चित्रण गरिएको छ । सामन्ती वर्गकी बुहारी भएतापनि गौरीमा त्यस खालको दम्भ देखिँदैन । काम गर्ने मानिसलाई टन्न खुवाउनुपर्छ भन्ने मान्यता उनको रहेको देखिन्छ । यहाँ गौरीले कर गरीगरी खुवाउने आमाको प्रतिनिधित्व गरेकी छन् । हिन्दु धर्मअनुसार ख्वाउने महिलालाई आमाको दर्जा दिइन्छ । माथिको साक्ष्यमा पनि गौरीले एक आमाको भूमिका निर्वाह गरेकी र सबैलाई बराबरी सोच्ने महिलाको प्रतिनिधित्व गरेको कुराको पहिचान हुन्छ ।

## ३.४ निष्कर्ष

ध. च. गोतामेद्वारा लिखित *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* दुईओटा उपन्यासमा रहेको वर्गीय पहिचान र प्रतिनिधित्वलाई विश्लेषण गर्ने कार्य यस परिच्छेदमा भएको छ । वर्गीय पहिचानले समाजमा व्यक्तिको स्थिति र अनुभवहरूलाई प्रभाव पार्छ । यो पहिचानले व्यक्ति वा समूहको सामाजिक अवसर र शक्ति सम्बन्धी धारणालाई परिभाषित गर्छ । सामाजिक यथार्थवादी ध. च. गोतामेका उपन्यासले समाजमा भएका सबै वर्गको प्रतिनिधित्व गरेका छन् । राणाकालीन समयमा लेखिएका दुवै उपन्यासले समाजमा विभिन्न वर्गको पहिचान र प्रतिनिधित्व गरेका छन् । उच्चवर्ग जहिले पनि सत्ता र शक्तिको आडमा रहने अनि निम्नवर्गलाई आफ्नो प्रभुत्वमा पार्ने प्रवृतिलाई दुवै उपन्यासले देखाएका छन् । उपन्यासले राणाकाल र त्यससमयको वर्गीय सामाजिक व्यवस्थालाई यथार्थपरक ढङ्गबाट प्रस्तुत गरेको छ । उपन्यासमा पं. दुर्गानाथको घरको अवस्था, लुगाफाटो, भाँडावर्तन आदिका आधारमा निम्नवर्गको पात्रका रूपमा पहिचान भएको छ । पवनलाई विद्यालयमा अ पुवर ब्वाइ भनेर सम्बोधन गरिएको प्रसाङ्गले पनि उनीहरू निम्नवर्गका भएको कुराको पहिचान हुन्छ । त्यसैगरी गणेशी, पानीपाँडे, मजदुर मुहम्मद, पैटमैन आदिले पनि उपन्यासमा निम्नवर्गको प्रतिनिधित्व गरेका छन् । अमलेन्दु भट्टाचार्य जो रेल्वे स्टेशनको म्यानेजरका रूपमा रहेका छन् । उनको अङ्ग्रेजी मिसिएको बोलि, घरको साजसज्जा आदिका आधारमा उनी उच्च वर्गको व्यक्ति भएको पहिचान हुन्छ । लोकोबाबुले

सामन्ती, पुँजीवादी संस्कृतिको प्रतिनिधित्व गरेका छन् । सीमान्त वर्गमाथि आफ्नो प्रभुत्व कायम राख्दै वर्गीय शासन व्यवस्थामा उच्च सम्भ्रान्तीय वर्गको पहिचान बनाएका छन् ।

यहाँदेखि त्यहाँसम्म उपन्यासले पनि समाजका उच्च, मध्यम र निम्नवर्गका व्यक्तिका साथै सामन्ती र शोषित पात्रको पनि पहिचान र प्रतिनिधित्व गरेको छ । पं विपुलनाथ, भद्रनाथ, असुर्फि साहु, नथुनी साहु आदिले उच्चवर्गको प्रतिनिधित्व गरेका छन् । शिक्षक भाखी गुरु, पीताम्बर जस्ता पात्र मध्यम वर्गको प्रतिनिधित्व गर्ने पात्र हुन् । उपन्यासमा कृष्णात्रे, अर्चनवा, सेते दमाई, सङ्गीत सिक्न आउने शिष्यले निम्न वर्गको प्रतिनिधित्व गरेका छन् । उपन्यासमा मुर्किपलिया नदीमा बाढी आउँदा उच्चवर्गका महिलाहरू गोरुगाडामा बसेर नदी तर्ने र निम्नवर्गका व्यक्ति गाईगोरुको पुच्छर समातेर नदी तर्ने प्रसङ्गले उपन्यासको वर्गीय विभेदलाई देखाएको छ । निम्नवर्गका व्यक्तिलाई उच्चवर्गका व्यक्तिले प्रयोग गरेका शब्द जस्तै : कमारो, आफूभन्दा जेठो भए पनि निम्न आदरार्थी शब्द आदिले उच्च र निम्न वर्गीय विभेदको पहिचान उपन्यासमा भएको छ । भद्रनाथले कृष्णलाई आफ्नो पुरा खुवाउने, जुत्ता बोक्न लगाउने, पाठशाला जाँदा छुट्टै आसन लिएर जाने कार्यले ऊ सामन्ती वर्गको प्रतिनिधि पात्रका रूपमा उपन्यासमा आएको छ । उपन्यासमा भद्रनाथको विवाहको अवसरमा गरिएको तुजुकले सामन्ती वर्गको पहिचान भएको छ ।

# परिच्छेद : चार

# ध. च. गोतामेका उपन्यासमा लैङ्गिक पहिचान र प्रतिनिधित्व

## ४.१ विषयप्रवेश

परिच्छेद चारमा ध. च. गोतामेका उपन्यासमा लैङ्गिक पहिचान र प्रतिनिधित्वलाई प्रस्तुत गरिएको छ । *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म दुवै* उपन्यासमा जहानीया राणाकालको सामाजिक लैङ्गिक व्यवस्थालाई कलात्मक तवरले प्रस्तुत गरिएको छ । लैङ्गिक पहिचान भन्नाले कुनै व्यक्तिले आफूलाई जुन लैङ्गिक श्रेणीमा राख्छ त्यसलाई बुझिन्छ । लैङ्गिक पहिचान, व्यक्तिगत अनुभव, सामाजिक मान्यता र सांस्कृतिक पृष्ठभूमिसँग गहिरो रूपमा सम्बन्धित हुन्छ । लैङ्गिक पहिचान र प्रतिनिधित्वको परस्पर सम्बन्धले समाजमा लैङ्गिक समानता र समावेशीकरणका लागि महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । नारी र पुरुषको सहकार्यले नै सृष्टि चल्नुपर्ने नियमका विपरित सामन्ति समाज र त्यसले निर्माण गरेको सामाजिक व्यवस्थाले महिलालाई किनाराकृत र पहिचानहीन रूपमा उपन्यासमा प्रतिनिधित्व गराइएको छ । दुवै उपन्यासमा लैङ्गिक हिंसा र त्यसबाट सिर्जित विद्रूप सांस्कृतिक सामाजिक स्वरूपलाई प्रस्तुत गरिएको छ । उपन्यास मार्फत मुख्यतः पितृसत्तात्मक हैकम नै नारीमाथि हुने शोषणको मूल कारण हो भन्ने विषयलाई उजागर गर्न खोजिएको छ ।

## ४.२ *घामका पाइलाहरू* उपन्यासमा लैङ्गिक पहिचान र प्रतिनिधित्व

*घामका पाइलाहरू* उपन्यास लैङ्गिक पहिचान र प्रतिनिधित्वका दृष्टिले सुन्दर उपन्यास हो । सामाजिक यथार्थमा आधारित प्रस्तुत उपन्यासमा जहानीया राणाकालको सामाजिक लैङ्गिक व्यवस्थालाई कलात्मक तवरले प्रस्तुत गरिएको छ । *घामका पाइलाहरू* उपन्यास लैङ्गिक उत्पीडन र विभेदको चित्र कोरिएको यथार्थ प्रतिबिम्ब हो । यसमा लैङ्गिक हिंसा र त्यसबाट सिर्जित विद्रूप सांस्कृतिक सामाजिक स्वरूपलाई देख्न सकिन्छ । उपन्यासमार्फत मुख्यतः पितृसत्तात्मक हैकम नै नारीमाथि हुने शोषणको मूल कारण हो भन्ने विषयलाई उजागर गर्न खोजिएको छ । व्यक्तिको इच्छा विपरीत कुनै पनि महिलालाई शारीरिक र मानसिक आघात पुग्ने गरी गरिएका जस्तासुकै हिंसालाई उत्पीडन भनिन्छ । यस सन्दर्भमा लैङ्गिक हिंसा भनेको महिला तथा बालिकामाथि हुने हिंसाको रूपमा लिनुपर्दछ । यसभित्र हत्या, कुटपिट, यौनशोषण,

बलात्कार, वैवाहिक बलात्कार, यौनजन्य दुर्व्यवहार लगायत विभिन्न विभेदात्मक व्यवहारहरू महिला हिंसामा पर्दछन् । लिङ्गगत उत्पीडन भन्नाले सत्ताका केन्द्रमा रहेका वा केन्द्रीय संस्कृतिका संवाहक पुरुषले लिङ्गगत हिसाबमा महिला भएकै कारण पुरुष वा पुरुषवादी सङ्कथनात्मक राज्य व्यवस्थाद्वारा गरिने उत्पीडनपूर्ण व्यवहार अभ्यासलाई बुझाउँछ । नेपाली पितृसत्तात्मक समाज व्यवस्थामा महिलाहरू सभ्यताको सुरुदेखिनै उत्पीडनमा पर्दै आएको कुरा साक्षत् छ । लैङ्गिक उत्पीडन समाजका सामाजिक सांस्कृतिक संरचनाहरूमा विकृत संस्कृतिका रूपमा अन्तरनिहित हुन्छ जहाँ नारीमाथिका उत्पीडनका विभिन्न स्वरूपहरू देख्न सकिन्छ । लैङ्गिक उत्पीडनका विभिन्न स्वरूपहरूमा सामाजिक शासन व्यवस्थाले निर्माण गरेको लैङ्गिक पहिचान, प्रतिनिधित्व, पुरुषभोगवादी मानसिकता, समाज परिवारमा महिलाको भूमिका, पितृसत्ता लगायतका विविध सन्दर्भमा लैङ्गिक उत्पीडनका स्वरूपहरूलाई यस सन्दर्भमा विश्लेषण गरिएको छ । “आज लेडिज रित्तै छ, एउटा माल पनि... ...कुसाइतको दिन रहेछ ।” रमानाथ हाँस्दै उत्तर दिन्छन् - “किन बिर्सन्छौं कि म मालबाबु होइन, गार्डबाबु हुँ । भक्षक तिमीहरू होलाउ, मेरो काम त रक्षा गर्ने हो ।” (पृ.७) यस साक्ष्य *घामका पाइलाहरू* उपन्यासको सुरुमै आएको छ । सामाजिक यथार्थमा आधारित प्रस्तुत *घामका पाइलाहरू* उपन्यासमा समाजमा रहेको विभेदको स्थितिलाई पनि चित्रात्मक तवरले प्रस्तुत गरिएको छ । उपन्यासमा आएको उपर्युक्त साक्ष्यले विभेदपूर्ण पुरुषवादी सामन्ती सामाजिक संरचनालाई स्पष्ट पारेको छ । यस्तो पुरुषवादी समाजमा महिलाको स्थान कुन अवस्थामा छ भन्ने कुरालाई उपर्युक्त साक्ष्यले स्पष्ट पारेको छ । पुरुषवादी समाजले महिलालाई मात्र भोग्या वस्तुका रूपमा हेर्दछ भन्ने कुरालाई माथिको साक्ष्यले प्रष्ट पारेको छ। मानव सभ्यता र समाजको इतिहासमा पितृसत्ताको स्थापना र विकासपछि नारीहरू सीमान्तकृत बनाईंदै आएका छन् । उनीहरूको पहिचानलाई पुरुष आधारित बनाइएको छ र पुरुषका यौन सुखको परितृप्तिको साधन बनाइएको स्थितिले उनीहरूलाई शक्तिहीन र सीमान्त अवस्थामा पुऱ्यायो । ज्ञान र शक्तिदेखि वञ्चित गरिएका महिलाहरू अन्य उपभोग्य वस्तु झैं उपभोग्य बन्न पुगे र तिनको पण्यीकरण भयो । पूँजीवादी र अझ उत्तरपूँजीवादी उपभोक्तावादी समाजमा पनि महिलाको शरीर कमोडिटिफिकेसन भएको छ । अहिले महिला शरीर र शारीरिक सौन्दर्यलाई उपभोग्य वस्तुको पर्यायका रूपमा लिइएको छ ( पाडेण्य, २०६८, पृ. ७-८) । यस खालको परिधीय सांस्कृतिक स्वरूपको कुरुपपनालाई प्रस्तुत

उपन्यासमा पनि कलात्मक तवरले प्रस्तुत गरिएको छ । उपर्युक्त साक्ष्यका माध्ययमबाट हेर्दा महिला पुरुषको सजावटको सामान, खेलाउने र भोग्या वस्तुको रूपमा मात्र रहेको प्रष्ट हुन्छ । समाजमा महिलाको आफ्नो छुट्टै पहिचान छैन, उनीहरूको पहिचान पुरुषसँग जोडेर हेर्ने गरिन्छ । महिला पुरुषको भोगका साधन हुन् । पुरुषका यौन सुखको परितृप्तिको साधनका रूपमा माथिको साक्ष्यमा महिलाको पहिचान भएको छ ।

(१) बाहिरी समाजमा पुरुषले महिलामाथि हेर्ने दृष्टिकोण उपभोगवादी त छँदैछ त्यसका साथै महिलाहरू आफन्त र आफ्नै घरमा पनि सीमान्त र पिडित बन्न पुगेको यथार्थलाई प्रस्तुत साक्ष्यले प्रष्ट पारेको छ - "बढ्ता पण्डितनी नहोउ, म मुख च्यातेर कानसम्म पुऱ्याइदिनेछु ।" पीताम्बर टिनको कापबाट आग्नेय आँखाले हेर्दछन् । (पृ.३४)

उपर्युक्त साक्ष्यले नेपाली समाजका प्रत्येक घरको व्यथालाई प्रस्तुत गरेको छ । उपन्यासमा आएकी रम्मी पं. दुर्गानाथकी बुहारी, पीताम्बरकी श्रीमती र पवनकी आमाका रूपमा परिचित भएपनि उसले आफ्नो पहिचान बनाउन सकेकी छैन । पुरुषवादी, हैकमवादी नेपाली समाजको सीमान्त वा महिला वर्गको प्रतिनिधि पात्रका रूपमा रम्मी आएकी छे । उसले आफ्नो जीवन आफ्ना लागि बिताउन पाएकी छैन । उसले आफ्नो परिवारका लागि आफ्ना सारा खुशीहरूको बलिदानी गरेकी छ । तरपनि उसको परिवारमा स्थान हेपिएको छ, उसका विचार भावनाहरू दबिएका छन् । उसले आम नेपाली महिलाको कारुणिक अवस्थाको प्रतिनिधित्व गरेकी छे । अधिकांश महिलाले कुशलतापूर्वक आफ्नो घर चलाएपनि त्यसको जस उनीहरूले नपाउने नेपाली समाजको वास्तविकतालाई माथिको साक्ष्यले प्रष्ट पारेको छ । महिलाको ज्ञानलाई यो हैकमवादी समाजले स्वीकार गर्दैन र त्यस्ता ज्ञानलाई मिथ्या ठान्दछ भन्ने कुरालाई पनि माथिको साक्ष्यबाट बुझ्न सकिन्छ । पितृसत्तात्मक पुरुषप्रधान समाजले स्थापित गरेका सामाजिक मानकहरूका आधारमा निर्मित ज्ञानका कारण नारीहरू शोषित, पिडित र उपेक्षित अवस्थामा पुग्नुपरेको कारुणिक अवस्थालाई उपन्यासमा रम्मीका माध्ययमबाट प्रस्तुत गरिएको छ । "तिमीलाई अमरकोष कण्ठाग्र होला, मलाई शब्दज्ञान छैन तर कुट्नु र पिट्नुमा, लुछ्नु र चिथोर्नुमा फरक छैन भन्छ्यौ भने म अहिल्यै ती कियाहरू गरेर देखाइदिन्छु ।" (पृ.३४) यस साक्ष्यले सामाजिक यथार्थमा आधारित *घामका पाइलाहरू* उपन्यासमा आएको महत्त्वपूर्ण

विषयलाई उठान गरेको छ । उक्त भनाइ पीताम्बरले आफ्नी श्रीमतीका लागि प्रयोग गरेका हुन् । पीताम्बरको उक्त भनाइबाट पितृसत्तात्मक चिन्तनलाई केन्द्रीय संस्कृतिका रूपमा स्वीकार गर्ने सामाजिक यथार्थलाई प्रस्तुत गरेको छ । लैङ्गिक दृष्टिले उपन्यासमा परिधीय संस्कृतिका रूपमा रहेका नारीहरूको पनि उपयुक्त ढङ्गले प्रतिनिधित्व भएको छ । साक्ष्यमा आएका पीताम्बरले केन्द्रीय संस्कृतिको प्रतिनिधित्व गरेका छन् । पीताम्बर पं. दुर्गानाथका पुत्र हुन् । समाजमा पण्डित वर्गलाई ज्ञान तथा शिक्षाका लागि पूज्य ठानिन्छ । यस्ता वर्गलाई समाजिक रूपमा अगुवाका रूपमा पनि स्वीकार गर्ने गरेका पाइन्छ । समाजका यस्ता शिक्षित र अगुवाको काम गर्ने चेतनशील वर्ग समाजलाई नयाँ दिशामा लैजाने र समाजिक भेदभावयुक्त कुरीति अन्त्य गर्ने प्रकृतिका हुनुपर्ने अपेक्षा राख्नेहरूका लागि भने यस उपन्यासका मुख्य पात्र पीताम्बरले निराश बनाएका छन् । पीताम्बरका आफ्ना अनकौं व्यवहार भेदभावपूर्ण छन् । पीताम्बरसँग वर्षौं सुखदुःख साटासाट गरेकी जीवन सङ्गिनीलाई वास्तविक अर्थमा परिवारको सदस्यका रूपमा स्वीकार गरेका छैनन् । पीताम्बरकी श्रीमती रम्मीलाई परिवारमा भान्छाकोठाले मात्र चिन्दछ । रम्मीका अनेकौँ जीवन र त्यससँग जोडिएका अनुभवलाई पितृसत्तात्मक व्यवस्थाले कुनैपनि स्थान दिएको छैन । उसले पितृसत्तात्मक समाजका आम महिलाहरूको प्रतिनिधित्व गरेकी छे । उपर्युक्त साक्ष्य रम्मी अर्थात पीताम्बरकी श्रीमतीले पारिवारिक संकटबाट टाढा राख्नका लागि दिएको सल्लाहको उत्तरका रूपमा पीताम्बरले फर्काएको जवाफ हो । यसरी हेर्दा पितृसत्तात्मक व्यवस्थामा महिलाको अवस्था दयनीय र कारुणिक रहेका स्पष्ट हुन्छ । ज्ञान र शत्तिको अभावमा उनीहरू किनाराकृत भएका छन् । यस्ता किनाराकृत अवस्थामा रहेका रम्मी जस्ता अनकौं श्रीमतीहरू परिवारका सदस्यका रूपमा पनि रहेका हुँदैनन् भन्ने कुरा माथिको साक्ष्यबाट अवगत भएको छ । रम्मीले पनि उपन्यासमा यस्तै सिमान्त, किनाराकृत वर्गका रूपमा पहिचान बनाएकी छे ।

(२) झिसमिसैमा हिड्ने मालबाहक डब्बाहरूमा आधारातसम्म पनि पीताम्बर एउटा बोरा तलमाथि पर्न नदिई एक एक गन्ति गरी मालगाडीमा लदाउँथे र त्यसलाई ठूलाठूला त्रिपालले छोपी मोटो डोरी जेलेर घर फर्किन्थे, भोका प्यासा र थकाइले चूर । उता पत्नि उँघेर भात कुह्रिरहेकी हुन्थिन् । दलानमा पीताम्बरको जुत्ता ठमठम गर्नासाथ पत्नि चनाखो भएर खानेकुरा तताउने तरखर गर्थिन् । (पृ.४०)

उपर्युक्त साक्ष्यमा नेपाली समाजको वास्तविक संरचनालाई देखाइएको छ । साक्ष्य मार्फत पितृसत्तात्मक व्यवस्थामा महिलाको अवस्था कति दयनीय र कारुणिक रहेको हुन्छ भन्ने कुरालाई पनि कलात्मक तवरले प्रस्तुत गरिएको छ । उपन्यासमा आएका पीताम्बर पितृ सत्तात्मक शासन व्यवस्थाका संरक्षकका रूपमा  आएका छन् । उनी ब्राह्मण परिवारमा जन्मेका केही हदसम्म भएपनि ज्ञान र चेतना भएका पुरुष हुन् । तर पीताम्बर आफ्ना कारणले श्रीमती खाना पर्खेर बसेकी छ भन्ने कुरा बुझ्दैन । बरु आएर खान पर्खनु श्रीमतीको गल्ति हो भनेर गाली गर्दछन् । केन्द्रीय संस्कृतिको संरचना शोषण, अन्याय र अत्याचारयुक्त पितृ सत्तात्मक रहेको र तत्कालीन विमर्शात्मक संरचनामा शक्ति पनि पुरुष वर्गमै रहेको कुरा पीताम्बरका माध्ययमबाट थाहा हुन आएको छ । पुरुषकेन्द्री हैकमवादी समाजले घरको ठूलो मान्छे वा अभिभावकका रूपमा श्रीमानलाई स्वीकार गरेको छ । दिनरात सुखदुःख सहेर घर चलाउने महिलालाई कहिल्यै पनि घरको अभिभावक र मुख्य मान्छेका रूपमा  स्वीकार गरेको पाइदैन । यस्तो विभेदकारी समाजमा घरको मुख्य मानिसको उपस्थिति नभएसम्म महिलाले खाना खान समाजले रोक लगाएको छ । उपन्यासमा आएकी रम्मी पनि सोही विभेदकारी र पुरुषकेन्द्री चिन्तनको शिकार भएकी छे । रम्मीले उपन्यासमा असल बुहारी, श्रीमती र आमाको पहिचान बनाएकी छे । उसले कर्तव्य परायण नारीका रूपमा उपन्यासमा आफ्नो पहिचान बनाएकी छे । घामका पाइलाहरू उपन्यासमार्फत वि.सं. १९६० को दशकतिर नेपाली समाजमा जरा गाडेर बसेका दास र सती जस्ता घृणित अमानवीय प्रथाको पनि प्रतिनिधित्व गराइएको छ । यस उपन्यासमा आएकी पात्र रम्मीले परिधीय संस्कृतिको प्रतिनिधत्वि गरेकी छे । उसले पीताम्बरको घरमा दासीका रूपमा जीवन बिताएकी छे । उपर्युक्त साक्ष्यका माध्ययमबाट समाजमा शिक्षित र चेतनशील समुदायको प्रतिनिधित्व गर्ने पं. परिवारले कानुनी रूपमा  प्रतिबन्ध नलगाएको समयसम्म सारा आफ्ना सारा इच्छा, चाहाना र खुशीलाई बिर्सिएकी रम्मीलाई दासका रूपमा स्वीकारेको पाइन्छ । यस्ता पुरुषकेन्द्री पितृसत्तात्मक शासन र त्यसले निर्माण गरेको सामाजिक  व्यवस्थामा महिलामाथि कति अन्याय भएको थियो भन्ने विषयलाई निम्नलिखित साक्ष्यले प्रष्ट पारेको छ -

"चन्द्रशमशेरले कानून बनाएपछि पनि हाम्रो देशमा सतीप्रथाको अन्त्य भएको छैन । ती अघि चितामा आत्मदाह गर्थे, अब भान्छामा आत्महत्या गर्न थालेका छन् ।" पीताम्बर अमिलिएर भन्दछन् ।" (पृ.४०) यस साक्ष्यले तत्कालीन समाजमा महिलाको स्थितिलाई प्रष्ट पारेको छ ।

साक्ष्यमा आएको पीताम्बरको भनाइका आधारमा हाम्रो सामाजिक संरचना नै पुरुषकेन्द्री र पितृसत्तात्मक रहेको स्पष्ट हुन्छ । जहाँ नारीलाई ज्ञान र शक्तिबाट टाढा राखिएको छ । शक्तिको केन्द्रमा पुरुष रहेका छन् भने महिलाहरू परिधीय र सीमान्त अवस्थामा छन् । यस्तो विभेदकारी पितृसत्तात्मक समाजका महिलाहरूको अवस्था कारुणिक र दयनीय रहेको कुरा पनि माथिको साक्ष्यबाट प्रष्ट भएको छ । उपन्यासमा तत्कालीन परम्परागत रुढिग्रस्त संस्कृतिलाई देखाउन खोजिएको छ । आफ्नो स्वास्थ्यको कुनै ख्याल नगरि राती अबेरसम्म श्रीमानका लागि खान कुरेर बस्नु, पानी पनि मुखमा नहाली निराधार व्रत बस्नु जस्ता कुराहरू आधुनिक समयका लागि रुढि बाहेक केही पनि हुन सक्दैन । उपन्यासमा आएकी पात्र रम्मीले पनि श्रीमान् भन्दा पहिला आफूले खाना खाए अधर्म हुने, पाप लाग्ने सोच्थी । यसरी हेर्दा रम्मी पुरातनवादी र रुढिवादी देखिएकी छे । रम्मीले स्वीकार गरेका कुरा पीताम्बर या कुनै एक पुरुषले निर्माण गरेको नियम होइन । यो सामन्ती, पुरुषवादी र विभेदकारी सामाजिक चिन्तन हो । रम्मीलाई पुरुषवादी, विभेदकारी सामाजिक दृष्टिबाट हेर्ने हो भने उसले आदर्शवादी पतिव्रता स्त्रीको रूपमा आफ्नो पहिचान बनाएकी छे । रुढिग्रस्त संस्कृतिको शिकारमा रम्मी परेकी छे । उसले यसरी रुढिग्रस्त संस्कृति र त्यसलाई आत्मसात गर्ने आम नारीहरूको प्रतिनिधित्व गरेकी छे ।

(३) तेरा रगरग गर्ने पैताला र कोइलीसित साट्ने स्वर गाउँ बाहिरको अग्लो वरको रुखमाथि झुन्ड्याइदे । तेरो चकचक र उपद्योहरू सबै पोको पारेर पोखरीमा हुऱ्याइदे । अब गाउँकी रम्भालाई यहीँ धुलोमा फालेर पालकीभित्र गएर बस् । सारा गाउँ रुँदै कराउँदै सीमानाको नदी किनारसम्म आयो । (पृ.५८)

उपर्युक्त साक्ष्यमा रम्मीको बाल्यकालको पहिचान गराइएको छ । ऊ जन्मघरमा हुँदा कञ्चन र निश्चल स्वभावकी थिई । हरेक कुरामा आफ्ना धारणा राख्ने निर्धक्क र आत्मविश्वासी थिई भन्ने कुराको पहिचान भएको छ । गाउँघरमा चारपट्टी गएर रमाइलो गर्ने, सामाजिक व्यवहारमा भाग लिने फूर्तिली केटीका रूपमा रम्मीको पहिचान भएको छ । समाजमा अनेक भूमिका निभाउनु पर्ने र त्यस्ता भूमिका नै पिच्छे आफ्ना इच्छा चाहनाहरूलाई मार्नुपर्ने आम पितृसत्तात्मक समाजका नारीहरूको प्रतिनिधित्व रम्मीले गरेकी छे । यस्तो विभेदकारी पितृसत्तात्मक समाजमा नारीले आफ्ना उब्जँदै गरेका इच्छा, चाहनालाई कहिल्यै पनि नपलाउने

गरी त्यागनुपर्ने कारुणिक प्रसङ्ग माथिको साक्ष्यमा आएको छ । पुरुष सत्ताप्रधान हाम्रो समाजले नारीलाई मात्र उपभोग्य वस्तु र वासनातृप्तिको माध्ययमका रूपमा नहेरी भिन्न विषय र चरित्रका लागि पनि विभेद गर्ने गरेको छ । सामन्तवादी पितृसत्तात्मक समाजमा बुहारी भएपछि नारीले आफ्नो अस्तित्वलाई नै समर्पित गर्नु पर्ने तितो सत्यलाई माथिको साक्ष्यमार्फत उठान गरिएको छ । यस्तो विभेदकारी पितृसत्तात्मक समाजमा बुहारी अर्थात हार नै उसको बाँकी जीवनको पहिचान जस्तै बनेको छ । रम्मी पितृसत्तात्मक समाजका अनेक बुहारीको प्रतिनिधि पात्र हो । उनीहरूका लागि विवाह जीवनको दासत्वको सुरुवात बन्न पुगेको छ । विवाह र नारीको दासत्व सम्बन्धी प्रस्तुत विचार सान्दर्भिक रहेको छ -विवाहलाई समाजशास्त्रले सामाजिक सम्झौता मान्छ भने, धर्मशास्त्रले धार्मिक अनुष्ठान र सांस्कृतिक उत्सव । विवाहबारे समाजशास्त्रीहरूका पनि अलगअलग धारणा पाइन्छन् । प्रगतिशील समाजशास्त्रीहरू भन्छन् - विवाह सामन्तवादले महिलामाथि लादेको दासत्वको जन्जिर हो, जसले महिलाको स्वतन्त्रता र यौनीकतालाई नियन्त्रण गर्छ । धर्मशास्त्रले विवाहलाई धार्मिक र माङ्गलिक अनुष्ठान भनेपनि आशय लगभग उस्तै लाग्छ । विवाहका क्रममा वरले वधुको हृदय स्पर्श गर्दै भन्छ, “हे कन्या ! म तिम्रो हृदयलाई ‘पति नै सर्वस्व हो, उनैको सतमा बस्नुपर्छ’ भनी तदनुकूल आचरण गर्ने पातिव्रत्य व्रतमा लगाउँछु ...। तिमीले मेरो वचनलाई निर्विकल्प आज्ञाका रूपमा स्वीकार गर...।” आखिरी यो अभिव्यक्ति पनि महिलाको स्वतन्त्र अस्तित्वमाथिको नियन्त्रण नै त हो ! यसैगरी मिमाशंले विवाहलाई कन्याको संस्कार हो भन्दै यो पुरुष संस्कार होइन भनेको छ । तर विवाहको कर्मकाण्डमा पुरुष अर्थात् वर नै हावी हुन्छ । उसले बधुलाई भन्छ, ‘आजबाट तँ मेरी भईस्, मेरो अधिनमा रहनुपर्छ हुनत शास्त्रमा पत्निलाई सहधर्मिणी र सहचारिणी पनि भनिएको पाइन्छ, तर व्यवहारमा पत्नि पतिको सम्पत्ति मात्र बन्न पुग्छे ।

*घामका पाइलाहरू* उपन्यासमा आएकी पात्र रम्मी पनि पीताम्बरकी सहधर्मिणी बन्न पुगेकी छे नत सहचारिणी नै ऊ केवल स्वतन्त्र अस्तित्व समाप्त भएकी पं. परिवारकी बुहारी भएकी छे । विवाहपछि उसलाई समाजले त्यो रगरग गर्ने पैताला र कोइलीसित साट्ने स्वर भएकी रम्मीका रूपमा  स्वीकार नगरि पं. दुर्गानाथकी बुहारी, पिताम्बरकी श्रीमती र पवनकी आमाका रूपमा  स्वीकार गर्दछ । रम्मी आज नियन्त्रित छे, अनि निर्देशित पनि उसले विवाह पछिको सारा जीवन अब पिंजडामा बिताउनु पर्ने निश्चित झैं छ । रम्मीका लागि त्यो खुला

आकाश र हरियाली वातावरण अब बन्द र उजाड छ । आफ्नो बाँकी जीवन पिँजडामा बिताउन बाध्य छे भन्ने कुरालाई उसले यसरी स्वीकार गरेकी छे- "पवनको बा, तँपाईले गाउँको उन्मुक्त आकाश-रेखामाथि पखेटा फिजारेर नाचिरहने चरीलाई यस शहरको पिँजडामा कैद गरेर राखिदिनुभो । लाग्दछ वर पिपल र आँपका रुखहरूलाई जिस्काउँदै बाँसको बुइ चढेर तिनलाई निहुराउँदै बग्ने गाउँको हावा अब फोक्सोभरि पिउन पाउँदिनँ...।"(पृ.५८) पितृ सत्तात्मक नेपाली समाज सदियौँदेखि नारीप्रति अनुदार छ । यो विभेदपूर्ण समाजले नारीलाई चुलोचौको र पुरुषको सुसारेका रूपमा मात्र हेर्दै आएको छ । समाजमा जन्मजात रूपमा नारीमाथि हुँदै आएको विभेदलाई विभिन्न संस्कार र धर्मका माध्ययमबाट अझ व्यवस्थित बनाएको देखिन्छ । सामाजिक चिन्तन नै पुरुषवादी भएकाले यस्तो सामाजिक व्यवस्थामा महिलाले अनेकन समस्या झेल्नु परेको कुरालाई प्रस्तुत *घामका पाइलाहरू* उपन्यासले उठान गरेको छ । नारीलाई विभिन्न धर्मका र संस्कारका रूपमा  कसरी दासत्व ग्रहण गर्न लगाइएको छ भन्ने कुरालाई उपन्यासमा यसरी उठान गरिएको छ - "विचेत मूर्छा परेर उत्ताने लडीरहेकी बुहारीको नाडी छाम्दै बाजे अह्राउँछन् "पवन, यौटा चम्चा ल्या, दाँत नखोली भएन । हिजो पनि तेरी आमाको व्रत थियो । आज यस बेलासम्म एक थोपा पानी पनि खाएकी छैन । यस्तो एक मुठीको शरीरले कति धान्ने ।" (पृ.१४१) "कसरी मूर्छा पर्ने गरी रिँगटा लागेछ ?" "हिजो पनि वर्त भएकाले निस्लाम बस्नुभएको थियो आज ।" (पृ.१४३) यस साक्ष्यका माध्ययमबाट हेर्दा रम्मीको पहिचान पतिब्रताका रूपमा भएको छ । ऊ धार्मिक प्रकृतिकी छे । उसले आफ्ना पतिको दीर्घ र स्वस्थ जीवनको कामना गरी निस्लाम व्रत बस्ने आम नेपाली हिन्दु नारीको प्रतिनिधित्व गरेकी छे । उसले आफ्नो स्वास्थ्यको कुनैपनि प्रर्वाह गरेकी छैन । उसलाई पितृसत्तात्मक व्यवस्थाले महिलामाथि गरेको विभेदको बारेमा कुनै पनि ज्ञान छैन । ऊ यस्तो ज्ञानबाट वञ्चित छे, त्यसैले शक्तिहीन पनि छे । निस्लाम व्रत बस्ने कुरालई उसले अस्वीकार पनि गर्न सक्दिन किनकी उसको विवाह नै कर्मकाण्ड गर्ने परिवारमा भएको छ । स्वतन्त्र रूपमा जीवनको स्वाद उसले कहिल्यै पनि लिन पाएकी छैन । घरपरिवारका साथै समाजमा पनि उसले गर्नुपर्ने कामहरू निश्चित छन् । पुरुषवादी विभेदयुक्त समाजमा लैङ्गिक रूपमा कामहरू विभाजन भएका छन् । जस्तै अवस्थामा पनि पीताम्बरले घरको चुलोचौको समातेका छैनन् । बरु उनी आफ्नी श्रीमती माथि अन्याय भएको यसरी स्वीकार गर्दछन् र जिम्मेवारीबाट टाढा हुन्छन् ।हामीबाट सबभन्दा बढी शोषण उनैको भएको छ ।

चुलोका भर्भराउँदा दुई मुख र उनका दुवै हातको मित्यारी कहिल्यै छुट्दैन । भान्छा र सुत्ने कोठाको सानो संसारमै तिनको आधा जीवन वित्यो । पत्नीबारे बढो करुण स्वरमा पीताम्बर भन्दछन् । (पृ.१७२) रम्मीले पितृसत्तात्मक समाजका आममहिलाका प्रतिनिधित्व गरेकी छे । उसको शारीरिक मानसिक दुवै रूपमा शोषण भएको छ । पितृसत्तात्मक समाजका अनेकन धर्म र त्यसमा आधारित संस्कारले नारीमाथिको विभेदलाई अझ बल पुऱ्याएको छ । प्रस्तुत *घामका पाइलाहरू* उपन्यासमा आएकी पात्र रम्मी पनि यस्ता विभेदयुक्त संस्कारको सिकार भएकी छे । विवाहबाट नै उसको स्वतन्त्रता खोसिएको छ । यस्तो विभेदकारी पितृसत्तात्मक समाजमा विवाह दासत्वको प्रमाणपत्रका रूपमा रहेको र आम नारीहरू विवाह पछि सामाजिक बन्धनमा पर्ने गरेको यथार्थलाई रम्मीका माध्ययबाट स्पष्ट हुन जान्छ । पितृ सत्तात्मक समाजमा विवाहले कसरी दासत्वको रुप लिएको छ भन्ने कुरा निम्न साक्ष्यका माध्ययमबाट बुझ्न सकिन्छ -

वरले बधुलाई सिन्दुर लगाइदिएपछि आजका पण्डितले भन्न सक्तैनन्, 'ल, अब दुलहीले दुलाहका पाउमा शिर राखेर ढोग्देउ ।' अनि बराबरी हैसियत पुगेका हाम्रा छोरीहरू पनि पति भनेको सहयात्री भन्दा माथि मालिक नै हो भन्दै उसका पाउमा घोप्टीएर दासत्वको प्रथम नमुना प्रस्तुत गर्छन् । अनि फेरी बेहुलाले 'म मेरो प्राण, हाड, मासु र छालालाई तिमीमा एकाकार गराउँछु ।' भन्दै चार पटक सम्म बेहुलीलाई जुठो खुवाउँछ , तर 'आऊ, हामी एक अर्काको जुठो खाएर हाम्रो प्राण, हाड, मासु र छालालाई एक अर्कामा समाहित गराउँ भन्ने हिम्मत गर्दैनन् । वरको पाउ धोइसकेपछि परितोषित पाउन चाहने दास जातिका महिलाले वरको खुट्टाको बुढी औँला समातिरहन्छन् ।

यस्तो राम्रो शरीर भएको नौजवान आज गर्भिणी आइमाईको लगौँटी पछारेर पेट पालीरहेको छस् । जातको कहार होस् जा, बरु काँधमा जननी सवारी बोक्, तर यसरी आफ्नो बाबुबाजेको नाकमा गू नलगा । (पृ.९८) यस साक्ष्यले पितृसत्तात्मक समाजमा रहेको पुरुषवादी मानसिकता र सोसँग सम्बन्धित चिन्तनलाई प्रस्तुत गरेको छ । साक्ष्य मार्फत नारीलाई समाजमा निम्नस्तरको र परिधीमा रहेको वर्गका रूपमा पहिचान गराइएको छ । यस्तो समाजमा नरीलाई बाँच्न र जीवन बिताउन साह्रै सकस हुने कुरा साक्ष्य मार्फत प्रष्ट भएको छ । पितृसत्तात्मक समाजमा  महिलामाथिको हेराई विभेदपूर्ण र अन्यायपूर्ण हुने कुरा माथिको साक्ष्यले बताएको छ । सत्ताका केन्द्रमा रहेको पुरुषले लिङ्गगत हिसाबले महिला भएकै कारणले पुरुष वा

पुरुषवादी सङ्कथनात्मक राज्य व्यवस्थाद्वारा गरिने उत्पीडनपूर्ण व्यवहारको अभ्यास घामका पाइलाहरू उपन्यासले आफ्नो लैङ्गिक विषय बनाएको छ । नेपाली पितृसत्तात्मक शासन व्यवस्थालाई उपन्यासले यथार्थ रूपमा प्रतिबिम्बित गरेको छ ।

उपन्यासमा लैङ्गिक हिंसा र त्यसबाट सिर्जित विद्रूप सांस्कृतिको स्वरूपलाई देख्न सकिन्छ । उपन्यासले मुख्यतः पितृसत्तात्मक हैकम नै नारीमाथि हुने शोषणको मूल कारण हो भन्ने विषय उजागर गर्न खोजेको छ । उपन्यासमा नारीमाथि हेर्ने पुरुषवादी दृष्किोण यस्तो निकृष्ट र हेयपूर्ण रहेको छ - "ए, भनिदे त्यसलाई, यस्तो हाँसो वेस्याहरू मात्र हाँस्छन् । अबदेखि यसरी हाँस्नु छ भने जाओस् माइती, बाबु-आमालाई बत्तिसै बङ्गारा देखाएर हाँसोस् । (पृ.११६) प्रस्तुत साक्ष्य अनुसार विभेदकारी पितृसत्तात्मक समाजमा नारीलाई हाँस्न पनि पुरुषको अनुमति लिनुपर्ने अवस्थाको सिर्जना हुन्छ भन्ने देखाइएको छ । यस्तो समाजमा नारीलाई कुनैपनि स्थान दिँइदैन नारी सीमान्तकृत छन् । उनीहरूलाई पितृसत्तात्मक समाजले स्वच्छन्द रूपमा बोल्ने अवसर दिँदैन । बोल्दा, हाँस्दा र बाहिर जाँदापनि पुरुषकै अनुमति लिनुपर्ने नारीको पहिचान दासत्वका रूपमा भएको छ । *घामका पाइलाहरू* उपन्यासमा आएका नारीहरूको अवस्था कारुणिक छ । उनीहरू परिधीमा परेका छन् । पुरुषवादी चिन्तन र मानसिकताबाट प्रताडित छन् भन्ने कुरा स्पष्ट भएको छ । समाजले छोरीलाई नियन्त्रित र निर्देशित गरेको छ । सम्पूर्ण सामाजिक व्यवस्था नै पुरुष मैत्री छ । बाहिरफेरको त के कुरा घरभित्र समेत तिनका पत्निहरू खुलेर हाँस्दैनन् । त्यहाँको समाजमा केटीहरूलाई बामे सरेदेखि नै आमाहरू औँला ठड्याएर ! 'ल है, छोरीले ज्यास्ती हाँस्नु छैन ' भन्छन् । (पृ.११६) भन्ने उपन्यासमा आएको साक्ष्यले पनि सोही कुरालाई प्रमाणित गरेको छ । नेपाली समाज पितृसत्तात्मक रहेकाले महिलाहरू माथि सदियौँदेखि शोषण र उत्पीडन कायम रहेको देखिन्छ । पुरुष भएकै कारण व्यक्ति घर, परिवार तथा समाजमा शक्तिशाली ठहरिने एवं महिला भएकै कारण कमजोर अनि अपहेलित ठहरिने संस्कार र संस्कृतिका कारण नेपाली समाजमा लैङ्गिक उत्पीडनले जरा गाडेको छ । घामका पाइलाहरू उपन्यासमा पुरुष भएकै कारण कुनै व्यक्तिले महिलालाई हाँस्न बन्देज लगाउने, धम्क्याउने तथा यौन शोषण गर्ने जस्ता उत्पीडन कायम राखेको देखिएको छ ।

समाजिक यथार्थलाई आत्मसात् गरी लेखिएको *घामका पाइलाहरू* उपन्यासमा नारीहरूको अवस्था दयनीय रहेको छ । उनीहरूमाथि पितृसत्तात्मक व्यवस्था लादिएको छ ।

उनीहरू आफूले चाहेको गर्न पाउँदैनन् । उनीहरूमाथि सामाजिक नजर नै विभेदकारी र अन्यायपूर्ण रहेको छ । नारीमाथि समाजको नजर असमान छ । समाजमा कहिँ र कत्तिपनि महिलामैत्री हुनसकेको छैन । महिलाको अर्थमाथि पहुँच छैन यदी भएपनि त्यसमा समाजले विश्वास गर्दैन । उपन्यासमा महिलालाई शक्तिशाली र अर्थमाथि पहुँच भएको हेर्न नचाहाने पुरुषवादी हैकमवादी चिन्तन यस्तो रहेको छ :

> (४) उनीजस्तो अलमस्ती केटीलाई जस्तो घर त्यस्तै पसल । त्यहाँ पनि कुनै कुरा झिकेर थपडी पिटीपिटी हाँस्न थालिन् भने के होला ? कसैले अपमानजनक केही भनिदियो भने कोसित लट्ठीमुङ्ग्री गरिरहने ? यो त सामाजिक सङ्कट थियो । यसका साथै आर्थिक सङ्कट सम्हाल्न पनि कम गाह्रो थिएन । चिया खाइसकेपछि पैसा कसरी तिर्ने ? अणुलाई तिर्न लाउनु एउटा पुरुषको लागि लाजमर्नु हुनेछ । (पृ.११५)

उपर्युक्त साक्ष्यमा नारीलाई शक्तिशाली र अर्थमाथि पहुँच भएको हेर्न नचाहाने पुरुषवादी हैकमवादी चिन्तन आएको छ । साक्ष्यमा आएकी नारी पात्र बंगाली समुदायकी हुन् । उनी आफ्नो परिवारमा स्वच्छन्द भएर हाँस्छिन् र बोल्छिन् पनि । उनी आफूलाई आवश्यक कुराका लागि आफैँ खर्च गर्न सक्छिन् । आर्थिक परिचालनमा उनलाई परिवारले समान अधिकार पनि दिएको छ । परिवारको त्यही समान व्यवहार नै उनको शक्तिको श्रोतका रूपमा रहेको छ । तर युवक अर्थात पवन नेपाली पितृसत्तात्मक व्यवस्थाको केन्द्रीय संस्कृतिमा रहेको पात्र हो । त्यही भएर उसमा पसलमा जाने कुरामा चिन्ता छ । पवनको संस्कारले अणुलाई पैसा तिरेको हेर्न चाहँदैन । पवन नेपाली पितृसत्तात्मक शासन व्यवस्थाको प्रतिनधि पात्र हो । नेपाली समाजले आर्थिक सञ्चालन र त्यसको व्यवस्थापनमा महिलालाई स्थान दिँदैन । महिलाले पैसा तिर्नु र आर्थिक कारोबार गर्नु भनेको पुरुषमाथिको अपमानका रूपमा यो विभेदकारी समाजले स्वीकार गर्दछ ।

पितृसत्तात्मक सामन्तवादी समाजले महिलाहरू आर्थिक रूपमा पुरुषमाथि निर्भर भएको हेर्न चाहन्छ भन्ने मान्यता पवनले अणुबाट पैसा तिराउन नचाहेको प्रसङ्गबाट प्रष्ट भएको छ । पुरुषवादी हैकमवादी नेपाली समाज विभेदकारी रहेको छ भन्ने कुरालाई उपन्यासले देखाएको छ । पितृसत्तत्मक नेपाली समाजले महिलाहरूलाई स्वाधिन भएको हेर्न चाँहदैन । महिलाहरू जहिल्यैपनि नियन्त्रित र पराधिन भएको हेर्न चाहने विभेदकारी नेपाली समाजको चित्रण

उपन्यासमा भएको छ । पितृसत्तात्मक नेपाली समाज महिलालाई शक्तिहीन र परनिर्भर भएको हेर्न चाहन्छ भन्ने कुरा माथि आएको साक्ष्यका माध्ययमबाट पनि थाहा पाउन सकिन्छ । महिलालाई बाहिर, खुला वातावरण र बदलिँदो समयसँग साक्षत्कार गर्नबाट पनि पितृसत्तात्मक समाज अनुदार रहेको कुरा माथिको साक्ष्यबाट स्पष्ट भएको छ । अणु बाहिर चिया पसलमा गएर चिया पिउन खोज्दा पवन उसलाई त्यहाँ गएको हेर्न चाँहदैनथ्यो । वीरगन्जको बाहिरी समाज महिलामैत्री नभएको र महिलालाई विभेद गर्ने खालको थियो भन्ने थाहा हुन्छ । पसलमा चिया खान आएका पुरुषको व्यवहार नेपाली पितृसत्तात्मक चिन्तनमा आधारित छ । जसबाट नेपाली नारीमाथि गरिएको विभेदपूर्ण व्यवहार थाहा पाउन सकिन्छ । यस्तो विभेदकारी समाजमा महिलालाई बाहिर गएर खान, बस्न स्वीकृति छैन भन्ने कुरा बुझ्न सकिन्छ । पवनमा आएको पैसा तिर्ने कुरामा पनि यो विभेदकारी समाजको चिन्तन झल्केको पाइन्छ । नेपाली समाजमा आर्थिक परिचालन र त्यससँग सम्बन्धित कुरामा महिलाको कुनै भूमिका छैन भन्ने बुझ्न सकिन्छ । युवती अर्थात अणुले पैसा तिर्दा पवनको आत्मसम्मानमा ठूलो ठेस पर्न जाने पितृसत्तात्मक चिन्तन यहाँ आएको छ ।

सामाजिक यथार्थमा आधारित रहेको *घामका पाइलाहरू* उपन्यासमा महिलाको अवस्था दयनीय र टीठ लाग्दो छ । महिलालाई आर्थिक गतिविधिका साथै अन्य धेरै क्रियाकलापका लागि पितृसत्तात्मक समाजले रोक लगाएको छ । महिलाहरूको यस उपन्यासमा सीमान्त र परिधीय अवस्थामा पहिचान भएको छ । उपन्यासमा रहेको पितृसत्तात्मक समाजमा लैङ्गिक आधारमा मानिसको मूल्याङ्कन गर्ने र पुरुषको केन्द्रीयतालाई निरन्तरता दिइराख्ने समाजले एकपछि अर्को शिलशीलाबद्ध रूपमा प्रहार गर्छ । महिलाहरूलाई सधैँ कमजोर र असक्षमताको पर्याय बनाउँछ । प्रस्तुत उपन्यासमा पनि रेलवेका कर्मचारीका श्रीमतीहरूले पनि पुरुषप्रधान समाजको चरम पिडा सहनु परेको छ । महिलाहरूलाई यस उपन्यासका पुरुषहरूले कसरी लिएका छन भन्ने कुरा बुझ्नका लागि यो साक्ष्यलाई हेर्न सकिन्छ -

(५) म भेलाको उद्देश्य अर्थ्याउनै आँटेको थिए कि सबै स्टाफका आइमाईहरूको एक डफ्फा लिएर श्रीवास्तवीकी श्रीमती आइपुग्नुभयो । हामीलाई बडो आश्चर्य लाग्यो र मैले सोधे कुनै भोजभतेर वा रमाइलो गर्नका लागि हामी यहाँ जम्मा भएका होइनौं । हामी त लोकोबाबुको

विरामी अवस्थाले गर्दा हाम्रो रेल्वेउपर जुन ठूलो संकट आउन आँटेको छ त्यसको बचावटको लागि बाटो खोज्न यहाँ बसेका छौँ । तपाईंहरू यहाँ किन आउनुभएको ? आ-आफ्नो क्वाटरमा जानुहोस् र हामीलाई आफ्नो काम गर्न दिनुहोस् । (पृ.१८२)

उपर्युक्त साक्ष्यमा महिलामाथिको पितृसत्तात्मक दृष्टिकोण प्रस्तुत भएको छ । विभेदकारी सामन्ती समाजमा महिलाहरूको अवस्था कारुणिक हुने कुरा माथिको साक्ष्यबाट स्पष्ट भएको छ । साक्ष्यमा आएका महिलाहरू कर्मचारीका श्रीमती भएपनि उनीहरू विभेदबाट मुक्त छैनन् । समाजमा कर्मचारी वर्गलाई ज्ञान, शिक्षा र समाज परिवर्तनका लागि महत्त्वपूर्ण ठानिन्छ । यस्ता वर्गलाई समाजिक रूपमा अगुवाका रूपमा  पनि स्वीकार गर्ने गरेको पाइन्छ । समाजका यस्ता शिक्षित र अगुवाको काम गर्ने चेतनशील वर्ग समाजलाई नयाँ दिशामा लैजाने र समाजिक भेदभावयुक्त कुरीति अन्त्य गर्ने प्रकृतिका हुनुपर्ने अपेक्षा राख्नेहरूका लागि भने यस उपन्यासका कर्मचारी वर्गले निराश बनाएका छन् । कर्मचारीको महिलामाथिका अनकौं व्यवहार भेदभावपूर्ण छन् । महिलाहरूलाई आमोद प्रमोदको उपकरण र घर कुरुवाका रूपमा मात्र पुरुषले लिएका छन् । महिलाहरूलाई पुरुषले सहधर्मिणी र सहचारिणीका रूपमा  नलिइ समाजिक महत्त्व नै नभएका सीमान्त वर्गका रूपमा  स्वीकार गरेको छ । यहाँ महिलाको पहिचान पुरुषका अधिनमा रहने र रमाइलोका अंशियार बन्ने मात्र भएको छ । पुरुषले अह्राएको गर्ने, उनीहरूको नियन्त्रण र निर्देशनमा बस्ने दासत्वपूर्ण अवस्थाको पहिचान यस उपन्यासमा महिलाको रहेको छ । पुरुषमा दास मानसिकता रहेको छ, उनीहरू आफ्ना श्रीमतीहरूलाई होस्टेमा हैँसे गर्नका लागि हैन क्वाटरका सारथीका रूपमा मात्र स्वीकार गर्दछन् ।

(६) सातआठ कोसबाट त्यत्रो भारी बोकेर ल्याउनु सानो काम हो ? सबभन्दा गाह्रो मलाई आइमाईको चिजविज ल्याउँदा हुन्छ । टिका सिन्दुर, खुट्टामा लाउने आलत, नङमा लाउने पालिस आदि कुनै गह्रौँ बस्तु त होइनन् तर के गर्छौ उनीहरूको चित्त कहिल्यै बुझाउन सकिन्न । कहिले रङ मिल्दैन, कहिले सानो ठूलो हुन्छ । केही गरेपनि जस पाइन्न ।" (पृ.१०५)

उपर्युक्त साक्ष्यमा हिन्दु महिलाको पहिचान भएको छ । विवाहित हिन्दु महिलका लागि टिका, सिन्दुर जस्ता वस्तुहरूलाई अत्यन्त महत्त्वका साथ लिइन्छ । यस समुदायमा महिलाहरूले

सिन्दुर र पोतेलाई सौन्दर्यका साथ साथै सौभाग्यका रूपमा पनि लिने गर्दछन् । सिन्दुरलाई आफ्नो सौभाग्यका रूपमा स्वीकार गर्ने यस समुदायमा सिन्दुर नलगाएका विवाहित महिलाहरूलाई देखेमा कुसाइत पर्ने विश्वास गरिन्छ । माथिको साक्ष्यले सम्बन्धित धर्मको धार्मिक मान्यता र विश्वासका साथै महिलाहरूको फरक तवरको पहिचान पनि गराएको छ । "अहिलेसम्म त्यस पसलमा कुनै महिलालाई चिया खाइरहेको कसैले देखेको छैन । त्यहाँको बस्ने व्यवस्था पनि त्यस्तो छैन । जहाँ आइमाईलाई बसालेर चिया खुवाउन सकियोस् ।" (पृ.११५) यस साक्ष्यमा पवनले पितृसत्तात्मक सोच भएको पुरुषको प्रतिनिधित्व गरेको छ । वीरगञ्ज सहर भएतापनि यहाँ महिलामैत्री वातावरण कतै छैन । पवनले अणुलाई चिया खुवाउनका लाीग लैजानका लागि सहरमा कुनै त्यस्तो पसल नभएको कुरा सम्झेको छ । महिला घरभित्रका काममा मात्र जोतिने बाहिर घुमफिर गर्ने स्वतन्त्रता नभएको समाजको पहिचान उपन्यासमा भएको छ । पसलमा बसेर चिया खाने काम पुरुषको मात्र भएको हुँदा तत्कालीन समयमा महिलाले बाहिर पसलमा बसेर चिया खाएको पवनले कहिल्यै पनि देखेको छैन । त्यसैले अणुलाई लगेर चिया खुवाउनका लाीग उसले पसल नै भेटाएको छैन । यसबाट तत्कालीन नेपाली समाजमा महिलालाई हेर्ने दृष्टिकोणको पहिचान भएको छ ।

## ४.३ *यहाँदेखि त्यहाँसम्म* उपन्यसमा लैङ्गिक पहिचान र प्रतिनिधित्व

*यहाँदेखि त्यहाँसम्म* उपन्यासमा लैङ्गिक पहिचान प्रतिनिधित्व उत्कृष्ट रूपमा प्रस्तुत भएको छ । सामाजिक यथार्थवादी उपन्यासका रूपमा रहेको *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा महिलाहरू पितृसत्तात्मक समाजमा कसरी पुरुषद्वारा पीडित रहेका छन् भन्ने कुराको पहिचान भएको छ । यस उपन्यासमा महिलाले पुरुषद्वारा दमित लिङ्गका रूपमा आफ्नो पहिचान बनाएका छन् । महिलालाई मान्छे नै नगन्ने उच्च पौरुषग्रन्थीले लिप्त भएका पुरुष र पुरुषका अगाडि आफू सानो सम्झिएर पीडित भएर बस्ने महिलालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । राणाशासन कालमा महिला उपभोग्य बस्तु, घरको काम गर्ने मानिस र सन्तान उत्पादन गर्ने मेसिनका रूपमा रहेको कुरा उपन्यासका कथावस्तुमा पाइन्छ । यस उपन्यासमा विषेश गरी गौरी र पार्वती पुरुषवादी सोचबाट बढी पिडीत भएको देखिन्छ । यसरी महिला दमित रूपमा रहेकाले उनीहरूको सशक्तिकरणको चर्चा उपन्यासमा खासै भएको छैन तर पार्वती र भद्रनाथकी कान्छी श्रीमती दुर्गीले भने कहीँकतै विद्रोह गरेको कुरा उपन्यासमा पहिचान हुन्छ । उपन्यासमा

महिलालाई शोषित पीडित लिङ्गका रूपमा प्रस्तुत गरिएको छ । "अतः पुरुषहरू त वाँकटे हानेर जेनतेन पारि पुग्छन् तर आइमाईले के गर्ने ?" (पृ.५) यस साक्ष्यमा महिलाहरूमाथिको सामाजिक दृष्टि आएको छ । नेपाली समाज पितृसत्तात्मक रहँदै आएको र यस्तो समाजमा महिलालाई कहिल्यैपनि पुरुषको दाँजोमा पहिचान नबनाएको प्रसङ्ग माथिको साक्ष्यले प्रस्ट पारेको छ । यस्तो समाजले महिलालाई दोस्रो दर्जाका रूपमा हेर्ने र पुरुषले गर्ने कुनैपनि काम महिलाले गर्न नसक्ने मान्यता राख्दछ । माथिको साक्ष्यमा महिलालाई शाब्दिक रूपमा पनि विभेद गरी आइमाई सम्बोधन गरिएको छ । महिलाहरूले सामान्य कामका लागि पनि पुरुषको भर पर्नु पर्ने शक्तिहीन वर्गका रूपमा प्रतिनिधित्व गरेका छन् । खोला तर्न पुरुषको भर लिनु पर्ने कुराले पनि महिला पछि रहेको कुराको पहिचान हुन्छ । पुरुष त जसोतसो गरेर खोला तर्ने तर महिलाहरूको शारीरिक क्षमता पनि कमजोर हुने र लुगा पनि त्यस्तै खालको लगाउने हुनाले खोला तर्न महिलाहरूलाई गाह्रो हुने गर्दछ । महिलाहरू खोला तर्न एक्लै नसक्ने कारण पुरुषहरूको सहारा लिनुपर्ने बाध्यता उनीहरूको छ । राणाकालमा तराईमा नयाँ बस्ती बसेको र तराईमा खोला नाला बढी हुने हिउँदको समयमा त खासै खोलाले दुःख नदिने तर वर्षात्को समयमा भने खोला बढेर कतै जान आउन समस्या हुने भौगोलिक स्थितिको पनि पहिचान माथिको साक्ष्यले गरेको छ ।

(१) "कलौटी ।" सोभ्का पिताको मुखबाट रोक्दारोक्दै सधैँ उच्चारण गरिने नामको ध्वनि जिब्रोबाट चिप्लिहाल्यो । कजन लाजले भुतुक्क भई, अनुहार अबिर पोतरेजस्तै रातो न रातो । सधैँ पौरुषग्रन्थिको प्रभावले थिचोमिचो पारिराखेको कजनको नारी आफ्नो सम्पूर्ण शील, गुण र स्वभाव लिएर उसको अनुहारमा प्रतिविम्बित भयो । (पृ.९)

माथिको साक्ष्यमा पवनकी सानिमा कजन घाममा बस्दाबस्दा काली भएका कारण सबैले कलौटी भन्थे । कजनलाई माग्न आउँदा नाम सोध्दा निम्नस्तरका सोभ्का पिताले कलौटी भनेपछि कजन लाजले भुतुक्क भएकी छ । यहाँ कजनले नारी जातको प्रतिनिधित्व गरेकी छ । आफ्नो घरमा बोलाउने नाम सुनेर नारीमा हुनुपर्ने सम्पूर्ण शील, गुण स्वभाव पहिचान भएको छ । माथिको साक्ष्यमा कजनले नारीको प्रतिनिधित्व गरेकी छ भने कजनका पिताले निम्न मध्यमवर्गको प्रतिनिधित्व गरेका छन् ।

(२) एक त महिला, आफूभन्दा उमेरदार, त्यसमा पनि बाहुनी र बालविधुवी पार्वतीको शरीरमा हात हाल्ने ह्याउ जस्तोसुकै मै हुँ भन्नेलाई पनि हुन सक्दैन । ती ठिटाहरू पनि फोहर पानीको एक सानो भेल ह्वात्त आर छिटै फर्केर गएजस्तो बिस्तारै लोते कान लाएर थाले र यत्रतत्र लागे । (पृ.४४)

माथिको साक्ष्यमा पार्वतीले निम्न मध्यम वर्गकी बाहुनी महिलाको प्रतिनिधित्व गरेकी छन् । यहाँ ठिटाहरूले पुरुषले जति रिस उठेपनि महिलामाथि हात हाल्न नसक्ने प्रवृतिको पहिचान गर्न सकिन्छ । पवनको साइकल फर्काउन आएको असुर्फी साहुका मानिसलाई गाउँका मानिसले जाइलाग्न थालेपछि पार्वतीले त्यसको विरोध गरेर उक्त मानिसलाई छेक्न आएकी थिइन् । उनी बालविधुवा, माहिला भएको कारण गाउँका ठिटाहरूले हात हाल्न नसकेको कुरा यहाँ प्रस्तुत गरिएको छ । महिलालाई पुरुषले हात नहाल्ने र महिलालाई निर्धा हुन्छन् भनेर सोच्ने प्रवृति नेपाली समाजमा पाइन्छ । त्यसैको पहिचान माथिको साक्ष्यले गरेको छ । ठिटाहरू जति जोसिएपनि महिलाउपर हात हाल्न नसक्ने नेपाली प्रवृतिलाई उपन्यासले पहिचान गराएको छ ।

(३) "यो लख मैले अघि नै काटिसकेको थिएँ । गाउँको चलनचल्ति विथोल्ने पार्वतीबाहेक को हुन सक्छ ? मैले कति चोटि भनिसकेँ -पार्वती तिम्रो स्वभावबाट दिनपरदिन आइमाईमा हुनुपर्ने गुण, कोमलता र लजालुपन हट्दै गएर कठोर पुरुष स्वभाव पो उब्जिन थालेको देख्छु । तिमीमा पौरुषग्रन्थि प्रबल हुँदै गएजस्तो छ, यस्तै हो भने एक दिन तिम्रा गाला र च्यूँडोमा पनि पवनजस्तै झ्यापझ्याप्ती दाह्रीजुँगा आउनेछ ।" (पृ.४६)

माथिको साक्ष्यमा महिलामा विनम्रता, कोमलता, लजालुपन हुने तर पार्वतीमा महिलामा हुनुपर्ने त्यस्ता गुण हराउँदै गएको कुरा पहिचान भएको छ । पवनको साइकल पुऱ्याउन आएको मानिसलाई गाउँले ठिटाहरूले घेरेपछि पार्वतीले तिनलाई थर्काएर त्यो मानिसलाई बचाएको कुरा पण्डितले थाहा पाएर पार्वतीलाई महिला भएर पुरुषको जस्तो काम गरेको विषय असहमति जनाएको छ । बालविधुवा पार्वती कसैले अर्घेलो गरेको सहदिनथिन् । उनका परिवार नभएको कारणले सम्पत्तिको लोभलालच पनि थिएन र कसैको डर पनि थिएन । कोहीबाट कसैले अपमान वा पिडा पाएको छ भने त्यो उनलाई खपिनसक्नु हुन्थ्यो । त्यो स्वभाव पूर्वीय संस्कृतिमा नारीमा नहुनुपर्ने गुण पार्वतीमा भएको तर्क पण्डितको छ । उसले पार्वतीलाई पुरुष स्वभाव भएको

भनेको छ । यसबाट हप्कीदप्की गर्ने अरुको संरक्षण गर्ने काम पुरुषको मात्र भएको सोच राख्ने पितृसत्तात्मक सोच भएको पण्डितको पहिचान भएको छ । यसरी माथिको साक्ष्यमा नेपाली समाजमा नारीलाई घरभित्रैका काममा मात्र सुहाउने र बाहिरमा झै झगडा मिलाउँदा पुरुष जस्तो हुन खोजेको आरोप लगाउने परिपाटी रहेको कुराको पहिचान भएको छ ।

(४) म सधैँ कति कसैको आश्रयको छहारीमुनी निर्धो भएर हुर्किरहुँ - बाजे, पीताम्बर, लोकोबाबु र द्वारिकासम्म त उनले आफ्नो उमेरगुना चित्त बुझाउनुपरेको थियो तर हुँदाहुँदा गाउँमा पनि अब यो पार्वतीको आश्रय र संरक्षण ओढेर बस्नुपर्नेछ । बिहानको घटना नै पवनका लागि प्रशस्त भइसकेको थियो, त्यसमाथि अब आइपर्ने आकस्मिकताका लागि पनि ऊ पार्वतीको गुहार थापिरहोस् ? अबला पार्वतीको संरक्षण, जसका लागि हात थापिदिने कोही छैन । बरु कति सुखद हुने थियो पार्वतीबाट यो सुनेर कि पवन तिमी गाउँमा आयौ अब ढुक्क भएर म बस्न सक्छु । मेरा लागि डाँकहाँक गरिदिने को छ र यस संसारमा ? म बबुरी एक्ली विधुवी कुनै पौरुषको आड नपाई कसरी आफ्नो अस्तित्वलाई पवित्रतासाथ जोगावट गरेर बाँचिरहन सकुँला, त्यसकारण पनि तिम्रो आगमन मेरा लागि वरदान हुन गएको छ । तर यहाँ त झन्सारो बेग्लै स्थिति पो उसले बेहोर्नुपर्ने देखियो । (पृ.५५)

माथिको साक्ष्यमा नेपाली समाजमा पितृसत्तात्मक सोच भएको कुराको पहिचान भएको छ । यहाँ पवनले त्यही पितृसत्तात्मक सोचले ग्रसित पुरुषको प्रतिनिधित्व गरेको छ । शिक्षित भएको र अणुको सङ्गत गरेको भएतापनि उसमा पितृसत्तात्मक सोचले जरा गाडेर बसेको देखिन्छ । पुरुष भएकाले ऊ पार्वती जस्ता महिलाको आड भरोसामा रहन चाहन्न । उमेरको हिसावले सानो भएपनि प्राचिन नेपाली समाजमा महिलाको आड भरोसामा पुरुष बस्न नचाहने प्रवृति रहेको थियो । महिलालाई तल्लो स्तरको दर्जा दिने र महिला पुरुषको संरक्षणमा बस्नुपर्ने सोचाई पितृसत्तात्मक समाजमा रहेको छ । त्यसैको फलस्वरुप यहाँ पवनको सोचाइ पनि देखिन्छ । पवनको साइकल पुऱ्याउन आएको मानिसलाई गाउँका ठिटाहरूले घेरेको देखेर छुट्याउन गएको पवनलाई पनि धक्का दिन्छन् तर पार्वतीले आएर उनीहरूलाई थर्काएर

पठाउछिन् । एकछिनका लागि समस्या टरे पनि पार्वतीको संरक्षण पवनलाई मन पर्दैन । त्यसमा पनि पण्डितलाई पार्वतीले आफू भइन्जेल पवनलाई कसैले छुन नसक्ने कुरा उसलाई पटक्कै मन पर्दैन । सानो छँदा देखि नै वाजे, वावु लगायतका पुरुषको संरक्षण रहेको पवनले उनीहरू पुरुष भएका कारण केही हदसम्म स्वीकारे पनि नारी जाती भएकाले पार्वतीको संरक्षणको व्यवहार उसले स्वीकार्न सक्दैन । पवन उमेरले सानो भएपनि विधुवी र अवला नारी पावर्तीका लागि आफू संरक्षकका रूपमा  रहन चाहन्छ । त्यसैले यहाँ पवनले पितृसत्तात्मक सोच भएको पुरुषको प्रतिनिधित्व गरेको छ भने माथिको साक्ष्यबाट हाम्रो पितृसत्तात्मक समाजको उदाहरणको पहिचान भएको छ ।  "म पनि सानो छैन पार्वतीदी, आफ्नो सुरक्षा म स्वयं गर्न सक्दिनँ र तपाई मलाई ढाडस दिइरहनुभएको छ ? म सम्पूर्ण पुरुष भइसकेको छु पार्वतीदी, तपाई मलाई किन त्यही बालक र निर्धो पवन भन्ठान्नुहुन्छ ?" पवनले यो कुरा केही उत्तेजनापूर्वक पार्वतीलाई फर्कायो ।" (पृ.५५) यस साक्ष्यमा पवनले अरुको संरक्षण नचाहने पौरुषग्रन्थीले उन्मत्त पुरुषको प्रतिनिधित्व गरेको छ । असुर्फि साहुको मानिस पवनको साइकल पुर्‍याउन आउदा पार्वतीले झगडा हुन नदिई समस्यालाई समाधान गरेकी थिइन् । तर पुरुष कहलिएको पवनलाई पार्वतीको संरक्षण र पण्डितसँग गरेको कुरा मन पर्दैन । त्यसैले त्यसको प्रतिउत्तरमा ऊ आफू सानो नभएको र आफ्नो संरक्षण आफैँ गर्न सक्ने कुरा व्यक्त गर्दछ । पुरुषवादी प्रवृति हावी भएको पवनमा देखिएको छ । पुरुषमा हुनुपर्ने गुण सबै भएको र आफूलाई महिलाले संरक्षण गर्नु नपर्ने तर्क पवनको छ । पुरुष भएर पनि महिलाको संरक्षणमा बस्दा पवनलाई भित्र कताकता घोचेको जस्तो अनुवभ हुन्छ । हाम्रो जस्तो पितृसत्तात्मक समाजमा पुरुष आफूलाई महिलाभन्दा माथिल्लो स्तरको सोच्ने र महिलाको आड भरोसा नचाहिने खालको सोच पवनमा पनि देखिएको कुरा माथिको साक्ष्यबाट प्रष्ट हुन्छ । यसबाट पवन लगायत सम्पूर्ण पुरुषहरू आफू महिलाको संरक्षणमा रहन नसक्ने पुरुषको पहिचान गर्न सकिन्छ ।

(५) "खोइ, मैले लाउन हुन्छ हुँदैन म त विधुवी हुँ ।" पार्वती किञ्चित निराश भएर सुस्तरी भन्दछिन् । "किन नहुनु, तपाईले आलु खानु हुन्छ भने आफ्नो नारीमा आलुका चाना बेर्नु हुन्न ?" चुरापसलेको तर्कको पार्वतीसित कुनै उत्तर थिएन । उनले आफ्ना दुवै हात चुरौटेलाई सुम्पिदिइन् । (पृ.६०)

माथिको साक्ष्यमा अरुले भनेर भन्दा पनि आफै संस्कार र समाजसँग डराउने नारीको प्रतिनिधित्व पार्वतीले गरेकी छन् भने व्यापारीले आफ्नो व्यापार बढाउनका लागि आफ्नै तरिकाले व्याख्या गर्ने चुरौटेले व्यापारीको प्रतिनिधित्व गरेको छ । पार्वती बालविधुवा हुन् । विधुवा भएपछि श्रृङ्गारका सामग्रीको प्रयोग गर्न नहुने र साधारण भएर जीवन विताउनुपर्ने नियम नेपाली प्राचिन समाजले बनाइदिएको छ । फलस्वरुप पार्वती पनि लाउँलाउँ र खाउँखाउँको उमेरमा बुच्चा हाल लिएर बसेकि छन् । गढीमाईको मेलामा जाँदा पार्वतीले अनौठो खालको चुरा देख्छिन् तर आफूलाई चुरा लगाउन मन भएतापनि विधुवाले लगाउन हुने हो वा नहुने हो उनी दोधारमा भएर चुरौटेलाई सोध्छिन् । चुरौटेले आलु खान भएपछि आलुको चुरा लगाउन पनि हुने कुरा व्यक्त गर्दछ । यसरी महिला त्यो माथि पनि विधुवा भएपछि समाजका अनेक नीति नियमलाई मान्नुपर्ने र अर्काको डरमा बस्नुपर्ने कुराको पहिचान माथिको साक्ष्यबाट प्रस्तुत भएको छ । नारीहरू अरुले भन्नुभन्दा पहिले नै समाजको डरमा बस्नुपर्ने कुरा पार्वतीजस्ती हठी स्वभाव भएकी महिलालाई पनि बाध्य पारिएको छ । त्यो एकातिर समाजको डर हो भने अर्कोतिर पाप धर्मको कुरा पनि हो । नारी जहिले पनि पुरुष र समाजको डरमा बस्नुपर्ने कुराको पहिचान माथिको साक्ष्यमा भएको छ । “पार्वतीको कुरा यौटा यस्ती निर्धो आइमाईको कुरा थियो जसको पिठ्युँपछाडि “लौत....।” भनेर बराँठिएको पाखुरा खैँचेर खडा हुने कुनै मर्दानाको छाँयासम्म थिएन ।” (पृ.६८) यस साक्ष्यमा पार्वतीले एउटा विधुवा नारीको प्रतिनिधित्व गरेकी छन् । उनी बालविधुवा भएका कारण उनको पछाडि आडभरोसा दिने मानिस कोहि पनि थिएन । नेपाली समाजमा महिलालाई अवलाको रूपमा लिने र उसलाई आड भरोसा दिने पुरुष जात हुनुपर्ने कुराको पहिचान माथिको साक्ष्यमा भएको छ । गढीमाईको मेलाबाट आलुको चुरा लगाएर आएपछि त्यही विषयलाई लिएर गाउँमा भद्रनाथले रडाँको निकालेका थिए । विधुवा नारी चुरा लगाउन नहुने सोच राख्ने नेपाली समाजमा पार्वतीले चुरा लगाएको कुरा पचाउन सक्दैन । यहाँ नारी जातिलाई सानो सानो कुरामा पनि बन्धेज राख्ने र के खायो क लायो भनेर खोजखबर गर्ने पितृसत्तात्मक समाजको पहिचान भएको छ । “भद्रनाथ माथिबाट रुन्चे हाँसो हाँसिरहे पनि भित्रभित्र मुरमुरिइरहेका हुन्थे । मैले जानेको छ यस राँडीमुडीलाई, यसलाई आफ्नो खुट्टामा निहुराएर भन्न लाउनेछु - “भद्रनाथ, जनी गर, तिमीले जे भन्छौ म त्यही गर्नेछु । मेरो सबै थोक आजदेखि तिम्रै हो ।” (पृ.६९) यस साक्ष्यमा पार्वतीले विधुवा नारीको प्रतिनिधित्व गरेकी छन् भने

भद्रनाथले सामन्ती पुरुषको प्रतिनिधित्व गरेका छन् । यहाँ भद्रनाथ जस्तो गाउँको जमिनदार भद्रभलाद्मीबाट पार्वतीलाई राँडीमुडी भन्ने तुच्छ शब्द प्रयोग भएको र पुरुषहरू महिलाको शरीरप्रति आकृष्ट रहने देखिएकोबाट नेपाली समाजमा महिलाको स्तर निकै तल्लो रहेको कुराको पहिचान गर्न सकिन्छ । बालविधुवा पार्वतीको खाइलाग्दो शरीरप्रति भद्रनाथको पहिल्यै देखिको गिद्धे नजर यहाँ प्रस्तुत भएको छ । कोही नभएकी पार्वतीलाई आफ्नो पाउमा निहुराउन र उसको शरीरसँग खेल्ने चाहना भद्रनाथको रहेको छ । यसबाट भद्रनाथको पुरुषप्रधान र सामन्ती वर्गको पहिचान गर्न सकिन्छ ।

(६) “हिजो पार्वतीले अनर्थ गरिन् । गढिमाईको मेलामा गएर दुवै हात भरिभरि रङ्गीविरङ्गी चुरा लाएर आइन् । सुन्छु मेलाको मुसलमान चुरौटेले यिनको सिङ्गै चोलो खोल्न लगाएर हात कमलो पार्नका लागि नारीदेखि पाखुरासम्म धेरैबेर मुसारिरह्यो । राँडी आइमाईले यसरी चुरा लाएर गाउँघरमा हिँडेको मैले कहिले सुनेको छैन । यो हामी सबैका लागि हाँक हो । यसबारे गहिरिएर विचार गर्नुपर्ला मालिक, यसले गर्दा गाउँघरमा नराम्रो हावा अबदेखि चल्न थाल्छ । उसको चुरा जुनसुकै युक्तिले पनि फुकाइछाड्नुपर्छ, अनि मात्र त्यस चोथाले बिधुवीको तुजुक झर्नेछ ।” यति भनेर पुजारी फेरि कुनै स्त्रोत्रको श्लोक भट्ट्याउँदै शिवालयतिर लागे । (पृ.७१)

माथिको साक्ष्यमा पुजारीले पौरुषग्रन्थी उच्च भएको पुरुष र पार्वतीले विधवा नारीको प्रतिनिधित्व गरेकी छन् । चुरौटेले मुसलमानको प्रतिनिधित्व गरेको छ । नेपाली समाज पितृसत्तात्मक समाज भएको कारण यहाँ महिलाहरूको सानो कुरालाई पनि ठुलो बनाएर वकालत गर्ने प्रवृतिको पहिचान भएको छ । विधुवा पार्वतीले आलुको चुरा लगाएर आएपछि त्यस विषयलाई कचहरी बस्ने विषयको रूपमा पुजारीले भद्रनाथलाई बढाइचढाई सुनाएको छ । पार्वती हठी स्वभावकी भएकाले पुजारी र भद्रनाथको दोहोलो काट्थिन् यही कुराको बदला लिनका लागि चुरा लगाएको कुरालाई उनीहरूले हतियार बनाएका थिए । विधुवा पार्वतीले सामान्य रूपमा लिएर चुरा लगाएकी थिइन् तर पुजारीले भद्रनाथलाई चुरौटेले हात मुसारेको भनी अतिसयोक्ति गरी सुनाएका थिए । तत्कालीन समयमा विधुवा नारीलाई कसरी हेरिन्थ्यो भन्ने कुराको पहिचान माथिको साक्ष्यले गराएको छ ।

(७) "...तिमीलाई यहाँ डाकेको कारण तिमीले हिजो मेलामा लाएको चुराबारे हो । हाम्रो धर्म र समाजले नरुचाउने काम तिमीले गऱ्यौ । यो पञ्चायत तिमीलाई यस अधर्मी कामबापत ठूलो सजाय दिन सक्छ । तर पहिलो पटकलाई नरम नीति नै लिनु ठीक भएकोले तिमी पञ्चायतको आज्ञा मानेर ती सबै हातका चुरा अहिल्यै फुस्काएर पञ्चायतलाई सुम्पिदेऊ .. ।" (पृ.७२)

माथिको साक्ष्यमा भद्रनाथले पुरुषको र पार्वतीले महिलाको प्रतिनिधित्व गरेका छन् । पार्वतीले गढीमाईमा आलुको चुरा लगाएको सामान्य विषयलाई पञ्चायतमा राखेर पार्वतीले गर्न नहुने काम गरेको कुरा भद्रनाथले जिकिर गरेका छन् । विधुवा नारीले हातभरी चुरा लगाउन नहुने धर्म संस्कृति भएको कुरा भद्रनाथको विचार छ ।  भद्रनाथको कुराबाट तत्कालीन समाजमा विधुवा महिलालाई कस्तो व्यवहार हुन्थ्यो भन्ने कुराको पहिचान गर्न सकिन्छ । विधुवा नारीले हातभरी चुरा लगाउनु अधर्मी काम भएको र त्यसलाई ठुलो सजाय हुनसक्ने कुरा भद्रनाथले व्यक्त गरेकोबाट त्यस समयमा महिलालाई पुरुषबाट तुच्छ खालको व्यवहार हुन्थ्यो भन्ने कुराको पहिचान गर्न सकिन्छ । विधुवा नारीले हातभरी चुरा लगाउनु अधर्मी काम भएको र त्यसलाई ठुलो सजाय हुनसक्ने कुरा भद्रनाथले व्यक्त गरेका छन् । पञ्चायतका सामु एक्ली महिलालाई उभ्याएर भद्रनाथले उनको सम्पूर्ण शरीरका अङ्गहरूमा दृष्टि पुऱ्याएको थियो । यसबाट पनि नेपाली समाजमा नारीले पुरुषबाट पिडित हुनुपर्ने कुराको पहिचान भएको छ ।

(८) पार्वती र भद्रनाथ समकालीन थिए, केही बर्षको जेठकान्छी मात्र होला । पाँच वर्षमा विधुवी भएकी पर्वतीलाई घरका मानिसले यस राक्षसनी, पोइटोकुवीका लागि यहाँ कुनै ठाउँ छैन भनी माइती मुर्कीपलिया लर्काइदिएका थिए । दुवै भाखी गुरुको पाठशालामा साथै पढेका थिए र साथै खेल्थे पनि । पर्वातीको पलाउन लागेको बैंसले उनलाई सङ्गीसाथीहरूबाट बिस्तारै पन्छाउँदै लग्यो । (पृ.७३)

माथिको साक्ष्यमा पार्वतीले विधुवी नारीको प्रतिनिधित्व गरेकी छन् । तत्कालीन नेपाली समाजमा छोरीलाई सानै उमेरमा विवाह गरिदिने चलनको पहिचान यहाँ गर्न सकिन्छ । महिनावारी हुनु अगावै छोरीलाई कन्यादान दिए स्वर्गमा पुगिने अन्धविश्वास तत्कालीन समाजमा

थियो । सोही अनुसार पार्वतीको पनि सानै उमेरमा विवाह भएको थियो तर उनको श्रीमान्को उनी पाँच वर्षकी हुँदा मृत्यु भयो । श्रीमान्को मृत्यु भएपछि उनका परिवारले उनलाई पोइटोकुवीको संज्ञा दिएर माइती पठाए । यसबाट तत्कालीन समाजको पितृसत्तात्मक सोच पहिचान हुन्छ । श्रीमान् जे कारणले मरेपछि श्रीमतीलाई बोक्सी, राक्षसनी र पोइटोकुवाईको संज्ञा नेपाली समाजमा दिइन्छ । त्यो सोच अहिले पनि यदाकदा सुन्न पाइन्छ भने तत्कालीन समाज त झन् त्यस स्थितिमा जकडिएको थियो । महिलालाई मान्छे नै नगन्ने र धेरै खालका उत्पीडनहरू सहनुपर्ने अवस्था थियो । यहाँ पार्वती पनि विवाह के हो भन्ने कुरा नजानेकै अवस्थामा विधुवा भएकी छन् तर उनी जीवनभर विधुवाको बन्धनमा बाधिएर आफ्ना रहरहरू मारेर बस्न बाध्य भएकोबाट नेपाली समाजको तत्कालीन अवस्थाको पहिचान भएको छ ।

(९) "देख्नुभयो भाखी काका, यस नादान आइमाईहरूको तुजुक ? मैले त अबला विधुवीसित किन जोरी खोज्नु, गम खानुमै आफ्नो उच्चता प्रमाणित हुनेछ भनी चुप लागेँ । नत्र भने कस्ताकस्ता च्यापुले माटो खायो भद्रनाथका सामु यो बबुरीको के लाग्थ्यो ? त्यही हो एउटी आइमाईले प्रयोग गर्ने भाषा, तपाईं त स्वयं भाखी हुनुहुन्छ भन्नुहोस् ? अस्ति गडहलबाट आएको मानिसलाई पनि उसैले उम्काइदी । आज विधुवी भएर हातभरि शोभाको वस्तु लाएर हिँड्छे । के हामी गाउँको रीतिथितिमा तलवितल पऱ्यो भने त्यसको थामपुर पनि गर्न नपाउने ? म जसरी जुन शक्ति प्रयोग गरेर भए पनि पार्वतीको हातबाट ती चुराहरू फुस्काइछाड्छु ।" (पृ.७५)

माथिको साक्ष्यमा भद्रनाथको पौरुषग्रन्थी उच्च भएको सामन्तवादी पुरुषको पहिचान भएको छ । उनले नारी भनेका पुरुषको भनाइलाई शीरोधार्य गरेर बाच्ने प्राणी हो भन्ने सोच भएका पुरुषको प्रतिनिधित्व गरेका छन् । गढिकामाईको मेलाबाट आलुको चुरा लगाएर आएकी पार्वतीलाई पञ्चायतका सामु उभ्याएर चुरा खोल्नका लागि भद्रनाथले आदेश दिएका थिए तर पार्वतीले त्यो कुरालाई ठाडै अस्वीकार गरी हिडेपछि उनले भाखी गुरुलाई त्यसको समाधानका लागि आग्रह गरेका छन् । माथिको साक्ष्यबाट विधुवा नारीले शोभाका वस्तु लगाउन नहुने परम्परावादी सोच भएको समाजको पहिचान भएको छ । पार्वतीले चुरा खोल्न नमानेपछि

भद्रनाथमा आफू हेपिएको अनुभव भएको कारण आफूले जित्नका लागि जसरी पनि चुरा खोल्न लगाउने कुराबाट महिलाले पुरुषले भनेको कुरा नमानेमा पुरुष हेपिएको सोच्ने पितृसत्तात्मक सोचले ग्रसित समाजको पहिचान यहाँ भएको छ ।

> (१०) गाउँको सामुहिक सुरक्षाको चिन्ता त पछि सबै मिलिजुली गरौँला, अहिले त सबैलाई आआफ्नो ज्यानमाल, घरद्वार र तरुनीबरुनी छोरीबेटीहरूको चिन्ता छ । सब आआफ्ना घरतिर दगुरे । कोठीमुनी खाडल खनेर आफ्ना नाककान बुच्चो तुल्याउन थाले । हँसुली, कर्णफूल बाजु, ढुङ्ग्री, नथतिलहरी जेजति छ पोका पारेर खाडलमा राखेर पुरिदिए । भोलि झिक्नका लागि सजिलो होस् भनेर चिनो लाउन माथिबाट एक रास गोला र खरानी घोप्टयाइदिए । (पृ.१३८)

माथिको साक्ष्यमा महिलाहरूको चिन्ता सबै पुरुषहरूलाई हुने कुराको पहिचान भएको छ । प्राचीन समयदेखि नै नेपाली समाजमा महिलालाई असाहयको रूपमा हेर्ने र कुनै विपत्ती पर्दा उनीहरूलाई जोगाउन पुरुषहरू अगाडि सर्ने परिपाटीलाई यहाँ प्रस्तुत गरिएको छ । भद्रनाथको घरमा डाँका लाग्ने कुरालाई भद्रनाथले आफ्नो सुरक्षा गर्नका लागि पुरै गाउँमा डाँका लाग्छ भनि हल्ला फिजाएका थिए । त्यो कुरा थाहा पाएपछि त्यहाँका पुरुषहरूले महिलाहरूको चिन्ता गरेका छन् । घरका छोरीबेटीको इज्जत गएपछि फर्केन नआउने भएकाले उनीहरू त्यस कुरामा बढी चिन्तित देखिएका हुन् । पुरुषले गहना खासै नलगाउने र महिलाले नाक, कान छेडेर गहना लगाउने भएकाले उनीहरूका गहनाका लागि पनि डाकाले उनीहरूलाई हानी नोक्सानी गर्न सक्ने भएकाले महिला नाककान बुचो बनाएर गहना खाडलमा हालेर पुरेका छन् । माथिको साक्ष्यमा महिलालाई पितृसत्तात्मक समाजमा हरेक कुराले कमजोर बनाइने कुराको पहिचान गर्न सकिन्छ । “केही बेरपछि बुचनी गोडाइतले आएर घरघरमा खबर गरिदियो -आइमाई, बैँसालु जनानीहरू जति सबै शिवालयमा गएर बस्नु । एक एक गरी सबै आइमाईहरू शिवमन्दिरतिर लागे भने गाउँका पुरुषहरूको डफ्फा महुवामुनि ओइरिन लाग्यो ।” (पृ.१३९) यस साक्ष्यमा महिला र पुरुषको बिचको फरक पहिचान गर्न सकिन्छ । कुनै विपत्ति पर्दा पुरुष त्यसको सामनाका लागि अघि सर्ने तर महिलाहरू ज्यान जोगाउनका लागि पुरुषको भर पर्ने कुरा यहाँ प्रस्तुत भएको छ । मुर्कीपलिया गाउँमा डाँका लाग्ने खबर पाएपछि गाउँका पुरुषहरू महुवामुनि डफ्फा भएर बसेका छन् भने महिलाहरूलाई शिवालय मन्दिरमा लगेर राखिएको छ । यसबाट

हाम्रो नेपाली समाजमा प्राचीन समयदेखि नै महिलाहरू पुरुषको सहारामा बाँच्ने वा आफ्नो सुरक्षा आफैँ गर्न नसक्ने थिए भन्ने कुराको पहिचान हुन्छ ।

(११) साँझपख अनेक जयविजयको स्तुतिगानमा लागेका पनेर्नीहरूलाई अहिले फुर्सद कहाँ छ - हर भोर असारको पन्ध्र । रातभरिको असरल्ल रहेको मुर्कुच्चे कामले ती टाउको उठाएर आङ तान्न पाउँदैनन् । सूर्य उदाउनुअगावै पोइले हलोकोदालो काँधमा बोकिसकेको हुन्छ । सूर्य उदाएसम्म त उसले आधि कोलाजति मसमन्डी पोलिसकेको हुन्छ । (पृ.१५८)

माथिको साक्ष्यमा महिला र पुरुषको कामको पहिचान भएको छ । असारको पन्ध्रमा महिला र पुरुषले गर्ने कामको व्याख्या माथिको साक्ष्यमा गरिएको छ । महिला वर्गको पानी लिन जाने र घरको कामले आङ तान्ने फुर्सद नि नहुने र पुरुष पनि बिहान घाम नउदाउँदै हलो कोदालो बोकेर खेतमा पुगिसक्ने प्रवृतिलाई प्रस्तुत गरिएको छ । ग्रामीण नेपाली समाजका महिलाले घरको काम सम्हाल्ने र पुरुषले खेतबारीको काम गर्ने परम्पराको पहिचान पनि यहाँ भएको छ ।

(१२) “के भनूँ सेते आज लाज मर्नु भयो । म नुहाउन उक्लेको त मेरो घाटमा आइमाईहरू पो नुहाइरहेका । मलाई देखेर ‘मालिक’ भन्दै जिब्रो काढेर पन्छिएर गए । यो सबै लामखुट्टेले गर्दा हो । दुई प्रहर रात रहँत त निद्रा लाग्यो, अनि कसरी अँध्यारामै उठ्नु ?” भद्रनाथ लज्जित भएर भन्दछन् । ( पृ.१५९)

माथिको साक्ष्यमा भद्रनाथले पुरुषको र घाटमा नुहाइरहेकाले महिलाको प्रतिनिधित्व गरेका छन् । नेपाली समाजमा महिला वा पुरुष नुहाइरहेको ठाउँमा विपरित लिङ्ग जाँदा लाज मान्ने प्रचलनको यहाँ पहिचान भएको छ । त्यसमा पनि भद्रनाथ त गाउँको जमिनदार जस्तो मान्छे उनी नुहाउन घाटमा पुग्दा नुहाइरहेका महिलाहरू मालिक आएको देखेर जिब्रो काढेर पन्छिएको कुराबाट महिलाहरू पुरुष भनेपछि कतिसम्म लाज र डर मान्दा रहेछन् भन्ने कुराको पनि पहिचान हुन्छ ।

(१३) तर त्यत्रो अजङ्को पलङ भएर के गर्ने ? सिङ्गै पलङमा विपुलनाथ फगत एक्लो सुत्थे । पत्नी सुत्नका लागि पलङमुनि एक बेग्लै फलैंचा थियो । फलैंचामाथि पत्नी सुत्ने गर्थिन् र राति विपुलनाथ त्यसलाई खुट्किलो तुल्याएर आफ्नो अग्लो पलङमा उक्लिन्थे अनि बावर्लेटको विशाल झुल झारेर एक्लै ढलीमली गरी सुत्थे र सुतेको केही क्षणमा नै प्रगाढ निन्द्राको बाक्लो बर्को ओढेर धुनधान घुर्न थाल्थे । पत्नी तल एकसरो ओछ्यानमा अनिदो आँखा लिएर कोल्टो साटासाट गरिरहन्थिन् - रोहिणीका बुबाको निन्द्रा देखेर डाढो लाग्छ, पल्टिन पाएको छैन ढुङ्गो हो कि मुढो हो ।

(पृ.१६९)

माथिको साक्ष्यम विपुलनाथले पौरुषग्रन्थी उच्च भएको पुरुष र उनकी श्रीमतीले परम्परावादी सोच भएकी महिलाको प्रतिनिधित्व गरेका छन् । विपुलनाथ आफू पलङमा सुतेर श्रीमतीलाई तल फलैंचामा सुताउने गर्थे । आफू पलङमा उक्लिनका लागि श्रीमतीलाई भऱ्याङको रूपमा प्रयोग गरेकाबाट उनमा पितृसत्तात्मक सोच हावी भएको देखिन्छ । त्यसका साथै महिला तल्लो दर्जाका मानिस हुन् भनेर दासीका रूपमा राख्ने कुराको पहिचान पनि गर्न सकिन्छ । यहाँ विपुलनाथको विशाल पलङ, बावर्लेटको विशाल झुल आदि देख्दा उनी सम्पन्न वर्गका मानिस भएको कुरा पनि पहिचान गर्न सकिन्छ । तत्कालीन समयमा महिला हरेक कुरामा पुरुषभन्दा तल रहने र उनीहरूको दासीको रूपमा रहने कुराको पहिचान भएको छ ।

(१४) भद्रनाथले पनि आफ्नो बाजेको शय्यासंहिता अपनाउन नखोजेको होइन । बिहा गरेको पहिलो रातमा नै तल्लो फलैंचातिर देखाएर भने - “तिमी सुत्ने स्थान त्यो हो । म पनि आफ्नो बाजेले भनेजस्तै एक दापमा दुई खुकुरी जसरी राख्न सकिन्न त्यसैगरी म पनि एउटै शैयामा दुई जना सुत्ने पक्षमा छैन ।” (पृ.१७०)

माथिको साक्ष्यमा भद्रनाथले पितृसत्तात्मक सोच भएको पुरुष र उनकी श्रीमतीले महिलाको प्रतिनिधित्व गरेका छन् । भद्रनाथका बाजे विपुलनाथले श्रीमतीलाई तल फलैंचामा सुताएर आफूमात्र पलङमा सुत्थे । त्यही कुराको अनुसरण भद्रनाथले पनि गर्न खोजेको कुराको पहिचान भएको छ । महिला र पुरुष एक अर्काका परिपुरक भएतापनि सामन्ती वर्गहरू जहाँपनि

आफ्नो रवाफ देखाउने र श्रीमतीलाई पनि तल्लो दर्जामा राख्ने प्राचीन नेपाली समाजका पुरुषका रूपमा भद्रनाथ यहाँ देखिएका छन् । विशाल पलङ हुँदाहुँदै पनि त्यसमा एक्लै सुत्नका लागि भद्रनाथले श्रीमतीलाई तल फलैँचामा सुत्न भनेका छन् । यहाँ महिला भनेका पुरुषभन्दा तल्लो दर्जाका हुन् र उनीहरू पुरुष बराबर नभएका कारण सँगै सुत्न नहुने भन्ने परम्परावादी सोचको पहिचान भएको छ ।

(१५) "जाऊ दुलही रानी, उसको स्वाँगको साँचो तिम्रै तुनामा झुन्डिरहेको हुनुपर्छ । उसलाई जे चाहिएको हो त्यो सुम्पेर आऊ । जाऊ आफ्ना सन्दुस, बाकस, कन्तुर, खुत्रुके जेजे छ सबै उसका सामु खोलेर उदाङ्ग पारिदेऊ, हामी मुर्कीपलीयाका सोझासाझा बबुरीहरू कटरबनको चर्तिकला कहाँ बुझ्न सक्छौ ?" भद्रनाथकी आमाले धारिलो व्यङ्ग्यबाट आहत भएर बबुरी गौरी गाँस्दागाँस्दैको अझकल्टो पात छोडेर उठ्छिन् र पलङघरतिर लाग्छिन् । बिनासित्ति भद्रनाथ दिउँसो मण्डलमा आइदिएर गौरीलाई सासूका अनेक घोचपेच सुन्नुपर्दछ । (पृ.१९७)

माथिको साक्ष्यमा भद्रनाथकी आमाले सामन्ती पितृसत्तात्मक सोच भएकी महिलाको प्रतिनिधित्व गरेकी छन् भने गौरीले शोषित बुहारीको प्रतिनिधित्व गरेकी छन् । आफूले श्रीमान् सुख नपाएकी भद्रनाथकी आमाले नेपाली समाजमा सासुले हरेक कुरामा बुहारीको उच्छितो खन्ने सासुको प्रतिनिधित्व गरेकी छन् । सासुले बुहारीलाई देखिनसहने र अरुका सामु उदाङ्गो पार्ने पितृसत्तात्मक सोचले ग्रसित भद्रनाथकी आमाको बानीले तत्कालीन समयमा महिला पुरुषबाट मात्र नभई सासुबाट पनि नै शोषित हुनुपर्ने स्थितिको पहिचान यहाँ भएको छ । विभिन्न कटाक्ष गरी बुहारीलाई अनेक कुरा सुनाउने र घोचपेच गर्ने सासुको प्रतिनिधित्व भद्रनाथकी आमाले गरेकोबाट नेपाली समाजमा महिलाले नै महिलाको खेदो खन्ने कुराको पहिचान गर्न सकिन्छ ।

(१६) परचक्रिका सामुको बेइज्जतीको तौल त्यसै पनि हलुका हुन्छ । त्यहाँ कसले पो देखेको छ मलाई यो अवस्थामा । गौरीले नि ? मनको एउटा कुनामा करायो । यौटा सुइरो भद्रनाथको मुटुमा रोपिएजस्तै भयो । स्वास्नी को हो ? एउटी सिन्दुर हालेकी कमारी त हो नि त्यसका सामु मैले थप्पड खाएँ, मेरो मुखमा...अनि टनटनी पाता कसेर गलहत्याउँदै कुनै

ज्यानमारालाई जस्तै दिएर हिँडे । ...सबैभन्दा ठुलो सर्पदंश उनलाई त्यस बेला भयो जब उनल आफ्नी अबला पत्नीको अपराधकर्मीसित सुरक्षा पनि गर्न नसक्ने कापुरुष आफूलाई भन्ठाने । के अवस्था भयो होला त्यस निर्धी केटीको ?...अहिलेसम्म के गौरी त्यस नीच जातिका मानिसबाट बिटुलिइसकेकी होलिन् त ? विवाहित नारीको परपुरुषको जीउ छोए त कलङ्किनी भन्दछन् भने गौरीलाई त...पुनः भद्रनाथको विचारशक्ति एकाएक लुप्त भएर जान्छ । आँखाको किनारमा आँसुका दुवै पोटिला बिन्दु टलपलाउँछन् र पुछ्न नसकेर त्यसै तल खसेर डगरको हिलामा विलीन हुन्छन् । (पृ.२०२)

माथिको साक्ष्यमा भद्रनाथले पितृसत्तात्मक सोच भएका सामन्ती पुरुषको प्रतिनिधित्व गरेका छन् भने गौरीले अवला नारीको प्रतिनिधित्व गरेकी छिन् । असुर्फी साहुका मानिसले भद्रनाथलाई पाता कसेर लगेपछि उनले आफूलाई कसैले त्यो अवस्थामा नदेखेको तर गौरीले देखेको कुरा सम्झिएका छन् । तर त्यस कुरामा उनले गौरीलाई सिन्दुर हालेकी कमारीका रूपमा लिएका छन् । यसबाट तत्कालीन नेपाली समाजमा नारीको हैसियत कुनै कमारीको जस्तो मात्र हुने कुराको पहिचान भएको छ । विवाह गरेकी महिलालाई अन्य कुनै पुरुषले छोएमा मात्र पनि कलङ्किनीको रूपमा लिने र घरपरिवारले पुनः नस्वीकार्ने तत्कालीन अवस्थाको पहिचान यहाँ भएको छ । महिलालाई अवला र दीनहिन नारीको रूपमा सोच्ने र पुरुषले सुरक्षा गर्नुपर्ने अवस्था पनि यहाँ भद्रनाथको भनाईबाट पहिचान भएको छ । भद्रनाथले आफूले श्रीमतीको सुरक्षा गर्न नसकेकोमा दुखेको पनि व्यक्त गरेका छन् ।

(१७) "के चाहियो तँलाई ? गहना, रुपियाँ-पैसा, मसित भएजति सबै दिन्छु । मेरो जीउ नछो । मेरो खसमबाहेक मलाई कसैले छोएको छैन । म निर्धो बाहुनी तिमीलाई हात जोड्दछु जनी गरी मलाई केही नगर । लाऊ साँचो, घरमा भएजति सबै धन लिएर जाऊ ।" गौरी तुनामा झुन्डिएको साँचो खोल्न थाल्छिन् । (पृ.२०३)

माथिको साक्ष्यमा गौरीले अवला निर्धो बाहुनीको प्रतिनिधित्व गरेकी छन् । यहाँ महिला पुरुषका अगाडि निर्धो रूपमा रहने र प्रतिकार गर्न नसक्ने कुराको पहिचान भएको छ । असुर्फी

साहुको मानिसले गौरीलाई बलत्कार गर्ने मनसायले अगाडि बढेको थियो । सोही कुरामा गौरीले बरु सबै सम्पत्ती लैजा तर आफूलाई नछुन गरेका आग्रहबाट महिलाहरू तत्कालीन समयमा पुरुषको प्रतिकार गर्न नसक्ने देखिएको छ । महिलाका लागि आफ्नो इज्जत सबैभन्दा ठूलो हुने तर आफ्नो सुरक्षा गर्न नसकि विन्तिभाउ गर्ने कुराको पहिचान भएको छ ।

(१८) सिङ्गै जीउ घुक्लुङ्ग कालो ओढ्ने बेरेर बाहिर निस्किइन् । तर गाउँको गल्ली र गल्छेडाहरूको पनि त उनलाई राम्रो ज्ञान छैन । दिउँसोको उज्यालोमा त गाउँ डुल्न उनलाई हम्मे पर्थ्यो भने अहिले त अन्धमुष्टि रात छ र बाटाहरू हिलाले ग्याजग्याज । यस्तो चमकन्नमा यौटी लुरी बाहुनीउपर कसैले एक्कासि आक्रमण गरिदियो भने उनी के गर्न सक्छिन् ? प्रतिकार गर्ने के कुरा ? उनी कराउनसम्म सक्दिनन् ।

थर्थर काम्दै कर्कलाको डाँठ लल्याकलुलुक भएजस्तै त्यहीँ हिलामा ढलिदिन्छिन् ।

(पृ.२२९)

माथिको साक्ष्यमा गौरीले एक लुरी बाहुनी नारीको प्रतिनिधित्व गरेकी छन् । सम्पन्न परिवारकी बुहारी र जमिनदारकी श्रीमती घरबाट खासै बाहिर निस्किन नपाउने महिलाका रूपमा गौरीको पहिचान यहाँ भएको छ । ग्रामीण भेगको असार महिनाको हिलो बाटाको स्थितिलाई पनि यहाँ देखाइएको छ । महिला कमजोर हुने सोच्ने परम्परावादी समाज यहाँ पनि हावी भएको देखिन्छ । अन्धकार रातमा एक्लै हिँड्दा कसैले कुनै नराम्रो काम गरे त्यसको प्रतिकार महिलाले गर्न नसक्ने अवस्थालाई पनि यहाँ देखाइएको छ तर श्रीमान् मरणासन्न हुने गरी पिटिएपछि गौरीमा श्रीमान्लाई बचाउन एक किसिमको हिम्मत आएको छ । यसबाट महिला कमजोर नहुने तर समाजले नै कमजोर छौ भनि पुरुषको आड भरोसा रहन सिकाउने पितृसत्तात्मक समाजको पहिचान माथिको साक्ष्यमा भएको छ ।

(१९) भद्रे बिरामी भएर लडिरहेकै बेला एक दिन बिहानपख मलाई डाकेर भन्यो आमा जर्नाघर खाली गरेर आजदेखि यसलाई त्यहीँ रहनेबस्ने व्यवस्था मिलाइदिनुस्, उसले खानेजति सिधा दुवै छाक दिनुहोला । त्यस कोठा र पिँढीबाहेक उसले कहीँ जान पाउने छैन, जानै छ भने सधैँका लागि माइती

पठाइदिनुस्, पालोस् त्यही दण्डपाणिले । मेरा लागि अब यसको कुनै काम छैन, यस्ती स्वास्नी मलाई चाहिँदा पनि चाहिएन । छोराको मिजास थाहै छ तिमीहरूलाई, हामी आइमाईहरूलाई पोइ बितिसकेपछि छोराकै अदबमा बस्नुपर्दो रहेछ । मैले खुरुखुरु उसको अह्रोटको पालना गरेँ । के भयो, कसो भयो ? को खुलदुल मेट्नका लागि केही सोधौँ भन्ने आँट भएन । कोट्ट्याएको त यसलाई पनि थिएँ, तर ढुङ्गो बोल्ला बरु यस कप्टिनीको भने बक फुटेन ।" (पृ.२३१)

माथिको साक्ष्यमा भद्रनाथले सामन्ती पुरुषको र उसकी आमा र गौरीले पिडीत महिलाको प्रतिनिधित्व गरेका छन् । असुर्फी साहुका मानिसले भद्रनाथलाई पाता कसेर लगेको बेला एकजनाले गौरीलाई खराब नजरले हेरेको र केही इशारा गरेको देखेका कारण पत्नी बिटुलिइसकी भन्ने अभिप्रायले भद्रनाथले श्रीमतीलाई आफ्नो कोठाबाट निकालिदिएका छन् । बिना कुनै गल्ति त्यसरी निकालिनुपर्दा गौरीले त्यसको कुनै बिरोध गरेको देखिदैन । यहाँ भद्रनाथले असुर्फी साहुको रिस आफ्नी पत्नीमाथि पोखेको देखिन्छ । यसबाट नेपाली समाजमा महिला विनासित्ती अपमान र तिरस्कार सहनुपर्ने कुराको पहिचान हुन्छ । मन परिन्जेल मात्र महिलालाई राम्रो गर्ने र मन पर्न छोडेपछि कुनै काम नलाग्ने बस्तु जसरी लत्याइदिने पितृसत्तात्मक सोच भएको भद्रनाथ जस्तो पुरुषको पहिचान पनि भएको छ । भद्रनाथकी आमा पनि यहाँ श्रीमान् हुँदासम्म श्रीमान्को डरमा बसेकी र श्रीमान्को मृत्यु पश्चात् छोराको अदबमा बसेको कुराको पहिचान हुन्छ । यसबाट नेपाली समाजमा महिला सधैँभरी कुनै पुरुषको डर र आडभरोसामा बस्नुपर्ने र उनीहरूले जे भन्यो त्यही मान्नुपर्ने अवस्थाको पहिचान हुन्छ ।

बागमती किनारको कटरबन गाउँमा हुर्केकी कलिली केटी मुर्की नदीको किनारको यौटा उदास पिँढीको बलेसीमुनि ठाउँठाउँ धस्का परेको मलिन अङ्गवस्त्र बेरी भोकको भीषण ज्वालालाई कलेटी परेको ओठको आग्लो लाएर भित्रभित्रै हुमेलो मच्चाउन छाडिदिएकी छिन् । दण्डपाणिको नाम सुन्नासाथ तिनैको रक्तकोषले आकृति ग्रहण गरेको एक कलकलाउँदो मांसपिण्ड, आमाबाबुको अविरल आँसु र असङ्ख्य स्नेह खत्याएर उमारेको एक मुठी फुकिढल्ने शरीर लिएर बसेकी त्यो लुरी बाहुनीलाई उनले सम्झे ।

(२०) "तँ चोखी छैनस् गौरी । त्यस रात मलाई पलङघरबाट लैजाँदा यौटा डाँकाले त्यहीँ अडान लिएको थियो । उसले आँखा झिम्क्याएर साथीहरूसित आफ्नो स्त्रीसुख लिने मनसुवा प्रकट गरेको मैले देखेको थिएँ । त्यसले तिमीलाई नअघाएसम्म गिजोलिसकेको छ । तँ मेरो लागि अब कुनै कामकी छैनस् । पण्डित विपुलनाथको इज्जतदार खानदानमा चरित्रहीनताको मैलो टाटो लाग्ने र हाम्रा शत्रुहरूले पुस्तादरपुस्ता डाँकाले बिटुल्याएकी एक बुहारीको दन्त्यकथा अगेनावरिपरि बसेर युगानुयुगसम्म हालिरहनेछन् । त्यसकारण तेरो आचरणको कथा हामी दुईबाहेक अरुलाई थाहा हुनु हुन्न ।" (पृ.२३६ -२३७)

माथिको साक्ष्यमा पतिबाट पिडीत गौरीले महिलाको र सामन्ती भद्रनाथले पौरुषग्रन्थी उच्च भएको पुरुषको प्रतिनिधित्व गरेका छन् । भद्रनाथले जर्नाघरमा राखिदिएकी गौरीलाई खान र लाउनका लागि नोकरको जति सामान पनि दिएका छैनन् तर पनि उनले कुनै प्रकारको दुःख, पीर नदेखाएर नदीजस्तै शान्त भएर बसेको भद्रनाथले देखेका छन् । भद्रनाथकी प्यारी भएर बसेकी गौरीलाई एक्कासी पतिले कुनै गल्ती नै नगरी सजाय दिँदा उनमा कुनै प्रकारको प्रभाव परेको छैन । गौरी पतिले जसरी भन्यो त्यसरी नै कुनै वादविवाद नगरी बसेकीबाट नेपाली समाजमा महिलाहरू पुरुषलाई देवतासरह मानी उनीहरूको आदेशको पालना गर्ने कुराको पहिचान भएको छ । गौरीको कुरा नसुनी अनुमानको भरमा भद्रनाथले पत्नीलाई सजाय दिएकोबाट तत्कालीन समाजमा पुरुषवादी सोच हावी भएको कुरा पुष्टि हुन्छ । पुरुषले जे ठीक लाग्छ त्यही गर्ने र महिलाले कुनै वादविवाद नै नगरी खुरुखुरु भनेबमोजिम गर्ने अवस्थाको पनि पहिचान हुन्छ ।

(२१) यस विवाहको सम्पूर्ण बुनोट भद्रनाथकी माताले तयार पारेकी थिइन् ।....गौरीसँग उनलाई आत्मिक विकर्षण थियो । भद्रनाथबाट परित्यक्त भएर गौरीले जुन यातना सहनुपरेको थियो त्यो भद्रनाथकी माताको नापोमा उनको छाती शितल पार्न सक्ने अझै थिएन । गौरीप्रति अपूरो यातनाको नाटक उनी सौता हालेर उसद्वारा पूर्णङ्की तुल्याएन चाहन्थिन् । (पृ.२४३)

माथिको साक्ष्यमा भद्रनाथकी आमाले सामन्तवादी सोच भएकी सासुको प्रतिनिधित्व गरेकी छन् भने गौरीले शोषित बुहारीको प्रतिनिधित्व गरेकी छन् । नेपाली समाजमा महिला नै महिलाका लागि शत्रु हुने कुराको पहिचान गर्न सकिन्छ । छोरासँग बढी मिलेको देखिनसहने भद्रनाथकी आमा छोराले बुहारीलाई त्यागेको देखेर निकै खुसी भएकी छन् । त्यसमा अझ नुन छर्नका लागि भद्रनाथकी आमाले नै भद्रनाथको दोस्रो विवाह गर्नका लागि तारतम्य मिलाएको देखिन्छ । आफूले श्रीमान्को माया र साथ नपाएकी भद्रनाथकी आमाले छोराले बुहारीलाई माया गरेको देखिनसहने स्वभावकी थिइन् । त्यसको बदला लिनका लागि भद्रनाथकी आमा लागिपरेकोबाट तत्कालीन नेपाली समाजमा बुहारी सासुबाट कतिसम्म पिडीत हुदाँ रहेछन् भन्ने कुराको पहिचान भएको छ ।

(२२) "...गौरीले कत्रो पहाडजत्रो अपराध गरेकी रहिछन् जसले गर्दा तिमीले उनलाई त्याग्न बाध्य हुनुपर्‍यो ? ... जुत्ता फेर्दा बरु तिमी एक पटक विचार गर्दा हौ तर पत्नी फेर्दा तिमीले कुनै सोचविचार गरेनौ । आइमाईका लागि पतिवञ्चिता हुनु सबभन्दा ठूलो सजाय हो त्यही तिमीले गौरीका लागि तजबिज गर्‍यौ । त्यस शोकाकुल असहाय र निमुखा नारीको नुनिलो पानीको एक एक थोपाले तिमीलाई जीवनभरि पश्चातापको आगोमा डढाइरहनेछ ।" धेरैबेर बोलेकोले उनको दम फुलेको थियो । (पृ.२४८)

माथिको साक्ष्यमा गौरीले पतिवञ्चिता शोकाकुल नारीको प्रतिनिधित्व गरेकी छन् भने पार्वतीले नारीलाई हेप्ने पुरुषवादी सोच भएकाहरूको विरोध गर्ने प्रगतिशील नारीको प्रतिनिधित्व गरेकी छिन् । गौरी पतिकी परित्यक्ता पत्नीका रूपमा रहेकी छन् । असुर्फी साहुका मानिसले गिद्धे नजरले हेरेको देखेका भद्रनाथले पत्नी चोखी नभएको अड्कल गरी पत्नीलाई परित्याग गरेका छन् । यो कुरा गाउँलेहरूलाई सुइकोसम्म छैन तर भाखी गुरु र पार्वतीलाई यस कुराबारे ज्ञान भएकोले उनले त्यसको विरोध गरेकी छन् । यसबाट नेपाली समाजमा पुरुषको महिलाप्रतिको सामन्तवादी व्यवहारको पहिचान भएको छ । तत्कालीन नेपाली समाजमा बहुविवाहलाई सामान्य रूपमा लिने प्रचलनको पनि पहिचान भएको छ । पार्वती एक जनाले मात्र यसको खुलेर विरोध

गरेकी छिन् । यसबाट तत्कालीन नेपाली समाजका पुरुष जुत्ता भन्दा पनि सहज तरिकाले श्रीमती फेर्ने गरेको र बहुविवाहलाई सामान्य रूपमा लिने कुराको पहिचान गर्न सकिन्छ ।

(२३) "न म ठुलो मानिस हुँ, न कुनै भारदारी । म कटरबनकी गौरी मात्र हुँ जसलाई मेरा आमाबाबुले खतिवडाखानदानको सेवाटहल गर्न पठाइदिए । हाम्रो सन्चो बिसन्चोको कुनै महिमा छैन । पतिको स्वास्थ्य राम्रो रहेसम्म हामीलाई कुनै रोगव्याधिको छायाले पनि छुन सक्दैन । लोग्ने मानिसहरूलाई के छ यौटीलाई बिसन्चो भयो भने त्यसलाई नदीकिनारको छाप्रोमा छाडेर बाजा बजाउँदै आर्की गजधम्मी लगत्तै भित्र्याइहाल्दछन् । तर हामी त परित्यक्तिा भए पनि निठुरी पतिकै सत्य धानेर बसिरहन्छौँ ।" गौरी भन्दछिन् । (पृ.२४९)

माथिको साक्ष्यमा गौरीले पुरातनवादी सोच भएकी महिलाको प्रतिनिधित्व गरेकी छन् । सानै उमेरमा विवाह गरेर आएकी गौरी घरकी गृहलक्ष्मी भएर पनि दासीका रूपमा आफूलाई चिनाएकी छन् । प्राचीन नेपाली समाजमा पति नै आफ्ना लागि सर्वेसर्वा हुने र उनीहरूकै सन्चोविसन्चोमा आफू सेवारत रहने महिलाको पहिचान यहाँ गौरीबाट भएको छ । पुरुष भने एउटी विरामी भई भने त्यसलाई फालेर अर्की ल्याउन पछि नहट्ने कुरा पनि यहाँ पहिचान भएको छ । "एकाबिहानै अन्नपानी केही नखाएको मुखबाट किन यस्तो कुरा बोल्नुहुन्छ ? सौता त मेरो शत्रुलाई नव्यहोर्नुपरोस् ।" (पृ.२५०) यस साक्ष्यमा गौरीले परम्परावादी सोच भएकी महिलाको प्रतिनिधित्व गरेकी छन् । सौता शब्द महिलाका लागि सह्य नहुने कुरा गौरीको भनाईबाट पहिचान भएको छ । पुरुषलाई भगवानका रूपमा सदैव स्वीकार गर्ने गौरीले सौताका कुरा मुखबाट ननिकाल्न आग्रह गरेकी छन् । यसबाट महिलाले सौता शब्दलाई घृणा गर्ने कुराको पनि पहिचान भएको छ । रह्यो कुरा गौरीबारे, उनी तपाईकी छोरी थिइन् हाल उनी मेरी पत्नी हुन् । उनी तपाईले दिएको थरगोत्र परिवर्तन गरी गौरी खतिवडा भइसकेकीले उनीउपर तपाईभन्दा मेरो हक छ । ( पृ.२५३) यस साक्ष्यमा भद्रनाथले सामन्तवादी सोच भएको पुरुषको र गौरीले पुरातनवादी सोचका मारमा परेकी महिलाको प्रतिनिधित्व गरेकी छन् । भद्रनाथले परित्याग गरेपछि गौरीका बाबु गौरीको अवस्था बुझ्न गाउँमा आएका हुन्छन् । तर पौरुषग्रन्थी

उच्च भएको भद्रनाथले गौरीले थरगोत्र परिवर्तन गरी उनीसँग विवाह गरी आएकोले अब गौरीमाथि आफ्नो हक भएको कुरा व्यक्त गरेका छन् । तत्कालीन नेपाली समाजका महिला पुरुषका लागि हक अधिकारको वस्तु हुने कुराको पहिचान भएको छ । नेपाली समाजमा नारीको कुनै मुल्य नै नभएको र उनीहरू विवाह नगरिन्जेल वावुको हक र विहेपछि पतिको हकको वस्तु भएर बाँच्नुपर्ने कुरालाई यहाँ प्रस्तुत गरिएको छ ।

(२४) "मलाई के भद्रनाथले हरेर ल्याएकी टुहुरी सीता भन्ठानेकी छस् ? त्यो त मेरो छायादेखि तर्सिएर भाग्छ भद्रनाथको दोहोलो गर्न सक्ने आँट भएको कोही छ भने त्यो पार्वती हो । निडर भएरै म यो गाउँमा बस्न सकेकी छु, नत्र भने म पार्वती नभएर द्रौपदी भइसक्ने थिएँ ।" (पृ.२५७)

यस साक्ष्यमा पार्वतीले निडर र पुरुषको गतल कुराको प्रतिपाद गर्नसक्ने नारीको प्रतिनिधित्व गरेकी छन् । बालविधुवा पार्वतीलाई गिद्धे नजर लगाउने भद्रनाथ लगायतका मानिसलाई ठीक लगाएर उनी गाउँमा बसेकी थिइन् । हठी स्वभावकी भएका कारण उनी आफ्नो इज्जत र प्रतिष्ठा बचाएर बस्न सफल भएको कुराको पहिचान उनकै अभिव्यक्तिबाट पहिचान भएको छ । सबैलाई सहयोग गर्ने मिलनसार र गलत कुराको बिरोध गर्ने स्वभाव भएकी पार्वतीले तत्कालीन समयकी हठी स्वभावकी नारीको रूपमा पहिचान बनाएकी छन् । माथिको साक्ष्यमा महिलालाई पुरुषकै कारणले द्रोपती हुन बाध्य पारिने कुराको पनि पहिचान भएको छ । हिन्दु शास्त्रकी रावणले हरेर ल्याएकी सीताको रूपमा नभएर हठी स्वभावकी भएकाले मात्र आफू पार्वती बन्न सकेको कुरा उनले व्यक्त गरेकी छन् । यदी आफ्नो बिद्रोह गर्न सक्ने स्वभाव नभएको भए आफू बहुपतिका रूपमा हिन्दु धर्ममा व्याख्या गरिएकी द्रौपदी भइसक्ने कुरा पनि पार्वतीको भनाईबाट पहिचान भएको छ । यसलाई हेर्दा नेपाली समाजमा महिला पुरुषको गिद्धे नजरबाट बच्न निकै संघर्ष गर्नुपर्ने कुराको पनि पहिचान हुन्छ । "आमै ! मैले त धेरै बोलैं क्यारे । सबै भन्थे, घरमा धेरै नबोल्नू ।" यति भनेर दुर्गी जिब्रो काढ्छिन् ।" (पृ.२८३) यस साक्ष्यमा दुर्गीले नवविवाहित महिलाको प्रतिनिधित्व गरेकी छन् । नयाँ दुलहीले धेरै बोल्नुहुन्न भन्ने समाज तत्कालीन समयमा रहेको कुरा दुर्गीको भनाइबाट पहिचान भएको छ । विवाह गरेर अर्काको घरमा आइसकेपछि खित्का छोडेर हाँस्न नहुने, धेरै बोल्न नहुने, अरुको खटनपटनमा बस्नुपर्ने भनी नेपाली समाजमा हालसम्म पनि रहेको छ भने त्यतिवेलाको प्राचीन नेपाली समाजमा त यो विकराल समस्याको

रूपमा रहेको थियो भनी अनुमान लगाउन सकिन्छ । त्यसैको फलस्वरुप दुर्गीले पनि आफू धेरै बोलेको सम्झिएर ग्लानी व्यक्त गरेकी छन् ।

(२५) "तिमी पलङमा सुत्छेऊ कि तल फलैँचामा ? दुर्गीले फलैँचातिर देखाइन् - "बालखकालदेखि नै म एक्लै सुत्दै आएकी छु । काखामा हुँदै आमा मरिन्, पितालाई रातभरि कीर्तनभजनबाटै फुर्सद नहुने । यहाँ पनि छुट्टै सुत्न पाए मलाई आनन्द लाग्ने थियो । लोग्नेमानिस नजिकबाट मलाई बोकाजस्तै गनाउँछन्, त्यो गन्ध म सहनै सक्दिनँ । त्यस करण आआफ्नो ओछ्यान आआफ्नो निद्रा बुझ्नुभो ।" (पृ.२९३)

माथिको साक्ष्यमा भद्रनाथले सामन्तवादी र पितृसत्तात्मक सोच भएको पुरुषको र दुर्गीले पुरुषलाई गन्ह्याउने बोकाको रूपमा चित्रण गर्ने नारीको प्रतिनिधित्व गरेकी छन् । यहाँ भद्रनाथको स्वभाव हेर्दा तत्कालीन समयमा महिला श्रीमान्सँगै नसुती फलैचाँमा सुत्ने प्रवृतिलाई प्रस्तुत गरिएको छ । जीवनमा रसरङ्ग नभएकी दुर्गी माता नभएका कारण हरेक कुरामा बारबन्देज लगाउने साधु पिताका साथमा हुर्किएकी भएकोले उसको स्वभाव पनि त्यस्तै खालको रहेको देखिन्छ । "भाँडाहरूमा त एक गेडा अन्न छैन, गौरी के खान्छिन् ? सयौं कोठीभरि एकसेएक मसिनो चामल कुहाएर पनि यसलाई खानै नदिई मार्न लागेका छन् । यो पाप हो । ...सौता हो त के भयो ? हाम्रो धर्ममा विषलु सर्पलाई त लावा, दुध खुवाउने चलन छ । यो त मानिस हो । ..." (पृ.२९४) यस साक्ष्यमा दुर्गीले गलत कुराको प्रतिपाद गर्न सक्ने नारीको प्रतिनिधित्व गरेकी छन् । गौरी पतिकी परित्यक्ता भएपछि जर्नाघरमा राखिएको छ र उनलाई अधाउन्जेल पनि खाना दिइँदैन त्यो कुरा दुर्गीले थाहा पाएर त्यसको विरोध गरेकी छन् । सौता भएपनि ऊ मानिस हो र मानिसलाई खानै नदिई मार्न लागेको कुरामा दुर्गीले विरोध गरेकी छन् । यसबाट तत्कालीन समयमा सौता भएपनि माया र ममता देखाउने प्रवृति महिलामा थियो भन्ने कुराको पहिचान गर्न सकिन्छ । "सुन्नुस् आमा, तपाई यो सब घरायसी झमेला अब छाडिदिनुस् । जति दिन बाँच्नु छ परत्र सपार्नका लागि पूजापाठतिर लाग्नुहोस् । यस्ता परिपञ्चमा लाग्ने तपाईका दिन गइसके । म तपाईलाई काशी पठाइदिन्छु र त्यहाँ बस्नेखाने तपाईका लागि राम्रो बन्दोबस्त मिलाइदिनेछु ..." (पृ.२९७) यस साक्ष्यमा भद्रनाथले सामन्ती सोच भएको पुरुषको प्रतिनिधित्व गरेका छन् भने भद्रनाथकी आमाले छोराको खटनपटनमा बस्नुपर्ने महिलाको

प्रतिनिधित्व गरेकी छन् । बुढेसकाल लागेपछि काशी गरए बस्ने र उतै परमधाम हुने नेपाली संस्कारको पहिचान पनि यहाँ भएको छ । बृद्धबृद्धा भएपछि बाबुआमा छोराछोरीका लागि बोझ बन्ने तत्कालीन नेपाली समाजको पनि यहाँ पहिचान भएको छ । महिलाले पहिले श्रीमान् र पछि छोराको खटनमा बस्नुपर्ने र उनीहरूको कुरा मान्नुपर्ने अवस्थाको पनि यहाँ पहिचान भएको छ । सकिन्जेल बुहारीलाई विभिन्न आरोप लगाएर घरमा शासन गर्ने, छोराबुहारीको राम्रो भएको देखिनसहने भद्रनाथकी आमा अन्त्यमा छोराबाटै काशीतिर धपाइएकी छन् । यसबाट नेपाली समाजमा महिला पुरुषका विभिन्न अवस्था श्रीमान्, छोरा, नाति आदिबाट पीडित हुने गरेको कुराको पहिचान गर्न सकिन्छ ।

## ४.३ निष्कर्ष

धं. च. गोतामेका दुवै उपन्यासमा लैङ्गिक पहिचान र प्रतिनिधित्व भएको छ । उपन्यासका सामाजिक संरचना नै पुरुषकेन्द्री र पितृसत्तात्मक रहेको स्पष्ट हुन्छ । उपन्यासमा लिङ्गका आधारमा पुरुष र महिला चरित्रको प्रस्तुत भएको छ । सामाजिक सांस्कृतिक संरचनाअनुसार उपन्यासका लिङ्गीय चरित्रमा समाजको प्रभाव पर्ने हुँदा तिनका भिन्न भिन्न दृष्टिकोण उपन्यासमा प्रस्तुत भएको छ । पितृसत्तात्मक दृष्टिकोण भएका र नभएका पुरुष नारी चरित्र उपन्यासमा पाइन्छ । उपन्यासमा नारीलाई ज्ञान र शक्तिबाट टाढा राखिएको छ, शक्तिको केन्द्रमा पुरुष रहेका छन् भने महिलाहरू परिधीय र सीमान्त अवस्थामा छन् । यस्तो विभेदकारी पितृसत्तात्मक समाजका महिलाहरूको अवस्था कारुणिक र दयनीय रहेको विषय पनि उपन्यासमा आएका छन् । उपन्यासमा तत्कालीन परम्परागत रुढिग्रस्त संस्कृतिलाई देखाउन खोजिएको छ । जहाँ नारीलाई पुरुषसरह निर्णयको तहमा नपुऱ्याई किनाराकृत गरिएको छ । *घामका पाइलाहरू* उपन्यासको सुरुमै महिलालाई माल शब्द प्रयोग गरेको प्रसङ्गले महिलालाई पुरुषको हेर्ने दृष्टिकोणको पहिचान भएको छ । पुरुषवादी समाजमा महिलाको स्थान कुन अवस्थामा छ ? पुरुषवादी समाजले महिलालाई भोग्य वस्तुका रूपमा हेर्दछ भन्ने कुरा प्रष्ट हुन्छ । महिलाहरूको पहिचान पुरुषमा आधारित बनाइएको छ । उपन्यासमा महिलालाई पुरुषका यौन सुखको साधन बनाइएको विषयले उनीहरूलाई शक्तिहीन र सीमान्त अवस्थामा पुऱ्याइएको पाइन्छ । *घामका पाइलाहरू* उपन्यासमा आएकी रम्मीले पं. दुर्गानाथकी बुहारी, पीताम्बरकी श्रीमती र पवनकी आमाका रूपमा मात्र पहिचान बनाएकी छे । पुरुषवादी समाजको सीमान्त वर्गको प्रतिनिधि

पात्रका रूपमा रम्मी उपस्थित छे । चन्द्रसमशेरले सती प्रथाको अन्त्य गराएपनि चिताका सट्टा भान्साभित्रै महिलाले आत्मदाह गर्छन् भन्ने कुराको उद्घोष पीताम्बरले गरेकोबाट महिलाहरु भातभान्सामा मात्र सीमित हुने कुराको पहिचान भएको छ ।

यहाँदेखि त्यहाँसम्म उपन्यासमा पनि लैङ्गिक पहिचान र प्रतिनिधित्वका विषय यथेष्ट प्रयोग भएका छन् । महिलाहरू पितृसत्तात्मक समाजको सिकार भएका कारण आफ्नो पहिचान बनाउन नसकेका र घरभित्रबाट शोषित र उत्पीडनमा परेको कुराको पहिचान उपन्यासमा भएको छ । उपन्यासमा आएका नारीपात्र पार्वती र दुर्गीले भने केही मात्रामा बिद्रोह गरेको देखिन्छ । खानै नपाएको अवस्थामा पनि गौरी शान्त रहेर बस्नुले महिलाहरूको धैर्यता र सहनशीलताको पहिचान हुन्छ । पार्वतीले गढीमाईको मेलामा गएर आलुको चुरा लगाएको कुराले पञ्चायत राखेर छलफल गरिनुले नारीको स्वतन्त्रतामाथि प्रश्न खडा भएको छ । पितृसत्तात्मक सोचका कारण चुरा लगाएको विषय पुरुषका लागि अपाच्य भएको छ । विपुलनाथले श्रीमतीलाई फलैँचामा सुताएर आफूमात्र पलङमा सुत्ने गरेको कारण भद्रनाथले पनि पिताको सिको गर्दै गौरीलाई फलैँचामा सुत्न लगाएको र आफ्नी श्रीमतीलाई सिन्दुर हालेकी कमारीको संज्ञा दिएकोबाट उपन्यासमा लैङगिक विभेदको पहिचान भएको छ । उपन्यासमा महिला भएर पनि महिलामाथि नै शोषण गर्ने गरेको पितृसत्तात्मक सोच गौरीकी सासुमा देखिन्छ । आफूले जसो गऱ्यो बुहारीले पनि त्यसै गर्नुपर्ने सोचबाट ऊ मुक्त भएकी छैन ।

# परिच्छेद पाँच

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

शोधप्रबन्धको यस परिच्छेदमा सम्पूर्ण शोधकार्यको निष्कर्षलाई परिच्छेद अनुसार अनुच्छेद परिवर्तन गरी प्रस्तुत गरिएको छ । यस शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय रहेको छ । यस परिच्छेदमा शोधकार्य गर्दा अपनाइएका विधि, तौरतरिका, सीमा, रुपरेखा आदिलाई प्रस्तुत गरिएको छ । धनुषचन्द्र गौतम ध. च. गोतामेका नामले परिचित छन् । साहित्यका विविध विधामा कलम चलाएका गोतामेका सबैभन्दा चर्चित विधा उपन्यास हो । वि.सं. २०३५ सालमा सार्वजनिक प्रकाशनमा आएको उनको पहिलो उपन्यास *घामका पाइलाहरू*ले साभ्का र मदन पुरस्कार प्राप्त गरेको छ भने दोस्रो उपन्यास *यहाँदेखि त्यहाँसम्म*ले साभ्का पुरस्कार प्राप्त गर्न सफल भएको छ । गोतामेका यी दुवै उपन्यास सामाजिक यथार्थवादी उपन्यासका रूपमा रहेका छन् । साथै नेपालको राणाशासन कालमा जनताको जातीय, वर्गीय र लैङ्गिक रुपको पहिचान र प्रतिनिधित्व भएको छ ।

दोस्रो परिच्छेदमा ध. च. गोतामेका उपन्यासमा जातीय पहिचान र प्रतिनिधित्वको विश्लेषण गरिएको छ । जसमा *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* दुवै उपन्यासमा जातीय पहिचान र प्रतिनिधित्वको विश्लेषण गरिएको छ । राणाकालीन परिवेशमा रहेका उपन्यासमा वीरगञ्ज शहर र यसका वरिपरिका गाउँहरू लगायत बारा, पर्सा, रौतहत, कलैया आदि स्थानमा रहेका हरेक जातजतिको पहिचान र प्रतिनिधित्व उपन्यासमा पाइन्छ । नयाँ वस्ती बसेका गाउँहरू लगायत आधुनिकतातर्फ विस्तारै पाइला चाल्दै गरेका वीरगञ्ज शहरमा सबै किसिमका जातजतिको पहिचान गर्न सकिन्छ । यस परिच्छेदमा पहिचान र प्रतिनिधित्वको केही सैद्धान्तिक कुरालाई पनि प्रस्तुत गरिएको छ । आख्यानको महत्त्वपूर्ण विधा उपन्यास विश्लेषणका विभिन्न आधारहरू रहेका हुन्छन् । तीमध्ये सास्कृतिक अध्यनन पनि एक हो । सांस्कृतिक अध्ययनले कुनै समूह, क्षेत्र, समाजको संस्कार, धर्म, रीतिरिवाज, विश्वास आदिलाई बुभ्काउँछ । पहिचान र प्रतिनिधित्व पनि सांस्कृतिक अध्ययनका महत्त्वपूर्ण क्षेत्र हुन् । यही आधारमा ध. च. गोतामेका आख्यानको गहन विश्लेषण गरिएको छ । पहिचान व्यक्ति वा समाजको निजता र स्वत्वसँग

सम्बन्धित हुन्छ । यसले व्यक्ति तथा समाजको चिनारीलाई प्रस्तुत गर्दछ । साहित्यमा समाजको विभिन्न जात, वर्ग, लिङ्ग आदिको सहभागितालाई प्रस्तुत गरिएको हुन्छ । साहित्यको अध्ययनबाट तत् समाज र परिवेशको जात, वर्ग, भाषा, संस्कृति आदिको पहिचान गर्न सकिन्छ । जातजाति, पेसा, धर्म, भाषा, संस्कृति, अर्थ, राजनीति र चेतनाका माध्यमबाट व्यक्ति वा समाजले आफैँलाई परिभाषित गरेको हुन्छ र त्यसबाट उसको पहिचान भएको हुन्छ । समाजमा बस्ने सबै व्यक्तिको आफ्नै परिचय र पहिचान हुन्छ । व्यक्ति सामाजिक सदस्य भएकाले समाजको सांस्कृतिक राजनीतिक, आर्थिक, शैक्षिक लगायतका संरचनाहरूबाट पृथक रहन सक्दैन जसले गर्दा उसको परिचय वा पहिचान त्यसै अनुकूल निर्मित हुन्छ । पहिचान हामी समुदायमा अरूभन्दा विशिष्ट र भिन्न छौँ भन्ने बुझाइसँग जोडिएको छ । यसरी हेर्दा पहिचानले मूलतः सामाजिक समुदायहरूको पृथक सांस्कृतिक विशिष्टतालाई जनाउँछ । त्यसैले पहिचान सांस्कृतिक हुन्छ भन्ने धारणा स्थापित छ । पहिचानको अध्ययनले समेटने विषय भनेको जाति, लिङ्ग, क्षेत्र, धर्म, अपाङ्गता आदि हुन् ।

सांस्कृतिक अध्ययनमा प्रतिनिधित्व केन्द्रीय अध्ययनको विषयका रूपमा स्थापित छ । यसले सामाजिक संरचनामा प्रतिनिधित्वलाई अर्थपूर्ण ढङ्गले हेर्छ । प्रतिनिधित्वले सामाजिक संरचनाको निर्माण प्रक्रिया एवम् त्यसमा व्यक्तिको प्रतिनिधित्व कसरी भएको छ भन्ने कुरालाई हेर्छ (बार्कर, सन् २०१२:८) । सांस्कृतिक अध्ययनको केन्द्र भनेको संस्कृतिको अध्ययनका साथ साथै प्रतिनिधित्वको बुझाइ पनि हो । अर्थात् पाठहरूले प्रस्तुत गरेको अर्थको खोजी गर्दा प्रतिनिधित्वको खोजी गरिन्छ भन्ने हो । साहित्यमा प्रतिनिधित्वको खोजी पाठ, सामाजिक प्रक्रिया, सङ्कथन, विचारधारा, संस्थाहरू अर्थतन्त्रका आधारहरूमा गरिन्छ (भट्टराई, २०६९:४९) । प्रतिनिधित्वले पाठगत अर्थहरूको प्रस्तुतीकरणको खोजी गर्छ र त्यसमा विभिन्न सन्दर्भमा अर्थको उत्पादन कसरी भएको छ र त्यसको पाठात्मक सन्दर्भमा प्रतिनिधित्व कसरी भएको छ त्यसको खोजीलाई महत्त्व दिन्छ । तथापि सांस्कृतिक प्रतिनिधित्व र त्यसको अर्थ सामाजिक राजनीतिक अर्थ प्रक्रियासँग जोडिन आउँछ । प्रतिनिधित्व भनेको पाठगत अर्थ, भाषा र संस्कृतिसँग जोडिन्छ । सांस्कृतिक प्रतिनिधित्व र अर्थहरूका निश्चित विशेषताहरू छन् जुन भाषिक अभिव्यक्तिका माध्यमबाट समाजमा ध्वनि, अभिलेख, वस्तु, प्रतिबिम्ब, किताब, पत्रपत्रिका, रेडियो, टेलिभिजनका कार्यक्रमहरूमा संश्लेषित हुन्छन् र तिनीहरू विशिष्ट सामाजिक सन्दर्भका

उत्पादन, सहकार्य, प्रयोग र बुझाइमा प्रतिबिम्बित हुन्छन् (बार्कर, सन् २०१२:८) । यसरी समाजका विभिन्न संरचना र मिडियाहरूका प्रस्तुतीकरणका भाषा र ढाँचाहरूबाट प्रतिनिधित्वको बोध भएको हुन्छ । तर ती प्रतिनिधित्वमूलक विषयहरू सामूहिक वर्ग विशेषका प्रतिनिधित्वका रूपमा रहन्छन् । त्यो प्रतिनिधित्व सम्बद्ध समूहको हो वा होइन भन्ने विषय भने जटिल हुन आउँछ । किनकि प्रतिनिधित्वमा समाज र राजनीतिको शक्ति सम्बन्ध प्रत्यक्ष रूपले गाँसिएको हुन्छ जसले गर्दा प्रतिनिधित्वको सवाल वास्तविक प्रतिनिधि समूहको नभएर गैर समूहको पनि हुन सक्छ । यस सम्बन्धमा मिसेल फुकोको यस प्रकारको धारणा सान्दर्भिक देखिन आउँछः "हरेक व्यक्तिले आफ्नो प्रतिनिधित्व आफैँ मात्र गर्न सक्छ । दलित लगायतका अन्य कुनै पनि समूहको प्रतिनिधित्व भाषाको प्रयोग गरेर मात्र गर्न सकिन्छ तर भाषाका प्रयोगहरू शक्ति सङ्घर्षका राजनीतिक, आर्थिक तथा सांस्कृतिक संस्थागत सञ्जालहरूमा बाँधिएका हुनाले भाषाद्वारा अभिव्यक्त भएका प्रतिनिधित्व वा सङ्कथनहरूलाई पनि शक्तिका तिनै सञ्जालले निर्देशित गरिरहेका हुन्छन् । तिनलाई बनाउँदै, बङ्ग्याउँदै लगेका हुन्छन्" (उप्रेती, २०६८, पृ.२८२) । यसरी फुकोले प्रतिनिधित्वलाई भाषिक सङ्कथनको तार्किक उपस्थितिका रूपमा प्रस्तुत गर्दै केही पहिचान र प्रतिनिधित्वहरू विचारधारा र शक्तिको प्रश्नसँग जोडिएका हुन्छन् र त्यस्ता ज्ञानात्मक सङ्कथनहरू व्यक्तिको पहिचान र प्रतिनिधित्व निर्माण प्रक्रियामा समावेश भएका हुन्छन् । त्यसर्थ प्रतिनिधित्व सम्बद्ध समूहको वास्तविक वा अवास्तविक के हो त भन्ने प्रश्न नै सांस्कृतिक अध्ययनमा मूल विषयका रूपमा अगाडि आउँछ । विशेषतः सांस्कृतिक सन्दर्भमा कुनै वर्ग, लिङ्ग, जाति आदिको उपस्थिति साहित्यमा कसरी भएको छ र पछाडि पारिएका लिङ्ग वर्ग, जनजाति, दलित, अल्पसङ्ख्यक, फरक क्षमता, अपाङ्गता आदिका माध्यमबाट साहित्यमा प्रतिनिधित्वको अध्ययन गरिन्छ ।

*घामका पाइलाहरू* उपन्यासमा बहुजातीय प्रतिनिधित्व गराइएको छ । तराइको एउटा सानो सहरोन्मुख स्थानमा वर्णित कथावस्तुका आधारमा जात अनुसारको पेशाको पनि वर्गीकरण गरिएको छ । निम्नजाति तथा तराइका पछौटे जातिहरू पहिल्यैदेखि सीमान्तकृत थिए भन्ने कुराको पहिचान उपन्यासमा पाइन्छ । जात अनुसारको कामको बाँडफाँड गर्ने र सोहि अनुसारको व्यवहार गर्ने प्रवृतिको पहिचान र प्रतिनिधित्व यस उपन्यासमा पाइन्छ । *घामका पाइलाहरू* उपन्यासमा पं दुर्गानाथ, पीताम्बर, उनको नाति पवन, अमलेन्दु भट्टाचार्य, रमानाथ

लामिछानेको पहिचान ब्राह्मण जातका आधारमा भएको छ । उनीहरू हिन्दु धर्म र त्यसले स्थापना गरेका मान्यताहरूलाई आत्मसात् गर्ने पात्रका रूपमा चिनिइएका छन् । वीरगञ्जको रेलस्टाफका रूपमा सबै स्थानीय मानिसहरूको पहिचान भएको छ । मुसलमान इन्जिन ड्राइभर मुहम्मद, बाहुन गार्ड रमानाथ लामिछाने, नेवार टिकट चेकर दानबहादुर श्रेष्ठ, मधिशे स्टेशन मास्टर नारायण श्रीवास्तव र यसैगरी तल्ला स्टाफहरू पैटमैन, खलासी र पानीपाँडे आदिले यस उपन्यासमा समाजमा सबै जातजाति रहेका र उनीहरूको कामका आधारमा पहिचान हुने कुरालाई प्रस्तुत गरिएको छ । गणेशीले निम्न र सामाजले अछुत ठानेको जातको पहिचान गराएको छ । तल्लो जातका कारण निम्नस्तरको काम गर्ने पात्रका रूपमा गणेशीको प्रतिनिधित्व भएको छ । यस उपन्यासका प्रमुख पात्रका रूपमा रहेका पं. दुर्गानाथ मार्फत तत्कालीन अवस्थमा राणाहरूले जीवनभर ब्राह्मणहरूलाई आफू अनुकूल प्रयोग गरेका थिए भन्ने सामन्तवादी संस्कृतिको प्रतिनिधित्व गरिएको छ । अमलेन्दु भट्टाचार्यले बंगाली उच्चजातीय समुदायको प्रतिनिधित्व गरेका छन् । नेपाल र भारत दुवै देशमा हिन्दु धर्म र त्यससँग मिल्दो जातीय व्यवस्था रहेको छ । पवन, अणुजस्ताले वर्तमानका युवापुस्तको प्रतिनिधित्व गरेका छन् । समाजमा रहेका त्यस्ता विकृत जातीय विद्वेषप्रति उनीहरू सचेत र सजग छन् ।

*यहाँदेखि त्यहाँसम्म* उपन्यास मुर्कीपलिया गाउँ र त्यसको आसपासका परिवेशमा आधारित रहेको छ । पं. विपुलनाथले बस्ती बसाएको गाउँ भएका कारण मकवानपुरबाट विभिन्न जातलाई बसाँई सारेर उनले मुर्कीपलिया ल्याएका थिए । उनको भनाई “......आफ्नो समाजमा चाहिने सबै जाति यहाँसम्म कि नाऊ, धोबी, दमाई, डुमसम्मलाई एक एक परिवार मकवानपुरबाट ल्याएर बसाउने सरसल्लाह मिलाइसकेको छु ।” (पृ.६७) बाट पनि नेपाली समाजमा जात अनुसार कामको विभाजन भएको कुराको पहिचान भएको छ । यस उपन्यासमा पं विपुलनाथ, उनको नाति भद्रनाथ, पीताम्बर, पवन, रम्मी, गौरी, दुर्गी, शिवालयको पण्डित, पार्वती, भाखी गुरु, कृष्ण आदिले उच्च जात ब्राह्मणको प्रतिनिधित्व गरेका छन् । सेते दमाई, उसकी श्रीमती, उसका जुम्ल्याहा छोराहरू राम र लछुमनले दमाई जातको, हर्चन, असर्फी साहु, नथुनी साहु आदिले मधेशी तेली जातको प्रतिनिधित्व उपन्यासमा गरेका छन् । उपन्यासमा सामन्ती वर्ग भद्रनाथबाट अन्य जातहरू बढी पीडित देखिन्छन् । जातका आधारमा समाजमा हुने गरेको विभेद यस उपन्यासमा पहिचान गर्न सकिन्छ । दलितलाई पुछारमा राख्ने, बाहिर बसाल्ने,

छुन नहुने जस्ता विभेद गरेको पाइन्छ भने ब्राह्मण जात जनै लगाउने, पूजापाठ गर्ने जातका रूपमा पहिचान भएको छ । कसाई जातको पहिचान दया, माया नभएको अवस्थामा भएको छ । सम्पन्न र विपन्न वर्गका मधेशी तेली जातलाई पनि दलितकै स्थानमा राखी व्यवहार गर्ने प्रवृतिको पहिचान उपन्यासमा रहेको छ ।

शोधपत्रको तेस्रो परिच्छेदमा ध. च. गोतामेका उपन्यासमा वर्गीय पहिचान रहेको छ । ध. च. गोतामेका दुवै उपन्यासमा वर्गीय पहिचान उत्कृष्ट रूपमा प्रस्तुत भएको छ । राणाकालीन समाज र त्यसको प्रभाव परेका ग्रामीण क्षेत्रका गाउँमा समेत वर्गीय विभेदले जरा गाडेको कुराको पहिचान उपन्यासमा भएको छ । नेपाली समाजमा धनसम्पत्ति, पद प्रतिष्ठाका आधारमा उच्च, मध्यम र निम्न वर्गका मानिसको पहिचान गर्न सकिन्छ ।

*घामका पाइलाहरू* उपन्यास वर्गीय पहिचान र प्रतिनिधित्वका दृष्टिले सुन्दर उपन्यास हो । सामाजिक यथार्थमा आधारित प्रस्तुत उपन्यासमा जहानीया राणाकालको वर्गीय र सामाजिक व्यवस्थालाई कलात्मक तवरले प्रस्तुत गरिएको छ । घामका पाइलाहरू उपन्यासको मुख्य कार्यस्थल नेपालको मध्य तराईमा पर्ने वीरगन्ज सहरको हो । यस उपन्यासमा स्थानका रूपमा वीरगन्ज सहर, रेल्वे स्टेशन, त्यसका आसपासका गाउँहरू आदि रहेका छन् । यिनै स्थानहरूको सेरोफेरोमा रहेर यो उपन्यास अगाडि बढेको छ । *घामका पाइलाहरू* उपन्यासमा अमलेन्दु भट्टाचार्य, लोकोबाबु, सेठ आदिले सम्पन्न वर्गको मानिसको प्रतिनिधित्व गरेका छन् त्यसका साथै राणाशासक जङ्गबहादुर, चन्द्रशमशेर लगायतले पनि उच्च सामन्ती वर्गको प्रतिनिधित्व गरेका छन् । उपन्यासमा पं. दुर्गानाथको परिवारले निम्न वर्गीय परिवारको प्रतिनिधित्व गरेको छ । निम्नवर्गीय मजदुर वर्गको प्रतिनिधिका रूपमा मुहम्मद आएको छ । उपन्यासका पात्रहरू गणशी, द्वारिका, मुहम्मद, स्टेसन मास्टर, मालबाबु, गार्ड, टिकट चेकरहरू र यिनीहरूका परिवारका छोरा छोरीहरू अमलेन्दु भट्टाचार्यमार्फत नै आफ्नो जीवन निर्वाह गर्ने पात्रहरू हुन् । सारा समय रेलवेलाई सुम्पेर सधैँ अभाव र दरिद्रता भोगिरहने पात्रका रूपमा यिनीहरूको पहिचान र प्रतिनिधित्व स्थापित भएको देखिन्छ ।

द्वारिका पनि भारतबाट भूमिगत भएर नेपालमा आई शिक्षक पेसामा संलग्न भएर राजनीति गरिरहेका थिए । समाजमा शिक्षा प्रदान गर्ने पेसालाई सम्मानका दृष्टिले हेर्ने गरिएपनि उनीहरूको जीवनस्तर भने निम्न प्रकारको नै रहेको देखिन्छ । दैनिक घरपरिवार चलाउनका

लागि हम्मे हम्मे पर्ने शिक्षक शासकवर्गबाट उपेक्षित भएको कुराको पहिचान उपन्यासमा गर्न सकिन्छ । पीताम्बरको घरको भान्छाघरका रित्ता हाँडा-चिन्डा बिट फूटिसकेको आल्मोनियमको खोपिल्टा परेका पकाउने भाँडा, बाक्लो खियाले खाइसकेको मसला राख्ने गोल्टिनहरू र जलपात्रका गोल्फूहरूबाट उनीहरूको निम्न आर्थिक अवस्थाको पहिचान गर्न सकिन्छ ।

रेललाई सार्वजनिक परिवहनको साधनको रूपमा स्थापना गरिएको कारण शासकहरूका लागि औलो क्षेत्र सुविधासाथ र छिटै तर्न सजिलो होस् भन्ने थियो । यस कुराबाट शासक वर्ग आफ्नो शासन व्यवस्थालाई सहज र सरल बनाउनको लागि र व्यक्तिगत सुखसुविधाका लागि जस्तोसुकै कार्यपनि गर्छन् भन्ने कुराको पहिचान हुन्छ । लोकोबाबुको सम्पन्नता देखेर पवन चकित भएको र उनको घरमा भित्तादेखि भित्तासम्म टम्म पारेर ओच्छ्याएको बाक्लो कार्पेट, तासको कपडाको गद्धि भएका सोफासेटहरू ऐनैऐना भएका अनेक दराजहरूमा किसिम किसिमका मूर्ति, खेलौना, अनौठा सरसमानहरू देख्दा पवन छक्क परेको छ यसबाट लोकोबाबुको सम्पन्नताको पहिचान भएको छ । उनकी छोरी अणुले सामन्ती पूँजीवादी संस्कृतिको प्रतिनिधित्व गरेका छन् । सीमान्त वर्गमाथि आफ्नो प्रभुत्व कायम राख्दै सामाजिक शासन व्यवस्थामा उच्च सम्भ्रान्तीय अभिजात्य वर्गको पहिचानमा उनीहरू देखिएका छन् ।

कष्टमात्र भए हामी आत्तिने थिएनौं । यहाँ त काम गर्दागर्दै घरपरिवारलाई छाडेर अनकन्टार जङ्गलमा अकाल मृत्युको गाँस हुने आतङ्कले पो हामी पीडित थियौं (पृ. ३७) । यस साक्ष्यबाट विपन्न वर्गका मजदुर वर्गको अवस्थाको बारेमा पहिचान हुन्छ । उनीहरूले सामन्ती समाजको उपेक्षित र प्रताडित वर्गका रूपमा पहिचान निर्माण गरेका छन् । उनीहरूको व्यक्तिगत र सामाजिक जीवनलाई समाप्त पारिएको छ । बाँच्न पाउने उनीहरूको अधिकारलाई समाप्त पारिएको छ । श्रमिकहरूले दासत्वको परिचय बनाएका छन् ।

पं. दुर्गानाथ गरिबीका कारण रोगबाट पिल्सीन बाध्य छन् । दुर्गानाथको छोरा पीताम्बर पनि सेठबाट शोषित भएका छन् । पीताम्बरको छोरा पवनले उपन्यासमा सीमान्त वर्गको निरीह विद्यार्थीका रूपमा आफ्नो पहिचान बनाएको छ । पवनले वर्गीय समाजका आम निम्नवर्गीय विद्यार्थी र उनीहरूको प्रतिनिधित्व गरेको छ । पीताम्बरले काम गर्ने ठाउाको सेठले गरेको शोषणको पनि उपन्यासमा पहिचान गराइएको छ । सेठ सामन्ती समाजको प्रतिनिधि पात्र हो । उसले बाहिर आफूलाई धार्मिक र समाज सेवकका रूपमा देखाएपनि मानवीय भावना कत्ति पनि

उसमा छैन् । समान्ती समाजमा यस्ता व्यापारीको राज चल्ने र उनीहरूले नै सत्ता र शक्ति हातमा लिएर श्रम शोषण गर्ने गर्दछन् । पीताम्बर पनि सेठबाट निकै शोषित भएका छन् । बढी काम लगाएर थोरै पारिश्रमिक दिने सेठले पीताम्बरको साभ्कोपन र इमानदारीतालाई फाइदाका रूपमा अर्थ्याएको छ । पीताम्बर गाँस, वास र कपासको समस्याले सताइएका निम्नवर्गीय समुदायको प्रतिनिधि हो ।

*यहाँदेखि त्यहाँसम्म* उपन्यास वर्गीय पहिचान र प्रतिनिधित्व बोकेको उत्कृष्ट उपन्यासका रूपमा  रहेको छ । सामन्ती वर्गबाट चेपिएर बसेका शोषित वर्गको पहिचान यस उपन्यासमा गराइएको छ । राणाशासनको समयमा जमिनदारहरू राणाहरूबाट शोषित हुने र जमिनदारले गाउँका मानिसहरूलाई शोषण गर्ने दोहोरो भूमिकाको यस उपन्यासमा चर्चा गरिएको छ । मुर्किपलीया गाउँ र त्यस गाउँका आसपमासका अन्य गाउँका मानिसहरूको जीवनशैलीलाई यस उपन्यासमा प्रस्तुत गरिएको कारण शोषित मध्यम र निम्न वर्गका मानिसको पहिचान यस उपन्यासमा भएको छ । ग्रामीण वर्गका मानिस त्यति धेरै सम्पन्न पनि नहुने भएकाले जमिनदारको आश्रयमा बस्नुपर्ने र उनिहरूबाटै श्रम, अर्थ, जात, वर्ग आदिका आधारमा शोषित हुने कुराको पहिचान उपन्यासमा भएको पाइन्छ । यस उपन्यासमा सामन्ती वर्गका रूपमा राणाशासकहरू, भद्रनाथ, असुर्फी साहु आएका छन् भने शोषित वर्गका रूपमा  गाउँका मानिसहरू सेते दमाइ, हर्चन, महिलाहरूमा गौरी, पार्वती लगायत आएका छन् । ग्रमिण क्षेत्रमा जीविकोपार्जन गर्ने विभिन्न वर्गका मानिसहरूले प्रतिनिधित्व गरेका कारण यो उपन्यास वर्गीय पहिचान र प्रतिनिधित्वका दृष्टिले उत्कृष्ट उपन्यासका रूपमा  रहेको छ । पीताम्बरले निम्न मध्यम वर्गीय नेपालीको प्रतिनिधित्व गरेका छन् । धनी र गरिब वर्गले खोला तर्दा हुने फरक पनि उपन्यासमा पाइन्छ । नथुनी साहुले घरमा पालेको अजङ्गको हात्ती र उसले रुपियाँ र असुर्फी लुकाएर राखेकोबाट उसको सम्पन्नताको पहिचान भएको छ । उसको छोरा असुर्फी साहुले पनि सम्पन्न वर्गको प्रतिनिधित्व उपन्यासमा गरेको छ । उसले कामदारहरूलाई गरेको शोषणबाट उसको सम्पन्न सामन्ती वर्गको पहिचान गर्न सकिन्छ । विपुलनाथ कोतभण्डारमा हुँदा आफैं राणाहरूबाट शोषित थिए भने पछि सो काम छोडेपछि आफू नै सामन्तीको रूपमा  परिचित भएका छन् भने उनको नाति भद्रनाथमा त भन् सामन्ती वर्गको पराकाष्टाको पहिचान भएको छ । उपन्यासमा भाखी गुरु, कृष्ण र पार्वतीले अरुको सेवा गर्ने र खाना लाउनका लागि खासै

दुःख नभएको मध्यम वर्गको प्रतिनिधित्व गरेका छन् । भाखी गुरु गाउँका बच्चालाई अक्षर सिकाउनुका साथै वैद्यको काम पनि गर्ने भएका कारण उनी प्रतिष्ठित व्यक्तिका रूपमा रहेका छन् भने विधुवा आमाको टुहुरो सन्तानको रूपमा कृष्णत्रेले विपन्न वर्गको सङ्गीतकार र गायकका रूपमा पहिचान बनाएको छ । त्यस्तै बालविधुवा पार्वती पनि एक्ली भएका कारण कसैसँग नडराउने, अन्याय सहन नसक्ने महिलाका रूपमा रहेकी छन् । पीताम्बर, रम्मी र पवनले पनि मध्यम वर्गीय परिवारको पहिचान उपन्यासमा बनाएका छन् ।

चौथो परिच्छेदमा ध. च. गोतामेका उपन्यासमा लैङ्गिक पहिचान र प्रतिनिधित्व रहेको छ । नेपाली समाजमा पुरुष र महिला दुई लिङ्गलाई हेर्ने दृष्टिकोण, पुरुषबाट महिला जहिलेपनि शोषित हुनुपर्ने अवस्थालाई उपन्यासमा प्रस्तुत गरिएको छ । ध. च. गोतामेका उपन्यासमा पितृसत्तात्मक सोच भएका पुरुषले महिलामाथि गरेको दुव्यवहारको पहिचान भएको छ । लैङ्गिक उत्पीडनका विभिन्न स्वरूपहरूमा सामाजिक शासन व्यवस्थाले निर्माण गरेको लैङ्गिक पहिचान, प्रतिनिधित्व, पुरुषभोगवादी मानसिकता, समाज परिवारमा महिलाको भूमिका, पितृसत्ता लगायतका विविध सन्दर्भमा लैङ्गिक उत्पीडनका स्वरूपहरूलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

*घामका पाइलाहरू* उपन्यासमा पवनकी आमा रम्मी, अणु, रेल्वे कर्मचारीका श्रीमतीहरू आदि महिला पात्रका रूपमा देखा परेका छन् । पवनकी आमा रम्मीले यहाँ परम्परावादी सोच भएका पुरुषबाट सधैं प्रताडित हुनु परेको छ । अणु सम्पन्न परिवारकी छोरी भएको कारण उसले शिक्षा प्राप्त गर्नुका साथै कुनै कुराको रोकतोक खेप्नु परेको छैन । ऊ महिला भइकन पनि हरेक कुरामा स्वतन्त्र रहेकी छ । "आज लेडिज रित्तै छ, एउटा माल पनि...कुसाइतको दिन रहेछ ।" (पृ. ७) उपन्यासको सुरु मै यस प्रकारको अभिव्यक्तिबाट तत्कालीन समयमा महिलाको अवस्थाको बारेमा जानकारी प्राप्त हुन्छ । महिलालाई माल शब्दको प्रयोगले महिलाको स्तरको पहिचान उपन्यासमा भएको छ । "चन्द्रशमशेरले कानून बनाएपछि पनि हाम्रो देशमा सतीप्रथाको अन्त्य भएको छैन । ती अघि चितामा आत्मदाह गर्थे, अब भान्छामा आत्महत्या गर्न थालेका छन् ।" पीताम्बर अमिलिएर भन्दछन् । (पृ. ४०) उपर्युक्त साक्ष्यले तत्कालीन समाजमा महिलाको स्थितिलाई प्रष्ट पारेको छ । यस उपन्यासमा रम्मी पितृसत्तात्मक सोचबाट सबैभन्दा बढी पीडित रहेकी छ । श्रीमान्लाई खाना खान अवेलासम्म कुर्ने, श्रीमान्को सुस्वास्थ्यका लागि अनेक व्रत र

उपासना गर्ने, ससुरा र छोराका हरेक कुरा सुन्नु र उनीहरूका लागि खाना लगायतका सम्पूर्ण कुरा रम्मीले नै हेर्नुपर्दा ऊ हरेक कुराबाट पेलिएकी छ ।

*यहाँदेखि त्यहाँसम्म* उपन्यासमा पनि लैङ्गिक पहिचान र प्रतिनिधित्व उत्कृष्ट रूपमा प्रयोग भएको छ । मुर्कीपलिया र यसको आसपासको ग्रामीण क्षेत्रमा आधारित कथावस्तु भएका कारण पनि यस उपन्यासमा महिला र पुरुष बिचको भिन्नता स्पष्ट रूपमा  पहिचान गर्न सकिन्छ । यस उपन्यासमा गौरी, पार्वती, पवनकी आमा, सानिमा, सेते दमाइकी श्रीमती, दुर्गी आदि जस्ता महिला पात्रका रूपमा  देखा परेका छन् जो हरेक क्षेत्रमा पुरुषबाट पीडित छन् । महिलाले महिलालाई गर्ने शोषणको पनि पहिचान उपन्यासमा गौरीकी सासु र भद्रनाथकी आमाबाट भएको छ । गौरीले पतिबाट बिनाकारण परित्यक्ता भएर जर्नाघरमा जीन्दगी बिताउनुपरेको छ । बालविधुवा पार्वतीले पुरुषको गिद्धे नजरबाट सदैव आफूलाई जोगाउनु परेको छ । आइमाई भएर जान्ने हुन नहुने र बढी बोल्न नहुने पितृसत्तात्मक सोचको सिकार मुर्किपलीयाका महिलाहरू भएका छन् । दुर्गीले यहाँ केही आधुनिक सोच भएकी महिलाको प्रतिनिधित्व गरेकी छन् । जसका कारण गौरी, पार्वती जस्ता पात्रले केही सुखानुभुति गर्न पाएका छन् भने उपन्यास पनि सुखान्तमय भएको छ ।

## ५.२ निष्कर्ष

धनुषचन्द्र गौतमद्वारा लिखित *घामका पाइलाहरू* र *यहाँदेखि त्यहाँसम्म* दुवै उपन्यास सांस्कृतिक अध्ययनका दृष्टिकोणबाट महत्त्वपूर्ण रहेका छन् । यस अध्ययनमा सांस्कृतिक अध्ययन अन्तर्गत पहिचान र प्रतिनिधित्वका आधारमा गोतामेका उपन्यासको विश्लेषण गरिएको छ । सामाजिक विषयवस्तुमा आधारित भएका कारणले दुवै उपन्यासमा समाजको यथार्थलाई प्रस्तुत गरिएको छ । राणाशासन कालका चन्द्रशमशेर, जङ्गबहादुरको शासनको समयलाई आधार बनाएर दुवै उपन्यासको सिर्जना गरिएको छ । दुवै उपन्यास आफैँमा पूर्ण भएतापनि एक अर्काका परिपूरक भएको अनुभुति पाठकलाई हुन्छ ।

उपन्यासको विश्लेषण गर्दा पहिचान र प्रतिनिधित्वसम्बन्धी सैद्धान्तिक मान्यतालाई आधार बनाई समस्या कथनमा प्रस्तुत गरिएका समस्याको प्राज्ञिक समाधान खोज्दा प्राप्त गरेका कुराहरुलाई निष्कर्षका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(१) ध. च. गोतामेका उपन्यासमा अभिव्यक्त जातीय पहिचान र प्रतिनिधित्वको अवस्था के कस्तो छ भन्ने प्रश्न अध्ययनको पहिलो समस्याको रूपमा रहेको छ । यसबाट निम्नलिखित निष्कर्ष प्राप्त भएका छन् :

(क) ध. च. गोतामेका उपन्यासमा जातीय पहिचान र प्रतिनिधित्वको विश्लेषण गरिएको छ । *घामका पाइलाहरू* उपन्यासमा बहुजातीय प्रतिनिधित्व गराइएको छ । तराइको एउटा सानो सहरोन्मुख स्थानमा वर्णित कथावस्तुका आधारमा जात अनुसारको पेशाको पनि वर्गीकरण गरिएको छ । निम्नजाति तथा तराइका पछौटे जातिहरू पहिल्यैदेखि सीमान्तकृत थिए भन्ने कुराको पहिचान उपन्यासमा पाइन्छ ।

(ख) *यहाँदेखि त्यहाँसम्म* उपन्यास मुर्कीपलिया गाउँ र त्यसको आसपासका परिवेशमा आधारित रहेको छ । उपन्यासमा नेपाली समाजमा जातअनुसार कामको विभाजन भएको कुराको पहिचान भएको छ । उपन्यासमा सामन्ती वर्ग भद्रनाथबाट अन्य जातहरू बढी पीडित देखिन्छन् । जातका आधारमा समाजमा हुने गरेको विभेद यस उपन्यासमा पहिचान गर्न सकिन्छ । दलितलाई पुछारमा राख्ने, बाहिर बसाल्ने, छुन नहुने जस्ता विभेद गरेको पाइन्छ भने ब्राह्मण जात जनै लगाउने, पूजापाठ गर्ने जातका रूपमा पहिचान भएको छ । कसाई जातको पहिचान दया, माया नभएको अवस्थामा भएको छ । सम्पन्न र विपन्न वर्गका मधेशी तेली जातलाई पनि दलितकै स्थानमा राखी व्यवहार गर्ने प्रवृतिको पहिचान उपन्यासमा रहेको छ ।

(२) ध. च. गोतामेका उपन्यासमा वर्गीय पहिचान र प्रतिनिधित्व के कसरी अभिव्यक्त भएको छ भन्ने प्रश्न दोस्रो समस्याका रूपमा रहेको छ ।

(क) *घामका पाइलाहरू* उपन्यास सामाजिक यथार्थमा आधारित जहानीया राणाकालको वर्गीय र सामाजिक व्यवस्थालाई कलात्मक तवरले प्रस्तुत गरिएको उपन्यास हो । *घामका पाइलाहरू* उपन्यासमा सम्पन्न वर्गका पात्रले सामन्ती वर्गको प्रतिनिधित्व गरेका छन् । निम्नवर्गीय पात्रका रूपमा मजदुर वर्ग आएका छन् । सधैँ अभाव र दरिद्रता भोगिरहने पात्रका रूपमा यिनीहरूको पहिचान र प्रतिनिधित्व स्थापित भएको देखिन्छ ।

(ख) *यहाँदेखि त्यहाँसम्म* उपन्यास वर्गीय पहिचान र प्रतिनिधित्व बोकेको उत्कृष्ट उपन्यासका रूपमा रहेको छ । सामन्ती वर्गबाट चेपिएर बसेका शोषित वर्गको पहिचान यस

उपन्यासमा गराइएको छ । राणाशासनको समयमा जमिनदारहरू राणाहरूबाट शोषित हुने र जमिनदारले गाउँका मानिसहरूलाई शोषण गर्ने दोहोरो भूमिकाको यस उपन्यासमा चर्चा गरिएको छ । मुर्किपलीया गाउँ र त्यस गाउँका आसपमासका अन्य गाउँका मानिसहरूको जीवनशैलीलाई यस उपन्यासमा प्रस्तुत गरिएको कारण शोषित मध्यम र निम्नवर्गका मानिसको पहिचान यस उपन्यासमा भएको छ ।

(३) ध. च. गोतामेका उपन्यासमा अभिव्यक्त लैङ्गिक पहिचान र प्रतिनिधित्व अवस्था कस्तो छ भन्ने प्रश्न तेस्रो समस्याको रूपमा रहेको छ ।

(क) *घामका पाइलाहरू* उपन्यासमा परम्परावादी सोच भएका पुरुषबाट महिला सधैँ प्रताडित हुनु परेको अवस्थाको चित्रण गरिएको छ । सम्पन्न परिवारकी छोरीलाई शिक्षा प्राप्त गर्न कुनै कुराको रोकतोक खेप्नु परेको छैन । “आज लेडिज रित्तै छ, एउटा माल पनि...कुसाइतको दिन रहेछ ।” (पृ.७) महिलालाई माल शब्दको प्रयोगले महिलाको स्तरको पहिचान उपन्यासमा भएको छ । “चन्द्रशमशेरले कानुन बनाएपछि पनि हाम्रो देशमा सतीप्रथाको अन्त्य भएको छैन । ती अघि चितामा आत्मदाह गर्थे, अब भान्छामा आत्महत्या गर्न थालेका छन् ।” पीताम्बर अमिलिएर भन्दछन् । (पृ.४०) उपर्युक्त साक्ष्यले तत्कालीन समाजमा महिलाको स्थितिलाई प्रष्ट पारेको छ । यस उपन्यासका महिला पितृसत्तात्मक सोचबाट पीडित रहेका छन् । श्रीमान्लाई खाना खान अवेलासम्म कुर्ने, श्रीमान्को सुस्वास्थ्यका लागि अनेक व्रत र उपासना गर्ने, ससुरा र छोराका हरेक कुरा सुन्ने र उनीहरूका लागि सम्पूर्ण कुरा महिलाले त्याग गर्नुपर्ने अवस्थाको पहिचान उपन्यासमा भएको छ ।

*(ख)* *यहाँदेखि त्यहाँसम्म* उपन्यासमा पनि लैङ्गिक पहिचान र प्रतिनिधित्व उत्कृष्ट रूपमा प्रयोग भएको छ । यस उपन्यासमा महिला र पुरुषबिचको भिन्नता स्पष्ट रूपमा पहिचान गर्न सकिन्छ । यस उपन्यासमा महिला पात्र हरेक क्षेत्रमा पुरुषबाट पीडित छन् । महिलाले महिलालाई गर्ने शोषणको पनि पहिचान उपन्यासमा भएको छ । आइमाई भएर जान्ने हुन नहुने र बढी बोल्न नहुने पितृसत्तात्मक सोचको सिकार मुर्किपलीयाका महिलाहरू भएका छन् । दुर्गीले यहाँ केही आधुनिक सोच भएकी महिलाको प्रतिनिधित्व

गरेकी छन् । जसका कारण गौरी, पार्वती जस्ता पात्रले केही सुखानुभूति गर्न पाएका छन् भने उपन्यास पनि सुखान्तमय भएको छ ।

*घामका पाइलाहरू* उपन्यासमा ब्राह्मण जातका रूपमा पं. दुर्गाथानको परिवार, क्षेत्रीका रूपमा राणाशासकहरू, दलितका रूपमा गणेशी लगायतका पात्रको पहिचान र प्रतिनिधित्व भएको छ । यस उपन्यासमा लोकोबाबु, अमलेन्दु भट्टाचार्य, राणाशासकहरूले सम्पन्न वर्गको पहिचान र प्रतिनिधित्व गरेका छन् भने रेल्वे स्टेशनमा काम गर्ने कामदार, पं. दुर्गानाथको परिवार लगायतले विपन्नवर्गको प्रतिनिधित्व गरेका छन् । यस उपन्यासमा पवनकी आमा रम्मी पितृसत्तात्मक समाजबाट बढी पीडित छ भने अणु शिक्षित र स्वतन्त्र महिलाका रूपमा परिचित छ । यस उपन्यसाका प्रायः सबै पुरुष पीताम्बर, दुर्गानाथ, रेल्वे कर्मचारी आदिमा पितृसत्तात्मक सोच हावी भएको देखिन्छ । यसरी हेर्दा राणाकालिन परिवेश र समाजको चित्रण गरिएको यस उपन्यासमा तराईका क्षेत्रमा रहेका विभिन्न जात, वर्ग र लिङ्गको उत्कृष्ट पहिचान र प्रतिनिधित्व भएको छ ।

*यहाँदेखि त्यहाँसम्म* उपन्यासमा पं. विपुलनाथ, भद्रनाथ, भाखी गुरु, कृष्ण, पवन, पवनकी आमा, गौरी, दुर्गी, पार्वती आदिले उच्चजात मानिएको ब्राह्मण जातको प्रतिनिधित्व गरेका छन् भने सेतेको परिवारले दमाईको, असर्फी साहु, नथुनी साहु, हर्चन, गोडआइत जस्ता पात्रले मधेशी तेली जातको प्रतिनिधित्व गरेका छन् । यस उपन्यासमा केही थारु जातको पनि पहिचान भएको छ । बाघको मासु खाने, माछा मार्ने, र थरुनी युवती काली भएपनि राम्रा हुने प्रसङ्गमा थारु जातिको पनि पहिचान भएको छ । यस उपन्यासमा राणाशासकहरूले सामन्ती वर्गको पं. विपुलनाथ र उनको नाति भद्रनाथको परिवारले पनि सामन्ती वर्गको प्रतिनिधित्व गरेका छन् । त्यसैगरी पीताम्बरको परिवार, पार्वती आदिले मध्यमवर्गको प्रतिनिधित्व गरेका छन् भने गाउँका सेते दमाई, हर्चन, लगायतका गाउँलेहरूले निम्नवर्गको प्रतिनिधित्व गरेका छन् । यस उपन्यासमा परम्परावादी पितृसत्तात्मक सोच भएका पुरुषहरू भद्रनाथ, पीताम्बर, पवन आदि देखा परेका छन् भने उनीहरूको सोचका सिकार पार्वती, रम्मी, गौरी आदि भएका छन् । यसरी हेर्दा यस उपन्यासमा सम्पूर्ण जात, वर्ग र लिङ्गको उत्कृष्ट पहिचान र प्रतिनिधित्व भएको छ ।

# सन्दर्भ सामग्रीसूची


उप्रेती, सञ्जीव, (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

एडगर, एन्ड्रिउ र पेटर सेडविक, (२००२), कल्चरल थियरी : द कि थिङ्कर्ज, लण्डन : रुटलेज टेलर एण्ड फ्रान्सिस ग्रुप ।

गिरी, अमर, (२०६९), *'पहिचानको राजनीति र मार्क्सवाद'* नवयुग, अङ्क २२/८, पृ. २७-३६ ।

गोतामे, ध. च., (२०६३), *यहाँदेखि त्यहाँसम्म,* काठमाडौँ : साझा प्रकाशन ।

गोतामे, ध. च., (२०६४), *घामका पाइलाहरू,* काठमाडौँ : साझा प्रकाशन ।

गौतम, कृष्ण, (२०६७), उत्तरआधुनिक संवाद, काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

ज्ञवाली, रामप्रसाद, (२०७०), *पहिचानको राजनीति,* काठमाडौँ : मञ्जरी प्रकाशन ।

पाण्डेय, ताराकान्त, (२०७२),*मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

बार्कर, क्रिस, ( सन् २०१२ ), कल्चरल स्टडिज थियरी एण्ड प्राक्टिस, लन्डन : सेज पब्लिकेशन ।

बराल, ईश्वर, (२०४२), 'नेपाली आञ्चलिक उपन्यास औ यहाँदेखि त्यहाँसम्म' (लेख), यहाँदेखि त्यहाँसम्म, काठमाडौँ : साझा प्रकाशन ।

बराल, ऋषिराज, (२०६४), *साहित्य र समाज,* काठमाडौँ : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र, (२०५६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* काठमाडौँ : साझा प्रकाशन ।

भट्टराई, घटराज, (२०३९), 'घामका पाइलाहरू पहिल्याउन खोज्दा' *मधुपर्क,* १२/४, पृ.६१-७० ।

भट्टराई, रमेशप्रसाद, (२०६४), *ध. च. गोतामेको उपन्यासकारिता,* काठमाडौँ : हजुरको प्रकाशन ।

भट्टराई, रमेशप्रसाद, (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद, (२०६९), 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरु', भृकुटी, पूर्णाङ्क १६, पृ.४९ ।

यात्री, वासु रिमाल, (२०३९), 'घामका पाइलाहरू तराईमा पढ्दा' *मधुपर्क,* १२/७, पृ.५३-५७ ।

लुइटेल, खगेन्द्रप्रसाद, (२०६९) *नेपाली उपन्यासको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, तारानाथ, (२०५१), *नेपाली साहित्यको इतिहास,* काठमाडौँ : नवीन प्रकाशन ।

श्रेष्ठ, तारालाल, (२०६८), *शक्ति, स्रष्टा सबाल्टर्न,* काठमाडौँ : ओरियन्टल पब्लिकेशन ।

सुवेदी, धनप्रसाद, (२०८०), *नेपाली उपन्यासमा आञ्चलिकता : सिद्धान्त, परम्परा र प्रवृत्ति, ललितपुर : साझा प्रकाशन ।*

सुवेदी, राजेन्द्र, (२०४९), केही समीक्षा केही विश्लेषण, काठमाडौँ : पृथ्वी प्रकाशन ।

सुवेदी, राजेन्द्र,  (२०६४), *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,* काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र, (२०७३), *सांस्कृतिक अध्ययन र नेपाली साहित्य,* काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

हल, स्टुअर्ट, (सन् १९९७), *रिप्रेजेन्टेसन्,* लण्डन, न्यु दिल्ली : सेज पब्लिकेसन ।